# दलित नेतृत्व :
# सङ्घर्ष र सफलता



सम्पादन
**राजेन्द्र महर्जन**

लेखन
**परशुराम रम्तेल**
**गणेश वि.के.**

दलित नेतृत्व : सङ्घर्ष र सफलता

प्रकाशक
**दलित महिला केन्द्र नेपाल**
Center for Dalit Woment Nepal
कालिकास्थान, डिल्लीबजार, काठमाडौं
पो.ब.नं. १९८२७, फोन : ०१-४४२५६९४
website : www.centerfordalitwomen.org.np
e-mail : info@centerfordalitwomen.org.np

9 789937 045699

# दलित नेतृत्व :
# संङ्घर्ष र सफलता
## भाग–१


लेखन तथा संकलन

**पशुराम रम्तेल**

**गणेश बि.क.**

सम्पादन

**राजेन्द्र महर्जन**



प्रकाशक

**दलित महिला केन्द्र नेपाल** (CDWN)

केन्द्रीय कार्यालय, कालिकास्थान, काठमाडौं

फोन : ०१-४४२५६९४

| | | |
|---|---|---|
| कृति | : | **दलित नेतृत्व : संङ्घर्ष र सफलता** |
| सङ्कलन/लेखन | : | पशुराम रम्तेल र गणेश बि.क. |
| सम्पादन | : | राजेन्द्र महर्जन |
| प्रकाशक | : | दलित महिला केन्द्र नेपाल<br>(Center for Dalit Women Nepal)<br>केन्द्रीय कार्यालय, कालिकास्थान, काठमाडौं<br>फोन : ०१-४४२५६९४ |
| सर्वाधिकार | : | @ प्रकाशकमा |
| संस्करण | : | प्रथम २०७५ |
| डिजाइन/लेआउट | : | नगेन्द्र लामा (स्याङ्बो)<br>M# 98511-52575 |
| मुद्रण | : | CreativeWork. NEPAL, काठमाडौँ |
| ISBN | : | 978-9937-0- |

सम्पादकीय

# राजनीतिक बालीघरेबाट मुक्ति

भनिन्छ, हरेक वस्तुमा द्वन्द्व हुन्छ र द्वन्द्वबाटै विकास हुन्छ । हाम्रा मन, जीवन, परिवार, समाज र राज्यमा पनि द्वन्द्व छ र त्यही द्वन्द्वको आधारमा विकासक्रम पनि जारी छ । यही द्वन्द्वले नयाँ–नयाँ विचार र नेतृत्व जन्माउने हो । जसले जे भने पनि नेपाली समाज पनि स्थिर र शान्त छैन । यहाँभित्र पनि अनेक खालका द्वन्द्व छन्, एकता पनि छ । कहिले द्वन्द्व बलियो हुन्छ त कहिले एकता । तिनै द्वन्द्व र एकताले हामीलाई यहाँसम्म ल्याइपुऱ्याएका हुन् । हाम्रा संरचना, विचार र नेतृत्वलाई यहाँसम्म पुऱ्याउने त्यही द्वन्द्व र एकता हुन्, स्वीकारे पनि नस्वीकारे पनि ।

हुन त नेपाली समाजलाई पनि स्थिर र शान्त राख्ने प्रयास हुँदै आएको छ । ३ हजार वर्षदेखि हाल 'हिन्दू धर्म' भनिने ब्राम्हण धर्म, त्यसको चार वर्णको कट्टर व्यवस्थासँगै पितृसत्ताले यस्तै वर्चस्वशाली काम गर्दै आएका छन् । यी कुनै धर्ममात्रै होइनन्, सत्ता, संरचना र संस्कृति पनि हुन्, जसले हिन्दू समाजको मनमस्तिष्कलाई शासन गर्दै आएका छन् । यो त्यस्तो शासन हो, जसमा शासितको पनि स्वीकारोक्ति छ, शासित र उत्पीडितले पनि यो त पूर्वजन्म र पुनर्जन्मको खेलका रूपमा सकारेका छन् ।

## बुद्धदेखि मिठाइदेवीसम्म

विश्वका अरू सभ्यताको तुलनामा कममात्रै सामाजिक क्रान्ति भएको यस क्षेत्रमा द्वन्द्व हुँदै नभएको र त्यसले नेतृत्व बनाउँदै नबनाएको भने पक्कै भन्न खोजेको होइन । गौतम बुद्धदेखि डा. अम्बेडकरसम्मको नेतृत्व यही द्वन्द्वको उपज हो, जसले प्रभुत्वशाली धर्म, वर्णव्यवस्था र पितृसत्तामाथि धावा बोलेका

थिए । गौतम बुद्धपछिको कालखण्ड नियाल्दा नेपाललाई 'असिल् हिन्दूस्थाना' बनाउन चाहने शाह शासन र राणा शासन कालमा सन्त ज्ञान दिलदास, माधवराज जोशी र योगमाया न्यौपानेको अगुवाइमा प्रतिरोधी सङ्गठन र नेतृत्व स्थापित भएको इतिहास छ, तर जातभातविरूद्ध उनीहरूले गरेको इतिहास व्यवस्थित रूपमा लिपिबद्ध छैन ।

राणाकालमै २००३ सालदेखि सर्वजित विश्वकर्मादेखि सहर्षनाथ कपाली, जदुवीर विश्वकर्मा, चन्द्रलाल विश्वकर्मासम्मले गरेको सामुदायिक सङ्घर्ष र त्यसबाट स्थापित नेतृत्व पनि त्यति बलियोसँग उजागर भएको छैन । त्यही सङ्घर्षको जगमा २००७ सालको प्रजातान्त्रिक परिवर्तनसँगै सहर्षनाथ कपालीको परिवारबाट मिठाइदेवी कपालीको उदय भएको देखिन्छ । उनको नेतृत्वमा २०१२ सालमा 'परिगणित नारी सङ्घ' नै नेपालको पहिलो दलित महिला सङ्गठनको रूपमा स्थापित भएको थियो । वर्णव्यवस्था र पितृसत्ताको वर्चस्व रहेको समाजमा पुरूषसँगै महिला दलित नेतृत्व पनि स्थापित हुनु र उनीहरूको सङ्गठनसमेत निर्माण हुनु आफैमा ऐतिहासिक महत्वको कुरा हो ।

चाहे पुरूष होस् या महिला, राणाकालदेखि २००७-२०१७ सालसम्मको पहिलो प्रजातन्त्रकालसम्म पहिलो पुस्ताको दलित नेतृत्व नै स्थापित र क्रियाशील रह्यो । दलित आन्दोलनमा मूलतः पुरूषकै प्रभुत्व रहेता पनि परिगाणित नारी सङ्घ स्थापना भएपछि महिला नेतृत्व पनि देखापऱ्यो । यस अवधिका आन्दोलनमा महिलाहरूको सहभागिता आश्चर्यजनक थियो । विशेषगरी २०१० सालमा भएको पशुपति मन्दिर प्रवेशको सङ्घर्षमा उनीहरूले गिरफ्तारी दिए र जेलनेलको सजायसमेत भोगे । आन्दोलनमा यो हदसम्म महिला क्रियाशीलता प्रेरणादायी र उदाहरणीय थियो । यही आन्दोलनको आधारमा मिठाइदेवी कपालीलगायत नेतृत्वको विकास भएको देखिन्छ ।

## राज्यबाट निलिएको दलित नेतृत्व

नेपाली समाजमा प्रभुत्व जमाएर बसेको हिन्दू अधिराज्य र त्यसका सञ्चालक वर्णका पुरूषलाई राम्ररी थाहा थियो, नयाँ दलित नेतृत्वलाई सहजै निल्न (को-अप्ट) सकिन्छ । यसै क्रममा उनीहरूलाई कतै पार्टीको भ्रातृ सङ्गठनको नेता बनाएर निलियो त कतै लाभका पद दिएर लोभ्याइयो । यो क्रम सहर्षनाथ कपालीमै गएर अन्त्य भएन, बरू उनीपछि दलित आन्दोलनको नेतृत्वमा स्थापित भएका दाजुभाइ हिरालाल विश्वकर्मा र टि.आर. विश्वकर्मासम्म जारी रह्यो ।

हिन्दूवादी राजाको अधिनायकवादी राज्यले एकातिर दलितप्रति दयालु तानाशाहको व्यवहार गऱ्यो भने अर्कोतिर एकाध दलित अगुवालाई मन्त्री बनाई दलित सङ्गठनलाई सत्ताको मुखापेक्षी बनाउने क्रम जारी राख्यो । यो पनि वर्णव्यवस्था र पितृसत्ताको संरक्षक हिन्दुवादी राज्यको वर्चस्वको नीतिकै एक अङ्ग हो । त्यही कारण ३० वर्षको पञ्चायती कालखण्डमा दलित समुदायको सङ्गठन र आन्दोलन विकास हुन सकेनन् । सङ्गठन र आन्दोलन नहुँदा नयाँ नेतृत्व पनि खासै विकास भएन । मूलधारमा रहेको 'नेपाल राष्ट्रिय दलित जनविकास परिषद्' तथा त्यसको विभाजनपछि बनेका अनेक सङ्गठन र तिनका नेताहरूको हालत यस्तो दृश्यभन्दा भिन्न देखिएन ।

पञ्चायतकालमा हिन्दू अधिराज्य, त्यसको वर्णव्यवस्था र पितृसत्ताको प्रतिरोध हुँदै नभएको होइन, तर त्यस्तो प्रतिरोध निकै मत्थर थियो । ससानो स्तरकै सही; त्यतिबेला पञ्चायत व्यवस्थाविरोधी राजनीतिक दलमा सक्रिय रहेका दलितहरूले विभिन्न सङ्गठन बनाएर प्रतिरोध गरेको पाइन्छ । २०४६ सालको जनआन्दोलनको सेरोफेरोमा तिनै सङ्गठन नै एकीकृत भएपछि नयाँ दलित नेतृत्व विकास भएको तथ्य जगजाहेर छ । प्रत्येकजसो प्रतिरोध, प्रतिरोधका लागि बनाइएका सङ्गठन र तिनीहरूको सहकार्य एवं एकताको क्रममा हालको दलित नेतृत्व उदाएको हो । त्यससँगै २०५२ सालबाट थालिएको जनयुद्धको क्रममा भएका अनेक सङ्घर्ष र सङ्गठन निर्माणले युवा नेतृत्वलाई अगाडि ल्याएको देखिन्छ ।

## स्वायत्त सङ्गठन : स्वाधीन नेतृत्व

यसको अर्थ हो, दलित समुदायका ज्वलन्त मुद्दामा आधारित सङ्घर्ष गर, नेतृत्वको विकास पनि गर ! मुद्दामा आधारित सङ्घर्ष भएन भने नोकरशाही वा प्रशासनिक नेतृत्व वा व्यवस्थापकमात्रै जन्मिन्छ । त्यस्ता सङ्गठनमा पकड जमाएर वा पार्टीको व्यवस्थापकको आशिर्वाद पाएर नेतृत्वको भरेङ चढ्ने क्रम त्यत्तिकै बढेको होइन । दलित सङ्गठनलाई पनि आफ्नो भ्रातृ सङ्गठन बनाउन सफल भएका राजनीतिक दलका नेताहरूका लागि पनि ती सङ्गठन र सङ्गठनका नेताहरु सिँढी नै भएको तथ्य पनि धेरैले देखेभोगेकै छन् ।

दलितलगायत अधिकांश सङ्गठन राजनीतिक पार्टीबाट स्वायत्त छैनन्, नेतृत्व पनि स्वाधीन छैन । उनीहरु राजनीतिक पार्टीबाट नीति-निर्देशित हुने अवस्थामा स्वतन्त्र रूपमा सङ्घर्ष र त्यसको अगुवाइ गर्ने हैसियतमा छैनन् ।

राजनीतिक पार्टीका सत्ता-स्वार्थ र वर्ग/वर्ण लिङ्ग हितसँग बाँभिने खालका सङ्घर्ष वा पहलकदमीमाथि अङ्कुश लगाउन कुनै कठिन छैन । नयाँ खालको सङ्घर्ष र पहलसँगै नयाँ नेतृत्व निर्माणका लागि पार्टीसँगको दलित सङ्गठनको सम्बन्धलाई पुनः परिभाषित नगरी सुख्खै छैन ।

तितो सत्य के हो भने नेपाली राज्यजस्तै यहाँका अधिकांश राजनीतिक दलको नेतृत्वमा एकै वर्ग/वर्ण/जातका पुरूषको प्रभुत्व छ । उनीहरू वास्तवमा वर्णव्यवस्था र पितृसत्ताको उत्पीडनप्रति संवेदनशील छैनन् । र, आफूलाई लोकतन्त्रीकरण र मानवीकरण गर्ने जिम्मेवारी पूरा गर्ने मामिलामा पनि उनीहरूमा हुटहुटी छैन ।

यस्तो जटिल अवस्थामा राजनीतिक दलको भ्रातृ सङ्गठनको नाममा उनीहरूकै नीति-निर्देशन चल्नु भनेको अर्को खालको निरङ्कुश सत्ता लाद्नु र स्वीकार्नु हो । यस्तो अवस्था रहनु भनेको राजनीतिक दल र तिनका भ्रातृ सङ्गठनबीच, राजनीतिक दलका नेता र दलित नेता-कार्यकर्ताबीचको सम्बन्धलाई लोकतन्त्रीकरण गर्नु होइन । यसको खास अर्थ आर्थिक र सांस्कृतिक दासतामात्रै जारी राख्नु होइन, राजनीतिक बालीघरे व्यवस्थालाई पनि निरन्तरता दिनुले ।

राजनीतिक दल वा दलित सङ्गठनमा कुनै बलियो दलित नेतृत्व विकास नहुनुको मर्म यहीं लुकेको छ । आफ्नो मातृ सङ्गठनको रूपमा मानिएका राजनीतिक दल र तिनका तथाकथित उच्च जातका पुरूष नेतृत्वको हालहुकुम चल्ने एवं उनीहरूको नीति-निर्देशनबिना हलचलै गर्न नसक्ने संरचना र पद्धतिबाट बलियो स्वायत्त नेतृत्व विकास हुने सम्भावना नै रहँदैन ।

राजतन्त्रसँग लड्दै हुर्केको दलित नेतृत्वले गणतन्त्रमा साँच्चै गणको तन्त्र लागू गर्ने हो भने आफ्नो गणका समस्या र मुद्दालाई केन्द्रमा राखेर सङ्गठन बनाउनु, विस्तार गर्नु र नयाँ नेतृत्व स्थापित गर्नुको विकल्प छैन । आफ्नो सङ्गठन, त्यसको संरचना र पद्धतिमा कुनै पनि खालको निरङ्कुश र वर्णवादी संस्कृतिलाई अस्वीकार गर्दै दलितसँगै सबै गैरदलितको मुक्ति सङ्घर्षको अगुवाइ गर्ने दायित्व बोक्नुबाहेक अर्को बाटो छैन । आ-आफ्नो जीवन-सङ्घर्ष, त्यसका सफलता र असफलताबाट पाठ सिकेर अगाडि बढ्ने हो भने सबैभन्दा बेसी उत्पीडनमा परेका र अपमानको शिकार भएका समुदायले नै सामाजिक परिवर्तनको अगुवाइ गर्ने हैसियत र प्रतिबद्धता सुरक्षित राखेको छ ।

**• राजेन्द्र महर्जन**

**प्रकाशकीय**

# दलित महिला प्रतिनिधिका लागि उत्प्रेरणा

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनको आन्दोलनमा दलित महिलाको योगदान उल्लेखनीय रहँदै आएको छ । प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहेका दलित महिलाहरूले सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनाउन घनिभूत योगदान गरेका छन् । यसै क्रममा २०४६ सालको जनआन्दोलनमा काठमाडौँकी पम्फा परियार सहिद भएकी थिइन् भने २०६२/६३ सालको जनआन्दोलनमा नेपालगञ्जकी सेतु बिकले सहादत प्राप्त गरेको सर्वविदितै छ । हरेक राजनीतिक परिवर्तनमा दलित महिलाले सङ्घर्षमा सहभागिता र बलिदानीका साथ योगदान गरेका छन् ।

नेपाली दलित महिला समाजको एउटा यस्तो हिस्सा हो, जो उत्पीडनको तेहोरो शोषणबाट पीडित छ । जातीय, वर्गीय र लिङ्गीय हिसाबले उत्पीडन र शोषणमा परेका दलित महिलाहरू परिवर्तनको लडाइँमा समर्पित हुँदाहुदै पनि अवसरबाट भने पाखा लगाइएको इतिहास छ । अर्कोतर्फ दलित महिलाहरूलाई आफूमाथिका सबै किसिमका भेदभावविरूद्ध सङ्घर्ष गर्न घरबाहिर निस्कनु पनि निक्कै चुनौती छँदैछ । नेपाली समाजमा जातीय भेदभाव तथा छुवाछूतले सबैभन्दा बढी दलित महिलालाई असर पारेको छ । त्यस्तै, दलित समुदायमा व्याप्त रहेको गरिबीले पुरूषलाई भन्दा महिलालाई प्रभावित पारेको छ । दलित समुदायमाथि हुने सबै प्रकारका विभेदको ठूलो भाग दलित महिलामाथि लादिएको छ । समग्रमा दलित पुरूषले भन्दा दलित महिलालाई बढी उत्पीडन भोग्न बाध्य पारिएको छ । नेपाली समाजमा तहगत उत्पीडन छ, जसको सबैभन्दा पिँधमा दलित महिलाहरू छन् । दलित महिलाले समाजसँग मात्रै

होइन, आफ्नै परिवारले गरेको विभेदविरूद्ध पनि सङ्घर्ष गर्नुपर्ने अवस्था छ । त्यसकारण पनि दलित महिलाहरू आफै सङ्गठित र सशक्त हुन जरूरी छ ।

संविधानसभाबाट निर्मित नेपालको संविधान, २०७२ ले विगतको तुलनामा प्रभावकारी रूपले दलित महिलाका समानुपातिक हक–अधिकारलाई सुनिश्चित गरेको छ । सबैभन्दा महत्वपूर्ण पक्षको रूपमा स्थानीय तहमा दलित महिलाको सहभागितालाई सुनिश्चित गरिएको छ । स्थानीय तहका प्रत्येक वडामा एक जना दलित महिला निर्वाचित हुनुपर्ने प्रावधानले दलित महिलालाई नेतृत्व तहमा पुऱ्याएको छ । हरेक तहको प्रमुख वा उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने प्रावधानले पनि दलित महिलालाई अवसरको नजिक पुऱ्याएको छ । राजनीतिक अधिकारबिनाका अन्य अधिकार केवल अंशमात्र हो भन्ने कुरा महिलाले बुझ्न जरूरी छ । यही बुझाइका साथ, दलित महिलाको आर्थिक, सामाजिक सांस्कृतिक, शैक्षिक विकाससँगै राजनीतिमा पहुँच वृद्धि गर्ने हेतुले यो पुस्तक प्रकाशन गरिएको हो । साथै, पुस्तकमा समेटिएका सामग्रीबाट राजनीतिमा सक्रिय भएका स्थानीय तहका दलित महिला जनप्रतिनिधिलाई उत्प्रेरणा मिल्नुका साथै मार्गदर्शन हुनेछ भन्ने हामीले विश्वास लिएका छौँ ।

पुस्तकमा समेटिएका सङ्घर्षका गाथा कुनै व्यक्ति–विशेषको कथामात्र नभई सिङ्गो दलित आन्दोलनको इतिहास हो । यहाँ उहाँहरूलाई दलित र लोकतान्त्रिक आन्दोलन इतिहासको प्रतिनिधि–पात्रका रूपमा प्रस्तुत गरिएको छ । हजारौँ परिवर्तनशील दलित अभियन्ताहरू नेपालको राजनीतिक एवं सामाजिक आन्दोलनमा निरन्तर लागिरहनुभएको छ । पुस्तकमा सबैलाई समेट्ने प्रयास गरिए पनि विविध कारणले सबैलाई उभ्याउन सकिएको छैन, तर हाम्रो प्रयास जारी रहने छ । पुस्तकमा समेटिएका विषयवस्तु र पात्रका सङ्घर्षका गाथाले मुख्यतः स्थानीय तहमा निर्वाचित दलित महिलालाई थप प्रेरणा मिल्ने आशा लिएका छौँ । पुस्तकले राजनीतिमा सक्रिय दलित महिलाहरूको क्षमता तथा नेतृत्व विकासमा सहयोगी भूमिका निर्वाह गर्नेमा हामी विश्वस्त छौँ ।

यस पुस्तकमा समावेश गरिएका गाथा सङ्कलन तथा लेखनको महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने लेखक–द्वय परशुराम रम्तेल र गणेश वि.क., सार्थक पुस्तकको रूप दिन सम्पादनको जिम्मेवारी पूरा गर्नुहुने सम्पादक राजेन्द्र महर्जन, प्रकाशनमा सहयोग गर्ने गभर्नान्स फेसिलिटी, दलित महिला केन्द्र

नेपालको सञ्चालन समितिका पदाधिकारीहरु दुलारी हरिजन, कमला विश्वकर्मा, प्रभा परियार, लक्ष्मी परियार, शान्ति सदा र संगिता रसाइलीसँगै यसै केन्द्रका सहकर्मीहरु तेज सुनार, सन्चिता महर्जन, रूकमणी रूचेल, उपासना शर्मा, लक्ष्मण दर्नाल, कल्पना काउचा तथा लेआउट गर्नुहुने नगेन्द्र लामा स्याङ्वोलगायतलाई हार्दिक आभार व्यक्त गर्दछौँ ।

**गौरा नेपाली**
अध्यक्ष

**तेजेन्द्र लामा**
कार्यकारी निर्देशक

# दलित अगुवाहरूको जीवन-वृत्त लेख्दा

हरेक व्यक्तित्व तत्कालीन युगको प्रतिनिधित्व गर्दै जन्म लिने गर्दछ । त्यसैले उसको सङ्घर्ष वा योगदानको मूल्याङ्कन पनि तत्कालीन समय सन्दर्भमा गरिनुपर्दछ । विभिन्न भूगोल र परिवेशमा जन्म लिएका व्यक्तिमध्ये धेरैजसोले व्यक्तिगत जीवन बाँचेका हुन्छन् भने कतिपय भने अथक मिहेनत, परिश्रम र त्यागद्वारा समाजका निम्ति, समुदायका निम्ति र राष्ट्रका निम्ति क्रियाशील भएका हुन्छन् । त्यस्ता व्यक्तिका योगदान र मिहेनतको कदर गर्नु र अनुसरण गर्नु भावी पुस्ताको लागि महत्वपूर्ण हुन्छ ।

उत्पीडन र असमाताविरूद्ध मुक्तिको झण्डा उठाउने सामाजिक अभियानका अभियन्ता हुन् हाम्रा अग्रज दलित नेताहरू । उनीहरूका जीवनशैली, सोचाइ, व्यवहार, प्रतिबद्धता, त्याग र सङ्घर्षबाट सिक्नुपर्ने थुप्रै सन्दर्भ छन् । त्यसैले नेपाली राजनीति र दलित आन्दोलनमा उनीहरूका सङ्घर्ष र सफलताको लामो यात्रालाई यहाँ प्रस्तुत गर्ने कोसिस गरिएको छ ।

यस पुस्तकमा प्रस्तुत गरिएका दलित समुदायबाट विकसित भएका नेतामध्ये एक हुन् छविलाल विश्वकर्मा । उनले नेपालमा स्वतन्त्र भनेर सञ्चालन भएको दलित आन्दोलनलाई राजनीतिक पार्टीको भ्रातृ सङ्गठन बनाएर दलित आन्दोलनमा 'ब्रेक थ्रु' गरे । उनी जीवन सङ्घर्षको क्रममा राजनीतिक जीवन रोज्दै दलित विकास समिति, राष्ट्रिय खेलकुद परिषद्, सभासद् र मन्त्री बने । उनी अहिले नेपालको सबैभन्दा ठूलो कम्युनिस्ट पार्टीको स्थायी कमिटी सदस्यको रूपमा समेत कार्यरत छन् ।

त्यसैगरी, एक जमानामा गाउँको गोठालो रहेका मानबहादुर विश्वकर्मा विभिन्न अप्ठेरा भोल्दै भारतबाट एमएस्सीसम्म पढाइपछि नेपालका स्थापित प्राध्यापक हुँदै सफल राजनीतिज्ञ समेत हुन सफल भए । यस्तै सङ्घर्षको क्रममा उनी नेपाली काङ्ग्रेसको केन्द्रीय नेता तथा मन्त्रीमात्र होइन, दलित विकास समितिको उपाध्यक्ष र नेपाल परिवार नियोजन सङ्घको महासचिवसम्म बन्न सफल भए ।

त्यस्तै, बहुआयामिक व्यक्तित्व भएका आहुति नेपाली दलित आन्दोलनमा मार्क्सवादी वैचारिक नेताका रूपमा स्थापित छन् । उनी राजनीतिक क्षेत्रमा पूर्व सभासद्का रूपमा मात्रै होइनन्, साहित्यिक क्षेत्रमा कवि र उपन्यासकारका रूपमा पनि चर्चित छन् । त्यस्तै, मिठाइदेवी विश्वकर्मा नेपाली लोकतान्त्रिक महिला आन्दोलनकी पहिलो पुस्ताकी नेता हुन् । उनले एकातिर दलित महिला समुदायलाई परिचालित गरिन् भने अर्कोतिर सिङ्गो दलित आन्दोलनमा योगदान दिइन् । त्यस्तै, सामान्य घरपरिवारको सदस्यका रूपमा हुर्केका तिलक परियारले नेकपा माओवादीको अगुवाइमा भएको जनयुद्धमा दलित समुदायको नेतृत्व गरे । दलित आन्दोलनलाई जनयुद्धका लागि तयार पार्नु निकै कठिन काम थियो, उनले त्यही कठिन कामलाई सहज तुल्याए ।

त्यस्तै, रामप्रित पासवान मधेशी दलित बस्तीमा हुर्केर शिक्षक हुँदै पार्टी काम गर्ने क्रममा राष्ट्रिय सभाको उपाध्यक्षसम्म बन्न सफल भए । राजा ज्ञानेन्द्रले 'कु' गरेको बेला उनले सडकमै संसद्को अध्यक्षता गरेर आन्दोलनप्रतिको ऐक्यबद्धता प्रदर्शन गरे । त्यही आन्दोलनको राप-तापले उनलाई नेपालको प्रथम राष्ट्रपतिको उम्मेदवारसमेत बनायो । त्यस्तै, पद्मलाल विश्वकर्माले सामान्य परिवारमा जन्मेर पनि उच्च शिक्षा प्राप्त गर्ने अवसर पाएपछि त्यसलाई दलित आन्दोलनका लागि समर्पित गरे । एकीकृत दलित सङ्गठन : नेपाल उत्पीडित जातीय मुक्ति समाजको अध्यक्ष भएपछि उनी सबै दलित नेताको नेताको रूपमा चिनिन्छन् ।

त्यस्तै, सन्तबहादुर नेपाली सामान्य हलीगोठालोको जीवनबाट वर्गीय आन्दोलनको अभ्यास गर्दै कम्युनिस्ट पार्टीको महामन्त्रीसम्म हुन सफल व्यक्तित्वको नाम हो । उनी पार्टीको काम गर्ने क्रममा शिक्षक र दलित नेता हुँदै सभासद्समेत भए । त्यस्तैगरी, टेकु नेपाली नेपाली दलित आन्दोलनका मात्र होइनन्, महिला आन्दोलनको पनि धरोहर हुन् । उनी पनि शिक्षक हुँदै पार्टी

र सङ्गठनमा निरन्तर लागि रहिन् । त्यसको परिणामस्वरूप उनी पार्टी नेता र सभासद् हुन सफल भइन् । त्यस्तै, खड्गबहादुर बस्याल इमान्दारिता र निरन्तरताको अर्को नाम हो नेपाली दलित आन्दोलनमा । अनेक खालका अन्यायविरूद्ध लड्दै सभासद्, मन्त्री र दलित नेता एकसाथ भएका बस्याल संयुक्त दलित आन्दोलनका पक्षपाती मानिन्छन् ।

त्यस्तै, सन्तोषी विश्वकर्मा जनयुद्धले विकास गरेकी महिला नेता हुन् । उनले राष्ट्रिय दलित आयोगको सदस्य भई कुशल नेतृत्व प्रदान गरिन् । अर्काको गोठाल्नीको काम गर्दै हुर्केकी उनी आफ्नो गहना बेचेर पार्टी र सङ्गठनको काम गर्ने महिला कार्यकर्ता पनि हुन् । त्यस्तै, कलावती पासवान गरिब परिवारको मधेशी दलित महिला हुन् । सामान्य लेखपढ गरेकी उनी नेपालको दलित महिलामध्ये मन्त्री बन्ने पहिलो महिला हुन् । त्यस्तै, उमादेवी वादी सबैभन्दा बहिष्कृत वादी समुदायमाथि लगाइएको पुस्तैनी दाग मेटाउन क्रियाशील नेतृ हुन् । उनको नेतृत्वमा सिंहदरबार घेराउलगायत ४८ दिने चर्चित आन्दोलन भएको थियो, जसको परिणामस्वरूप वादी विकास बोर्ड गठन भयो । अहिले उनी स्वयं प्रदेश सभाकी सांसद भएकी छन् ।

यसरी राजनीतिक रूपबाट फरक–फरक पृष्ठभूमि भएका यी १३ जना दलित नेता नेपाली दलित आन्दोलनका प्रतिनिधि पात्र हुन् । निरङ्कुश शासन व्यवस्थासँग जुझ्दै, जनयुद्ध र जनआन्दोलनमा जोडिँदै दलित आन्दोलनमा संलग्न हुनु र त्यसको अगुवाइ गर्न सफल हुनु उनीहरूको विशिष्ट पहिचान हो । अर्काको जमिनमा हली र गोठालो हुनुपर्ने बाध्यतापूर्ण जीवन बाँच्दै दलित समुदायबीच क्रान्तिकारी सोच निर्माण गर्नु र सङ्गठित हस्तक्षेप गर्नु चानचुने कुरा थिएन । उनीहरूको प्रयासस्वरूप नेपालको राजनीतिक परिवर्तनको प्रक्रियामा दलित मुद्दालाई स्थापित गर्नु आफैमा महत्वपूर्ण काम हो ।

नेपाली समाजमा समावेशिता, धर्मनिरपेक्षता, गणतन्त्र, लोकतन्त्र र समानुपातिकताका पक्षमा कुरा उठाउनु फलामको चिउरा चपाएजस्तो अवस्था थियो । यस्ता प्रतिकूलतालाई पार्टी र आफूले निर्माण गरेको आन्दोलनभित्र अनुकूलता खोज्दै, अनेक चुनौतीलाई अवसरमा बदल्दै उनीहरूले ऐतिहासिक दलित सङ्घर्षको नेतृत्व गरे ।

उनीहरूले नेपाली दलित मुक्ति आन्दोलनमा समयानुकूल साङ्गठनिक र वैचारिक तहमा आफ्नो क्षमताले भ्याएसम्म खेलेको भूमिका विशिष्ट छ र सिक्न

लायक छ । 'गरिबहरूले राजनीति गर्न सक्दैनन्, दलितहरूले दलित आन्दोलनसँगै राजनीतिक आन्दोलनको अगुवाइ गर्न सक्दैनन्' भन्नेहरूका लागि १३ जना नेताहरूको जीवन-सङ्घर्ष वास्तविक जवाफ हो । उनीहरूका सङ्घर्ष-गाथालाई नेपालका पाठ्यपुस्तकमा राख्न सक्दा नेपाली दलित आन्दोलन र यसबाट विकसित नेताहरूका लागि न्याय हुन्छ । अब यस दिशातर्फ दलित आन्दोलनले गम्भीर पहल गर्नुपर्दछ ।

हरेक व्यक्तिका विचार र व्यवहारबाट उसको व्यक्तित्व निर्माण हुन्छ । जुनसकै व्यक्तिको व्यक्तित्व पनि समाजमा जारी द्वन्द्व, एकता र त्यसमा सामूहिक र व्यक्तिगत हस्तक्षेपबाट निर्माण हुन्छ । नेपाली समाजमा पनि अनेक खालका द्वन्द्व र एकता भएका छन्, त्यसमा सामूहिक र व्यक्तिगत हस्तक्षेप भएका छन् । यस्ता हस्तक्षेपबाट अनेक व्यक्तित्व उदाएका छन् । नयाँ संविधान निर्माण र कार्यान्वयनपछि सम्पन्न तीनवटै तहको निर्वाचनबाट पनि दलित महिला जनप्रतिनिधिहरु उदाएका छन् । उनीहरूको क्षमता अभिवृद्धि गर्न दलित आन्दोलनका अगुवाहरूका सङ्घर्ष र सफलताको कथा उपयोगी हुने देखिन्छ । यही विश्वाससहित केही छानिएका दलित नेताको जीवन-वृत्त तयार गरी आम नागरिक समक्ष जानकारी गराउने उद्देश्यले यो पुस्तक लेखिएको हो । हुन त यस पुस्तकमा समावेश गरिएका हरेक व्यक्तिको अलग-अलग जीवनी र थेसिस तयार गर्न सकिन्छ । यहाँ उनीहरूका प्रेरक जीवनमा गरिएका सङ्घर्ष र सफलताको रेखाङ्कन मात्रै गरिएको छ, जुन आन्दोलन र समुदायका लागि महत्वपूर्ण हुनेछ ।

यस्तो अति नै महत्वपूर्ण कामका लागि दलित महिला केन्द्रले गरेको अनुरोधको आधारमा नेताहरूका राजनीतिक जीवन सङ्घर्ष बाहिर ल्याउने कोसिस गरेका छौँ । दलित आन्दोलनलाई सघाउने उद्देश्य सबै पक्षलाई समेट्ने गरी पात्रको छनोट गर्ने क्रममा १३ जनाको छनोट गरेका हौँ । एउटै पुस्तकमा सबै दलित अगुवाको जीवन-वृत्त समेट्न नसकिने भएकोले यस्तो छनोटमा केही अगुवाले आफू छुटेको महसुस गर्न सक्छन् नै । उनीहरूबारे यस्तै वा अन्य पुस्तकमा समावेश गर्नुपर्नेमा हामी विश्वस्त छौँ । हामीले जुन-जुन पात्रलाई छनोट गरेका छौँ, उनीहरु समकालीन राजनीतिका प्रतिनिधिमूलक पात्र हुन् । उनीहरूको जीवनकालमै उनीहरूका व्यक्तित्व र योगदानलाई बाहिर ल्याउन पाउँदा हामीलाई खुसी लागेको छ ।

विदेशमा विभिन्न सामाजिक आन्दोलन र त्यस योगदान दिने व्यक्तित्वका विषयमा दर्जनौँ पुस्तक लेखिएका र छापिएका छन् । ती आन्दोलनको इतिहास र अगुवाका जीवन वृत्तान्त पढाइसमेत हुने गर्दछन् । भारतका दलित अगुवा डा. भीमराव अम्बेडकरबारे हजारौँ पुस्तक प्रकाशित छन् र ती स्कुल-कलेजमा पनि अध्ययन अध्यापन गरिन्छन् । तर नेपाली दलित आन्दोलन बारे बलियोसँग लेखिएको छैन र त्यसमा योगदान दिने व्यक्तित्वहरूको इतिहास पनि मेटिएको देखिन्छ । अब यस्तो बेवास्ता नहोस् भन्नाका खातिर यहाँ दलित नेताहरूको जीवनलाई बाल्यकालदेखि नै खोतल्ने तथा समग्रमा दलित र अन्य राजनीतिक जीवनका अनुभवलाई पस्कने कोसिस गरिएको छ ।

दलित नेताहरूले सङ्घर्ष गरे, त्याग र समर्पण गरे, घरपरिवारको खुसी गुमाए, ती सबै पक्षलाई सामूहिक र सामुदायिक रूपमा फर्काउन सकिएको छैन । तर, हाम्रा अग्रजहरूले हिजो जे-जति गरे, त्यसकै जगमा हामी उभिएका छौँ । त्यसकै परिणामस्वरूप आज हामीले यस धर्तीमा उभिएर निर्धक्क बोल्न सकेका छौँ । यही भावभूमिका साथ नेपाली दलित आन्दोलनलाई केन्द्रमा राखेर यस पुस्तकमा दलित नेताहरूले उत्पीडनविरूद्ध गरेका सङ्घर्ष र सफलताबाट भएको सिकाइलाई रेखाङ्कन गरिएको छ ।

यहाँ प्रस्तुत गरिएका अगुवाहरू राजनीतिक इतिहास र विचारका हिसाबले फरक फरक भए पनि उनीहरूमा दलित मुक्तिको सन्दर्भमा धेरै भिन्न विचार पाइँदैन । उनीहरूका विविध अनुभव र विचार; कल्पनै गर्न नसकिने प्रतिकूलताबीच प्राप्त गरेका सफलता सबैका लागि महत्वपूर्ण पाठ हुन् । सत्ताविरोधी हुन नदिन दलित अगुवाहरूलाई लाभका पद र अवसर दिलाउने सत्ताधारीहरूको रणनीतिबाट नेपाली दलित आन्दोलनबाट मुक्त सकेको छैन, तर यहाँ प्रस्तुत गरिएका दलित नेताले यसमा तलमाथि गरेको देखिँदैन । यस पुस्तकले उनीहरूका साहसिक र प्रतिबद्ध जीवनलाई उजागर गर्न खोजेको छ ।

यो पुस्तक दलित आन्दोलनका वैचारिक तथा व्यावहारिक रूपमा सङ्घर्षरत क्रान्तिकारीहरूको जीवन-वृत्त हो । यो नेपाली दलित आन्दोलनको जिउँदो इतिहास बोकेका व्यक्तित्वहरूको कथा हो । हो, त्यस्ता व्यक्तित्वहरूको कथा, जसले दलितहरूको नजरबाट मुक्तिको सपना देखे, सार्थक जीवन बाँच्न खोजे, जो दलित समुदायलाई केन्द्रमा राखेर देश र देशबासीको मुक्तिको लागि लडे । हो, त्यस्ता जिउँदा इतिहास बोकेका व्यक्तिहरूको गाथा, जसले यस

मुक्ति-यात्रामा आफूलाई एक यात्री बनाए, दलित नेता हुनुमा गौरव गरे । उनीहरूको जीवनलाई शब्दमा पोख्न पाइएकोमा हामी पनि धन्य भएका छौँ ।

१३ जना दलित अगुवाहरूसँग टेलिफोन संवाद, निरन्तर भेटघाट र अन्तर्क्रियाबाट यो पुस्तक तयार गरिएको हो । आफ्नो जीवनका अनेक पक्ष उद्घाटन गर्दै लिखित तथा मौखिक जानकारी दिने सबै व्यक्तित्वलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । यस किताब लेखनको क्रममा विभिन्न किताब र लेखको सहयोग लिइएता पनि किताब बोझिलो नहोस् भनेर सन्दर्भ-सामग्री दिइएको छैन । यस पुस्तकलाई कलात्मक ढङ्गले सम्पादन गर्ने लेखक-सम्पादक राजेन्द्र महर्जनलाई विशेष आभार व्यक्त गर्दछौँ । यति ऐतिहासिक महत्त्वको पुस्तक लेख्ने अवसर जुटाइदिएकोमा दलित महिला केन्द्र र यसका अध्यक्ष गौरी नेपालीलाई हार्दिक आभार तथा धन्यवाद !

**परशुराम रम्तेल**
**गणेश बि.क.**

# विषय सूची


| | | | |
|---|---|---|---|
| १. | **वादी अधिकार आन्दोलनकी प्रतीक** | - उमादेवी वादी | १९ |
| २. | **नेपालको प्रथम दलित महिला मन्त्री** | - कलावती पासवान | २९ |
| ३. | **दलित आन्दोलनको स्थापित नाम** | - खड्गबहादुर बस्याल | ३७ |
| ४. | **दलित आन्दोलनका सारथी** | - छविलाल विश्वकर्मा | ४५ |
| ५. | **बहुपहिचानकी धनी अगुवा** | - टेकु नेपाली | ५६ |
| ६. | **जुझारू दलित कम्युनिस्ट अगुवा** | - तिलक परियार | ७१ |
| ७. | **दलित नेताहरूका नेता** | - पद्मलाल विश्वकर्मा | ८६ |
| ८. | **गोठालोदेखि मन्त्रीसम्म** | - मानबहादुर विश्वकर्मा | ९७ |
| ९. | **महिला आन्दोलनकी धरोहर** | - मिठाइदेवी विश्वकर्मा | १०९ |
| १०. | **सर्वोच्च पदसम्मको यात्रामा** | - रामप्रित पासवान | १२१ |
| ११. | **दलित समुदायका वैचारिक अगुवा** | - विश्वभक्त दुलाल (आहुति) | १२९ |
| १२. | **उत्पीडनविरूद्ध पार्टीको नेतृत्व गर्दै** | - सन्तबहादुर नेपाली | १३८ |
| १३. | **गोठाल्नीदेखि सभासद्सम्म** | - सन्तोषी विश्वकर्मा | १५२ |

# वादी अधिकार आन्दोलनकी प्रतीक



▲उमादेवी वादी

उमादेवी वादी नेपालको वादी अधिकार आन्दोलनको एक चर्चित नाम हो । उनी यही आन्दोलनमार्फत सम्पूर्ण वादी समुदायको शिर ठाडो बनाउन सफल भएकी छन् । यही आन्दोलनले वादी समुदाय, त्यसमा पनि वादी महिला भन्ने बित्तिकै विभिन्न नजरियाले हेर्ने समाजको दृष्टिदोषलाई बदली दिएको छ । त्यसपछि उनी सिङ्गो दलित तथा महिला आन्दोलनको सङ्घर्षशील नेताका रूपमा चिरपरिचित व्यक्तित्व बनिन् । अहिले उमादेवी वादी व्यक्तिको नाममात्र नभई एक आन्दोलनको प्रतीक बनिसकेको छ ।

इतिहासका कष्टकर दिनसँग विनासम्झौता निरन्तर लडिरहेकी उमादेवीको जन्म १७ असार २०२१ मा भएको हो । उनी आमा शकुन्तला वादी र बुबा बलदेव प्रसादको परिवारमा सल्यान जिल्लामा जन्मेकी हुन् । उनी आफ्ना श्रीमान् प्रेमलाल भट्टका साथ कैलालीको टीकापुरमा बस्छिन् । उनका सन्तान छैनन् ।

अहिले उनी नेपाली काङ्ग्रेसबाट प्रदेश नम्बर ७ मा समानुपातिक प्रणालीबाट सांसदमा छानिएकी छन् । उनी वादी समुदायका पहिलो सांसदको इतिहास बनाउन सफल भएकी छन् ।

## १० वटा विद्यालय चहारेर ८ कक्षा

घुमन्ते भएर गीत गाउँदै, नाच्दै विभिन्न जिल्लामा अस्थायी बसोवास गर्दै उनका बुबा आमासँगै उमा सल्यान आइन् । त्यसैले उनले पढाइलाई निरन्तरता

अनि स्थिरता दिन सकिनन् । उमाको दिनचर्या दिदीबहिनीहरूसँगै हिँड्ने, नाच्ने, खेल्ने र माग्ने यात्रामा बित्न थाल्यो । उनी पनि बाध्यकारी यौन शोषणको जालोमा फस्न विवश भइन् । उनी २०२७/२८ सालतिर कैलालीको सत्तीमा आएर सरकारी जग्गामा उनका बुबा-आमासँगै बस्न थालिन् ।

धेरैजसो वादीहरूको जस्तै उनका बुबा-आमाको बाध्यता थियो, गाउँ-गाउँमा घुमी माग्दै जीविका चलाउनुपर्ने । यही परम्परागत चलनका कारण उनले समयमा पढाइ थाल्न पाइनन् । आमाबुबा जता-जता गए, उनी पनि त्यतात्यतै जानुपर्ने विवशता थियो ।

यसरी घुमफिर गर्दागर्दै पढाइका लागि उनको उमेर ढल्किन थाल्यो । त्यसैले उनले कैलाली जिल्लाका १० वटा विद्यालय चहार्दा पनि ८ कक्षासम्म मात्रै पढ्न पाइन् । एकातिर उनीहरूको बसाइँको ठेगान थिएन, अर्कोतिर कक्षा कम, उमेर बढी भयो । जुनसुकै वादी महिला र उनीहरूका छोरीलाई अनेक कलङ्क लगाइन्थ्यो । यस्तो सामाजिक वातारणबीच आफूले पढाइ छोडनु परेको तीतो अनुभव छ उमासँग ।

विद्यालयमा पढ्दा पनि अनेक विभेद भोगेको कथा छ उनीसँग । उनीहरु भनेपछि कक्षाको सबभन्दा पछाडि बस्नुपर्ने । वनभोजमा पनि अलग्गै बस्नुपर्ने । पानी खाँदा पनि उनीहरूलाई माथिबाट खन्याएर दिइने । शिक्षकलाई गृहकार्यसमेत टाढैबाट देखाउनुपर्ने । एकातिर यस्ता जातीय विभेद भोग्नुपर्ने, अर्कोतिर वादीकी छोरी भएकै थप दुर्व्यवहार पनि सहनुपर्ने । उनीहरूलाई प्रयोग गरिने अपशब्द र अपमान असह्य हुन्थ्यो । यस्तो अवस्थामा उनीहरूका लागि विद्यालयको ढोका बन्दै हुँदै जाने रहेछ । उनलाई पनि पढाइ जारी राख्न गाह्रो भयो । ८ कक्षासम्म पढेर उनले समाजको अध्ययन गर्न थालिन् ।

## सामाजिक विभेदबीच न्यायको खोज

कैलालीको सत्ती बजारमा ३० वादी परिवार बस्दथे । प्रहरीले 'वादीहरूलाई बजारमा बस्न दिनु हुँदैन' भनेर पिट्दै नदीको किनारामा पुऱ्याए । त्यसबेला उनीहरु माटोको कामसँगै माछा मार्थे, मादल बनाउँथे र मादलमा खरी हाल्ने काम पनि गर्दथे, तर यो अचेल इतिहास भइसकेको छ । उमादेवी हुर्कंदा वादी समुदायलाई यौन पेसासँग जोडेर चलन थियो ।

उमाले औपचारिक रूपमा पढेकी छैनन्, तर उनमा सामाजिक सचेतना तीव्र थियो । उनी आफ्नो बस्तीमा सामाजिक सुधारका नाममा पुलिसले गर्ने दुर्व्यवहारबाट राम्ररी परिचित थिइन् । विभिन्न क्लबका युवा र राजनीतिक कार्यकर्ताले अनेक बहानामा दुःख दिएको दृश्य पनि देखेकै थिइन् । वादी समुदायका केटी र महिलालाई लखेट्ने र यातना दिने कामबाट आजित थिइन् । यस्ता घटनाले उमादेवीका मनमा नराम्रो प्रभाव पर्‍यो । सिङ्गो बस्ती र समुदाय नै यौन पेसा गर्ने भनी कलङ्क लगाउने सोचाइले उनको मस्तिष्कलाई नराम्ररी बिथोल्यो । त्यसैले उमाले यस कुचलन र सोचाइको अन्त्य गर्ने सोच सानैमा बनाइन् । उनले वादीहरू बसोवास गर्दै आएको कैलालीको सत्तीस्थित विष्णुकान्तिपुरको परिचय नै फेर्ने अठोट गरिन्, जहाँ वादी समुदायको बसोवास छ ।

विभिन्न कारणवश उमा लामो समयसम्म विवाह नगरी बसिन् । उमाले २०४५ सम्म विवाह नै नगरी बसिन्, बरू सामाजिक काममा आफूलाई व्यस्त राखिन् । उनी विभिन्न सामाजिक सङ्घसंस्थामा बसेर आफ्नो समुदायको उत्थान र विकासका लागि सङ्घर्षरत रहिन् ।

सामाजिक काममा लागिरहेकै बेला कर्णाली नदीको घाटका ठेकेदारसँग उनको चिनजान भयो । कम्युनिस्ट पार्टीका कार्यकर्तासमेत रहेका प्रेमलाल भट्टसँग भएको चिनजान अन्ततः प्रेममा परिणत भयो । उनीहरू एकले अर्कालाई विश्वासमा लिन सफल भए । प्रेमलालले उमादेवीको सङ्घर्षमा हरतरहले सहयोग गर्ने प्रतिज्ञा गरे । यही विश्वास र सहयोगको आधारमा उनीहरूबीच २०४५ सालमा अन्तरजातीय विवाह भयो । हालसम्म पनि प्रेमलालको घरपरिवार र समाजले विवाहलाई स्वीकार गरेका छैनन् । तर प्रेमलाल भने वादी मुक्तिको आन्दोलनको सहकर्मी र सहयोगीका रूपमा जुटिरहेकै छन् ।

## वादी आन्दोलनको अन्तरकथा

वादी समुदायको ठूलो बस्ती भारतको मुम्बैमा पनि छ । उमादेवी एकपटक आफन्तलाई भेटघाट गर्न मुम्बै गइन् । त्यहाँका वादी दिदीबहिनी र पुरूषहरूको क्रियाकलाप देखेपछि उमालगायतका युवाले एउटा संस्था खोल्ने निर्णय गरे । त्यस संस्थाको नाम सामुदायिक सहयोग समिति राखियो । सामुदायिक सहयोग समितिको गठन २०५५ भएको थियो । त्यसबेला उमा वादी त्यसको संस्थापक उपाध्यक्ष भइन् ।

उमादेवी र उनीजस्ता वादीहरूको अगुवाइमा चलेको सामुदायिक सहयोग समितिको ध्यान आन्दोलनमा मात्रै केन्द्रित थिएन । उनीहरूले वादी समुदायका बालबालिकाको भविष्यका लागि पहलकदमी लिएका थिए । यसैको फलस्वरूप उनको पहलमा कैलालीको सत्तीमा ७ कोठासहित ७२ जना बस्ने क्षमता भएको बाल चेतना केन्द्र (होस्टल) बनेको छ । सो केन्द्रमा यौन शोषणका शिकार हुनबाट बचाउन वादी बालवालिकालाई राखिन्छ । सो होस्टलका लागि जग्गा किन्न उनले आफ्नै जमिन बैङ्कमा धरौटी राखेकी थिइन् ।

यस्तै कामका कारण हुनसक्छ, २०६० सालमा सम्पन्न भएको साधारणसभाबाट उनी अत्यधिक बहुमतले अध्यक्षमा निर्वाचित भइन् । हुन त उनी अध्यक्ष हुने बेला 'नपढेकी महिलाले अध्यक्ष चलाउन सक्दैन, संस्था डुब्ने भयो' भनेर निकै ठूलो विवाद सिर्जना गरियो । तर उनले संस्थामात्रै होइन, वादी अधिकारको आन्दोलनसमेत कुशलतापूर्वक चलाएर देखाइन् । आज वादी समुदायको आन्दोलनलाई नयाँ उचाइमा पुऱ्याउन सफल नेतृको रूपमा उनको नाम लिइन्छ । उनकै नेतृत्वमा सामुदायिक सहयोग समिति र वादी आन्दोलन गैससकरण हुनबाट जोगियो । र, यिनीहरू सामाजिक अभियानका रूपमा क्रियाशील छन् ।

यही अधिकारको आन्दोलनको राँको हरेक वादी बस्तीमा सल्कन सक्नुको आफ्नै कथाव्यथा छ । सामुदायिक सहयोग समितिले सहजै वादी आन्दोलन गर्न सकेको होइन, यसका लागि अनेक प्रयास भएको थियो । समिति स्थापना गरिएपछि वादी युवाहरू वादी समुदायबारे अनुसन्धान गर्ने, तथ्याङ्क सङ्कलन गर्ने र मुक्तिको उपाय खोज्ने दिशातिर अग्रसर भए । उनीहरू नेपाल आएर स्रोतका लागि भौंतारिए । यही क्रममा एक्सन एड नेपालले केही सहयोग गर्ने आश्वासन दियो । वादी समुदायका युवा खुसी भए । उनीहरूले परियोजना बनाएर काम गर्न थाले ।

यसै क्रममा सबैभन्दा पहिले दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा वादी समुदायको तथ्याङ्क सङ्कलन गरियो । यसका अलावा वादी समुदायका आधारभूत सवाल पनि पहिचान गरिए । तिनै पहिचान भएका सवालमा सार्वजनिक बहसको अभियान शुरूवात भयो । बहस अधिकारवालाबीच मात्रै होइन, सरोकारवालाहरूबीच पनि भयो ।

त्यसबेलाको तयारीबारे उमादेवी भन्छिन्, "एक्सन एड नेपालकै साझेदार संस्था राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष तथा दलित नेता गणेश विश्वकर्मासँग भेटघाट भयो । विश्वकर्मासँग भेट भएपछि वादी सवाललाई दलित आन्दोलन र राष्ट्रिय आन्दोलनसँग जोड्ने काम भयो । यसमा राष्ट्रिय स्तरमा दलित अगुवा र पछि सभासद् पनि भएका विनोद पहाडी र स्थानीय स्तरमा गणेश विश्वकर्माको अहं भूमिका रह्यो । गणेश विश्वकर्माले वादी आन्दोलनको रणनीति र आन्दोलनको खाका कोरीदिनुभयो । यही योजनामा हामी राष्ट्रव्यापी आन्दोलन गर्ने तयारीमा जुट्यौँ ।"

## राज्यलाई वादीहरूको हाँक

वादी समुदायको विषयमा प्राप्त तथ्याङ्क र सवालका आधारमा ५ जिल्लाका वादीहरूको एक बृहत भेला भयो । सो भेलाले सहभागितामूलक ढङ्गले वादी दबाब समिति गठन गरियो । दबाब समितिको अध्यक्ष पनि उमादेवीलाई नै छानियो । उनको नेतृत्वमा हरेक वादी बस्तीमा वादी दबाब समिति गठन गर्ने अभियानै चलाइयो ।

यही समितिको आयोजनामा धनगढीमा बृहत् जुलुस प्रदर्शन गरियो । जुलुसको सफलताबाट उत्साहित भएर १७ बैशाख २०६३ मा ५ वटै जिल्लाबाट प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइयो । ज्ञापनपत्रसँगै आन्दोलनको अल्टिमेटम पनि दिइयो । यही अभियानको परिणामस्वरूप वादी समुदायमा हचलच हुन थाल्यो ।

यसैको परिणामस्वरूप एकातिर वादी बस्तीमा जागरण पैदा हुन थाल्यो, अर्कोतिर ५ वटै तराईका जिल्लामा बसेका वादीहरूका पुर्ख्यौली थातथलो पनि प्रभावित हुन थाले । उनीहरूले पुर्ख्यौली घरबस्ती भएका सल्यान, प्यूठान, दैलेख, रूकुम, रोल्पा, बझाङ, बाजुरा, अछाम, डोटीलगायतका जिल्लामा पनि वादी दबाब समिति गठन गर्न पहल गरे । यसरी वादी दबाब समिति देशका २५ जिल्लामा गठन भयो । यसै क्रममा विभिन्न जिल्लामा सहभोजसँगै सचेतनामूलक कार्यक्रमसमेत हुन थाले ।

धनगढीको बृहत् सम्मेलनपश्चात आयोजित पत्रकार सम्मेलनमा उमादेवीले राज्यलाई हाँक दिइन् । उनको चुनौती थियो, "राज्यसँग साहस छ भने वादीहरूलाई लाइसेन्स देओस्, होइन भने वादीहरूको उचित व्यवस्था गरोस् ।"

सोही पत्रकार सम्मेलनमा सरकार गैरजिम्मेवारीपूर्ण र बर्बर ढङ्गले उत्रेमा आफूहरूले सिंहदरबारअगाडि नग्न जुलुस प्रदर्शन गर्ने घोषणा समेत गरिन् ।

## काठमाडौँमा डेलिगेशन

२०६३ बैशाखमा ५ वटै जिल्लाबाट दिइएको ज्ञापनपत्रको निगरानी गर्न २०६४ मा उमादेवीको नेतृत्वमा काठमाडौँमा डेलिगेशन गयो । डेलिगेशनले महिला तथा समाजकल्याण मन्त्री, महिला नेताहरु र सरोकारवालाहरूबीच बृहत् अन्तर्क्रिया कार्यक्रम आयोजना गरी उपस्थित नेताहरूलाई वादी सवालप्रति प्रतिबद्धता जनाउन लगाए । अन्तर्क्रिया गर्नुअघि सो डेलिगेशनले सबै पार्टीका नेता, दलित नेता, मन्त्रालय तथा विभिन्न निकाय, आयोग, विभिन्न सङ्घसंस्थालाई भेटघाट गरी आफ्ना मागबारे जानकारी गराए । वादी आन्दोलनको दबाब र निगरानीपछि नेपाल सरकारले तत्कालीन महिला, बालबालिका तथा समाज कल्याणमन्त्री अष्टलक्ष्मी शाक्यको नेतृत्वमा वादी समस्या अध्ययन समिति गठन गर्‍यो र उमादेवी वादी त्यसको सदस्य मनोनीत भइन् । त्यस समितिले महत्त्वपूर्ण सिफारिस गरे पनि पछिल्लो सरकारले त्यसलाई बेवास्ता गर्‍यो ।

## ४८ दिने ऐतिहासिक आन्दोलन

सरकारले बेलाबेलामा आफैले जनाएका प्रतिबद्धता पूरा नगरेपछि थप दबाब सृजना गर्न झण्डै ३५ जिल्लाका वादीहरूको उपस्थितिमा ललितपुरको जावलाखेलस्थित स्टाफ कलेजमा राष्ट्रिय सम्मेलन सम्पन्न भयो । राष्ट्रिय सम्मेलनले ३१ असार २०६४ मा राष्ट्रिय वादी अधिकार सङ्घर्ष समिति गठन गर्‍यो । सङ्घर्ष समितिको अध्यक्षमा पनि उमादेवी वादी नै सर्वसम्मत रूपमा निर्वाचित भइन् ।

सरकारले बेलाबेला गरेका प्रतिबद्धता पूरा नगरेपछि राजधानीमा नग्न जुलुस प्रदर्शन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना गर्‍यो । त्यो अरूले होइन, २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनले बनाएको लोकतान्त्रिक सरकारले सिर्जना गरेको उनको भनाइ छ ।

उमादेवीको नेतृत्वमा राष्ट्रिय वादी अधिकार सङ्घर्ष समितिले लगातार ४८ दिनसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वको आन्दोलन सम्पन्न गर्‍यो । यसले गर्दा सरकार वादी अधिकार आन्दोलनसँग वार्ता गर्न बाध्य भयो । सरकार र आन्दोलनबीच दुईबुँदे सहमति भयो । ती सहमतिमध्ये पहिलो बुँदा थियो, वादीहरूको तथ्याङ्क लिने । दोस्रो बुँदा थियो, उनीहरूको आवश्यकताअनुसारको पुनःस्थापना गर्ने । सो सम्झौताअनुसार वादी समुदायको तथ्याङ्क लिने काम बाहेक केही भएन । त्यसपछि वादी अधिकार सङ्घर्ष समितिको अगुवाइमा सरकारी जग्गा उब्जा अभियान सञ्चालन गरियो । यसरी उमादेवीको नेतृत्वमा समितिले वादी समुदायको शिर ठाडो हुनेगरी ग्रामीण स्तरदेखि राष्ट्रिय स्तरसम्मको वातावरण बनायो ।

राष्ट्रिय/अन्तर्राष्ट्रिय महत्त्वको आन्दोलनको मार्ग निर्देशकको भूमिकामा थिए, दलित आन्दोलनका स्थापित नेताहरु विनोद पहाडी तथा गणेश विश्वकर्मा । यो आन्दोलन नेपालको सामाजिक आन्दोलनमध्येको फरक तर सफल आन्दोलन मानिन्छ । सो आन्दोलनमा एकातिर बालबालिका र युवायुवतीको व्यवस्थापन गर्नुपर्ने दायित्व थियो । उनीहरूका घरमा खानपिनको समस्या भएको खबर आएको आएई हुने, कोही कोही त आन्दोलन छाडेर बीचैमा घर जाने अवस्था पनि थियो । यसरी कष्टसाध्य रूपमा चलाइएको आन्दोलनको क्रममा एक जनाको सहादत समेत भयो । त्यसले गर्दा वादी आन्दोलनमा ठूलो सङ्कट पनि पैदा भयो । तर पनि आन्दोलन जारी राखिँदा सरकारले वार्ता गरी वादीहरूका माग पूरा हुने लिखित सहमति गर्नुपर्‍यो । कतिसम्म भने काठमाडौँमा आएका करिब १०० जना वादी आन्दोलनका अगुवालाई घर फर्कने बाटो खर्च समेत नेपाल सरकारले दिनुपर्‍यो ।

## वादी विकास बोर्डको गठन

४८ दिने आन्दोलनको रापतापले वादी समुदायका समस्या अन्य समस्याभन्दा फरक हुन् मान्यताका आधारमा वादी विकास बोर्ड गठन भयो । सो बोर्डको उपाध्यक्ष र कार्यकारी निर्देशकमा नेतृत्वकारी उमादेवी वा उनको आन्दोलनले सिफारिस गरेका व्यक्ति होलान् भन्ने उनको अपेक्षा थियो । तर दुई-दुई पटक वादी विकास बोर्ड गठन हुँदा पनि सरकारमा सहभागी राजनीतिक दलहरूले वादी आन्दोलनमा नलागेका व्यक्तिहरूलाई राजनीतिक नियुक्ति दिए । उमादेवी र वादी आन्दोलनकारीहरु सरकारको रबैया देखेर हेरेको हरेई भए । यो नै

आफ्नो जीवनमा सबैभन्दा दुःखद् घटना भएको उनको भनाइ छ । वादी विकास बोर्डको नेतृत्व गर्दै आफूले उठाएका मागको सम्बोधन हुनेगरी अघि बढ्ने उनको योजना थियो । उनको योजना तुहिएको थियो, सरकारी बेवास्ताका कारण ।

## विभिन्न संस्था र राजनीतिक दलमा संलग्नता

उमादेवी मूल रूपमा वादी आन्दोलनमा समर्थन तथा ऐक्यबद्धता जुटाउन विभिन्न संस्थामा सलग्न भएको देखिन्छ । उनी २०५३ सालदेखि हालसम्म सेफ नेपालको साधारण सदस्य, राष्ट्रिय दलित नेटवर्कको केन्द्रीय सदस्य, राष्ट्रिय महिला मानवअधिकार रक्षक सञ्जालको केन्द्रीय सदस्य भएको पाइन्छ । त्यस्तै, नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको केन्द्रीय सदस्य, सत्ती कर्णाली सामुदायिक वन उपभोक्ता समितिको कार्यसमिति सदस्य रहेकी उमादेवी समुदाय स्वास्थ्य संस्था (ICH) नेपाल रेडक्रस, जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गत महिला स्वयंसेविका तथा राधाकृष्ण मन्दिर व्यवस्थापन समितिको सदस्य र टीकापुर नागरिक समाजको कोषाध्यक्ष रहेकी छन् ।

टीकापुरको स्थानीय सामुदायिक वन समूहमा प्रतिनिधि हुँदादेखि नै उनी नेपाली काङ्ग्रेसमा आबद्ध थिइन् । उनले समूहमा नेपाली काङ्ग्रेसबाट प्रतिनिधित्व गरेकी थिइन् । उनी नेपाली काङ्ग्रेस कैलालीको बुथ कमिटी सदस्य भएर लामो समय बसिन् । उनी नेपाली काङ्ग्रेसको १२ औँ महाधिवेशनमा महाधिवेशन प्रतिनिधि भएर भाग लिइन् । हाल उनी नेपाली काङ्ग्रेसको भ्रातृ सङ्गठन नेपाल दलित सङ्घकी केन्द्रीय सदस्यको रूपमा कार्यरत छन् ।

उमादेवी २०४६ सालको जनआन्दोलनमा सक्रिय राजनीतिमा सक्रिय भएकी थिइन् । २०४९ सालमा उनी नेपाली काङ्ग्रेस निकट नेपाल महिला सङ्घमा सङ्गठित भइन् । त्यसबेला उनले वादी महिलाहरूको मर्यादा र मुक्तिका विषयमा पार्टीभित्र सङ्घर्ष गरिन् । आफ्नो पार्टीका सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र सम्बन्धित मन्त्रालयका मन्त्रीहरूसँग लबिङ गरिन् ।

नेपाली काङ्ग्रेसको विभाजन हुँदा उनी नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)मा लागिन् । सो पार्टीमा लाग्नुको कारण थियो, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवा हुनु । देउवा वादी सवालसँग परिचित भएकै कारण

सो पार्टीको पक्षमा लागेको उनको दाबी छ । त्यसपछि उनले आफू संलग्न पार्टी एक्लैको चाहनाले मात्र वादी मुक्ति सम्भव नभएको ठहर गरिन् । र, उनी वादीहरूको मुक्ति आन्दोलनको नेतृत्व स्वयं वादीहरूले गर्नुपर्ने मतका साथ वादी राजनीतितिर केन्द्रित भइन् ।

"हामी पनि यो देशका नागरिक हौँ । हामीले पनि सबै जिम्मेवारी पूरा गरेका छौँ । तैपनि हामीलाई नागरिकताबाट वञ्चित गरिएको छ । हामीलाई पशुसरह व्यवहार किन गरिन्छ ?" यही प्रश्नको उत्तर खोज्न आफू राजनीतिमा लागेको उमादेवीको भनाइ छ ।

## वादी समुदायबाट पहिलो सांसद

नेपालको संविधान जारी भएपछि सम्पन्न प्रथम प्रदेशसभा निर्वाचनमा उनी नेपाली काङ्ग्रेसबाट प्रदेश नम्बर ७ को सांसद मनोनीत भएकी छन् । समानुपातिक प्रणालीबाट मनोनीत भएपछि पत्रकारहरूसँग दिएको अभिव्यक्तिमा उनले भनेकी छन्, "मसँग विद्या होइन, पीडाको डिग्री छ ।"

उनले वादी समुदायको उत्थान र विकासका लागि केही गर्ने अठोट गरेकी छन् । उनले प्रदेश सभामा खेल्ने भूमिका नै उनको परीक्षा हुनेछ ।

उनको जीवन पीडैपीडाको गठजोड हो । उनले मानव मर्यादा कस्तो हुन्छ, अब सांसद भएपछि कत्तिको अनुभूति गर्न पाउने सम्भावना छ, समयले नै बताउने छ । त्यहाँ पनि कति लड्नुपर्ने हुन सक्छ, अब उनीसामु अवसर र चुनौती थपिएका छन् । सामाजिक बन्देज र भूमिकाभन्दा राजनीतिक बन्देज र भूमिका कस्तो हुने हो, समयक्रममा खुल्दै जाने देखिन्छ ।

उमादेवीको अनुभवले भन्छ, मन्दिरमा पूजा गर्न जाँदा मन्दिरमा उनको पालो कहिल्यै आउँदैनथ्यो । उनले मन्दिरमा श्रद्धापूर्वक चढाउन लगेको अछेता र फलफूलसमेत कहिल्यै मन्दिरभित्र पुग्दैनथ्यो । उनका समुदायका बालबालिकाले कहिल्यै स्कुलको पहिलो बेन्चमा बस्न पाएनन् । जन्मदर्ता, नागरिकता र लालपूर्जाको अभावमा वादी युवाहरूले कहिल्यै सम्मानित काम पाएनन् । यौन शोषण उनीहरूमाथिको चरम उत्पीडन हो । सिङ्गो समुदायलाई पुस्तौँदेखिको नमेटिने दाग लागेको छ । यो दाग मेटाउन उमादेवीको राजनीतिक यात्रा शुरू भएको छ । उनीसँगै वादी आन्दोलनको भूमिका महत्त्वपूर्ण हुने छ ।

## भ्रमण, सम्मान तथा पुरस्कार

उमादेवीले वादी अधिकार आन्दोलनकै क्रममा सन् २००४ मा भारतको मुम्बैमा सम्पन्न विश्व सामाजिक मञ्चमा भाग लिएकी थिइन् । सो मञ्चमा उनी वादी आन्दोलनबाट ५ जना प्रतिनिधिसहित त्यहाँ पुगेकी थिइन् । त्यसबेला सामाजिक मञ्चमा 'सेक्स वर्कर' भनेर सङ्गठन नै बनेको देख्दा उनलाई पहिलो पटक निकै अचम्म लागेको थियो । उनी 'सेक्स वर्कर'जस्तो सङ्गठन नै खोलेर यौन पेसा गर्नु दुर्भाग्यपूर्ण रहेको उनको टिप्पणी थियो ।

उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सेमिनार तथा सम्मेलनमा पनि भाग लिएकी छन् । ती कार्यक्रममा उनले वादी समुदायको अधिकार स्थापित हुनुपर्ने कुरा उठाएकी छन् । उनी भारतबाहेक अन्य देशमा भ्रमण गर्न नपाए पनि उनको अर्धनग्न तस्बिर देशविदेश चहारेको छ । उक्त तस्बिर वादी अधिकार आन्दोलनको ऐतिहासिक छवि भएको छ ।

मानव मर्यादाबाट वञ्चित गरिएको वादी समुदायकी नेता उमादेवी समुदायको आत्मसम्मान स्थापनाका लागि सङ्घर्षरत छिन् । उनले जारी राखेको सङ्घर्ष र योगदानको कदर गर्दै राष्ट्रिय दलित नेटवर्कले उनलाई आठौँ 'दलित संसद्'मा 'टीकाराम पार्की मानव मर्यादा पुरष्कार २०६४'बाट सम्मानित गरेको थियो । त्यस्तै, उनी जनउत्थान प्रतिष्ठानबाट 'भीममाया जनउत्थान प्रोत्साहन पुरष्कार, २०६४', प्राज्ञिक समाज टीकापुरबाट कदर तथा सम्मानपत्र, २०६४ र २१ मार्च आयोजक समिति २०६३ टीकापुरद्वारा दोसल्लासहित सम्मानित भएकी छन् । उनी सांसदमा निर्वाचित भएपछि साहित्यकार सरस्वती प्रतिक्षाद्वारा वादी समुदायबारे लेखिएको **नथिया** नामक उपन्यासको विमोचनमा प्रमुख अथितिको रूपमा अनावरण गरेकी छन् ।

■

# नेपालको प्रथम दलित महिला मन्त्री



**▲ कलावती पासवान**

कलावतीदेवी पासवान नेपाली दलित आन्दोलनबाट, त्यसमा पनि विशेष गरी मधेश आन्दोलनबाट जन्मेकी नेतृ हुन् । मधेश आन्दोलनले उठाएको समावेशी मुद्दाको भेल आएपछि उनले मुलुककै प्रथम दलित महिला मन्त्री बन्ने मौका पाइन् । विशेष क्षमता हुँदाहुँदै पनि खस अहङ्कारवादी केन्द्रीकृत शासन प्रणाली र दलित आन्दोलनको केन्द्रीकृत सोचका कारण उनी अचेल चर्चामा छैनन् ।

कलावतीदेवी पासवानको जन्म १८ वैशाख २०१८ मा भारत, बिहारको मोतिहारी, पूर्वी चम्पारण, खरतरी चिरैयामा भएको हो । उनी बुबा गोपीचन्द र आमा पतियादेवी पासवानको परिवार जन्मिएकी हुन् । अभिभावकहरूले उनलाई १३ वर्षको उमेरमै बारा निवासी असर्फी हजरा पासवानसँग विवाह गरिदिएका थिए । उनका २ छोरा र ४ छोरी छन् ।

## अधूरै रह्यो उच्च शिक्षा

कलावतीले स्थानीय विद्यालयमा कक्षा ७ सम्म पढ्न पाइन् । उनको मनमा पढेर 'ठूलो मान्छे' बन्ने चाहना थियो । उनी साथीसँगीसँग यस्तै कुरा गर्थिन् । समाजमा चलिरहेको सानो उमेरमै बिहे गर्ने चलनले उनलाई थप शिक्षा लिन दिएन । किशोर अवस्थामै उनको विवाह गरिएकोले उनको चाहना अपूरै रह्यो । बिहेसँगै उनले पढाइ मात्रै होइन, देशै छाड्नुपर्‍यो ।

मधेशको दलित परिवारमा बिहे गरेर आएकी कलावतीदेवीको परिवारको आर्थिक अवस्था पहिलेदेखि कमजोर थियो । विवाह गरेर भित्रिँदा कलावतीको घरमा एक टुक्रा पनि जमिन थिएन । उनीहरूको पारिवारिक पेसा पहिलेदेखि खेतीपाती रहेको छ । आफ्नो जमिन नहुने भएकाले अधियाँ गर्ने वा मालिकहरूको खेतीपाती गर्ने बाहेक उनीहरूसँग अरू विकल्प थिएन ।

उनका श्रीमान् असर्फीले आफ्ना दाइसँग मिलेर १६ कठ्ठा जति जमिनमा मोही कमाउँछन् । उनीहरु त्यहाँको खेतीपातीबाट आउने उत्पादन आधा-आधा बाँड्छन् । त्यसबाट उनीहरूको परिवारको जीविका मुस्किलले ५-६ महिना मात्र चल्छ । अहिले उनीहरूले एउटा भैँसी किनेका छन् । तरकारी खेती गर्दै र भैँसीको दूध बेच्दै घर खर्च चलाएका छन् । उनका श्रीमान् चौकीदारी तथा मजदुरी गर्छन् । त्यसको कमाइबाट सानो खेत जोडेका छन् ।

नेपालको बारामा बिहे गरेर आएपछि कलावतीका लागि विभेद र शोषणका दिन आइलाग्यो । आफू दलित समुदायको सदस्य भएको महसुस पनि त्यसपछि हुन थाल्यो । यही छुवाछूत र विभेदले सामाजिक कामतिर धकेलेपछि उनी स्थानीय सामाजिक काममा क्रियाशील हुन थालिन् । आफूले हासिल गरेको शिक्षालाई सदुपयोग गर्न उनी गाउँमा स्थानीय सङ्घ/संस्था तथा क्लबद्वारा सञ्चालित अनौपचारिक शिक्षामार्फत् सशक्तीकरण कार्यक्रममा लागिपरिन् । यसै क्रममा उनी स्थानीय रिफ्लेक्ट केन्द्रको अध्यक्षसमेत भइन् । यसबाट उनलाई आफू र मधेशी दलितबारे, समग्र दलित महिलाबारे बुझ्ने मौका मिल्यो भने नेपालका राजनीतिक प्रणालीको पनि ज्ञान भयो । यही ज्ञानको आधारमा उनी विशेष गरी दलित महिलाको सवालमा स्थानीय स्तरदेखि अधिकारमुखी अभियानमा जुटिन् ।

यस्तो सक्रियताकै बीच २०६० सालमा मध्यमाञ्चल विकास क्षेत्र स्तरीय दलित भेला भयो । त्यस भेलामा नागरिक आन्दोलनका अगुवाहरु डा. देवेन्द्रराज पाण्डे र कृष्ण पहाडीसँगै दलित अगुवा गणेश विश्वकर्माले सम्बोधन गरे । त्यही भेलाबाट गठन भएको राष्ट्रिय दलित नेटवर्कको उपाध्यक्ष चुनिइन् उनी । त्यसपछि उनको राजनीतिक चेतना र सहभागिता झन्-झन् बढ्न थाल्यो । यो सफलता उनले लगभग ६ वर्षदेखि निरन्तर रूपमा गरेको सामाजिक कामको परिणाम थियो ।

## महिलाहरूलाई सङ्गठित गर्दै

उनी २०६० सालतिर स्थानीय ग्रामीण विकास केन्द्र, बाराको साझेदारीमा सञ्चालित महिला तथा दलित सशक्तीकरण कार्यक्रमअन्तर्गत रिफ्लेक्ट केन्द्रको अध्यक्ष भइन् । ग्रामीण तहका घुम्टो ओढ्ने महिलालाई सङ्गठित गर्दै उनी महिला अधिकार मञ्च, बाराकी अध्यक्षसमेत भइन् । यस केन्द्रले समुदायमा भएको समस्याबारे खुलेर छलफल गर्दथ्यो र समाधानका उपाय पनि खोज्दथ्यो । उनी त्यसै कार्यक्रमअन्तर्गत गठन भएको मधेशी महिला न्याय मञ्चमा पनि लागिन् । पछि त्यसको नाम परिवर्तन गरी महिला अधिकार मञ्च राखियो । २०६३ सालमा उनले महिला अधिकार मञ्चको जिल्ला अध्यक्षको जिम्मेवारी सम्हालिन् । साथै, जिल्लास्तरीय दलित नेटवर्कको जिल्ला सदस्यको रूपमा जिम्मेवारी लिई दलित जागरणमा एक दशक सक्रिय भइन् ।

२०६५ सालमा उनको सक्रियतामा महिला विकास मञ्च स्थापना भयो । भूमिहीन दलितलाई जमिन दिलाउन सकिन्छ भन्ने उनको विश्वास थियो । त्यसका लागि उनी यिनै संस्थामार्फत दलित आन्दोलनमा निरन्तर लागिरहिन् । विभिन्न महिला सङ्गठनमार्फत उनले मधेशी महिलालाई नागरिकता बनाइदिने, सहकारीहरूमा बचत तथा ऋणका लागि सिफारिस गरिदिने काम गरिन् । स्थानीय शोषण र उत्पीडनका मुद्दा लिएर प्रहरी प्रशासनमा उजूरी गरिदिने न्यायका लागि पहल गर्ने काम गरिन् ।

सामाजिक कार्यमा लागेपछि उनले परिवारबाट असहयोग भएन । तर आफूलाई उपल्लो ठान्ने जातका मानिसहरूले उनलाई अनेक लान्छना लगाए । तिनीहरूले सामाजिक काममा उनको नेतृत्व स्वीकार गरेनन् । तर उनी भने पछि हटिनन्, बरू राजनीतिक यात्रा थाल्ने तयारीमा लागिन् ।

राजनीतिमा लाग्नुअघि उनका श्रीमान्ले अर्काका श्रीमान्सँग हिँड्ने भनेर टिप्पणी गर्ने गर्थे, पछि उनले आफ्नै श्रीमानलाई सँगसँगै लिएर जान थालिन् । त्यसपछि आफ्ना श्रीमान् पनि सहयोगी भएर आएको उनको अनुभव छ । अहिले श्रीमान् पनि खुसी, उनी पनि खुसी छन् ।

कलावतीदेवी अनुभवको आधारमा भन्छिन्, "सामाजिक सङ्घसंस्थाभन्दा पार्टीहरूको पहुँच बेसी हुन्छ, यिनीहरूले सरकार चलाउँछन् भन्ने विश्वास गरेर मैले राजनीतिमा लाग्ने विचार गरेँ ।"

## मधेश आन्दोलन होमिँदा

उनको पहिलो सरोकार थियो भूमिहीन मधेशी दलितको अधिकार स्थापना गर्ने होला ? भूमिहीन मधेशी दलितलाई भूमिको मालिक बनाउन सकिन्छ भन्ने उनको दृढ विश्वास थियो । त्यही विश्वासका साथ उनी केही समय माओवादीमा संलग्न भइन् र श्रीमानसहित भूमिगत पनि भइन् । त्यहाँ एकातिर माओवादीले कामको जिम्मेवारी नदिने, अर्कोतिर शाही सेनाले दुःख दिने अवस्था देखेपछि उनले आफ्नो राजनीतिक यात्राबारे पुनर्विचार गरिन् ।

यसैबीच २०६२/६३ सालको जनआन्दोलन र शान्तिप्रक्रियामा माओवादीको आगमनपछि २०६३ सालमा मधेश आन्दोलनको उठान भयो । हरेक मधेशी सडक आन्दोलनमा उत्रनुपर्ने अवस्था आयो । त्यही बेला कलावती पनि मधेश आन्दोलनमा सक्रियताका साथ लागिन् । कलावती १९ दिनसम्म लगातार आन्दोलनमा खटिरहिन् । आन्दोलनका क्रममा ३ पटक पक्राउ परिन् । प्रशासनमा तालाबन्दी गर्ने दिनमा प्रहरी हस्तक्षेपका कारण उनको हात भाँचियो ।

एकपटक उनी आन्दोलनका क्रममा प्रहरी पक्राउबाट बच्न हतार हतार एक जनाको घरमा पसिन् । प्रहरीहरु उनलाई गिरफ्तार गर्न पछि–पछि आएकाले घरका मान्छेहरूले उनलाई खाटमुनि लुकाए । यसरी उनी गिरफ्तार हुनबाट बचिन् ।

"केही समयपछि कर्फ्यू लाग्यो । हामीले कर्फ्यू तोड्न खोज्यौँ । कर्फ्यू तोड्न खोज्दा अश्रुग्यास र गोली हानेकाले हामी पछि हट्यौँ ।" उनले आफ्नो सङ्घर्षको जीवन्त अनुभव सुनाइन् ।

यस्तो सक्रियता देखेर मधेशी जनअधिकार फोरमले आफ्नो पार्टीमा जिम्मेवारी लिन अनुरोध गर्‍यो । त्यसलाई स्वीकारेर उनी मधेशी जनअधिकार फोरम नेपालको केन्द्रीय उपाध्यक्ष भइन् । त्यसपछि सो पार्टीको भ्रातृ सङ्गठन मधेशी महिला अधिकार फोरमको केन्द्रीय उपाध्यक्षमा निर्वाचित भइन् । त्यसको दुई वर्षसम्म उनी लगातार पार्टी राजनीतिमा सक्रिय भइन् । त्यसले उनलाई २०६४ सालमा बनेको पहिलो संविधान सभाको समानुपातिक प्रणालीतर्फ सभासद् हुने मौका दियो ।

## सभासद्देखि मन्त्रीसम्मको यात्रा

ऐतिहासिक जनआन्दोलन २०६२/६३ र त्यसपछि भएको मधेश आन्दोलनपश्चात् भएको प्रथम संविधानसभाको निर्वाचनमा उनी मधेशी जनअधिकार फोरम नेपालको तर्फबाट समानुपातिक सभासद्मा चुनिइन् । सभासद्को हैसियतले उनले संविधानसभामा मधेशका मुद्दा उठाइन् । उनले संविधानसभा र व्यवस्थापिका संसद्का समितिमा बसेर आफ्नो भूमिका निर्वाह गरिन् ।

उनले दलित समुदायका विभिन्न कार्यक्रममा दिएका अभिव्यक्तिमा आक्रोश पोखिएको हुन्थ्यो । त्यस आक्रोशबाट सहजै के अनुमान गर्न सकिन्छ भने उनीभित्र ठूलो पीडा छ । त्यही पीडा हटाउन उनले संविधानसभामा पनि आफ्नै भाषामा व्यापक रूपमा मधेशी दलितका एजेण्डा स्थापनाका लागि लडाइँ लडिन् ।

गाउँमा जोतपोत मोही भएर खाएको किसान दलित महिला सभासद् भएर जाँदा अर्कै अनुभव भयो उनलाई । उनीहरू जसको घरमा मोही बसेका थिए ती मालिकले पनि उनलाई सम्मान गर्न थाले । दलितहरूलाई भूमि नदिइएसम्म दलितको मुक्ति हुन्न भन्ने विश्वासका साथ उनी सक्रिय छिन् ।

"नयाँ नेपाल भनेको पुरानो सोचमा परिवर्तन हुनु हो । जमिन्दारी प्रथाको अन्त्य गरिनुपर्दछ अनि गाँस, बास र कपासको व्यवस्था हुनुपर्‍यो । यसका लागि दलित अगुवाहरू नीति-निर्णय गर्ने ठाउँमा पुग्नु जरूरी छ । सरकारले नै दलितहरूका लागि विशेष व्यवस्था गर्नुपर्दछ, अब पूर्ण समानुपातिक प्रतिनिधित्व गराउनुपर्द र शिक्षा, स्वास्थ्य, रोजगारको ग्यारेण्टी गर्नुपर्दछ । यी हाम्रा मुद्दाको सम्बोधनका लागि गैरदलितहरूको पनि साथ र सहयोग अनिवार्य हुन्छ । अनि मात्र बलियो आन्दोलन निर्माण हुन्छ र हामीले अधिकार पाउँछौँ ।" यो कलावतीदेवी पासवानले सभासद् भएपछि गरेको अनुभवको सार हो ।

फोरम नेपालबाट सभासद्मा मनोनीत भएकी कलावती पासवान २०६७ सालमा नेकपा (एमाले)का वरिष्ठ नेता माधवकुमार नेपालको मन्त्रिमण्डलमा भौतिक योजना तथा निर्माण सहायक मन्त्री नियुक्त भइन् । यसरी उनले नेपालको इतिहासमा दलित महिलाको रूपमा पहिलो मन्त्री बन्ने अवसर पाइन् । उनले मन्त्रालयमा बसेर मधेश तराईका दलितका लागि पहिलो पटक लागू

भएको जनता आवास कार्यक्रममा सक्रिय भूमिका निर्वाह गरिन् । यसरी उनले एक जना दलित महिलाले मौका पाउँदा मन्त्रालयको पनि नेतृत्व गर्न सक्छ भन्ने उदाहरण देखाइदिइन् ।

## जातपात र छुवाछूतको विरोधमा

२०६३ सालमा बाराको बलिरामपुर गाविसमा रहेको शिवमन्दिरमा दलित समुदायलाई जल रिसाल (चढाउन) गर्न निषेध गरियो । निषेधको आदेश लागू गर्न गैरदलित समुदायका व्यक्ति हातहतियार, लाठी फाराठा (बाँसको लठ्ठी) लिएर प्रदर्शनमा उत्रिए । सबै दलित समुदायको मनमतिष्कमा त्रास फैलियो । उनलाई पनि डर लाग्नु स्वाभाविकै थियो । धेरै प्रयासको बाबजुद पनि उनीहरु मन्दिरभित्र प्रवेश गर्न सकेनन् ।

उनी गढीमाई मेलामा मारिने राँगासँग जोडिएको एउटा पुरानो प्रतिरोधको घटना सम्झिन्छन् । दलितहरूले त्यस्ता राँगाको सिनो नउठाउने निर्णय गरेको घटना कमै चर्चामा आएको छ ।

अहिले पनि धर्मकर्मको नाममा गढीमाई मेलामा हजारौँ राँगा काटिन्छन् । स्थानीय चलनअनुसार त्यसरी काटिने राँगाको सिनो दलितहरूले उठाउनुपर्ने बाध्यता थियो । तर दलितहरूले सिनो उठाउने पुरानो चलन बहिष्कार गर्ने निर्णय गरे ।

सिनो बहिष्कार अभियानमा लागे बापत अभियानविरोधी तत्वहरूको आक्रमणमा उनीलगायतका अभियानकर्मी परे । अभियान बिथोल्नेहरूले उनीहरूलाई लाखौँ भक्तजनहरूको भीडमा खुकुरी लिएर लखेटे । यति गर्दा पनि दलितहरूले हिम्मत हारेनन् ।

"यो मेरो जीवनमा भएको कहिल्यै पनि बिर्सिन नसकिने घटना हो", उनी सम्झिछन् ।

त्यसबेला उनी जिल्ला दलित नेटवर्क बाराकी सदस्य थिइन् । त्यसपछि मध्यमाञ्चल विकास क्षेत्रस्तरीय दलित नेटवर्कको उपाध्यक्ष पनि भइन् । यसरी संस्थाको अगुवाइ गर्दै उनी निरन्तर रूपमा जातीय भेदभाव तथा छुवाछूत

विरोधी अभियानमा लागिपरिन् । मनभित्र सुषुप्त अवस्थामा रहेको सचेतना जागेपछि उनको सक्रियता र अगुवाइ पनि बढ्यो । उनी बलिरामपुरजस्ता बाराका धेरै ठाउँमा रहेका मठ, मन्दिर, यज्ञमा दलित समुदायको प्रवेशका लागि जिल्लाव्यापी अभियानमा लागिरहिन् ।

## मन्त्रीमाथि पनि लाठीचार्ज

यसै क्रममा उपल्लो भनाउँदा जातका गैरदलितले धर्मनगरमा २०६८ सालमा भएको दुर्गा पूजा मेलामा दलितलाई प्रवेश निषेध गरे । त्यसबेला मन्दिरमा पूजा गर्न जाँदा बहालवाला मन्त्री रहेकी कलावती पासवानमाथि पनि लाठी चार्ज गरियो । उनी घाइते नै भइन् । मन्दिरमा पूजा गर्न जाँदा बहालवालामन्त्रीसमेत कुटिँदा न्यायका लागि पहल गरियो । तर कहीँबाट पनि सुनुवाइ भएन । उल्टै गैरदलित समुदायका व्यक्तिले नै स्थानीय प्रशासनलाई थर्काए, दबाब दिए । त्यसैले प्रशासनले उनीसहित दुवै पक्षलाई बोलाई अन्त्यमा सहमति गरायो ।

यस्तो विभेदकारी व्यवहारमा मिलापत्र गर्नु हुँदैन भन्ने कुरा मन्त्री कलावतीलाई थाहा थियो । प्रशासकलाई झन् थाहा नहुने कुरै भएन । तर बाध्यताबीच सहमति गरिएको उनको भनाइ थियो, "सहमतिमा बस्नु मेरो बाध्यता थियो । यो घटना मेरो जीवनको सबैभन्दा दुःखदायी घटना बन्न पुग्यो ।"

उनको भनाइ छ, "मुलुकको मन्त्री भइसकेको व्यक्तित्व स्थानीय मन्दिरमा प्रवेश गर्दा सुरक्षा पाउँदैन र उसले समेत कुटाइ खानुपर्दछ । आफैले कानुन बनाउँदा सरकारवादी मुद्दा बनाएको हुँ, तर स्थानीय प्रशासनले आफैसँग मिलापत्र गर्नुपर्दा मलाई धेरै कुरा मन परेको छैन ।"

## भ्रमण, सम्मान तथा पुरस्कार

उनले तराई मधेशका २० जिल्लासहित ३० जिल्लाको भ्रमण गरेकी छन् । भारत त उनको माइती देश नै भयो । उनले देशबाहिर थाईलैण्डको यात्रा गरेकी छन् । उनले विभिन्न सङ्घसंस्थाबाट दर्जनौँ सम्मान तथा पुरस्कार प्राप्त गरेकी छन् । त्यस्तै, दलित आन्दोलनमा योगदान गरेबापत उनी अन्तर्राष्ट्रिय अम्बेडकर पुरस्कारबाट सम्मानित पनि भएकी छन् । हिरासत बसेको अनुभव पनि उनले सँगालेकी छँदै छन् ।

अहिले फोरम लोकतान्त्रिक र नेपाली काङ्ग्रेसबीच पार्टी एकतापछि उनको पार्टी जिम्मेवारी स्पष्ट भएको छैन । अचेल उनी खेतीपातीसँगै बालबच्चालाई पढाउनमा व्यस्त छिन् । राजनीतिक जिम्मेवारी दिइए कुशलतापूर्वक काम गर्ने उनको जिकिर छ । तर नेपाली काङ्ग्रेसजस्तो ठूलो पार्टीमा आफूले हिजोजस्तै विशेष पद पाइनेमा उनी विश्वस्त छैनन् ।

## आन्दोलनसम्बन्धी बुझाइ

कलावतीदेवी पासवानले पनि नयाँ संविधान बनेपछि धेरै समस्या समाधान हुने विश्वास लिएकी थिइन् । तर मधेशी जनता, विशेष गरी दलितले चाहेजस्तो समाधान हुन नसकेकोमा उनी चिन्तित छिन् । संविधानले दलित महिलाका लागि केही अनिवार्य व्यवस्था गर्दा प्रतिनिधित्व बढेकोमा उनी खुसी छिन् । अब समग्र दलित समुदायका लागि पनि त्यस्तै अनिवार्य व्यवस्था गर्न सक्दा मात्रै दलित प्रतिनिधित्वको माग सार्थक हुने, अन्यथा नाममात्रको हुने उनको धारणा छ ।

अहिलेको संविधानले दिएको अधिकारअनुसार अब दलितमात्रै होइनन्, मधेशी, मुस्लिम, जनजाति, महिलाजस्ता बहिष्करणमा पारिएका सबै समुदायले नयाँ संविधान बनाउन सक्रिय भएझैँ नयाँ बन्ने राज्य संरचनामा पनि सक्रियतापूर्वक हस्तक्षेप गर्नुपर्ने उनको सुझाव छ ।

उनको निष्कर्ष छ, "अबको दलित आन्दोलनले आफू संलग्न पार्टीसँगै सबै पार्टीलाई एक ठाउँमा ल्याएर दलित अधिकारको कार्यान्वयनमा जोड दिनुपर्दछ । दलित समस्याको हल नभईकन नेपालको विकास हुन सक्दैन । त्यसैले हरेक दलित नेता तथा कार्यकर्ताले विनास्वार्थ दलित मुक्तिको आन्दोलनमा लाग्नुपर्दछ । यसका अलावा, हाम्रो आन्दोलनले प्राप्त गरेका उपलब्धिको संस्थागत गर्ने र बाँकी उपलब्धिका लागि सङ्घर्षलाई निरन्तरता दिनुको विकल्प छैन ।"

■

# दलित आन्दोलनको स्थापित नाम



▲ खड्गबहादुर बस्याल

खड्गबहादुर बस्याल नेपाली दलित आन्दोलनको चर्चित नाम हो । उनी मन्त्री, पार्टी नेता तथा दलित नेताका रूपमा परिचित छन् । उनको पुर्ख्यौली घर हो पाल्पाको नारायणथान । उनका जिजु हजुरबुबा निमकान्त बस्याल ब्राम्हण समुदायका थिए । सार्कीकी छोरीसँग प्रेम विवाह गरेका कारण उनलाई सर्वस्वसहित 'देश निकाला' गरिएको थियो । 'तल्लो जातकी केटीसँग बिहे गरेको' भन्दै जात खसाली गाउँनिकाला गरेपछि उनका जिजु हजूरबुबा दाङ हुँदै सल्यान पुगे ।

'कि देश छोड्, कि श्रीमती छोड्' भन्दा निमकान्त बस्यालले 'बरू देश छोड्छु, तर श्रीमती छोड्दिन' भनेर सल्यानको काप्राअन्तर्गत दरमाली टाकुरामा बसाइँ सरेका थिए । सोही स्थानमा खड्गबहादुर बस्यालका हजुरबुबा गोबर्द्धन बस्यालको जन्म भयो । गोबर्द्धन बस्यालले त्यसबेला सुर्खेतको सिम्ताको साहुखोलामा सुनारकी छोरीसँग घरजम गरे । उनका ८ जना छोरी र एक छोरा भए । गोबर्द्धनका माइलो छोरा हुन् खड्गबहादुर बस्यालका बुबा देवबहादुर बस्याल । १९९६ सालमा जन्मिएका देवबहादुर रोजीरोटीका लागि भारतीय सेनामा भर्ती भई हवल्दारसम्म भए ।

देवबहादुरले घर्ती क्षेत्रीकी छोरीसँग विवाह गरे । सैनिक जीवनमा क्षेत्रीकी छोरीसँग बिहे गरेको भन्दै उनलाई १४ वर्ष जेल सजायको निर्णय गरियो । त्यसबेला 'अछूत जात'की केटीसँग बिहे गरेपछि तत्कालीन शासकले जेल सजाय तोक्ने गर्दथ्यो । त्यसपछि देवबहादुर श्रीमतीसहित भारत पलायन भए । भारतमा रहँदा खड्गबहादुर बस्यालको जन्म २००८ सालमा भयो ।

खड्गबहादुरको औपचारिक शिक्षा भारतमै भयो । भारत गएको १४ वर्षपछि उनका बुबा देवबहादुर सपरिवार नेपाल फर्के । त्यसपछि खड्गबहादुरले २०२५ सालमा नर्मल तालिम पास गरे । २०३६ सालमा सुर्खेतको जन माविबाट एसएलसी पास गरे । त्यसपछि एक वर्ष आईए पढेपछि पढाइ छाडेर उनी अध्यापन कार्यमा लागे ।

## कम्युनिस्ट आन्दोलनबाट राजनीतिक यात्रा

खड्गबहादुर बस्यालले शिक्षक भएर १२ वर्षसम्म काम गरे । त्यसपछि उनले जेटिएको सेवा पनि गरे । उनका पुर्खा नै समाजमा सुधार र परिवर्तनको सोच राख्ने खालको थियो । समाजमा समानता कायम हुनुपर्छ भन्ने मान्यता भएको परिवार भएकोले उनको मनमा पनि सामाजिक चेतना जागृत भयो । बुबाकै प्रेरणाका कारण उनमा पनि समाजमा केही गर्नुपर्छ भन्ने सोचाइ जागेको उनी बताउँछन् ।

खड्गबहादुरलाई पढाउने बाबुराम शर्मा गुरु असाध्यै असल र समाजसेवी थिए । उनी कम्युनिस्ट विचारका पक्षधर थिए र बिहान-बेलुका राजनीतिक कुरा सिकाउने गर्दथे । यसैको प्रभावस्वरूप उनी २०२५ सालमा नेपाल कम्युनिस्ट पार्टीको सङ्गठनमा आबद्ध भए । सोही पार्टीबाट दलित समुदायको हितमा काम गर्न सकिन्छ भनेर उनी राजनीतिमा होम्मिए । यसै क्रममा उनले आफ्नो समुदायलाई राजनीतिक चेतना दिन थाले ।

राजनीतिक रूपमा क्रियाशील हुने क्रममा २०३६ सालमा उनले कम्युनिस्ट नेता मनमोहन अधिकारीलाई भेट्ने मौका पाए । सुर्खेतमा पार्टी सङ्गठन विस्तार गर्न आउने क्रममा अधिकारीलाई उनले स्वागत गर्न पाए । त्यसपछि मनमोहन अधिकारीसँग उनको सम्बन्ध राम्रो भयो । पञ्चायती सरकारले अधिकारीलाई पक्राउ समात्न खोज्दा बस्यालले भगाए । अधिकारीलाई आफ्नो

घरमा रहेको घोडामा राखेर उनले नेपालगन्जको चिसापानीसम्म पुऱ्याइदिए । यो कुरा थाहा पाएपछि पञ्चायती सरकारले उनलाई पक्राउ गऱ्यो र हिरासतमा राखेर चरम यातना दियो । यति हुँदा पनि उनको आस्था र विचार मरेन, बरू राजनीतिप्रतिको लगाव झन् बढ्यो ।

## नेपाली काङ्ग्रेससँग आबद्धता

नेपाली काङ्ग्रेसले २०४२ सालमा 'सत्याग्रह'को नाममा पञ्चायती व्यवस्थाविरूद्ध आन्दोलन थालनी गरेको थियो । त्यसबाट प्रभावित भएर उनले आफ्नो विचार परिवर्तन गरे अनि नेपाली काङ्ग्रेस पार्टीमा आस्था राख्न थाले । त्यसपछि उनले २०४७ सालमा गुरु दुर्गाकेशर खनाल (हाल प्रदेश नं. ६ का प्रमुख) र पूर्वगृहमन्त्री पूर्णबहादुर खड्काको आग्रहलाई स्वीकार गरी काङ्ग्रेसको सदस्यता लिए । यसरी उनको राजनीतिक यात्रा मोडियो, कम्युनिस्टबाट काङ्ग्रेसमा ।

सक्रिय राजनीतिक जीवन बाँच्ने क्रममा खड्गहादुर बस्याल २०४३ सालमा सुर्खेतको साविक उत्तरगङ्गा गाविसको उप-प्रधानपञ्चमा विजयी भए । त्यसपछि २०४८ सालमा नेपाली काङ्ग्रेस, सुर्खेतको जिल्ला कार्यसमिति सदस्य बने । र, २०५१ सालमा पार्टीको जिल्ला उपसभापतिसम्म भए । उनले दुई पटकसम्म स्थानीय निकायमा उम्मेदवारीसमेत दिए ।

सङ्घर्षको क्रममा पञ्चायतकालमा होस् या २०६२/६३ सालको जनआन्दोलनमा, उनी पटक-पटक यातना र हिरासतको शिकार बने । सोही सङ्घर्ष र योगदानका कारण हुनसक्छ, उनलाई नेपाली काङ्ग्रेसले पहिलो र दोस्रो संविधानसभामा सभासद् बनाएको हो । उनी नेपाली काङ्ग्रेसको नवौं र दशौं महाधिवेशनमा महाधिवेशन प्रतिनिधि तथा ११ औं महासमिति सदस्य पनि भए ।

२०६४ सालमा उनी संविधानसभाको समानुपातिक सभासद् पनि सफल भए । नेकपा एमालेका नेता माधवकुमार नेपालको मन्त्रीपरिषद्मा उनले नेपाल सरकारको जनसङ्ख्या तथा स्वास्थ्य राज्यमन्त्री बन्ने अवसर प्राप्त गरे र सफलतापूर्वक आफ्नो जिम्मेवारी पनि पूरा गरे ।

दोस्रो संविधानसभा, २०७० मा पनि उनी सभासद् भए । सीमित नै भए पनि नयाँ संविधानमा दलित समुदायका अधिकार सुनिश्चित गर्न खड्गबहादुर

बस्यालको महत्त्वपूर्ण भूमिका रह्यो । त्यसलाई उनी आफ्नो जीवनको सबैभन्दा महत्त्वपूर्ण खुसीका क्षणमध्ये एकको रूपमा सम्भिन्छन् ।

## दलित आन्दोलनमा भूमिका

पञ्चायतकालमा शिक्षा राज्यमन्त्री हुँदा एकपटक हिरालाल विश्वकर्मा सुर्खेत पुगेका थिए । त्यहाँ पाल्पाली चियापसलेले 'विश्वकर्माले खाएको चियाको गिलास नमाभ्ने' कुरा गरेपछि खड्गबहादुर बस्यालले चियाको गिलास लात्तीले हानेर फुटाइदिए । दलित समुदायमाथि भएको विभेदविरूद्ध उनको प्रतीकात्मक विद्रोह थियो त्यो । पछि सो चियापसलेलाई आइन्दा दलितमाथि त्यस्तो दुर्व्यवहार नगर्ने सर्तमा माफी मगाएर छोडियो ।

खड्गबहादुर बस्यालको परिचय राजननीतिक नेताको रूपमा मात्रै सीमित छैन । उनी एक लोकप्रिय समाजसेवीका रूपमा समेत परिचित छन् । उनी नेपाल रेडक्रस सोसाइटी, नेपाल बाल सङ्गठन, जेसिज तथा रेयूकाईमा आबद्ध भएर समाज सेवामा पनि क्रियाशील छन् । त्यस्तै, उनी नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घको जिल्ला सभापति हुँदै यसको केन्द्रीय सदस्य पनि भए । यही पद र हैसियतमा उनले जिल्लाको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याए ।

दलित समुदायका लागि निरन्तर सक्रिय रहेका खड्गबहादुर बस्याल नेपाली दलित आन्दोलनको स्थापित नाम हो । उनी २०४० सालमा दलित जनविकास परिषद्, सुर्खेतका अध्यक्ष भएका थिए । उनी जिल्लामा दलित समुदायमाथि हुने विभिन्न उत्पीडनविरूद्ध आफ्नो समुदायमा जनचेतना जगाउने गर्दथे । दलित जनविकास परिषद्मा रहेर काम गरेकाले दलित अगुवा टि.आर. विश्वकर्मासँग उनको राम्रै हेलमेल र सहकार्य भएको थियो । उनले सुर्खेतलगायतका वरपरका जिल्लामा दलित आन्दोलनलाई प्रभावकारी ढङ्गले सङ्गठित र परिचालित गरेका थिए ।

नेपाली काङ्ग्रेसको भ्रातृ सङ्गठनका रूपमा बनाइएको नेपाल दलित सङ्घको संस्थापक केन्द्रीय सदस्य र उपसभापति हुँदै उनले सभापति हुने पनि पाए । २०६५ सालमा उनी नेपाल दलित सङ्घको कार्यवाहक अध्यक्ष भए । पछि २०६७ सालमा नेपाल दलित सङ्घको महाधिवेशनबाट उनी अध्यक्ष पदमा निर्वाचित भए ।

संयुक्त दलित आन्दोलनमा उनले महत्त्वपूर्ण भूमिका खेलेका थिए । २०६६ सालमा संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति-२०६६ गठन हुँदा दलित सङ्घका अध्यक्षमा खड्गबहादुर बस्याल र महासचिवमा जीवन परियार थिए । दलित मुद्दालाई गम्भीरतापूर्वक लिने नेतृत्व भएको हुनाले दलित मुक्ति मोर्चा र मुक्ति समाजलगायतका सङ्गठनसँग संयुक्त सङ्घर्ष समिति गठन सहज बनेको थियो । दलित आन्दोलनमा उनी एकताका पक्षधर नेताका रूपमा चिनिन्छन् ।

## पटक-पटक प्रहरीद्वारा गिरफ्तार

खड्गबहादुर बस्यालको अर्को परिचय हो जुझारूपना । प्रत्येकजसो आन्दोलनमा उनी जुझारू नेताको रूपमा उभिएको देखिन्छ । २०६२/६३ सालमा भएको जनआन्दोलनमा उनी नियमित रूपमा सहभागी भएका थिए ।

जनआन्दोलनका बेलामा उनी प्रायः दिनहुँजसो रत्नपार्कको प्रदर्शनमा सहभागी हुने गर्दथे । एकदिन प्रहरीले आन्दोलनकारीलाई साह्रै नै ज्यादती गरेपछि उनले प्रहरीलाई "यो सबै जनताको अधिकारको लडाइँ हो, नेपालमा राजाद्वारा जनअधिकार खोसिएको छ, तपाईंहरूले पनि आन्दोलनलाई सहयोग गर्नुपर्दछ" भनेर बुझाउन खोजे । यसरी सम्झाइ-बुझाइ गर्दैगर्दा सुरक्षाकर्मीले एक्कासी आक्रमण गर्दै उनलाई नालीमा खसालीदिए ।

त्यसपछि उनलाई साथीहरूले अस्पताल पुऱ्याए । उपचार गर्ने क्रममा त्यहीँबाट प्रहरीले गिरफ्तार गरी उनलाई महेन्द्र पुलिस क्लबमा राखे । केही समयपछि काङ्ग्रेस नेता सुशील कोइरालालाई पनि त्यहीँ ल्याएर सँगै हिरासत राखियो । यसरी उनले दर्जनौँ पटक आन्दोलनको क्रममा हिरासत ब्यहोरेका थिए । त्यस्तै, उनले दलित आन्दोलनको क्रममा पनि प्रहरी हस्तक्षेप र दमन तथा हिरासत ब्यहोरेका थिए । नआत्तीकन जनअधिकारका पक्षमा राजनीतिक आन्दोलनमा निरन्तर लागेपछि तानाशाही शासकहरूको पनि केही नलाग्ने उनी बताउँछन् ।

## शालिन व्यक्तित्व : स्पष्ट वक्ता

खड्गबहादुर बस्याल दलित आन्दोलनका एक शालिन व्यक्तित्व पनि हुन् । उनी आन्दोलनमा रमाउने, अर्कालाई कहिल्यै पनि पीरमर्कामा नपार्ने, हरेक विषयको प्रस्तुतिमा उखानटुक्का र कथावस्तु जोडेर रोचक एवं प्रभावकारी बनाउन सक्ने विशेष क्षमता भएका सरल नेता हुन् ।

आफ्ना कुरालाई कलात्मक ढङ्गले राख्न सक्ने उनको क्षमता देखेर जोकोही पनि नतमस्तक हुन्छन् । सबैलाई सम्मानपूर्वक व्यहार गर्ने र दलित मुद्दामा अरूलाई चित्त बुझाउन गर्न सक्ने उनको कला उल्लेखनीय छ । मन्त्री हुँदा होस् या सांसद र दलित नेता हुँदा; उनको बोलीव्यहोरा र रहनसहनमा खासै फरक आएन ।

स्वास्थ्यमन्त्री हुँदा एकपटक उनी बिरामी भएछन् । दीर्घ रोगको जस्तो लक्षण देखापरेपछि उनले विभिन्न हस्पिटलमा उपचार खर्चबारे बुझे र भारतमा पनि बुझ्न लगाए । नेपालमा भन्दा भारतमा सस्तो हुने थाहा भएपछि उनी मन्त्री हुँदाहुँदै पनि भारत गए, उपचारका लागि । उनी लखनउमा सामान्य बेडमा बसेर उपचार गरी निको भएर आए । त्यस्तो व्यवहार देखेर नेपाल सरकारका कर्मचारी र उनकै पार्टीका नेता पनि छक्क परे ।

उनले पनि सानैदेखि नेपाली समाजमा दलित समुदायमाथि हुने सबैखाले उत्पीडन, विभेद र अपमान ब्यहोर्नुपर्‍यो । शिक्षकजस्तो गरिमामय काममा हुँदा पनि विभेद र अपमानबाट मुक्ति पाएनन् । शिक्षक रहेकै बेला उनले गैरदलितको घरमा आफू बसेर खाना खाएको ठाउँमा गाईको गोबरले पोतेको नमिठो अनुभव सँगाले । पार्टी सङ्गठनमा काम गर्दा पनि नेता र कार्यकर्ता तहबाट पनि विभेद र अपमान भोगे ।

कुसंस्कारले गाँजेको जनमानसबाट पनि उपेक्षा भावसहित प्रत्यक्ष र परोक्ष रूपमा विभेद हुने गरेका घटनाको अनुभूति उनीसँग छ । उनको भनाइ छ, "त्यही कारण म जहिले पनि दलित समुदायलाई कसरी माथि उकास्न सकिन्छ र राजनीतिक अधिकार कसरी स्थापित गर्न सकिन्छ भनेर सोच्ने गर्दछु । पदमा रहँदा होस् या नरहँदा, मेरा लागि दलित समुदाय नै धुरी हो भन्ने मान्यता राख्छु ।"

नेपालमा पछिल्लो चरणमा दलित समुदाय पार्टी र राज्यका विभिन्न तहमा पुग्न थालेका छन् । उनीहरूलाई पनि निर्णायक भूमिका खेल्ने ठाउँमा र नीति निर्माण गर्ने तहमा ल्याउन माओवादी आन्दोलनले महत्त्वपूर्ण भूमिका खेलेको विचार उनी खुलेर पोख्ने गर्दछन् । काङ्ग्रेसका मन्त्री भएकै बेला दलितसम्बन्धी सार्वजनिक कार्यक्रममा उनले भने, "म काङ्ग्रेस पार्टीबाट मन्त्री भए पनि मन्त्री बनाउने मुख्य भूमिकामा माओवादीको ठूलो हात छ, किनभने माओवादीले

दलित, महिलालाई अघि बढाउने नीति नल्याएको भए म मन्त्री बन्ने कुरा सम्भव थिएन ।"

उनी खुला र स्पस्ष्ट वक्ता हुन् । २०६४ साल र २०७० सालका संविधानसभामा प्रतिनिधित्व गर्ने अवसर पाएका बस्याल दलित समुदायका हकअधिकारका लागि आफ्नो बुद्धि-बर्कतले भ्याएसम्म लडे । वर्षौंदेखि पछाडि पारिएका दलित समुदायलाई राज्यले समानुपातिक अधिकार दिएर मात्रै नपुग्ने र क्षतिपूर्तिसहित अगाडि ल्याउनुपर्दछ भन्नेमा उनको पनि समर्थन छ ।

## दलित मुद्दामा पार्टीप्रति विश्वस्त

खड्गबहादुर बस्याल दलितका मुद्दामा आफू संलग्न पार्टी नेपाली काङ्ग्रेसप्रति पूर्ण विश्वस्त छन् । उनी यही पार्टीबाट परिवर्तन हुन्छ भन्नेमा ढुक्क छन् । उनको भनाइमा नेपाली काङ्ग्रेस नीतिमा स्पष्ट छ । जातीय छुवाछूत र भेदभावविरूद्ध नेपाली काङ्ग्रेस अन्य पार्टीभन्दा अघि रहेको उनको दाबी छ ।

इतिहास पल्टाउँदै उनी भन्छन्, "२००३ सालमा पार्टी स्थापना हुँदा नेपाली काङ्ग्रेसले देवव्रत परियारलाई संस्थापक सदस्य बनायो, २००९ सालसम्म पुग्दा धनमानसिंह परियारलाई महामन्त्री बनायो । यसका अलावा नेपाली काङ्ग्रेस सरकारमा हुँदा शिक्षा, स्वास्थ्य, रोजगार, सडक, विद्युत्, सञ्चार र खानेपानीलगायतका क्षेत्रमा अब्बल काम गऱ्यो । राष्ट्रिय दलित आयोग, दलित विकास समिति बनाउने नेपाली काङ्ग्रेस नै हो । माओवादीको जनयुद्धलाई शान्ति प्रक्रियामा ल्याउने, संविधान जारी गर्ने, समानुपातिक समावेशी प्रक्रियाको थालनीकर्ता पनि नेपाली काङ्ग्रेस हो ।"

उनको ठम्याइ छ, "हामी विभिन्न पार्टीमा सहभागी हुँदै आएका छौँ । हामीलाई हाम्रो पार्टीको सिद्धान्त विज्ञानझैँ लागेको छ र पार्टी विभेदविहीन सत्ताजस्तो । तर पनि हाम्रो समाजमा भएको सामन्तवाद यथावत् छ । राजतन्त्रको अन्त्य भए पनि यसका स्थानीय प्रतिनिधि स्वयं हाम्रै पार्टीमा समेत देख्न सकिन्छ, भोग्न सकिन्छ । परम्परावादी चिन्तन अझै बाँकी छन् । नातावाद, कृपावाद र परिवारवाद यो या त्यो रूपमा बचिरहेका छन् । यी सम्पूर्ण प्रवृत्तिविरूद्ध समान पीडा भएका हामी सबै दलित एक हुन जरूरी छ । यसका लागि सचेत, सङ्गठित र सशक्त भएर संसद्, सडक र सरकारजस्ता ३ वटै क्षेत्रबाट लड्नुपर्दछ ।"

## संयुक्त आन्दोलन नै विकल्प

बस्यालको ठम्याइमा नेपाली समाज लामो समयदेखि सामन्तवादी विचार, राजनीति र संस्कृतिमा जकडिएको छ । त्यसैले अहिले पनि दलितलाई 'अमान्छे'को रूपमा हेर्ने र त्यहीअनुसार व्यवहार गर्ने गरिन्छ । गैरदलित मान्छेहरूले दलित समुदायका मान्छेलाई हरेक हिसाबले हेप्दै आएका छन् । पढेलेखेका मान्छेमा पनि हेप्ने मानसिकता विद्यमान छ । यस्ता सोच, चिन्तन र व्यवहार राजनीतिक पार्टीका नेता, कार्यकर्ता, कर्मचारीमा पनि व्याप्त छ । राजनीतिक पार्टीभित्र पनि दलितलाई हेप्ने परम्परा कायम छ । त्यो विविध रूपमा अभिव्यक्त हुने गर्दछ ।

यस्तो अवस्थाको विश्लेषण उनी निष्कर्ष निकाल्छन्, "यस्तो अवस्थामा दलित समुदायसामु समाज, पार्टी र जागिर सबैतिर सङ्घर्षबाहेक अरू विकल्प नै रहँदैन । नेपाली दलित आन्दोलनलाई अगाडि बढाउन सबै एकजुट भएर लाग्नुपर्दछ । आगामी दिनमा नेपालमा दलित आन्दोलनलाई पार्टीभन्दा माथि उठेर सबै राजनीतिक भ्रातृ सङ्गठनको नेतृत्वले संयुक्त रूपमा घनिभूत पार्नुपर्छ । युवा पुस्ताले आन्दोलनमा विशेष भूमिका खेल्नपर्ने देखिन्छ । यसका लागि युवाहरू राजनीतिक दलमा बढीभन्दा बढी आबद्ध भएर दलित आन्दोलनलाई राजनीतिक आन्दोलनको रूपमा विकास गर्नुपर्छ ।"

संयुक्त दलित आन्दोलनलाई नयाँ ढङ्गले व्यवस्थित गरेर निरन्तर सङ्घर्षको विकल्प अरू नभएको उनको ठहर छ । उनी आरक्षणबाट दलितहरूको समृद्धि हुन्छ भन्नेमा विश्वस्त छन् । उनको प्रस्ट भनाइ छ, "हजारौँ वर्षसम्म बहिष्करणमा परेकाले दलितहरूले राजनीति, आर्थिक र सामाजिक क्षेत्रमा आवधिक रूपमा आरक्षण पाउनुपर्दछ । यो आरक्षणले भूमिहीन दलितहरूको समस्याको हल गर्नुपर्दछ । दलित समुदायमा प्रतिस्पर्धी क्षमता निर्माण गर्न त्यस्तो विशेष निर्वाचन क्षेत्र आरक्षित गनुपर्दछ, जहाँ दलित-दलितबीच मात्रै प्रतिस्पर्धा हुन्छ । दलितहरूले अन्य समुदाय सरह प्रतिस्पर्धी क्षमता निर्माण गरिसकेपछि आरक्षणको व्यवस्था स्वतः हट्ने संवैधानिक व्यवस्था गर्न सकिन्छ ।"

■

# दलित आन्दोलनका सारथी



▲ छविलाल विश्वकर्मा

हाल नेकपा (नेकपा)मा फेरिनुअघि नेकपा एमालेको स्थायी समिति सदस्य छविलाल विश्वकर्मा एमालेको उच्च नेतृत्वमा पुग्ने पहिलो दलित हुन् । उनी शीर्ष कम्युनिस्ट नेता मात्रै होइनन्, दलित आन्दोलनका अगुवा पनि हुन् । छविलालको राजनीतिक प्रगतिको मुख्य जगचाहिँ नेपाल उत्पीडित जातीय मुक्ति समाज हो । किनभने, उनी मुक्ति समाज, नेपालका संस्थापक अध्यक्ष हुन् । दलित आन्दोलनलाई एमालेको राजनीतिक विचार र सिद्धान्तमा समाहित गर्ने मुख्य नेता नै छविलाल हुन् ।

राजनीतिभन्दा अलग भएर दलित शक्ति निर्माण गर्न सकिँदैन भन्ने छविलालको मान्यता रहेको छ । त्यही मान्यताका आधारमा उनको नेतृत्वमा मुक्ति समाज ठूलो दलित सङ्गठनको रूपमा स्थापित भएको हो । उनी भन्छन्- "दलित समस्या राज्यले उत्पन्न गरेको समस्या हो र त्यसको समाधान पनि राज्यले नै गर्नुपर्छ भनेरै मुक्ति समाज, नेपालमार्फत् दलित समुदायलाई राजनीतिक रूपमा जागृत गरिएको हो ।"

## खेल र सैनिक जीवन

छविलालको व्यक्तित्व राजनीतिक र सामाजिक आन्दोलनमा मात्र सीमित छैन् । उनी एक जमानाका भलिबलका अब्बल खेलाडी र सार्कस्तरीय कुशल

प्रशिक्षक हुन् । उनी नेकपा एमालेको पहिलो ९ महिने सरकारको पालामा राष्ट्रिय खेलकुद परिषद्का सदस्य थिए । अनुशासित र शालीन व्यक्तित्वले उनलाई छोटो अवधिमै खेल क्षेत्रमा स्थापित गर्न सघाएको थियो ।

बुबा चन्द्रबहादुर र आमा गङ्गाजमुनाका जेष्ठ सन्तानको रूपमा २०१९ मा स्याङ्जाको बलाम मैदानमा जन्मिएका हुन् छविलाल । मध्यमवर्गीय परिवारमा हुर्किएका उनले स्याङ्जाबाटै विद्यालय शिक्षा पूरा गरे । त्यसपछिको उच्च अध्ययन भने बुटवल बहुमुखी क्याम्पस र भारतको पटियालाबाट गरे । उनले खेल शिक्षामा स्नातक गरे ।

छविलालको राजनीतिक यात्राचाहिँ २०३५/३६ सालदेखि शुरू भएको हो । शुरूमा स्याङ्जामा स्थानीय युवाद्वारा सञ्चालित सामाजिक सुधार जोडिएका थिए । उनी २०४०/४१ सालमा नेकपा मालेको भ्रातृ सङ्गठन अनेरास्ववियुमा आबद्ध भए । त्यही मेसोमा उनी बुटबल बहुमुखी क्याम्पसको स्ववियु उपसभापतिसमेत चुनिए ।

त्यसो त छविलाल कुनै बेला भारतीय सेनामा भर्ना भएका थिए । शारीरिक रूपमा तन्दुरूस्त भलिबलका अब्बल खेलाडी भएकाले उनी सेनामा छनोट हुन कठिन भएन, तर उनी सैनिक जीवनमा सीमित भएनन् । सैनिक तालिम सकेर स्वदेश फर्किएपछि फेरि खेलकुद र राजनीतिमै सक्रिए भए । उनी भन्छन्- "सैनिक जीवनले कडा अनुशासन सिकायो, कठिन परिस्थितिमा पनि धैर्य गर्न सिकायो ।"

## सपना : दलित मुक्तिको

बुटवलमा विद्यार्थी हुँदै छविलालले दलित मुक्ति आन्दोलनको विस्तृत योजना बनाए । आफ्नै नेतृत्वमा दलित मुक्ति सङ्गठन स्थापना गरी बुटवललाई कार्यक्षेत्र बनाए । त्यसपछि पश्चिम क्षेत्रका दलितलाई राजनीतिक सामाजिक रूपमा जागृत गरे । उनी भन्छन्- "सानैदेखि अन्याय अत्याचार सहनै नसक्ने स्वभावका भएकाले म दलितमाथिको दमन र अत्याचारविरूद्ध लाग्न प्रेरित भएँ ।"

दलित अभियानमा सक्रिय हुँदै जाँदा छविलालले सानो दलित सङ्गठनबाट मात्रै मुक्ति आन्दोलन सम्भव छैन भन्ने थाहा पाए । त्यसपछि उनी गोल्छे

सार्की नेतृत्वको उत्पीडित जातीय उत्थान मञ्चको उपाध्यक्ष भएर दलित आन्दोलनमा सक्रिय भए । उजाउ मञ्च, राष्ट्रिय दलित जनविकास परिषद् र जातीय समता समाजसँगको एकता प्रक्रियामा छविलालको निर्णायक भूमिका थियो । त्यही कारण तीन वटा घटकको एकतापछि बनेको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको केन्द्रीय उपाध्यक्षमा उनी छानिए । २०५१ सालमा बुटबलमा भएको मुक्ति समाजको एकता राष्ट्रिय सम्मेलनले उनलाई महासचिव निर्वाचित गऱ्यो ।

चर्चित एकता सम्मेलनपछि मुक्ति समाजको नेतृत्वमा देशभरि नै दलितमाथिको दमनविरूद्ध सशक्त आन्दोलन भए । ती आन्दोलनमार्फत् छविलाल सक्रिय थिए । एक दशकसम्म नेपाली दलित आन्दोलनलाई सैद्धान्तिक र वैचारिक रूपले सशक्त बनाउँदै सङ्गठनात्मक रूपमा देशव्यापी बनाउन छविलालको महत्त्वपूर्ण भूमिका छ ।

नेकपा एमालेको पङ्क्तिमा जुन क्षेत्र छविलालको जिम्मामा जान्छ, त्यो क्षेत्र स्वभाविक रूपमा बलियो हुन्छ भन्ने मान्यतै स्थापित भएको छ । उदाहरणका लागि, मुक्ति समाज, नेपाललाई उनले देशको सबैभन्दा प्रमुख दलित सङ्गठन बनाए । जसै उनी एमालेको भारत प्रवास इन्चार्ज भए, एमालेको प्रवास पनि चम्कियो । जब उनी एमालेको लुम्बिनी अञ्चल इन्चार्ज भए, त्यहाँ अलग्गै छाप छाडे । शुरूमा खेल क्षेत्रमा हुँदा पनि छविलालको अलग्गै पहिचान थियो । उनी भन्छन्- "जुन क्षेत्रमा जिम्मेवारी आउँछ, त्यसमा बेस्ट गर्ने हो । सकेसम्म अरूले प्रश्न गर्ने ठाउँ दिनु हुन्न ।"

९-११ माघ २०५५ मा पोखरामा भएको तेस्रो राष्ट्रिय सम्मेलनबाट छविलाल मुक्ति समाज, नेपालको केन्द्रीय अध्यक्ष भए । सम्मेलनको उद्घाटन पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष मनमोहन अधिकारीले गरेका थिए । त्यो सम्मेलनमा अधिकारीले भनेका थिए- "दलित समुदायको मुक्तिबिना सर्वहारा श्रमजीवी वर्गको मुक्ति सम्भव छैन् ।"

शुरूआतमा छविलालमाथि एकीकृत दलित आन्दोलन विभाजन गरेर राजनीतिक दललाई बुझाएको आरोप नलागेको होइन । तर, पछि सबै राजनीतिक दलले दलित भ्रातृ सङ्गठन स्थापना गरे । अहिले देशमा दलित भ्रातृ सङ्गठनबिनाको राजनीतिक दल नै छैन । दलित समुदायको मानवीय

मर्यादा कायम गर्न समानुपातिक राजनीतिक सहभागिता र क्षतिपूर्तिबापत प्रगतिशील आरक्षणको अवधारणा छविलाल नै अघि सारेका थिए । मुक्ति समाज, नेपालको अध्यक्ष हुँदा उनले मुख्यतः तीन वटा कुरामा जोड दिएका थिए : पहिलो- जातपात र छुवाछूत प्रथाको समूल अन्त्य । दोस्रो- दलित समुदायका निम्ति राज्यका सम्पूर्ण निकायमा जनसङ्ख्याको अनुपातमा प्रगतिशील आरक्षणको संवैधानिक व्यवस्था । र, तेस्रो- अधिकारसम्पन्न र संवैधानिक राष्ट्रिय दलित आयोगको स्थापना । छविलालले अघि सारेका तीनसूत्रीय अवधारणा र जनजीविकासँग सम्बन्धित अन्य १८ सूत्रीय मागकै वरपर मुक्ति समाज, नेपाल क्रियाशील भइरह्यो । त्यसकै आधारमा ३२ साउन २०५८ तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय दलित आयोगको स्थापना तथा सामाजिक सुधारको घोषणा गरे ।

त्यसो त मुक्ति समाज, नेपालका अध्यक्ष छविलालकै जोडबलमा एमालेका नीति, विचार र सङ्गठनलाई दलितमैत्री बनाउने प्रयास गरियो । मुक्ति समाज, नेपालले दलित अभियानलाई देशव्यापी रूपमा राजनीतिक जागरणको रूपमा अगाडि बढायो । यही कारण मन्दिर प्रवेशको गोलचक्करमा सीमित दलित अभियान राष्ट्रिय आन्दोलनको रूपमा विकसित भयो ।

छविलालले ३२ साउन २०५८ मा तत्कालीन देउवा सरकारले गरेको घोषणा कार्यान्वयन गर्न राष्ट्रिय आन्दोलनको रूपमा पशुपति गुहेश्वरी मन्दिर प्रवेश आन्दोलन गरे । त्यो आन्दोलन त्यसअघिका आन्दोलनभन्दा भिन्न थियो । त्यसमा प्रसिद्ध साहित्यकार मोदनाथ प्रश्रितलगायतका राष्ट्रिय व्यक्तित्व पनि सहभागी थिए ।

## दलित विकास समितिको उपाध्यक्ष

२०५८ सालमा राष्ट्रिय दलित आयोग गठन हुनुअघि दलित समुदायका लागि बनाइएको सरकारी निकाय थियो : उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति । २०५४ साल मा उक्त समितिका उपाध्यक्षमा छविलाल नियुक्त भए । त्यसपछि दलित विकास समिति सक्रिय भयो । समितिले 'मानव मर्यादा' पत्रिका प्रकाशित गर्‍यो । त्यतिबेलै शुरू गरिएको 'मानव मर्यादा' रेडियो कार्यक्रम पछिसम्म रेडियो नेपालबाट सञ्चालन भयो ।

उनकै कार्यकालमा उच्च शिक्षामा दलित छात्रवृत्ति र विद्यालय तहमा दलित विद्यार्थी छात्रवृत्ति कार्यक्रम शुरू गरियो । दलित विकास समितिकै छात्रवृत्तिले धेरै दलित युवाले उच्चशिक्षा हासिल गरेर राष्ट्रिय जीवनमा महत्त्वपूर्ण योगदान दिइरहेका छन् ।

दलित विकास समितिलाई छविलालको नेतृत्वले अलग पहिचानमात्र दिएन, छोटो अवधिमै दलित समुदायको आशा र भरोसाको केन्द्र पनि बनायो । उनी एमालेको तर्फबाट समितिको उपाध्यक्ष भएका थिए । त्यसैले २०५६ सालको आम चुनावमा नेपाली काङ्ग्रेसले बहुमत हासिल गरेपछि उनले पदबाट राजीनामा दिए ।

२०५५ सालमा मुक्ति समाज, नेपालको अध्यक्ष भएपछि नै उनी एमालेको केन्द्रीय राजनीतिमा उदाएका हुन् । जनकपुरमा भएको एमालेको सातौँ राष्ट्रिय महाधिवेशनबाट उनी पार्टीभित्र सबैभन्दा बढी लोकप्रिय मत हासिल गरेर केन्द्रीय वैकल्पिक सदस्यमा निर्वाचित भए । त्यतिबेलासम्म मूलधारका ठूला राजनीतिक दलको केन्द्रीय नेतृत्वमा पुग्ने उनी पहिलो दलित नेता थिए । एमालेको केन्द्रीय कमिटीमा उनी निर्वाचित भएपछि अरू राजनीतिक दलमाथि पनि दलित समुदायलाई केन्द्रीय समितिमा निर्वाचित गर्न दबाब पर्‍यो । वैकल्पिक केन्द्रीय सदस्य भएपछि उनलाई पार्टीले भारत प्रवासको इन्चार्जको जिम्मा दियो । त्यतिञ्जेल उनी मुक्ति समाज, नेपालको अध्यक्षको जिम्मेवारीमा पनि थिए ।

## प्रवासीका नेता

७ मङ्सिर २०६२ मा सात दल र माओवादी विद्रोहीबीच सातबुँदे दिल्ली सम्झौता हुँदा छविलाल भारत प्रवासका इन्चार्ज थिए । २०६२/६३ सालको जनआन्दोलनमा प्रवासी नेपालीलाई परिचालन गरी स्वदेशभित्रको आन्दोलनलाई निर्णायक बनाउनमा उनको महत्त्वपूर्ण भूमिका छ । जनआन्दोलनताका दिल्लीको जन्तरमन्तरमा नेपालमा भएको शाही कदमविरूद्ध हुने दैनिक प्रदर्शनमा उनको उपस्थिति नियमित थियो । मुख्य राजनीतिक दलका नेता र माओवादी नेताबीचका वार्ताको सहजीकरणमा पनि उनको भूमिका थियो ।

छविलाल भारत प्रवासका इन्चार्ज यस्तो बेला भए, जुन बेला जनयुद्ध र जनआन्दोलन चलिरहेको थियो । त्यसबेला एकातिर नेकपा माओवादीका शिर्ष नेताहरु भारतमै बसेर जनयुद्ध सञ्चालन गरिरहेका थिए । अर्कोतिर २०६२/६३

सालको जनआन्दोलन पनि चलिरहेको थियो । उनलाई एकातिर माओवादी जनयुद्धभन्दा पृथक् रहेका पार्टीका नेता र कार्यकर्तालाई संरक्षण गर्नुपर्ने थियो । अर्कोतिर, जनआन्दोलनको पक्षमा रहेका एमाले, काङ्ग्रेस, माओवादीलगायतका उच्चस्तरीय नेता र भारतीय नेतृत्वसँग काम गर्नुपर्ने थियो । उनी आफ्नो जिम्मेवारीमा खरो उत्रन सफल भए । त्यसैले पार्टीभित्र उनको कार्य-कुशलताको प्रशंसा गर्ने गरिन्छ ।

भारतमा ६० लाखभन्दा बढी नेपाली विभिन्न पेसा र व्यवसायमा संलग्न छन् । उनीहरूका अनुभव, शिक्षा र सम्पत्तिलाई सदुपयोग गर्न सकियो भने नयाँ नेपाल निर्माणको अभियानले सार्थकता पाउँछ भन्नेमा छविलालको दृढ विश्वास छ । नेपालमा लोकतन्त्र स्थापना गर्नमा भारतमा रहेका नेपालीको भूमिका उच्च रहे पनि परिवर्तनको क्रममा उनीहरूको भावनालाई सम्मान हुन सकेको छैन ।

छविलालको विचारमा भारतमा काम गरिरहेका नेपाली दलितको पनि ठूलो राजनीतिक महत्त्व छ । मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चललगायत देशका विभिन्न भागका दलित भारतमा निम्नस्तरका काममा संलग्न छन् । ती आधारभूत श्रमजीवीको ठूलो हिस्सा सामाजिक र राजनीतिक रूपमा असङ्गठित छ । त्यो विशाल पङ्क्तिलाई सचेत र सङ्गठित गरेर अघि बढाउन सके त्यसले नेपालको दलित मुक्ति आन्दोलनमा ठूलो टेवा दिनसक्छ । भारत प्रवासको इन्चार्ज भएर महत्त्वपूर्ण भूमिका खेलेकै कारण एमालेमा उनको पदोन्नति तीव्र भएको छ । यसैबीच एमालेको आठौँ महाधिवेशनबाट छविलाल केन्द्रीय कमिटी सदस्य हुँदै उनी वैकल्पिक पोलिटब्यूरो सदस्य चुनिए भने नवौँ महाधिवेशनमा केन्द्रीय कमिटी र स्थायी समिति सदस्य भए । एमालेको स्थायी समिति सर्वोच्च कार्यकारी कमिटी हो ।

एमालेको माध्यमबाट अरू रााजनीतिक दललाई पनि दलित समुदाय-मैत्री बनाउन छविलालको भूमिका उल्लेखनीय छ । उनी भन्छन्- "एमाले जतिको राजनीतिक दलले दलित मामिलालाई प्राथमिकता दिएपछि अरू दलले पनि यो मुद्दामा जोड दिनैपर्ने स्थिति पैदा हुनु सुखद् सन्दर्भ हो ।" मुख्य दलले दलित मामिलालाई प्राथमिकता दिने सैद्धान्तिक मान्यता स्वीकार गरेपछि व्यावहारिक रूपमा धेरै परिवर्तन हुनसक्छ । पार्टीका कार्यकर्तामा यसबारे सचेतना आउनुका साथै दलित समुदायलाई हेर्ने र बुझ्ने मामिलामा पनि अन्तर आउँछ ।

अहिले दलितहरूलाई राजनीतिक काममा सरिक गराउने र सम्पूर्ण रूपमा दलित अधिकार स्थापित गर्न राजनीतिक काम भइरहेको छविलालको दाबी छ । उनी भन्छन्- "दलित सवालमा तुलनात्मक रूपमा एमाले बढी स्पष्ट छ । तर पार्टीलाई यो स्थितिमा पुऱ्याउन भने दलित समुदायका कार्यकर्ताको महत्त्वपूर्ण भूमिका छ । किनभने दलितहरु वास्तविक रूपमा आधारभूत वर्गका जनता हुन् ।"

हुन पनि दलित समुदायले प्राविधिकको रूपमा समाजको गाडी चलाउन जीवन नै समर्पित गर्दै आएको छ । श्रमजीवी, शिल्पजीवी दलित वर्ग सचेत रूपमा सङ्गठित नभएसम्म सामाजिक परिवर्तन सम्भव छैन भन्ने मान्यता राख्ने छविलालको कथन छ- "त्यसैले दलित समुदायबीचको काम पार्टीका लागि सबभन्दा महत्त्वपूर्ण काम हो । नेकपा एमाले व्यावहारिक रूपमा यो निष्कर्ष पुगिसकेको छ ।"

राजनीति रूपमा दलित मुक्ति आन्दोलनको कामलाई स्वीकार्य बनाउन, दलहरूलाई त्यसप्रति जवाफदेही बनाउन र दलित समुदायलाई राजनीतिक रूपमा अघि बढाउन छविलालले सम्पूर्ण जीवन केन्द्रित गरेका छन् । वैयक्तिक विकासका लागि अरू क्षेत्रमा स्वर्णिम सम्भावना हुँदाहुँदै पनि उनले दलित मुक्तिमा आफूलाई समर्पित गर्नु दलित समुदाय र नेपाली समाजकै निम्ति सकारात्मक पक्ष हो । उनले गरेका ऐतिहासिक योगदानका असर देखिन पनि थालेका छन् ।

## दलित समुदायकै पहिलो पूर्ण मन्त्री

२०६२/६३ सालको जनआन्दोलपछि नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको संयुक्त सरकारमा छविलाल १३ औँ वरियताका मन्त्री भए । त्यसअघि कोही दलित पनि क्याबिनेट मन्त्री भएका थिएनन् । छविलाललाई कृषि तथा सहकारी मन्त्रीको जिम्मेवारी दिइएको थियो । त्यही मन्त्रिमण्डलमा नेकपा माओवादीका नेता खडगबहादुर विश्वकर्मा पनि दोस्रो पटक गरिएको मन्त्रिपरिषद् विस्तारमा क्याबिनेट मन्त्री भएका थिए । पञ्चायतकालदेखि दलित नेताहरूलाई सहायक र राज्यमन्त्री बनाउने नेपाली सत्ताको दुखद् परम्परा छविलाल र खड्गबहादुरको पालामा अन्त्य भयो ।

कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा हुँदा छविलालको कार्यकाल विवादरहित रह्यो । मन्त्रीको रूपमा त्यो उनको पहिलो अनुभव थियो, तैपनि उनले सार्वजनिक रूपमा प्रश्न उठ्ने ठाउँ दिएनन् । उनी भन्छन्- "विज्ञ र अनुभवी कर्मचारीको परामर्शमा धेरै निर्णय भए । र त्यो क्षेत्रमा केही सार्थक शुरूआत पनि गरियो । त्यतिबेला शुरू गरेका कामले अहिले नतिजा दिएका छन् ।"

२०६४ सालको संविधानसभामा छविलाल एमालेबाट समानुपातिक सभासद् बने । त्यसबेला एमालेबाट दलित समुदायका १० सभासद् छानिए । सबै पार्टीका गरी दलित सभासद्को सङ्ख्या ५० पुग्यो । त्यो नेपालको संसदीय इतिहासकै सबैभन्दा बढी दलित प्रतिनिधित्व हो । छविलाल भन्छन्, "राजतन्त्रको अन्त्यपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । दलितहरूले यसप्रति गौरव गरेका छन् । तर दलितहरूले परिवर्तनको अनुभूति गर्न पाउँछन् कि पाउँदैनन् भन्ने प्रश्न अझै बाँकी छ ।"

पहिलो र दोस्रो संविधानसभा अनि अहिलेको संसद्मा दलित प्रतिनिधि हुनु उल्लेखनीय हो, तर, पर्याप्त भने होइन । अहिलेसम्मका सबै राजनीतिक परिवर्तनका लागि दलितले ठूलो बलिदान गरेका छन् । त्यसको प्रतिफल भने दलितले पाउन बाँकी नै छ ।

दलित सरोकारबारे सरकार र राजनीतिक दलका नीतिको मामिलामा पहिलो संविधानसभामा छविलाललगायतका ५० दलित सभासद् प्रतिपक्षजस्ता थिए । राजनीतिक अस्थिरताका कारण पहिलो संविधानसभा संविधान जारी नै नभई विघटन हुनपुग्यो । तर पनि पहिलो संविधानसभाका विभिन्न समिति, उपसमितिमा दलितसम्बन्धी थुप्रै व्यवस्था सुरक्षित गरिएको थियो । दलित आन्दोलनले उठाएका क्षतिपूर्ति र विभिन्न क्षेत्रको प्रतिनिधित्वको व्यवस्थामा राजनीतिक दल र संविधानसभालाई सहमत गराउन छविलाललगायतका दलित सभासद् सफल भए । पहिलो संविधानसभाले टुङ्गो गरेका सबै विषय दोस्रो संविधानसभाबाट जारी नेपालको संविधानमा आउन सकेन । त्यो नेपाली दलित आन्दोलन र देशकै लागि दुर्भाग्य हो ।

दोस्रो संविधानसभाको निर्वाचनमा उनी रूपन्देही क्षेत्र-१ बाट प्रत्यक्ष निर्वाचनमा झिनो मतले पराजित भए । तर, पनि दोस्रो संविधानसभाको

अवधिमा एमाले नेता हुनुको नाताले उनले नेतृत्वदायी भूमिका खेले । राजनीतिक दलका दलित नेता र सभासद्बीच संवाद अनि दलित राजनीतिक सङ्गठनलाई निर्देशित गर्न उनी सफल रहे । भन्छन्- "नयाँ संविधानमा जे जति दलित अधिकार स्थापित गरिएको छ, सर्वपक्षीय पहलकदमीकै साझा प्रतिफल हो ।"

हुन पनि नयाँ संविधान जारी हुनुअघि छविलालसहित नेपाली काङ्ग्रेसका नेता मानबहादुर विश्वकर्मा र नेकपा माओवादी नेता आहुतिको संयुक्त हस्ताक्षरमा राजनीतिक दलहरूलाई सातबुँदे मागपत्र पेस गरिएको थियो, दलित अधिकारको मामिला समेटेर । त्यसले राजनीतिक दलित सङ्गठन र दलित आन्दोलनकै लागि उत्साह जगाएको थियो ।

नयाँ संविधान बनाउनमा दलित समुदायका १०० जना प्रतिनिधिको प्रत्यक्ष सहभागिता छ । नयाँ संविधानमा सामाजिक सांस्कृतिक रूपमा छुवाछूत गर्न नपाइने र छुवाछूत गरेमा त्यसलाई दण्डनीय गर्न सकिने तथा पीडितलाई क्षतिपूर्तिको व्यवस्थासमेत गरिएको छ । उनको विचारमा यो सामाजिक सांस्कृतिक अधिकारको पक्षमा ठूलो फड्को हो । तर, यसलाई व्यवहारमा लागू गर्ने चुनौती छ । संविधानले भूमिहीन दलितलाई एकपटक भूमि उपलब्ध गराउने ग्यारेण्टी गरेको छ । त्यस्तै, प्राथमिक तहदेखि उच्च शिक्षासम्म दलित समुदायले छात्रवृत्तिसहित शिक्षा पाउने व्यवस्था गरेको छ भने विपन्न दलितलाई स्वास्थ्य सेवामा छुटको व्यवस्था गरेको छ ।

रोजगारको क्षेत्रमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको सम्पूर्ण तहमा उनीहरूलाई रोजगार प्रदान गरिने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरिएका यी अधिकार कार्यान्वयनमा छविलालको भूमिका सदन र राष्ट्रिय राजनीतिमा पनि महत्त्वपूर्ण हुन्छ । उनी भन्छन्, "नीति-निर्माणको तहमा दलितलाई वञ्चित गरिएको छ । यसको विरूद्ध हामी निरन्तर दबाब दिई अघि बढ्नु अबको दलित आन्दोलनको मुख्य कार्यभार हो । हामी संविधान कार्यान्वयनमा चुक्यौँ भने प्राप्त अधिकार पनि गुम्ने डर हुन्छ, पहिलो संविधानसभा र अन्तरिम संविधानले सुनिश्चित गरिसकेका दलित समुदायका हक-अधिकारलाई यो संविधान लेख्दा केही अधिकार कटौती गरिएको छ । कटौती गरिएका अधिकार प्राप्त गर्न फेरि सक्रिय हुनुको विकल्प छैन ।"

## प्रत्यक्ष निर्वाचित सांसद

नेपालमा दलित समुदायका प्रतिनिधिले प्रत्यक्ष निर्वाचन जित्न कठिन छ । यसमा छविलालको पहिलो प्रयास सफल भएन । तर २१ मङ्सिर २०७४ को प्रतिनिधिसभाको चुनावमा उनी एमालेबाट रुपन्देही क्षेत्र-१ बाट निर्वाचित भए, अत्यधिक मतसहित । संयुक्त वाम गठबन्धनको साझा उम्मेदवारका रुपमा निर्वाचित दलित सांसदमध्ये उनी एक हुन् । सांसदका रुपमा उनी दलित समुदायको सम्पूर्ण हितमा केन्द्रित हुने तयारीमा छन् । उनी भन्छन्, "दलितका लागि भूमि सबैभन्दा महत्त्वपूर्ण सवाल हो । नेपालको संविधानमा व्यवस्था भएअनुसार वैज्ञानिक भूमिसुधारको माध्यमबाट सही ढङ्गले भूमिको वितरण गरिनुपर्दछ । भूमिमा जोत्नेको अधिकार स्थापित हुनु अत्यावश्यक छ । भूमिहीन, सुकुम्बासी, हलिया, हरुवाचरुवा, बालीघरे प्रथामा दलितहरुकै सङ्ख्या बढी छ । दलितहरुलाई बसोबासको व्यवस्थाले मात्र पुग्दैन, गरीखान जमिन चाहिन्छ ।"

दलित समुदायलाई लक्षित गरी कृषि क्षेत्रको पुनःसंरचना गरिनुपर्ने, प्रविधि, बीउ, सिँचाइ, सडक, बजार र लगानी केन्द्रीकृत गर्न जरूरी रहेको उनको ठहर छ । उनी थप्छन् – "पशुपालन व्यवसायमार्फत् दुग्ध उत्पादन गर्न सके गरिब, भूमिहीन दलितको जीवनस्तर उठाउन सकिन्छ । त्यस्तै 'एक विद्यालय एक दलित शिक्षक'को नीति लागू गरेर व्यावसायिक शिक्षामा जोड दिनुपर्दछ ।"

दलितका परम्परागत पेसालाई आधुनिकीकरण; दलितद्वारा सञ्चालित उद्योग र पेसामा अग्राधिकार; निजामती, प्रहरी, सेना, सरकारी तथा गैरसरकारी क्षेत्रमा सहज अवसर र पदोन्नतिको व्यवस्थाका लागि दलित समुदाय ठूलै हस्तक्षेपकारी भूमिकाका लागि तयार हुनुपर्ने छविलालको ठहर छ । उनी भन्छन्- "दलितको जीवन बदल्न र जातभात तथा छुवाछूतलाई एकादेशको कथा बनाउन सरकार तयार हुनुपर्दछ । हिजो पछाडि पारिएकाहरुलाई अरूसँग प्रतिस्पर्धा गर्न योग्य तुल्याउनु राज्यको दायित्व हो ।"

दलित समुदायले २००७ सालको क्रान्तिदेखि तीसवर्षे पञ्चायती शासनविरूद्धको आन्दोलन अनि दशवर्षे जनयुद्ध र २०६२/६३ सालको आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । हरेक आन्दोलनलाई दलित समुदायले राजनीतिक परिवर्तनको आन्दोलनको रुपमा लिएको छ । र, दलित समुदायले

हरेक आन्दोलनपछि अधिकार पाउने सपना लिएको छ । विडम्बनाको कुरा, आन्दोलनकारी शक्ति नै सत्तामा पुगेपछि भने तिनले दलित समुदायका सङ्घर्ष र माग बिर्सिने गरेका छन् । त्यसैले दलित आन्दोलनलाई समाजको साझा आन्दोलनको रूपमा अघि बढाउन जरूरी छ । त्यसमा छविलाललगायत दलित आन्दोलनको शीर्ष नेतृत्वको सार्थक भूमिका वाञ्छनीय र अपेक्षित हुन्छ ।

■

# बहुपहिचानकी धनी अगुवा



▲ टेकु नेपाली

टेकु नेपाली दलित आन्दोलनमा चिरपरिचित नाम हो । आन्दोलनको निरन्तरता र इमान्दारीको पर्यायवाची नाम हो टेकु नेपाली । जीवनभर सामाजिक काममा लाग्ने, अरूलाई सरसहयोग गर्ने निस्वार्थ जीवन नै उनको विशिष्टता हो । उनको नामसँग अनेक पहिचान जोडिएका छन् । एक दलित महिला, एक शिक्षिका, एक दलित नेता, एक पार्टी नेता र एक सामाजिक अभियन्ता उनका पहिचान हुन् ।

टेकु नेपाली स्याङ्जाको मनकामना गाविस-६ (हालको बिरूवा गा.पा.-८) तर्लेमा १५ चैत्र २०१३ मा जन्मिएका हुन् । पढ्ने क्रममा बिरूवा अर्चले-६ (हाल बिरूवा गा.पा. १) मा उनको स्थायी बसोबास भयो । उनी बुबा झलकसिंह मित्रकोटी र आमा धनश्री मित्रकोटीका ५ छोरीमध्येकी कान्छी हुन् । उनका १ दाजु र २ भाइ छन् ।

## मेलापातसँगै पढाइ

झलकसिंहले बनारसमा संस्कृत शिक्षा पनि पढेका थिए । केही वर्षसम्म भारतीय सेनामा जागिर खाएका थिए । विशेष परिस्थितिमा जागिर छाडेर उनी नेपालमा फर्किए । त्यसपछि उनले पुख्र्यौली काम सिलाइ पेसा अँगाल्न थाले । उनी दलित समुदायभित्र पण्डित्याइँ पनि गर्थे । र, जडीबुटीसम्बन्धी ज्ञान

भएकाले वैद्यको काम पनि गर्थे । बनारसमा पढेका र भारतीय सेनामा काम गरेकाले उनमा राजनीतिक चेतना प्रबल थियो । उनी नेपाली काङ्ग्रेसमा आबद्ध भई २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा क्रियाशील भएका थिए । उनको जीवनमा राजनीतिक चेतना बलियो भए पनि आर्थिक अवस्था भने कमजोर रह्यो । टेकुका जेठा दाजु पनि भारतीय सेनाका पेन्सनप्राप्त सैनिक हुन् ।

टेकु सानो हुँदा उनकी आमाले उनलाई पढ्नमा भन्दा पनि घरायसी काममा बढी लगाउँथिन् भने बुबाले पढाइ र सिलाइका काममा बढी ध्यान दिन्थे । गाउँघरमा उच्च वर्गका छोरीलाई विद्यालयमा नपठाउने हुनाले उनलाई पनि पढ्न निकै गाह्रो भयो । तर पनि टेकुले सानैदेखि घाँस-दाउरा र मेलापात गरेर पनि पढाइ जारी राखिन् ।

टेकु नेपालीले श्री जनजागृति प्रावि र चैतन्य भवानी प्राविबाट प्राथमिक शिक्षा लिइन् । गाउँकै विद्यालयबाट ५ कक्षा पास भएपछि उनी अरू अध्ययनका लागि १ घण्टा हिँडेर नवज्योति मावि, बिरुवामा जान थालिन् । भीरको बाटो र खोला तरेर सधैँ हिँडेर पढ्न गाह्रो भएपछि उनका बुबाले बिरुवा अर्चलेमै एउटा घर किने । त्यहाँ उनी र उनका भाइहरूको साथमा गाईबस्तु पाल्दै, घरका काम गर्दै स्कुल जाने गर्थिन् ।

घरको कामधन्दा गर्दागर्दै उनलाई स्कुल जानै नभ्याउने अवस्था आयो । त्यसैले कक्षा ७ मा पढ्दै गर्दा उनले बीचैमा स्कुल जान छाडिन् । तर, पछि अर्ध-वार्षिक परीक्षा आउने बेलामा गाईबाख्रा चराउन जाँदाजाँदै पढेर जाँच दिइन् । उनले राम्रै अङ्क ल्याएर पास गरिन् । त्यसबेला उनका भाइ नरेन्द्र सानै थिए तर पढाइमा निकै नै अब्बल थिए । भाइ सानै भएको र बुबाआमा गाउँमै बस्ने भएकाले उनलाई सजिलो भएन । त्यसैले रातभरिजसो घरेलु काम गरेर उनी विद्यालय जाँदा उनका भाइ पनि सँगै हुन्थे ।

टेकु नेपाली स्कुले जीवनमा खेलकुद, हाजिरीजवाफलगायतका हरेक अतिरिक्त क्रियाकलापमा भाग लिने गर्थिन् । यिनै क्रियाकलाप उनको राजनीतिक सक्रियताको आधार बन्न पुगे । यसरी घरव्यवहार सम्हाल्दै उनले नवज्योति मावि बिरुवाबाट २०३१/३२ सालमा एसएलसी पास गरिन् ।

उनी आफ्नो अनुभवको आधारमा भन्छिन्, "माध्यमिक तहको शिक्षा नेपालीका लागि अहिलेको विश्वविद्यालयजस्तै रहेको थियो । त्यसबेलाका

शिक्षकहरू प्रजातन्त्रका लागि खुलेरै सक्रिय थिए । माध्यमिक तहको शिक्षा राजनीति गर्ने पहिलो खुड्किलो थियो । विशेष गरी बुबाका साथीहरूले पनि चिनिसकेको अवस्थामा संगतले मलाई प्रगतिशील विद्यार्थी नेता बन्न सहयोग पुगेको थियो ।"

## शिक्षण पेसाबाट राजनीतिमा

टेकु नेपालीका बुबा भारतमा जागिर खाँदादेखि नै राजनीतिक रूपमा सचेत भइसकेका थिए । काङ्ग्रेसमा आबद्ध रहेका बुबासँग राजनीतिक कुराकानी गर्दागर्दै आफूमा पनि सानैदेखि राजनीतिक चेतना आएको उनको अनुभूति छ ।

माध्यमिक विद्यालय पढ्दै गर्दा उनी २०२९ सालमा प्रगतिशील विद्यार्थी सङ्गठनसँग जोडिन् । उक्त सङ्गठनको भेलामा उनीलगायत ११ जना छात्रा सहभागी भएका थिए । विद्यालयमा बनाइएको प्रगतिशिल विद्यार्थी सङ्गठनको उपाध्यक्षमा उनी भारी मतका साथ निर्वाचित भइन् । यसरी उनले आफ्नो सङ्गठित राजनीतिक जीवन थालनी गरिन् । घरमा आएर विद्यार्थी सङ्गठनमा बसेको कुरा सुनाउँदा बुबा निकै खुसी भएको उनी सम्झन्छिन् ।

उनी स्कुलको सिपालु विद्यार्थी थिइन् । कक्षा ६ देखि ९ कक्षासम्म पढ्दा उनी एकमात्र छात्रा थिइन् । त्यसैले पनि सबैजसो शिक्षक उनलाई विद्यालयको बत्तीको संज्ञा दिन्थे । उनका शिक्षक एवं बुबाका साथी पं. दण्डपाणि शर्माले सबैभन्दा बढी माया गर्दथे । धेरैजसो शिक्षकको मायाले पनि उनलाई पढ्ने हौसला बढायो । प्रधानाध्यापक टङ्कप्रसाद पोखरेल कम्युनिस्ट पार्टीप्रति आस्था राख्थे । यी सबै कारणले गर्दा उनलाई कम्युनिस्ट पार्टीको विद्यार्थी सङ्गठनमा आबद्ध हुने प्रेरणा मिल्यो ।

एसएलसी दिएर फर्केको एक महिनाभित्र २५ चैत्र २०३१ मा उनले शिक्षकको नियुक्ति लिइन् । त्यसपछि आफै पढेको विद्यालयमा अध्यापन शुरु गरिन् । जनजागृति प्रा.वि.मा दुई महिना पढाएपछि एकाएक जामुनेडाँडा नि.मा.वि.मा काजमा सरूवा गरियो । करिब डेढ घण्टाको उकालो हिँड्नुपर्ने टाढाको विद्यालयमा सरूवा गरिएकोमा उनलाई पटक्कै चित्त बुझेन ।

त्यतिबेला एउटा परियारकी छोरीलाई आफ्नै गाउँको स्कुलमा शिक्षिका बन्नु त्यति सहज र सजिलो थिएन । गैरदलित शासक समुदायलाई आफ्नै

घरआँगनमा कपडा सिलाउने परियारकी छोरीलाई नमस्कार गर्ने र सम्मान गर्ने कुरा सह्य हुने कुरै भएन । यस अर्थमा पुग्न नै गाह्रो गाउँठाउँमा सरूवा उनको बुझाइमा जातीय विभेद थियो । आफूले पढाउने विद्यालयको प्र.अ. काङ्ग्रेसी रहेको तथ्य उनले धेरै पछि मात्रै थाहा पाइन् । प्र.अ.ले उनलाई दोषमात्र दिने गर्थे । बिरामी हुँदा पनि बिदा स्वीकृत गर्दनथे ।

यसबीचमा उनले बुटवल क्याम्पसबाट शिक्षा शिक्षण तालिम लिइन् । र, ३ वर्षपछि उनी फेरि पुरानै विद्यालयमा सरुवा भएर आइन् । त्यतिबेलासम्म उनी स्थायी शिक्षक भइसकेकी थिइन् । यसबीच उनले पृथ्वीनारायण क्याम्पस, पोखराबाट राजनीतिशास्त्र र अर्थशास्त्र विषय लिएर आईए पढ्न थालिन् ।

२०३७ सालमा उनका बुबाको मृत्यु भयो । त्यसपछि उनको परिवारमा फेरि आपत आइलाग्यो । उनीहरूको दुःखको दिन शुरु भयो । त्यतिबेलासम्म उनका सबै दिदीको विवाह भइसकेको थियो । दाइ विदेशमा थिए, भाइ क्याम्पस पढ्दै थिए । यस्तो अवस्थामा उनी भइन् घरको हर्ताकर्ता । उनैले सबै व्यवहार धान्नुपर्ने भयो ।

भाइहरु अरब देशमा गएर काम गर्न थाले । दाइको छोरो ब्रिटिस सेनामा भर्ती भयो । त्यसपछि बल्ल परिवारको आर्थिक स्थिति अलिक सुध्रियो । २०५५ सालमा उनकी आमा पनि बितिन् । त्यसपछि घरपरिवारको जिम्मा उनकी भाउजू र उनकै काँधमा आयो । घरपरिवार सम्हाल्दै उनले राजनीतिक र शैक्षिक काममा लागिरहिन् ।

शैक्षिक कामकै कारण उनी जिल्लाका राम्रा शिक्षकका रूपमा चिनिन थालिन् । विद्यालयको शिक्षामा पुऱ्याएको योगदानको कदरस्वरूप उनी जिल्ला शिक्षा कार्यालयबाट सम्मानित भइन् भने शिक्षा मन्त्रालयबाट राष्ट्रिय पदक र पुरस्कार पनि प्राप्त गरिन् । यसबीच उनले ६ वर्षसम्म प्रधानाध्यापकको जिम्मेवारी सम्हालिन् । ३३ वर्ष शिक्षण पेसामा लागेपछि उनले शिक्षक पदबाट अवकास प्राप्त गरिन् ।

यसै बीच उनले नेपाल राष्ट्रिय शिक्षक सङ्गठन र क्यानेडियन शिक्षक फेडेरेसनले सञ्चालन गरेको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम लिइन् । यसले गर्दा उनी नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा जिल्ला सदस्य

बन्न पनि सफल भइन् । यसै क्रममा उनले २०५२ सालदेखि २०५८ सालसम्म २ कार्यकालसम्म नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको जिल्ला सदस्यको जिम्मेवारी बहन गरिन् । २०५९ सालमा त्यसको केन्द्रीय महिला प्रतिनिधि हुँदै २०६१ सालमा उनी नेपाल शिक्षक युनियनको केन्द्रीय प्रतिनिधि पनि भइन् ।

टेकु नेपालीले २०३१ सालमै नेकपा (मार्क्सवादी)को साधारण सदस्यता लिएकी थिइन् भने २०४७ सालमा बल्ल उनले नेपाल कम्युनिस्ट पार्टी एमाले पार्टीको सङ्गठित सदस्यता पाइन् । त्यसपछि उनले विरुवाअर्चले गाउँ कमिटीको उपसचिवको जिम्मेवारी वहन गरिन् । एकातिर शिक्षक पेसालाई निरन्तरता दिनपर्दथ्यो र अर्कोतिर पार्टीको काम गर्दै घरको व्यवस्थापन पनि धान्नुपर्दथ्यो । उनी पार्टी कामलाई निरन्तरता दिने क्रममा क्रमशः इलाका सदस्य, क्षेत्रीय सदस्य हुँदै तीन कार्यकालसम्म जिल्ला कमिटीको सदस्य र सचिवालय सदस्य भइन् । त्यसपछि गण्डकी अञ्चल कमिटीको सदस्य र नेकपा एमाले केन्द्रीय महिला विभाग सदस्य हुँदै उनी नेकपा एमाले केन्द्रीय सल्लाहकार परिषद् सचिवालय सदस्यसमेत हुन पुगिन् ।

## महिला र सामाजिक आन्दोलनमा सक्रियता

क्याम्पस पढिरहेकै बेला उनका कान्छा भाइ नरेन्द्रले ल्याइदिएका थिए म्याक्सिम गोर्कीको 'आमा' र मोदनाथ प्रश्रितको 'नारी बन्धन र मुक्ति' नामक पुस्तक । ती पुस्तक पढेपछि उनलाई अझ राजनीति बुझ्ने र काम गर्ने चेतनामा थप मलजल भयो । २०३९ सालमा अखिल नेपाल महिला सङ्घको सदस्यता प्राप्त गरेपछि उनी महिला आन्दोलनमा पनि सक्रिय भइन् । २०५३ सालमा त्यस सङ्घको स्याङ्जा जिल्ला कमिटीको सदस्य हुँदै उनी उपसचिव, सचिव र उपाध्यक्षमात्रै होइन, २०६० सालमा जिल्ला अध्यक्ष नै भइन् । २०६२/६३ सालको जनआन्दोलनमा उनले जिल्लाभरिका महिला सङ्गठनको संयोजनकारी भूमिका निर्वाह गरिन् ।

उनले विभिन्न सामाजिक सङ्घ/संस्थाबाट पनि सामाजिक काम गरिन् । उनले आफ्नो गाविसका सबै वडामा प्रौढ शिक्षा सञ्चालन गर्न पहल गरिन् । जिल्ला शिक्षा कार्यालयमा निवेदन दिएर उनले प्रौढ शिक्षाका कक्षा चलाइन् । उनी आफैले त्यसको निरीक्षकको भूमिका पूरा गरिन् ।

त्यसैगरी उनले आमा समूह, युवा समूह बनाउन पनि योगदान गरिन् । उनी क्रियाशील रहेका सामाजिक संस्थाको सूची लामै छ । उनी रेडक्रस सोसाइटीको आजीवन सदस्य, सामुदायिक ऊर्जा विकास कार्य-समूहको सदस्य थिइन् । त्यस्तै, उर्जा विकास सामुदायिक महासङ्घ जिल्ला कार्यसमितिको उपाध्यक्ष, सामुदायिक उपभोक्ता राष्ट्रिय महासङ्घको दुई कार्यकाल केन्द्रीय सचिव वालिङ्ग बहुमुखी क्याम्पसको आजीवन सदस्य, विरूवा बहुमुखी क्याम्पसको सञ्चालक समितिको सदस्यसँगै जामुनेडाँडा मावि, जनजागृति प्राविको आजीवन सदस्य हुन् । त्यस्तै, विरूवा स्वास्थ्य चौकी स्याङ्जाको सञ्चालक समितिको सदस्य, मुनलाइट एकेडेमी बोडिङ्ग स्कुलको सञ्चालक समितिको सदस्य, सामुदायिक बचत तथा ऋण तथा बचत सहकारी लि. सञ्चालक समिति सदस्य हुन् ।

उनी सामाजिक क्षेत्रमा पनि राजनीतिक क्षेत्रमा जत्तिकै क्रियाशील र स्थापित छिन् । विकासका काममा महिला आय आर्जन तालिम, महिला सामुदायिक भवन, दलित जनचेतना कार्यक्रम, दलित समुदायलाई विशेष रूपमा शिक्षा, खानेपानी, सडक विस्तारमा आर्थिक परिचालन गरेकी छन् । २०७० सालमा उनी दोस्रो संविधानसभाको सभासद् हुँदा पनि सबैभन्दा बढी जिल्ला जाने सभासद्मा दर्ज भइन् । संविधानसभाभित्र पनि उनले महिला, दलित, जनजाति, पिछडिएका क्षेत्र र समुदाय, विशेष दलित महिलाका अधिकारका सवालमा विशेष भूमिका खेलिन् ।

## उत्पीडन र विभेदको नमिठो अनभूति

उनको घर विश्वकर्माहरूको बस्तीको बीचमा पर्दथ्यो । विश्वकर्माहरूका घरका माझमा ५ घरमात्रै परियारको थियो । दलित समुदायभित्र पनि विश्वकर्माले परियारलाई विभेद गर्ने प्रचलन छ । परियारहरूका आँगनको बाटो भएर विश्वकर्माहरु हिँड्ने गर्दथे । पँधेरामा जाँदा र पानीको गाग्री बोकेर आउँदा उनीहरूले भेदभाव गर्दथे । टाढैबाट परियार समुदायका मान्छेलाई छोइन्छ भनेर हकार्ने गर्दथे । त्यसैगरी गैरदलित समुदायका मान्छेले दलितहरूलाई छिछि र दूरदूर गर्दथे नै । मासु काटेको स्थानमा, भोजभतेर गरेको स्थानमा पनि त्यस्तै अपमान र विभेदको स्थिति रहने गर्दथ्यो । यस्ता विभेद र अपमानका घटना देखेर उनलाई साह्रै नमिठो अनुभूति हुने गर्दथ्यो । यस्तै विभेद देखे-भोगेको कारणले उनी सानैदेखि असमानता र विभेदबाट मुक्तिबारे चिन्तित हुने गर्थिन् ।

त्यतिबेला गाउँको चियापसलेले दलित समुदायका मान्छेले चिया खाएपछि गिलास माझ्ने र माझ्न लगाउने चलन थियो । एक दिन उनका मामा दिदीको छोरालाई जन्ती जाँदा चियापसलेले चिया खाएको गिलास बलजफ्ती माझ्न लगाउन खोज्यो । गिलास माझ्नु साटो उसले चियाको गिलास टिपेर फुटाइदिएको घटना उनी अहिले पनि सम्झन्छिन् । यसले गर्दा उनलाई सङ्घर्ष गर्न हौसला मिलेको थियो ।

कक्षा दशमा हुँदा एकदिन उनका भाइ नरेन्द्रले हाफ छुट्टीमा सबै साथीभाइसँगै गाउँकै पसलमा आलु तरकारी खाएछन् । उनलाई पसलेले भाँडा माझ्न लगाएपछि उनी र उनका स्कुलका साथीहरु मिलेर प्रतिवाद गरे । उनका साथीहरु गुरूङ्, मगर, बाहुन, क्षेत्री थिए । उनीहरु प्रगतिशील विचार बोक्ने विद्यार्थी थिए । उनीहरूले खाजा खाएको भाँडा माझ्नुको सट्टा भाँडा नै फालिदिए, बगरभरि । पसलेले नमिठो शब्द प्रयोग गरी । त्यसपछि ठूलो विवाद हुँदा पसलेले सबैसामु माफी मागेको घटना पनि उनलाई याद छ ।

उनको पालामा स्कुलमा पनि सरहरूले दलित समुदायका विद्यार्थीबाट छोइन्छ भनेर अलग्गै कापी–किताब लिने चलन थियो । एकदिन आफ्ना गैरदलित महिला साथीहरूले एक जना साथीको घरको चुल्हामा लगेर खाना खुवाउँदा उनले पनि निकै धक मानेकी थिइन् । त्यसबेला दलितका केटाकेटी गैरदलितका चुल्हामा गएर खाना खानु भनेको निकै ठूलो कुरा थियो । उनलाई शुरुमा अप्ठेरो लागे पनि पछि सहज हुँदै गयो ।

पछि उनले घर–घरमा हुने, छोरा–छोरीबीच हुने, सासू–बुहारीबीच हुने, दलित–दलितबीच हुने विभेदको पहिचान गर्न थालिन् । यसै क्रममा उनी क्षेत्रीय, लैङ्गिक र सामाजिक विभेदसँगै धनी–गरिबबीच हुने वर्गीय विभेदबारे ज्ञान पाउन समर्थ भइन् । यसरी विभेदको पहिचानसँगै उनी तिनका आधारभूत राजनीतिक कारणको विश्लेषण गर्न सक्षम भइन् ।

## दलित आन्दोलनमा सहभागिता

टेकु नेपाली लामो समयदेखि दलित सङ्गठनमा सक्रिय छिन् । २०२९ सालसम्म उनले दलित जनविकास परिषद्ले दलितको पक्षमा काम गर्छ भन्ने कुरा पहिलो पटक सुनेकी थिइन् । उनले २०४५ सालमा वालिङ्ग बजार, स्याङ्जामा उजाउ मञ्चको आमसभा हुँदैछ भन्ने जानकारी पाइन् । त्यसबेला

उनी पार्टी, शिक्षक सङ्गठन र अनेमसङ्घमा सङ्गठित भइसकेकी थिइन् । उनले आमसभामा कविता लेखेर सुनाउने विचार गरिन् । निकै ठूलो सभामा उनले कविता वाचन गरिन् । त्यसपछि उनलाई धेरैले चिने । उनलाई पनि सही ठाउँमा आएको महसुस भयो ।

टेकु नेपालीको मनमा पनि दलित सङ्गठनमा काम गर्ने रहर थियो । तर पनि धेरै सङ्गठनमा जिम्मेवारी भएकाले उनले दलित सङ्गठनको जिम्मा लिएकी थिइनन् । २०५३ सालदेखि २०५७ सालसम्म नेपाल उत्पीडित जातीय मुक्ति समाजको जिल्ला नेतृत्वमा थिए धनप्रसाद सुनार । टेकुचाहिं जिल्ला सदस्यमात्र थिइन् । नेकपा एमाले विभाजन भएपछि सुनारले राजीनामा दिए । नयाँ नेतृत्व चयनका लागि विस्तारित बैठकबाट सम्मेलन तयारी समिति बनाइयो र टेकुलाई संयोजकको जिम्मा दिइयो । सम्मेलनबाट पनि उनलाई नै अध्यक्षको जिम्मेवारी दिइयो ।

स्याङ्जाको इतिहासमा जातीय विभेदविरूद्ध थुप्रै सङ्घर्ष भए । तीमध्ये जगत्रादेवी मन्दिर प्रवेश, उदयचौर दुग्ध काण्ड र दलित बटुकलाई व्रतबन्धलगायतका सङ्घर्ष प्रमुख थिए । यस्तै सङ्घर्षको क्रममा एकपटक जगत्बन्धु अर्यालको आयोजनामा स्याङ्जा बजारमा श्रीमत भावगत् ज्ञान महायज्ञको आयोजना गरियो । त्यसमा प्रमुख वाचक पण्डित नारायण पोखरेल थिए । महायज्ञमा ब्राह्मण क्षत्री बालकको सामूहिक व्रतबन्ध गरिने योजना थियो ।

त्यसबेला टेकु नेपालीको नेतृत्व र धनबहादुर सुनारको सक्रियतामा संयुक्त रूपमा व्रतबन्धका लागि दलित आन्दोलन भयो । ब्राम्हण क्षत्री बालकसँगै दलित बालकको व्रतबन्ध पनि गरिनुपर्ने माग गरियो । सो मागको सुनुवाइ नभएपछि मण्डप नै जलाउने चेतावनी दिइयो । त्यसपछि मात्रै आयोजकहरूले माग स्वीकार गरे, तर पनि उनीहरु षड्यन्त्र गर्न हिच्किचाएनन् । उनीहरूले मण्डप नै छुट्टाछुट्टै बनाउन खोजे । त्यसपछि पुनः आन्दोलनकै बलमा बल्ल दुवै समुदायका बालकलाई एकै ठाउँमा व्रतबन्ध गरियो । त्यसबेला दलित समुदायका १९ जना बालकको सामूहिक व्रतबन्ध गरियो ।

यसरी जिल्लामा थुप्रै सङ्घर्षको नेतृत्व गर्दै उनले सफलतापूर्वक आफ्नो कार्यकाल पूरा गरिन् । सङ्घर्षको नेतृत्वको क्रममा उनी मुक्ति समाजकी

केन्द्रीय सदस्य बन्न सफल भइन् । २०६० सालमा भएको चौथो राष्ट्रिय सम्मेलनबाट उनी केन्द्रीय उपाध्यक्षमा निर्वाचित भइन् । त्यसरी नै २०६७ मा भएको पाँचौँ राष्ट्रिय सम्मेलनबाट पनि महिला उपाध्यक्षमा निर्वाचित भइन् । हाल उनी मुक्ति समाज नेपालको केन्द्रीय उपाध्यक्ष तथा महिला विभाग प्रमुखको भूमिकामा छिन् ।

## दलित आयोगको सदस्यको जिम्मेवारी

टेकु नेपाली मुक्ति समाज नेपालको उपाध्यक्षको हैसियतले नेकपा एमालेबाट राष्ट्रिय दलित आयोगको सदस्य नियुक्त भइन् । उनले आयोगको दुई वर्षको कार्यकाल कुशलतापूर्वक सम्पन्न गर्न पाइनन् । उनको कार्यकाल निकै चुनौतीपूर्ण रह्यो । उनको नियुक्ति भएको केही दिनमै राजा ज्ञानेन्द्रले १९ माघ २०६१ मा कू गरे । त्यसको विरोधमा देशमा आन्दोलन चल्यो । आन्दोलनको बाढी चलेपछि दलित आयोग पनि हेलिन बाध्य भयो । उनी पनि सङ्घर्षमा होमिइन् । करिब १४ महिनापछि उनको नियुक्ति खारेज भयो । नेतृत्वमा हुँदा पश्चिमाञ्चल क्षेत्रको पोखरामा आरक्षण गोष्ठी, जनकपुरमा धार्मिक गोष्ठीको सम्झना गर्छिन् । जानकी मन्दिरका सबै महन्तले भाग नलिने निर्णय गरेर गोष्ठीको उद्देश्य असफल गराएको उनलाई याद छ ।

त्यसबेला उनी विद्यालयमा बेतलबी विदा लिएर दलित आयोगमा कार्यरत थिइन् । त्यही बेला उनले थुप्रै जिल्लामा गएर दलित महिलालाई सङ्गठित गरिन् । देश निरङ्कुशताको खाडलमा डुबेको बेला आफूले गर्न सक्ने र चाहे जति काम गर्न नसकेको उनको गुनासो छ । आयोगका अध्यक्ष भागवत् विश्वासी आन्दोलनमा गिरफ्तार भए । टेकु नेपाली र विष्णु परियारले शाही कदमको विरोधमा मुखमा कालो पट्टी बाँधेर कर्मचारीलाई बाहिर गेटमा बसाले । शाही कदमको विरोधमा पत्रकार सम्मेलन गरेको र घाइतेको उपचारका लागि आर्थिक सङ्कलन गरेको स्मरण गर्छिन् ।

## २०६२/६३ सालको जनआन्दोलनमा

२०६२/६३ सालको जनआन्दोलनताका टेकु नेपाली एकातिर पार्टी अञ्चल कमिटी सदस्य थिइन् । त्यस्तै, मुक्ति समाज नेपालको केन्द्रीय उपाध्यक्षसँगै राष्ट्रिय दलित आयोगको सदस्य पनि । तीनै जिम्मेवारीका साथ आन्दोलनमा सक्रिय हुनु उनको कर्त्तव्य थियो । उनीसँगै र शान्ति वर्मालाई कीर्तिपुरको

आन्दोलनको नेतृत्व गर्ने र सङ्गठनको कार्यालयको जिम्मेवारी तोकिएको थियो । त्यस बेला दैनिकजसो कीर्तिपुरमा बिहान जुलुसमा बजार परिक्रमा गरी नयाँ बजारमा चक्काजाम गर्नमा सक्रिय भइन् । दिउँसो सङ्गठनको कार्यालयमा बसी देशभरिका रिपोर्ट सङ्कलन गरिन् ।

२३ चैत्र २०६२ उनले गोप्य रूपमा कलङ्की मोर्चा सम्हाल्नुपर्‍यो । कीर्तिपुरबाट कलङ्की गएर चक्काजाम गर्नुपर्ने जिम्मेवारी तोकियो । कीर्तिपुरको ठूलो जुलुसले कलङ्कीस्थित बाबा पेट्रोल पम्पमा प्रवेश गरी चक्काजाम गर्न खोज्यो । त्यस बेला राज्यबाट ठूलो दमन भयो । उनी दलित आयोगका सदस्य विष्णु परियारसँगै मुक्ति समाज नेपालको केन्द्रीय कार्यालयमा पसे ।

टेकुसँगै दलित आयोगकी कर्मचारी कल्पना सुनार पनि थिइन् । भागदौडमा कल्पनाको खुट्टा मर्कियो । मुक्ति समाजका अध्यक्ष लालबहादुर विश्वकर्मा र दलित आयोगका अध्यक्ष भागवत विश्वासी गिरफ्तार भए । जावलाखेलमा राखिएका लालबहादुरले उनलाई 'लेटरप्याड र छाप लिएर आउनुहोस्, विज्ञप्ति लेख्नुपर्ने र कार्यवाहक अध्यक्ष दिनुपर्नेछ' भने । आन्दोलनको बेला निर्देशन पूरा गर्नुपर्ने नै हुन्थ्यो । त्यसैले उनले आफ्नो ब्यागको भित्री भाग च्यातेर लेटरप्याड र छाप भित्र हालिन् अनि पुनः सिलाइन् । त्यही झोलामा फलफूल राखेर, हातमा दलित आयोगको परिचयपत्र लिएर उनी जावलाखेलतिर लागिन् । बाटोमा जाँदै गर्दा उनको ब्याग चेक गरियो, तर फलफूलमात्रै देखिए । बिरामी दाजुलाई भेट्न आएको भनेपछि उनी खानतलासीबाट बचिन् । यसरी ब्यागभित्र राखिएका सामग्री जफत भएनन् ।

जावलाखेलस्थित महिला प्रशिक्षण केन्द्रमा राखिएका लालबहादुरसँग भेट भयो । झोलामा भएका लेटरप्याड र छाप दिइयो । यसरी तरबारको धारमा हिँडेर उनी राति अबेर कीर्तिपुर फर्किइन् । एकदिन महिलाहरूको नेतृत्वमा भएको जुलुसमा नेतृत्व गरिन् । चक्काजाम गरेको ठाउँमा सेनाको ट्रकले झण्डै कुल्चेको उनी सम्झन्छिन् । यस्तै अनेक प्रयासको परिणामस्वरूप जनआन्दोलन सफल भयो । उनी पनि विभिन्न पदमा पुग्न सफल भइन् । उनी सभासद्समेत मनोनीत भइन् ।

## सभासद् हुँदाको सङ्घर्ष

टेकु नेपाली २०७० सालमा दोस्रो संविधानसभामा समानुपातिक प्रणालीमा नेकपा (एमाले)बाट सभासद् भएकी थिइन् । हुन त उनी २०६४ सालको पहिलो संविधानसभामा पनि समानुपातिक प्रणालीको सूचीमा थिइन् । त्यस बेला उनी मनोनीत हुन सकिनन् ।

सभासद् भएपछि उनी संविधान निर्माणमा दत्तचित्त भएर लागिन् । त्यस्तै, दलित मुद्दाको उठान र विकास निर्माणमा चिन्तित र गम्भीरताका साथ क्रियाशील भइन् । दलित मुद्दा स्थापित गर्नमा उनको अहं भूमिका रहेको छ । उनको माग थियो, हरेक वडामा एक जना दलित महिला प्रतिनिधि चाहिन्छ । यही विषयमा उनले संविधान निर्माणको क्रममा संशोधन प्रस्ताव पनि हालिन् । त्यसको पक्षमा उनले निर्धक्कसँग वकालत गरिन् ।

उनी विभिन्न आन्दोलन र कार्यक्रमबाट पनि नयाँ संविधानमा दलित मुद्दा स्थापित गर्न सक्रिय थिइन् । उनको घोषणा थियो, "नयाँ संविधानमा दलित मुद्दा स्थापित भएनन् भने आफू सभासद्बाट राजीनामा दिएर दलित आन्दोलनमा फर्कने छु ।"

आफ्ना मतदातासँग उनको सम्बन्ध कहिल्यै टाढिएन । सभासद् हुँदा जिल्ला भ्रमण गर्नेमध्ये उनी अग्रपङ्क्तिमा पर्दथिन् । सभासद् कोषबाट दलितहरूको क्षमता अभिवृद्धि गर्ने र राजनीतिक परिचालन गर्ने काम उनले राम्ररी गरेकी थिइन् । संविधानमा दलित महिलाको अलग पहिचानका साथ व्यवस्था गर्न गराउन उनको ठूलो भूमिका छ । संविधानसभामा उनी विधायन समितिजस्तो महत्त्वपूर्ण समितिमा थिइन्, जहाँबाट हरेक विधेयकको मस्यौदा बनेर जान्थ्यो । उनी सभासद्मात्र होइन, मुक्ति समाज नेपालको केन्द्रीय उपाध्यक्षसमेत भएकीले संविधानमा दलित अधिकारको सुनिश्चितताका लागि भएका हरेक आन्दोलनमा उनको सहभागिता रहने गर्दथ्यो ।

## मेची महाकाली अभियानका अनुभव

उनी आफ्नो राजनीतिक तथा साङ्गठनिक जीवनमा दुईवटा ठूलठूला ऐतिहासिक महत्त्वका मेची-महाकाली अभियानमा सरिक भइन् । पहिलो उनी संलग्न दलित सङ्गठन मुक्ति समाज नेपालको, अर्को उनी सभासद् भएको

पार्टी नेकपा एमालेको अभियानमा । दुईटै अभियानमा उनको सक्रिय र नेतृत्वदायी भूमिका थियो । ती अभियानको क्रममा विरामी हुँदाहुँदै पनि उनी पूरै अवधि हिँडेकी थिइन् ।

मुक्ति समाज नेपालको आयोजनामा मेचीको इलामबाट जातीय भेदभावविरूद्ध अन्तर्राष्ट्रिय दिवसको क्रममा मेची महाकाली अभियान चलाइएको थियो । अभियानको मुख्य नारा थियो, '२०७० सालदेखि २०८० लाई दलित अधिकार दशक घोषणा गरौँ, जातीय भेदभाव तथा छुवाछूत उन्मूलन गरौँ !' टेकु नेपालीको भनाइमा अभियानको भित्री उद्देश्य थियो, खिलराज रेग्मीको सरकारलाई तत्काल संविधानसभाको निर्वाचन गर्न दबाब दिनु ।

यस अभियानको क्रममा उनी इलाम, झापा, इटहरी, लहान, राजविराज, जनकपुर, बर्दिवास, चन्द्रनिगाहपुर, कलैया, वीरगञ्ज, हेटौँडा, नारायणगढ, भैरहवा, बुटवल, दाङ, नेपालगञ्ज, बर्दिया, धनगढी, महेन्द्रनगर, डडेल्धुरा, डोटी, बैतडी, बझाङ र दार्चुलासम्म पुगिन् । आफ्नो जिल्लालगायतका अन्य जिल्लामा अभियान लग्न नसकेकोमा उनलाई अहिले पनि दुःख लाग्छ । अभियानको क्रममा बर्दियाका भ्रद्रमान विश्वकर्मा बिरामी भई आइसीयुमै राख्नुपरेको र केही साथीसहित आफू बिरामी परेको उनी सम्झन्छिन् ।

## एमालेको महाधिवेशन प्रतिनिधि नबनेकोमा पछुतो

नेकपा एमालेको आठौँ महाधिवेशनका लागि जिल्लामा भएको महाधिवेशन प्रतिनिधि छनौटमा उनी पराजित भइन् । उसो त उनी मुक्ति समाज नेपालको फ्याक्सनबाट पनि प्रतिनिधि हुन सक्ने सम्भावना थियो, तर उनलाई जिल्ला पठाइयो । पछि फ्याक्सनबाट प्रयास गर्दा सम्भव भएन । त्यसबेला प्रतिनिधि बन्न पाएकी भए उनी सहजै पार्टी केन्द्रीय सदस्य बन्न अवस्था थियो । यसरी प्रतिनिधि हुन नसकेकै कारण केन्द्रीय सदस्य पदबाट वञ्चित हुनुपरेको उनको तीतो अनुभव छ । पार्टीले उनलाई महाधिवेशन खाद्य व्यवस्थापन समितिको सदस्यको रूपमा सहभागी गरायो ।

उनको बुझाइ छ, पार्टीमा दलित वा महिलाका लागि सकारात्मक विभेदको व्यवस्था नभएका कारण आफू पनि पार्टी केन्द्रीय सदस्य हुनबाट वञ्चित भइयो । उसो त नवौँ महाधिवेशनमा उनी प्रतिनिधि हुन त सफल भइन्, तर त्यहाँ उनले केन्द्रीय सदस्यमा पराजय भोग्नुपर्‍यो ।

## पितृसत्ताविरूद्धको सङ्घर्ष

टेकु नेपालीको नामअगाडि 'कुमारी' शब्द पनि छ । उनी सानै हुँदा अभिभावकले नै कुमारी नाम राखिदिएका थिए । नामजस्तै उनी अहिले पनि अविवाहितै छिन् । उनी एक दाजु र दुई भाइसँग सगोलमा बस्दै आएकी छन् । उनको पुर्ख्यौली सम्पत्तिका रूपमा खरबारी १३ रोपनी, खेत ८ रोपनी, बारी १० रोपनी, वन १० रोपनी छ भने पोखरा महानगरपालिकामा १० आना घडेरी छ ।

उनले एसएलसी पास गर्दा उनको गाउँ वरपर कतै पनि उनी जत्तिको पढेका दलित महिला थिएनन् । छोरीलाई पढाउने चलनै नभएको बेला दलित परिवारमा जन्मेर पनि उनले आईएसम्मको अध्ययन गरिन् ।

त्यस बेला धेरैले विवाह प्रस्ताव राखे पनि उनले विवाह गर्ने सोचाइ बनाइनन् । बुबा-आमाले विवाह गर्न धेरै पटक कर पनि गरे, तर उनी मानिनन् । शिक्षक भएपछि आफूलाई माग्न आउने हिम्मत जो पायो त्यसले गर्न पनि नसकेको उनी बताउँछिन् ।

उनी सानैदेखि आफ्नै परिवारमा पनि छोराछोरीमा विभेद भएको महसुस गर्ने गर्थिन् । हुन त उनका बुबाले छोरा र छोरीलाई बराबरी पढाएका थिए । पण्डित भएकाले होला, उनका बुबा विवाह नभएकी छोरीले पकाएको खाना खानु हुँदैन भन्ने सामन्ती मान्यता राख्दथे । र, उनकी आमाले चुल्हो लिपेपछि पकाएको खानेकुरामात्रै खान्थे । आफ्ना बुबाले धोती पाटा फेरेर चुल्हामा पिर्का ओछ्याएर खाएको उनी अझै पनि सम्झन्छिन् । यसरी समाजले छोरीमाथि बालमनोविज्ञानमै गहिरो चोट पुग्नेगरी विभेद गर्ने प्रचलनले उनलाई अहिले पनि झस्काउने गर्दछ ।

उनले विभेदका अनेक पक्ष भोगेकी छिन् र त्यस्ता विभेदविरूद्ध सङ्घर्ष पनि गरेकी छिन् । सानोमा टेकु जुन विद्यालयमा पढ्थिन्, त्यहाँ हात थापेर पानी खानुपर्थ्यो, पानी खाने मामिलामा पनि समान व्यवहार गरिँदैनथ्यो । पछि त उनी त्यही स्कुलमा शिक्षक भएर गइन् र विभेदविरूद्ध सङ्घर्षलाई अगाडि बढाइन् । ३३ वर्षे शिक्षण पेसादेखि राजनीतिक जीवन बाँच्ने क्रममा उनले अनेक खालका सङ्घर्ष गरिन् ।

उनले छोरी हुनुको विभेद र अपमान; दलितहुनुको पीडा; घरेलु कामका कारण स्कुल नियमित जान नपाएको दुःख; दलित समुदायमा जन्मनुको यातना

सबै जीवन्त रूपमा ब्यहोरेकी छिन् । ती सबै अपमानविरूद्ध सङ्घर्ष गर्ने उद्देश्यका साथ बनाइएका पार्टी र विभिन्न सङ्गठनमा काम गर्दा पनि उनले मुक्तिको सास फेर्न पाइनन् । त्यहाँ पनि उनले दलित र महिलाको नाममा हुने सामन्तवादी सोचाइ, चिन्तन र विभेद देख्दै-भोग्दै आएकी छिन् । तर पनि उनी जीवन एक निरन्तर सङ्घर्ष हो भन्ने मान्यता बोक्दै अघि बढिरहेकी छिन्, कतै नरोकी ।

## भ्रमण र सम्मान

राजनीतिक जीवनमा देश-विदेशको भ्रमणबाट हुने अनुभव पनि महत्त्वपूर्ण हुन्छ भन्ने उनको अनुभव छ । उनले स्वदेशमा ४४ भन्दा बढी जिल्लाको भ्रमण गरेकी छन् । उनी पश्चिममा सुदूर पश्चिममा बभाङ-दार्चुलादेखि पूर्वमा इलामसम्म पुगेकी छिन् । त्यस्तै, भारतदेखि हङकङसम्म भ्रमण गरेकी छन् । विभिन्न पत्रिका र पुस्तकमा उनका लेखरचना र अन्तर्वार्ता छापिएका छन् ।

कामअनुसार उनी पुरस्कृत पनि भएको देखिन्छ । यसै क्रममा उनी शिक्षा दिवस-२०५८ मा पुरस्कृत तथा सम्मानित भएकी छन् । २९औँ शिक्षा दिवस-२०६० मा शिक्षा दिवस पदकबाट विभूषित भएकी थिइन् । त्यस्तै, उनी विभिन्न शैक्षिक संस्थाबाट पनि उनी सम्मानित भएकी छन् ।

स्थानीय विकास मन्त्रालयअन्तर्गत उपेक्षित उत्पीडित र दलित वर्ग विकास समितिबाट दलित आन्दोलनमा सक्रिय भूमिका खेले बापत उनलाई २०६६ सालमा सम्मानित गरिएको थियो । उनले भारतको बाबु जगजीवन राम कला संस्कृति तथा साहित्य एकाडमीबाट अन्तर्राष्ट्रिय अम्बेडकर सामाजिक सम्मान-२०१५ प्राप्त गरेकी छन् । नेकपा एमालेको स्याङ्जा जिल्ला, सम्पर्क कमिटी, युवा सङ्घ नेपाल, मुक्ति समाज, अनेमसङ्घका विभिन्न तह, विभिन्न दर्जनौँ क्लबले उनको योगदानको कदर गर्दै सम्मान गरेका छन् ।

## हालको दिनचर्या

उनी आफ्नो जीवनलाई तीन वटा पाटोमा बाँडेर हेर्ने गर्छिन् । उनको जीवन पेसागत, साङ्गठनिक र राजनीतिक गरी तीनवटा पक्षमा बाँडिएको छ । विशिष्ट पहिचानका साथ सबै भूमिका खेलेको उनको सुखद् अनुभूति छ । उनी आफ्नै जीवनमा संविधानसभाका सदस्य भई आफ्नै हातले हस्ताक्षर गर्ने

पाएकोमा खुसी छिन् । हिजोका संविधानको तुलनामा दलितमैत्री संविधान जारी गर्न पाएकोमा गौरव गर्छिन् । उनलाई नेपालको संविधान जारी भएको दिन ३ असोज २०७२ जीवनकै सबैभन्दा हौसलापूर्ण दिन लाग्छ ।


नेपालको संविधान कार्यान्वयनका लागि जनतामा जागरण ल्याउन नेकपा एमालेले आयोजना गरेको मेची महाकाली अभियान ऐतिहासिक लाग्छ । बीसौँ वर्षसम्म हुन नसकेको स्थानीय तहको निर्वाचन, नयाँ संरचनासहित प्रदेश र प्रतिनिधि सभाको निर्वाचनमा एक नेताको रूपमा भूमिका खेल्न पाउँदा उनी अति हर्षित छिन् ।

उनको भनाइ छ, "संविधान त बन्यो, कार्यान्वयनका लागि कानुन बन्न बाँकी नै छ । कानुनबिना संविधानको अर्थ छैन । कानुन दलितको हितमा बन्नुपर्छ, तबमात्र दलितको सङ्घर्षको लामो इतिहासको प्रतिफल प्राप्त हुनेछ । त्यसका लागि वर्तमान माननीयहरूको काँधमा चुनौतीपूर्ण जिम्मेवारी आएको छ । चुनौती जटिल पनि छ, यसलाई अवसरमा बदल्नुपर्दछ । अबको कार्यभार 'समृद्ध नेपाल सुखी नेपाली' उत्पीडित समुदाय सुःखी नेपालीभित्र परून्, शुभकामना !"

कुमारी टेकु नेपाली दलित महिला आन्दोलनको एक धरोहर हुन् । नेपालको दलित आन्दोलनमा पनि राजनीतिक आन्दोलनमा पनि एउटा परिपक्व महिला नेतृको रूपमा उनी स्थापित छन् । उनी मुक्ति समाजको केन्द्रीय उपाध्यक्ष तथा महिला विभाग प्रमुखका हैसियतमा क्रियाशील छिन् । उनीबाट भावी पुस्ताले धेरै कुरा सिक्नुपर्दछ ।

■

# जुझारू दलित कम्युनिस्ट अगुवा



▲ तिलक परियार

नेपालको दलित मुक्ति आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका व्यक्तित्वको नाम हो तिलक परियार । तिलक परियारको नाम नेपालको जनयुद्ध र दलित आन्दोलनसँग एकसाथ गाँसिएर आउँछ ।

तिलक परियारको जन्म जनयुद्धको उद्गम थलोको रूपमा स्थापित रोल्पाको सदरमुकाम लिबाङमा १५ कार्तिक २००० सालमा भएको थियो । आमा भक्तिदेवी परियार र बुबा हस्तबहादुर परियारको आठौँ सन्तानमध्ये चौँथो सन्तान हुन् उनी । उनका बुबाले कपडा सिलाइ, डकर्मी र सिकर्मी तथा बाँसका डोको नाङ्लो बुन्ने काम गर्दथे । आमा घरधन्दा र खेतीपातीको काम गर्थिन् । यति धेरै काम जान्ने र अति परिश्रम गर्ने हुँदाहुँदै पनि उनका बुबाआमालाई ठूलो परिवारको भरणपोषण गर्न निकै सकस हुन्थ्यो ।

परिवारमा साहुको ऋण तिर्न र लत्ताकपडा फेर्न हम्मे-हम्मे हुन्थ्यो । त्यसैले तिलकका जेठा दाजु जीतबहादुर भारतको नागपुर शहरमा नोकरीको खोजीमा गए । उनका जेठा मामा पहिलेदेखि भारतीय आयल निगममा जागिरे हुनाले जीतबहादुरले पनि त्यही निगममा जागिर पाए ।

एकपटक उनका दाजुले घरमा बुबाआमालाई एउटा चिट्ठी पठाएछन् । तर परिवारमा पढेको मान्छे नहुँदा भारतबाट आएको चिट्ठी पढेर सुनाउने मानिस

पनि भएन । त्यसैले एउटा बाख्राको पाठो दिने कबुल गर्दै उनका बुबाले एक जना बहिदारलाई सो चिट्ठी पढ्न लगाए । यस्तो घटनाबाट नराम्ररी चेतेका थिए तितलका बुबा । त्यसपछि उनी 'जति खर्च लागे पनि एउटा छोरा पढाउँछु' भनेर कटिबद्ध भए । त्यसैको परिणामस्वरूप छोरा तिलकले स्कुल पढ्न पाए ।

## बाल्यकाल र शिक्षा

तिलक परियारले प्रारम्भिक शिक्षा एक बाहुन बाजेबाट पाएका थिए । आफ्नै गाउँका साहिँला मुखियाको घरबाट उनको पढाइ शुरू भएको थियो । बालीघरे प्रथाअनुसार मालिकको परिवारजनको कपडा सिलाए बापत उधौली र उभौली मौसम बाली लिने चलन थियो । तिलकका बुबाले त्यही बाली नलिने र साहिँला मुखियाले उनलाई पढाइदिने सहमति भएको थियो । उनी आफ्नो पढाइबारे सम्झँदै भन्छन्, "एक वर्ष साहिँला मुखिया बाजेको घरमा पढेपछि म चिठ्ठी लेख्ने र पढ्ने भइसकेको थिएँ ।"

एक वर्ष साहिँला मुखियाको घरमा पढेपछि मात्र उनले गाउँको बालकल्याण प्राथमिक विद्यालयमा पढ्न भर्ना हुन पाए । उनले स्कुलमा अध्ययन गर्दै गर्दा घरैबाट आफू बस्ने चकटी लिएर जानुपर्दथ्यो । सामाजिक विभेद र छुवाछूतका कारण स्कुलमा दलित समुदायका छात्रछात्रालाई पानी खान दिइँदैनथ्यो । त्यसैले उनीहरु तिर्खा लागेपछि दगुरेर पानीपँधेरामा पुग्नुपर्दथ्यो ।

पढाइमा तेज भएकाले होला, तिलकलाई शिक्षकले राम्रो मान्दथे । त्यतिबेला पनि आफ्ना साथीभाइले कहिल्यै भेदभाव गरेको महसुस भएन उनलाई । तर हेडमास्टरले भने उनलाई अन्य विद्यार्थीलाई भन्दा छुट्टै खालको व्यवहार र भेदभाव गर्दथे । त्यस्तो व्यवहार देख्दा उनी खिन्न हुने गर्दथे ।

तिलकका माहिला दाजु गनबहादुर पनि भारतमा काम गर्न गएका थिए । उनी हिमाञ्चल प्रदेशको शिमला जिल्लाको नन्दपुर बासा गाउँमा ठेक्कापट्टाको काम गर्दथे । उनी स्कुलको पढाइ जारी रहेकै बेला घरसल्लाहसमेत नगरी २०१३ सालमा माहिला दाइको पछि लागेर हिमाञ्चल प्रदेश पुगे । दाइले उनलाई त्यहींको सावडा बजारमा अवस्थित उच्च माध्यमिक विद्यालयमा पढाए ।

दाइको छत्रछायाँमा पढ्न पाउँदा तिलकलाई पढाइमा खासै समस्या भएन । उनले भारतमै कक्षा १० सम्म राम्ररी पढे । २०१९ सालमा १० कक्षा पास गरी उनी नेपाल फर्किए, केही समयका लागि । त्यसको लगत्तै उनी दाइसँग पुनः भारततिरै लागे । उनले हरियाणा फरिदाबाद टाउनसीपमा गेडोर टुल्ज कम्पनीमा जागिर खाए । जागिर खाँदै उनले आदर्श स्कुलमा अध्ययन पनि गरे । यही क्रममा पञ्जाब युनिभर्सिटी, चण्डीगढअन्तर्गतको बोर्डबाट मेट्रिकुलेसन (११ कक्षा सरह) तह पास गरे ।

## अध्ययनसँगै जागिर र राजनीति

तिलक परियारले बनारसमा बसेर उच्च शिक्षा अध्ययन गरे । उनी उत्तर प्रदेशबोर्डबाट आई.ए.को परीक्षा दिने तयारी गर्दैथिए । त्यसै क्रममा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)का पी.बी.एम.(पोलिटब्युरो सदस्य)को पदमा रहेका बि.टी. रणदिवेसित उनको सम्पर्क भयो । २०२१ सालमा भारतका कम्युनिस्ट नेता रणदिवेको माध्यमबाट नेपालका कम्युनिस्ट नेता क. पुष्पलालसित पहिलो पटक उनको सम्पर्क र परिचय भयो । पुष्पलाल नेपाल कम्युनिस्ट पार्टीका एक संस्थापक थिए भने उनको नेतृत्वमा क्रियाशील रहेको थियो नेपाल कम्युनिस्ट पार्टी । संगत बढेपछि पुष्पलालको मार्क्सवादी विचारबाट, जीवन र व्यवहारबाट, उनको प्रशिक्षणबाट तिलक निकै प्रभावित भए ।

केही महिनाको छलफलपछि उनले नेपाल कम्युनिस्ट पार्टीको सदस्यता फाराम भरे । फाराम भरेको ६ महिना लगत्तै पुष्पलालकै हातबाट उनले पार्टी सदस्यता प्राप्त गर्ने अवसर पाए । त्यतिबेलादेखि नै उनी कम्युनिस्ट सिद्धान्त र राजनीतिप्रति निष्ठावान् रहँदै क्रियाशील भइरहे ।

बनारसबाट आई.ए. पास गरेपछि उनी २०२२ सालमा नेपाल फर्केर आए । त्यसपछि उनी रोल्पाको जेलबाङ गाउँ पञ्चायतको वडा नम्बर २, पुराना गाउँमा रहेको नेपाल राष्ट्रिय प्रावि स्कुलको प्रधानाध्यापक भए । केही समय प्रधानाध्यापक भएपछि उनको जीवनमा नयाँ अवसर आयो ।

२०२४ सालमा रोल्पामा भूमिसुधार लागू भयो । उनले भूमिसुधार कार्यालयको कर्मचारी भएर केही समय काम गरे । त्यहाँका कर्मचारीले गरेको विभेद र अपमानका कारण उनले राजीनामा दिए । तर, भूमिसुधार अधिकारीले उनको

राजीनामा स्वीकृत गरेनन् । अन्याय सहीरहन नसक्ने व्यक्ति हुनाले उनले राजीनामा स्वीकृत हुने समय कुर्दै बसेनन् । राजीनामा स्वीकृत नहुँदै उनी फेरि भारततिर हान्निए ।

उनी भारतको हरियाणा प्रदेशको फरिदाबाद शहरमा उनका गाउँले काकाकहाँ पुगे । डाँगी बिटालुका नामले चिनिने धनसिंह विश्वकर्माले उनलाई एउटा नोकरीमा लगाइदिए । त्यसपछि उनले नोकरी गर्दै बी.ए. पढ्न थाले ।

उनी पुष्पलालको नेतृत्वमा रहेको कम्युनिस्ट पार्टीको सम्पर्कमा छँदैथिए । २०२५ सालमा त्यस पार्टीको तेस्रो राष्ट्रिय सम्मेलन गोरखपुरमा भयो । त्यस सम्मेलनमा उनले पनि सहभागी हुने मौका पाए । यसरी उनले आफ्नो जीवनमा पहिलो पटक कम्युनिस्ट पार्टीको राष्ट्रिय सम्मेलनमा भाग लिने अवसर प्राप्त गरे । त्यसपछि राष्ट्रिय सम्मेलनमा भाग लिने र नेतृत्वमा बस्ने क्रम जारी रहेको छ ।

२०२७ सालमा नेपाल फर्किएर उनले लिबाङको बालकल्याण माविमा केही महिना स्वयम्सेवकका रूपमा अध्यापन गरे । बी.ए.को पढाइ नसकिएकोले उनी अर्को वर्ष माहिला दाजुसँगै पुनः भारततिर लागे ।

भारतमा केही समय बेरोजगार भए पनि उनले पछि मेसिन सञ्चालन गर्ने अपरेटरको काम पाए । त्यसै क्रममा कम्पनीमा उनले मजदुरहरूको सङ्गठनमा पनि काम गर्न थाले । रणदिवे आबद्ध रहेको 'सेन्ट्रल अफ इण्डियन ट्रेड युनियन (सी.आई.टी.यु.)मार्फत् उनले मजदुर राजनीति गर्न थाले । सो युनियन रणदिवे संलग्न रहेको भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)सित सम्बन्धित थियो । भारतमा मजदुरी गर्ने र भारतीय मजदुर युनियनमा सक्रिय हुने काम गर्दागर्दै पनि उनी नेकपा पनि आबद्ध रहिरहे । उनी नेकपालाई नियमित रूपमा लेभी बुझाउने गर्दथे । मजदुरी गर्दै पढाइलाई पनि निरन्तरता दिएर उनले बी.ए.सम्मको पढाइ सिध्याए ।

## विवाह र सन्तान

तिलकले २०३२ सालमा भागी विवाह गरे, त्यो पनि आफ्नै जेठा मामा दलजीत परियारकी छोरी चन्द्रासँग । सुन्दा प्रश्न उठ्न सक्छ, दलित समुदायमा पनि मामा चेलीसँग बिहे गर्ने चलन छ र ? मगर समुदायको बाहुल्य रहेको

रोल्पामा मामाकी छोरी विवाह गर्ने र भागी विवाह गर्ने प्रचलन छ । त्यसको प्रभाव त्यहाँ बस्ने दलित र अन्य जनजातिमा अहिलेसम्म पनि कायमै छ । उनको बिहे पनि त्यसकै प्रभाव परेको थियो ।

विवाहपछि तिलक र चन्द्राका ४ छोरा र ४ छोरी भए । तिलकको राजनीतिक र व्यक्तिगत जीवनमा जीवन-संगीनी चन्द्राको साथ र सहयोग हरदम रह्यो । त्यही कारण आफूले सफलता प्राप्त गर्न सकेको गहन अनुभूति छ तिलक परियारको मनमा । उनी भन्छन्, "यदि चन्द्राले घर, परिवार र बालबच्चाको हेरचाह नगरीदिएको भए मैले राजनीति गर्न सम्भव नै थिएन । अहिले मेरो राजनीतिक हैसियत बढ्नुमा र दलित आन्दोलनको नेतृत्वदायी भूमिकाको रूपमा स्थापित हुनुमा मुख्य श्रेय चन्द्रालाई जान्छ ।"

यस्तो परिवारको राजनीतिक दीक्षा पाए उनका छोराछोरीले पनि । उनका दुई भाइ छोरा र एउटी छोरी त २०५२ सालदेखि थालनी भएको जनयुद्धमै सहभागी भए । उनीहरूले जनमुक्ति सेनामा रहेर महत्त्वपूर्ण भूमिका खेले ।

युद्धकालमा चन्द्रालाई पनि घरमा बस्न कठिन भएपछि परिवार सम्हाल्नै मुस्किल भयो । त्यसैले कान्छी छोरी कमला र कान्छो छोरा उत्तमलाई बाल्यकालदेखि नै उनका माहिला दाजु-भाउजूले पालनपोषण गरे । युद्धको समयमा उनका सबै परिवारजन नै पार्टीकरण भएको थियो । हाल उनी बाँके जिल्लाको कोहलपुरमा बसोबास गर्दै आएका छन् ।

## प्रवास सङ्गठनदेखि जनयुद्धसम्म

बीस र तीसको दशकमा नेपालको कम्युनिस्ट पार्टी अनेक धारमा बाँडिएको थियो । यही क्रममा तिलक परियार पनि पुष्पलाल नेतृत्वको नेकपाबाट नेकपा (चौँथो महाधिवेशन)तिर आकर्षित भए । पुराना कम्युनिस्ट नेता मोहनविक्रम सिंहको नेतृत्वमा नेकपाको चौँथो महाधिवेशन सम्पन्न भएको थियो । त्यसको लगत्तै चौमका नेता खम्बासिह (काजी बा)सँग उनको सम्पर्क भयो । २०३२ चैत्रमा फरिदाबादको होलिडे इन होटेलको कर्मचारी क्वार्टरमा मोहनविक्रम सिंहसित उनले छलफल गर्ने मौका पाए । दुई घण्टासम्म छलफल भएपछि उनी नेकपा चौमसँग आबद्ध भए ।

२०३३ सालमा दिल्ली-फरिदाबाद जिल्ला सङ्गठन समिति उनको नेतृत्वमा गठन भयो । त्यस समितिलाई २०३५ सालमा विस्तार गरियो । तत्कालीन जिल्ला सदस्य थिए पदम राना, मानबहादुर बोगटी, पूर्णसिह थापा, प्रेमबहादुर थापा, राजु नेपाली, विष्णुहरि शर्मा, जङ्गबहादुर क्षेत्री, भेषराज भुसाल, लीलानाथ कुसुम, इन्द्रबहादुर थापा र डीलाराम आचार्य ।

२०३५ सालमा तिलक परियारमार्फत् नेकपा चौमले अन्य भारतीय सहरमा सङ्गठन विस्तार गऱ्यो । त्यसलाई बलियो बनाउन चौमले दिल्लीबाट 'नेपाली पत्रिका' निकाल्ने प्रयास गर्न थाल्यो । त्यस पत्रिकाको संरक्षक पार्टीका प्रभावशाली नेता निर्मल लामा भए । प्रकाशक तथा कार्यकारी सम्पादकचाहिँ भए तिलक परियार । त्यही पत्रिकाको नाम परिमार्जन गरी पछि 'विदेशमा नेपाली पत्रिका' राखियो । उनको अगुवाइमा दोस्रो अङ्क पनि निकालियो ।

एकदिन उनी र पदम राना पत्रिका विक्रीका लागि दिल्लीको नेहरू प्लेस, ग्रीनहिल पार्क पुगे । त्यहाँ अखिल भारतीय नेपाली विद्यार्थी सङ्घ (अभानेविसङ्घ), दिल्ली शाखाको सम्मेलन भइरहेको थियो । सम्मेलन स्थलमा पुग्दा त्यहाँ योगी नरहरिनाथ र भारतका तत्कालीन रक्षामन्त्री जगजीवन राम उद्घाटन गर्न आएका रहेछन् । त्यहाँ खटिएका मण्डले, कुण्डले र सुराकीहरूले उनीहरूले लगेका सबै पत्रिका खोसेर उनीहरूलाई पनि पिटे ।

त्यसै क्रममा अभानेविसङ्घमा आबद्ध बाबुराम भट्टराईसित उनको पहिलो भेटघाट र चिनाजानी भयो । त्यसपछि दिल्लीमा अध्ययनरत विद्यार्थीबीच उनलाई पार्टी र सामाजिक सङ्गठन विस्तार गर्न सहज भयो ।

दिल्लीको पञ्चशील एरियाअन्तर्गत पर्दछ जवाहरलाल नेहरू युनिभर्सिटी (जे.एन.यु.) । त्यस क्षेत्रका एरिया इन्चार्ज थिए राजु नेपाली । जेएनयुमा अध्ययनरत विद्यार्थीलाई सङ्गठित गर्ने क्रममा तिलक परियार र राजु नेपालीको महत्त्वपूर्ण भूमिका रह्यो । उनीहरूकै पहलमा बाबुराम भट्टराई र हिसिला यमिलगायतका विद्यार्थीलाई पार्टीमा प्रवेश गराइयो र पार्टी सदस्यता पनि दिलाइयो ।

त्यतिबेला मोहनविक्रम सिंहले तिलकलाई भनेका थिए, "तिलकजी, तपाईंले बाबुरामलाई सदस्यताका लागि सिफारिस गर्न हतार गर्नुभयो । यो मान्छे कम्युनिस्ट बन्दैन, धेरै भए गणतन्त्रवादीसम्म बन्छ कि ?" सिंहका कुरा उनी

अहिले पनि झल्झली सम्झन्छन् । र, याद गर्छन्, बाबुराम र हिसिलाबीच भएको बिहेको घटना पनि । २०३८ सालमा दिल्लीको मोडेल टाउनमा भारतीय लेखक, अध्येता र कलाकार समशुल इस्लामको घरमा उनीहरूबीच बिहे भएको थियो । पार्टीको आयोजनामा गरिएको उनीहरूको जनवादी विवाहका प्रमुख अतिथि थिए स्वामी अग्निवेश ।

पार्टी चलाउने मामिलामा मोहनविक्रम सिंहको आफ्नैपना छ । भिन्न मत राख्ने नेताहरूलाई फाँड्ने मामिलामा उनको धेरै आलोचना हुन्छ । त्यसबाट सिंह र परियारको सम्बन्ध पनि अछूतो रहेन । आफ्नो विचारसित असहमत हुनेलाई निषेध गर्ने प्रवृत्तिका कारण सिंह र उनीबीच खटपट हुन थाल्यो । उनको बुझाइमा प्रवासमा सङ्गठन विस्तार तीव्र हुन थालेपछि द्वन्द्व बढ्यो ।

तीस र चालीसको दशकमा चौममा काम गर्दाको अनुभव राख्दै तिलक परियार भन्छन्, "वैचारिक र सैद्धान्तिक छलफल एवं बहस चलाएर क्रान्तिको पक्षमा एकता-सङ्घर्ष-रूपान्तरणको विधि र प्रक्रियाबाट नयाँ आधारमा नयाँ एकता हासिल गर्नुपर्ने हो । तर त्यसको सट्टा आफ्नो विचारसित असहमत हुनेलाई निषेध गर्ने प्रवृत्तिका कारण मोहनविक्रम सिंह र मेराबीचमा खटपट हुन थाल्यो । उनले 'विदेशमा नेपाली समाज कल्याण परिषद्'को विकल्पमा उत्तर प्रदेशको बनारस शहरमा 'अखिल भारत नेपाली एकता समाज' स्थापना गरे । अनि सबै पुराना साथीलाई हटाएर आफ्ना मामा गोविन्दसिंह थापाको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरे । यो परिघटनाले नेपाली कम्युनिस्ट आन्दोलनमा सामन्तवादसँगै नातावाद, कृपावाद र उच्चजातीय अहङ्कारवाद जब्बर रूपमा रहेको पुष्टि गर्दछ ।"

पार्टीको मुख्य नेतृत्वसँग द्वन्द्व हुँदैमा तिलक परियारले कम्युनिस्ट आन्दोलन त्यागेनन्, बरू पार्टीभित्र अन्तरसङ्घर्षचाहिँ चलाए । त्यसो त नेकपा चौमको फूटपछि बनेको नेकपा (मसाल)मा पनि आन्तरिक द्वन्द्व चर्कियो । उनले शुरूमा मसाललाई समर्थन गरे पनि त्यसको विभाजनपछि बनेको नेकपा मशाललाई सघाए । त्यही मशाल, चौम र सर्वहारावादी श्रमिक सङ्गठन मिलेर २०४७ सालमा बनेको नेकपा (एकताकेन्द्र) हुँदै उनी पनि अगाडि बढे । एकताकेन्द्रको फुटपछि स्थापना गरिएको नेकपा (माओवादी)मा आबद्ध भएर उनी जनयुद्धमा सहभागी भए ।

१ फागुन २०५२ देखि माओवादीले जनयुद्धको शुरूवात गरेपछि उनले पार्टीको बफादार सिपाहीका रूपमा उभिए । त्यसैले आफू जनयुद्धमा हाम्फाल्नुलाई स्वाभाविकै ठान्छन् उनी । उनी जनताका विभिन्न मोर्चामा सहभागी भए, उनले तिनको अगुवाइ पनि गरे । उनी त्यतिबेलासम्म पार्टीको वैधानिक मोर्चा : संयुक्त जनमोर्चा, नेपालको केन्द्रीय सदस्य भइसकेका थिए । जनमोर्चाले २४ चैत्र २०५४ मा राखेको 'नेपाल बन्द'को क्रममा कोणसभालाई सम्बोधन गर्दैगर्दा उनी समातिए । बाँकेको कोहलपुरबाट गिरफ्तार गरी उनलाई सिधै जेल चलान गरियो ।

उनलाई शुरूमा नेपालगन्ज कारागारमा राखियो । पछि ३/३ महिनामा जेल सरूवा गर्दै विभिन्न कारागारमा हालियो । उनलाई बर्दिया कारागारदेखि दाङ कारागार, भैरहवा कारागार, पाल्पा कारागार, केन्द्रीय कारागार काठमाडौंमा समेत राखियो । विभिन्न कारागारमा गरी उनले ३ वर्ष ४ महिनाको जेलजीवन भोगे । त्यसबीचमा उनलाई मानसिक यातना दिन लुम्बिनीको जङ्गलमा पनि लगिएको थियो । त्यतिखेर मात्रै उनले मुक्ति पाए, जतिखेर बन्दी आदानप्रदान गर्ने सम्झौता भयो । १४ श्रावण २०५८ मा जनमुक्ति सेनाले होलेरीमा कब्जा गरेका प्रहरीसित सट्टा–भर्ना गर्ने क्रममा बर्दिया कारागारबाट उनीसहित ऋषि घिमिरे र बलराम काफ्लेलाई रिहा गरियो । आफ्नो राजनीतिक जीवनमा पञ्चायतकालदेखि जेल बस्ने क्रममा उनी २५ पटक जति हिरासतमा बसे ।

## दलित मुक्ति आन्दोलनमा सहभागिता

नेपाली कम्युनिस्ट आन्दोलनमा २०२१ सालदेखि जोडिएता पनि उनी दलित मुक्ति आन्दोलनमा केही समयपछि जोडिए । विशेष गरी २०२९ सालमा काठमाडौंमा आयोजित 'दलित जनविकास परिषद्'को पहिलो राष्ट्रिय सम्मेलनमा उनी पर्यवेक्षकका रूपमा सहभागी भए । त्यतिबेला पुष्पलालले सम्मेलनका मुख्य आयोजक तथा दलित नेता टी.आर. विश्वकर्मालाई चिठी लेखेर उनलाई पर्यवेक्षकको रूपमा पठाएका थिए ।

उनको अनुभवमा त्यतिबेलासम्म नेपाली दलित आन्दोलनका अगुवाहरूले वैचारिक, राजनीतिक, सैद्धान्तिक र साङ्गठनिक सवालमा छलफल नै गरेनन्, बरू कुन पदमा को रहने भन्ने कुराको छलफलमात्रै गरे । उनी आफ्नै

इतिहासतिर फर्केर हेर्ने क्रममा भन्छन्, "कम्युनिस्ट पार्टीमा सङ्गठित भएपछि दलित आन्दोलन र सङ्गठनप्रति त्यति ध्यान दिइएन । तर त्यो सम्मेलनपछि भने दलित आन्दोलनप्रति अलि चासो र चिन्ताका साथ चिन्तन मनन गर्न थालेँ ।"

नेपालमा २०२४ सालदेखि अछूत भनी हेपिएका समुदायले आफूलाई दलित पहिचानका आधारमा सम्बोधन गर्न थालेको थियो । भारतमा त्यसअघि नै यही नयाँ पहिचानका साथ दलितहरू सङ्घर्षरत थिए । भारतको संविधान निर्माता तथा प्रखर विद्वान् डा. भीमराव अम्बेडकरले चलाएको आन्दोलनपछि दलित शब्द स्थापित भएको हो । दलित शब्दको प्रयोग वैज्ञानिक रहेको मत राख्ने तिलक परियारको बुझाइमा अहिले पनि त्यसको औचित्य र आवश्यकता छ ।

उनी आफ्नो अनुभवलाई सैद्धान्तीकरण गर्दै भन्छन्, "यो थुप्रै जात, उपजात र समुदायमा विभाजित दलित समुदायमाथि हुने शोषण, उत्पीडन, दमनविरोधी पहिचान हो । यो पानी नचल्ने भनी गरिएको घृणा, अवहेलना, अपमान, मानसिक यातना र विभेदको विरोध पनि हो । यसरी अनेक रूपले दबाएर राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिकलगायत जीवनका सबै क्षेत्रमा वञ्चितीकरण भोग्न बाध्य बनाइएका समुदायलाई एउटै डालोमा राखेर दलित शब्दले सम्बोधन गर्नु जरूरी छ । यसो गर्दा सङ्गठित एकीकृत भौतिक शक्तिमा परिणत हुन्छ, ब्राह्मणवादी चिन्तन प्रवृत्ति र सामन्तवादी राज्यसत्ताका विरूद्ध सङ्घर्ष गर्न सकिने अवस्था हुन्छ । त्यसैले दलित मुक्ति आन्दोलनका लागि सङ्गठनात्मक संरचना बनाउनुपर्दछ ।"

त्यसैका लागि तिलक परियारले पनि कम्युनिस्ट पार्टीभित्र लामो समयदेखि आवाज उठाए । २०४८ सालमा नेकपा (एकताकेन्द्र)को एकता महाधिवेशनपश्चात् मात्र पार्टीले दलित सङ्गठनको आवश्यकता महसुस गऱ्यो । त्यसपछि निष्क्रिय अवस्थामा रहेको दलित जनविकास परिषद्लाई क्रियाशील बनाउनतिर उनीसहितको एउटा टिम लाग्यो । मिठाइदेवी विश्वकर्मा, पदम सुन्दास, रणेन्द्र बराली, ओमप्रकाश रामदाम, टीकामान परियार, प्रेम नेपाली, विश्वभक्त दुलाल (आहुति) र तिलक परियारलगायतका अगुवाको बैठक राखियो । त्यस बैठकले दलित आन्दोलनलाई एकजुट बनाउने योजना र कार्यक्रम बनायो ।

पहिलो पटक गोल्छे सार्कीसँग एकता गर्ने कुरा पनि गरियो, तर उनले मानेनन् । गोल्छे त्यतिबेला राष्ट्रियसभाका सदस्य थिए । पछि गोल्छे सार्कीसँगै पद्मलाल विश्वकर्मा, आहुति, तिलक परियार, प्रेम नेपालीलगायतका बीचमा लामै छलफलपश्चात् एकताका लागि सहमति जुट्यो । जातीय समता समाज, उत्पीडित जातीय उत्थान मञ्च र दलित जनविकास परिषद्बीच ७ चैत्र २०४९ मा चितवनमा एकता भेला सम्पन्न भयो । त्यही भेलाबाट 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज' नामक सङ्गठनको स्थापना भयो । भेलाले पद्मलाल विश्वकर्मालाई अध्यक्ष र आहुतिलाई महासचिवमा निर्वाचित गऱ्यो भने तिलक परियारलाई केन्द्रीय सदस्य बनायो । २०५१ सालमा मुक्ति समाजको बुटवलमा भएको दोस्रो राष्ट्रिय सम्मेलनमा पनि उनी पुनः केन्द्रीय सदस्य भए ।

२०५२ सालदेखि थालनी भएको जनयुद्धको दौरानमा राज्यले दलित समुदायमाथि अमानवीय दमन र हत्या गर्न थाल्यो । मुक्ति समाज विभिन्न राजनीतिक विचार बोक्नेहरूको मात्रै होइन, सत्ताको राजनीति गरेका र युद्ध गरिरहेका दलहरूसँग जोडिएका सङ्गठनहरूको पनि साझा थलो थियो । त्यसैले युद्धका बेला दलित समुदाय र माओवादी विद्रोहीहरूमाथि राज्यद्वारा गरिएका दमनविरूद्ध मुक्ति समाजले एकमतले बोल्नै सकेन । त्यही कारण माओवादी पार्टीले आन्तरिक मोर्चाको आवश्यकता अनुभूत गऱ्यो । त्यसै क्रममा तिलक परियारको नेतृत्त्वमा ७ चैत्र २०५३ मा चितवनमा राष्ट्रिय भेला गरियो र नेपाल दलित मुक्ति मोर्चा नामक सङ्गठन निर्माण गरियो । जनयुद्धमा दलितको सहभागिता बढाउनमा योगदान दिएको मोर्चाको भूमिका इतिहासमा कोसेढुङ्गा सावित भयो ।

२०५४ चैत्रदेखि २०५८ श्रावणसम्म ३ वर्ष ४ महिनासम्म तिलक परियार जेलमा परे । जेल मुक्त भएको केही महिनापछि २६-२७ कार्तिक २०५८ मा चितवनमा नेपाल दलित मुक्ति मोर्चाको अर्को राष्ट्रिय भेला सम्पन्न भयो । सो भेलाले तिलक परियार अध्यक्ष, थमन परियार र सन्तोषी वि.क. उपाध्यक्ष, प्रेम बराइली महासचिव, परशुराम रम्तेल सचिव र तेजबहादुर मिजार कोषाध्यक्ष रहेको १७ सदस्यीय केन्द्रीय समिति निर्वाचित गऱ्यो । सरकार र माओवादीबीच भएको पहिलो वार्ताकालमा रोल्पामा भएको संयुक्त क्रान्तिकारी जनपरिषद्को राष्ट्रिय भेलाबाट उनी केन्द्रीय सदस्यमा निर्वाचित भए ।

उनले जनयुद्धमा सिङ्गो दलित आन्दोलनको नेतृत्त्व गरिरहँदा दलित समुदायको उल्लेखनीय हिस्सा लामबद्ध भए । जनयुद्धको दौरानमा तिलक परियारले दलित मुक्ति मोर्चालाई सुदृढ र व्यवस्थित गरेका थिए । चरम दमन भएको र सङ्कटकाल घोषणा गरिएको बेला पनि भूमिगत ढङ्गले ७५ वटै जिल्लामा मोर्चाका जिल्ला सङ्गठनको गठन र पुनर्गठन गरे । वार्ताकालमा पनि राजधानीमा मोर्चाको आयोजनामा ठूल-ठूला गोष्ठी र अन्तर्क्रिया गरे । त्यस क्रममा नेपाली समाजमा जकडिएर रहेको मनुवादी सोच, चिन्तन र व्यवहारविरूद्ध थुप्रै प्रशिक्षण, अन्तर्क्रिया, भण्डाफोर अभियान र नेपाल बन्दलगायतका सङ्घर्षका कार्यक्रम पनि सञ्चालित भए । त्यस्तै मोर्चाकै आयोजनामा जिल्ला र ब्यूरो स्तरमा सांस्कृतिक रूपान्तरणसम्बन्धी अभियान पनि चलाइए । त्यसकै परिणामस्वरूप जनयुद्धका बेलामा जनसत्ता सञ्चालन भएका क्षेत्रमा एक हदसम्म छुवाछूत र विभेद अन्त्यको स्थिति समेत बन्यो ।

२०६२ पुसमा रोल्पा जिल्लाको ओत गाविसको बाँगेतालमा सङ्कटकालकै बीच दलित मोर्चाको तेस्रो राष्ट्रिय सम्मेलन भयो । सो सम्मेलनले पनि तिलक परियारलाई नै अध्यक्ष बनायो भने परशुराम रम्तेललाई महासचिवमा निर्वाचित गर्‍यो । सम्मेलनले नेपाली दलित मुक्ति आन्दोलनको नयाँ ढङ्गले संश्लेषण गर्दै दलित आन्दोलनमा विशेषाधिकारको नीति पारित गर्‍यो ।

## संयुक्त दलित आन्दोलनमा भूमिका

दलित समुदायमाथि हुने सबैखाले शोषण र उत्पीडनविरूद्ध लड्न संयुक्त दलित आन्दोलनको आवश्यकता भएको हो । २०६२ सालपछि दलित आन्दोलनलाई संयुक्त आन्दोलनको रूपमा उठान गर्नमा उनको महत्त्वपूर्ण भूमिका रहेको छ । २०६२/६३ सालको जनआन्दोलनमा सबै दलित सङ्गठनको उल्लेखनीय भूमिका रहेको थियो । शान्ति प्रक्रियाको शुरूको चरणमा उनकै पहलमा दलित गणतान्त्रिक मोर्चा गठन भई दलित आन्दोलनका महत्त्वपूर्ण मुद्दा उठाउने काम भयो । पछि २०६६ सालमा सबै दलित सङ्घ/सङ्गठनबीच लामो छलफल र बहसबाट संयुक्त रूपमा बीसबुँदे राजनीतिक सहमति र सङ्गठनात्मक बीसबुँदे आचारसंहितासहित संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति निर्माण भयो । यो सहमतिको एउटा प्रमुख पहलकर्ता नेतृत्वपङ्क्तिमा उनी पनि पर्दछन् ।

२०६३ सालमा उनी अन्तरिम व्यवस्थापिका संसद् सदस्य भए । उनले २०६४ सालमा भएको पहिलो संविधानसभा निर्वाचनमा पनि निरन्तरता पाए । उनी बाँके जिल्लाको क्षेत्र नं. १ बाट प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत अत्यधिक मत ल्याएर नेकपा (माओवादी)को तर्फबाट संविधानसभाको सदस्यमा निर्वाचित भए । संविधानसभामा, व्यवस्थापिका संसद्मा र संविधानसभाका विषयगत समितिमा र बाहिरी सडकको सङ्घर्षमा पनि उनले सफलतापूर्वक नेतृत्व गरे । डा. बाबुराम भट्टराई नेतृत्वको माओवादी सरकार बनेको बेला प्रधानमन्त्रीको नेतृत्वमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन कार्यान्वयन उच्चस्तरीय समिति गठन भयो । उक्त समिति खासमा संयुक्त सङ्घर्षकै बलमा गरिएको थियो । त्यसको केन्द्रीय समन्वय समिति नेपाल सरकारका मुख्य सचिवको नेतृत्वमा र जिल्ला स्तरीय सयंन्त्र प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा गठन गर्ने सहमति भएको थियो ।

संसद्बाट जातीय भेदभाव तथा छुवाछूत कसूर सजाय ऐन, २०६८ निर्माण हुँदा विधायन समितिअन्तर्गत सो विधेयक निर्माण गर्दा उनकै नेतृत्वमा उपसमिति निर्माण भएको थियो । त्यसबेला उनले निकै महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए । पार्टी एकता भएर एकीकृत नेकपा-माओवादी बनेपछि मार्क्सवादी विद्वान् कृष्णदास श्रेष्ठलाई केन्द्रीय सल्लाहकार समितिका अध्यक्ष बनाइयो भने तिलक परियारलाई सचिवको जिम्मेवारी दिइयो । उनले सो पदमा रहेर पार्टी र जनताको पक्षमा लामो समय काम गरे । स्मरणीय छ, त्यस पार्टीको विधानमा सल्लाहकार समितिका अध्यक्ष र सचिव पार्टीको स्थायी समितिको बैठकमा पनि सहभागी हुन पाउने व्यवस्था थियो ।

संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति गठन गरी संयुक्त आन्दोलन उठान गर्नमा पनि तिलक परियारको भूमिका उल्लेखनीय रह्यो । उनीसँगै खड्गबहादुर बस्याल, लालबहादुर विश्वकर्मा, पद्मलाल विश्वकर्मा, रणेन्द्र बराली, राजेश नेपाली, केशबहादुर परियार, जितु गौतम, जीवन परियार, गणेश विश्वकर्मा, परशुराम रम्तेल, गौरा नेपाली, सेवल राम, उपेन्द्र छटुञ्जेललगायतको विशेष भूमिका रहेको थियो । ठूला तीन दलित सङ्गठनका मूल नेतृत्वको हैसियतले तिलक परियार, खड्गबहादुर बस्याल र लालबहादुर वि.क.ले यसको मुख्य पहलकदमी लिएका थिए । सो सङ्घर्ष समितिले इतिहासमा पहिलेपटक दलित समुदायका राजनीतिक, आर्थिक र सामाजिक–सांस्कृतिक एजेण्डालाई समेटेर बीसबुँदे राजनीतिक सहमति र बीसबुँदे सङ्गठनात्मक आचारसंहिता निर्माण गरेको थियो ।

## लेखन, भ्रमण र सम्मान

तिलक परियारका लागि कारावासको जीवन विश्वविद्यालय सरह भयो । साढे तीन वर्ष लामो कारावास बसाइमा उनले थुप्रै मार्क्सवादी साहित्य र जीवनी अध्ययन गरे । त्यसकै आधारमा उनले 'मार्क्सवाद र दलित' नामक पुस्तक लेखे । थुप्रै लेख-रचना सङ्कलनको पर्खाइमा छन् । दलित मुक्ति आन्दोलनसम्बन्धी उनका रचनामा मार्क्सवादी कोण सहजै देख्न पाइन्छ ।

विदेश भ्रमणको क्रममा उनले दक्षिण कोरिया, थाइल्याण्ड, भियतनाम, जापान, स्विट्जरल्याण्ड, भारत, बाङ्गलादेश, पाकिस्तानको भ्रमण गर्न भ्याएका छन् । जीवनमा पहिलो पटक कक्षा ८ मा विद्यालयका 'होल फस्ट' भएकाले समग्र विद्यालय परिवारले उनलाई फूलमाला र अवीर लगाएर सम्मान गरिएको थियो । २०३५ सालमा दिल्लीको आजाद भवनमा आयोजित वक्तृत्व-कला प्रतियोगितामा प्रथम भए बापत बाबुराम भट्टराईले उनलाई अन्तोनियो ग्राम्सीको किताब पुरस्कार दिएका थिए । पछिल्लो चरणमा नेपाली दलित मुक्ति आन्दोलनमा महत्त्वपूर्ण योगदान गरेका कारणले २०७२ सालमा दलित विकास समितिले उनलाई ७ हजार नगदसहित सम्मानित गरेको थियो ।

## अविस्मरणीय घटना

२०३४ सालमा पार्टी कामको सिलसिलामा दिल्लीको एउटा गाउँमा उनी टङ्क पाठक र राजु नेपालीसँगै पैदल हिँडिरहेका थिए । उनीहरूसँग खाजा खाने खर्च समेत थिएन । हिँड्दै जाँदा बाटोमा निकै राम्रो सप्रेको पालुँगोजस्तो हरियो घाँस भेटेपछि पाठक र परियारले खाए । त्यो घाँस खाएको केही समयपछि नै दुवै जना बेहोस भए । धन्न, राजु नेपालीले उक्त घाँस खाएका थिएनन् । उनले नै ती दुवै जनालाई बल्लतल्ल अस्पताल लगे । दुई दिनको उपचारपछि बल्ल ठीक भए ।

यस्तै अर्को घटना पनि उनका लागि बिर्सन लायक छैन । जनयुद्धको बेला सङ्कटकाल लागेको थियो । सङ्कटकालसँगै उनको जीवनमा पनि थप सङ्कट आइलाग्यो । २०६१ पुसमा सल्यानको बालुवामा उनी नेपाली सेनाको घेरामा परे । उनी घेरा तोडेर बाहिर निक्लन त सफल भए, तर गाउँमा सेनाको घेराबन्दी थियो । त्यसैले ज्यान जोगाउनै मुस्किल भयो । घेराबन्दीबीच उनलाई कठ्याँग्रिदो जाडोमा रातभरि जङ्गलमै लुक्नुपर्ने अवस्था भयो । जङ्गलमा

सेना र जाडो दुवैबाट बल्ल-बल्ल बाँचेको अनुभूति उनी सुनाउँछन् । यसरी दुःख-कष्ट गरेर बनाएको पार्टी फुट्दा र बिग्रिँदा उनलाई बेला-बेला साह्रै पीडा हुने गर्दछ ।

## जनयुद्ध र भूमिगत जीवनको अनुभूति

पञ्चायतकालदेखि नै भूमिगत जीवन ब्यहोरेका तिलक परियार जनयुद्धकालीन जीवन नितान्त फरक रहेको बताउँछन् । १ फागुन २०५२ मा विधिवत् रूपमा जनयुद्धको शङ्खघोष हुँदा उनी धेरै खुसी भएका थिए । किनभने उनले कम्युनिस्ट पार्टीको सदस्यता पाएदेखि नै देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने र समाजवाद हुँदै साम्यवादसम्म पुग्ने सपना बुन्दै आएका थिए । चीनमा माओले जनयुद्धको माध्यमबाट वर्गसङ्घर्ष गरेको र अन्ततः चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको कुरा उनले इतिहास पढेर, प्रशिक्षणमा सुनेर थाहा पाएका थिए । त्यस्तो क्रान्तिकारी दिनको पर्खाइमा रहेका उनीजस्ता कम्युनिस्ट लागि साँच्चै फागुन १ गते उत्पीडित समुदायको ऐतिहासिक दिन थियो ।

पञ्चायतकालदेखि नै उनले कम्युनिस्ट राजनीति गरेका थिए । पञ्चायतकालको अन्त्यपछि उनले २०४८ सालदेखि संयुक्त जनमोर्चामा खुलेर काम गरेका थिए । यस्तो भेउ पाएको प्रशासनले उनलाई जनयुद्ध घोषणा भएको चौधौँ दिनमा समातेको थियो । गिरफ्तार गरेपछि प्रहरीले उनलाई सार्वजनिक मुद्दा लगाएर कारागार चलान गरेको थियो । त्यसै क्रममा दलित मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्माले उनलाई जेलमा भेट्न गएका थिए । उनी पुराना कुरा सम्झँदै भन्छन्, "पद्मलाल विश्वकर्माले 'एमालेको टिकट लिए छुट्न सजिलो हुन्छ तिलकजी' भनेका थिए । तर मैले 'माफ गर्नुहोला सर, म विचार र सिद्धान्तमा सम्झौता गर्दिनँ' भनेर कडा जवाफ दिएँ । केही महिनापछि मलाई प्रशासनले छोडिदियो ।"

## प्रेरणाका स्रोत

तिलक परियारको स्वभाव बहिर्मुखी खालको छ । उनी आफ्ना विषयवस्तु प्रस्टसँग राख्ने र कुनै छलकपट नगर्ने वक्ता हुन् । राजनीतिक छलफल गर्न, सैद्धान्तिक र वैचारिक बहस गर्न र साहित्य पढ्न उनी बढी रूचाउँछन् । उनलाई आलोचना गर्नेहरू उनमा एकाङ्कीपन र सङ्कीर्णता भएको तथा

कलात्मक पक्षचाहिँ कमजोर रहेको टिप्पणी गर्दछन् । मानिसमा सबल र दुर्बल पक्ष दुवै हुनु स्वाभाविकै छ ।

जेहोस्, नेपाली दलित मुक्ति आन्दोलनमा पञ्चायतकालदेखि बहुदलीयकाल, जनयुद्धकाल हुँदै अहिलेसम्म पनि निरन्तर सङ्घर्षद्वारा नेपाली राजनीतिमा दलित मुद्दालाई स्थापित गर्नमा उनको भूमिका निकै महत्त्वपूर्ण रहेको छ । उनी जनयुद्धको शुरू चरणदेखि नै निरन्तर खटेर जेलको मोर्चामा होस् वा युद्धको मोर्चामा, वर्ग-बैरीसँग किञ्चित नझुकी सतिसालजस्तै निरन्तर अघि बढ्दै आएका छन् । उनी दलित सवालमा मोहनविक्रम सिंहदेखि प्रचण्ड हुँदै मोहन वैद्यसम्मका नेताहरूसँग पनि ढुक्कसँग सैद्धान्तिक लडाइँ लड्ने व्यक्तित्व हुन् । बेलाबेला माओवादी पार्टी दलित सवालमा विचलित हुन खोज्दा उनी कत्ति पनि सम्झौता नगरी जोसुकैको मनुवादी प्रवृत्तिविरूद्ध दृढतापूर्वक जुध्ने गर्दछन् । यसैकारण पनि उनी पार्टीमा आफूलाई पछाडि पारिएको अनुभूति गर्दछन्, तर पनि स्वाभिमानी जीवन नै उत्तम हुने तर्क पनि उनी गर्दछन् । डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा आफूलाई मन्त्री बन्न प्रस्ताव आउँदा पार्टीको संस्थागत निर्णयको माग गर्दै उनले मन्त्री पद खाने मौका नै त्यागेका थिए ।

नेपालमा दलित नेताहरूको नाम लिनुपर्दा तिलक परियारको नाम अग्रपङ्क्तिमा आउँछ । उनीबाट भावी पुस्ताले सिक्ने सबैभन्दा महत्त्वपूर्ण शिक्षा भनेको राजनीतिमा जुझारूपना र निरन्तरता हो; जस्तोसुकै दुःख-कष्टमा पनि विचार र राजनीतिलाई नै केन्द्रमा राख्ने सोच हो; मनुवादी सोच, चिन्तन र व्यवहारविरूद्ध निरन्तर सङ्घर्ष हो भने खास-खास बेलामा दलितवादी भएर सङ्घर्ष गर्ने प्रवृत्ति हो ।

उनी सामाजिक रूपान्तरणका लागि एकता, सङ्घर्ष र रूपान्तरणको मार्क्सवादी विधि अपनाउनुपर्नेमा जोड दिन्छन् । ७४ वर्षमा टेकेका तिलक परियार नेकपा (माओवादी केन्द्र)को केन्द्रीय कार्यालय सदस्य तथा नेपाल दलित मुक्ति मोर्चाका केन्द्रीय संयोजक थिए । माओवादी केन्द्र र एमालेबीच एकीकरणपछि उनी केन्दीय सदस्य छन् । अहिले पनि उनी कम्प्युटरबाटै लेखरचना लेख्छन् र अहिले पनि राति अबेरसम्म अध्ययन गर्ने बानी छ, जुन सबैका लागि सिको गर्न योग्य छ ।

■

# दलित नेताहरूका नेता



▲ पद्मलाल विश्वकर्मा

पद्मलाल विश्वकर्मा एक प्राध्यापक, एक दलित नेता, एक पार्टी नेता र एक सङ्घर्षशील दलित योद्धाको नाम हो । एउटा सर्वसाधारण दलित परिवारमा जन्मेर उच्चशिक्षा हासिल गर्दै नेपाली दलित आन्दोलनको मुक्ति अभियानमा लागेका पद्मलाल विश्वकर्मा दलित अगुवाहरूका पनि अगुवाका रूपमा समेत चर्चित छन् ।

पद्मलाल विश्वकर्माको जन्म २ भाद्र २००७ मा भारतको आसाममा भएको हो । उनी बुबा धनवीर लामगादे-लामिछाने र आमा हर्कमाया कालिकोटेका माहिला छोरा हुन् । उनका एक दाइ, तीन भाइ र तीन बहिनी छन् । ताप्लेजुङ जिल्लाको थेचम्बु गाउँको निम्नवर्गीय दलित समुदायको परिवारमा हुर्केका पद्मलालका बुबाको परम्परागत पेसा थियो, आरन चलाउने । आरन चलाएर, अर्काको अधिया-ठेक्का गरेर उनले ठूलो परिवारको गुजारा चलाएका थिए ।

घरको आर्थिक अवस्था कमजोर भएको हुनाले कामको खोजीमा उनी भारतका विभिन्न स्थान घुमेका थिए । आमा बाबुको फिरन्ते जीवनशैलीको कारण पद्मलाल विश्वकर्माको जन्म आसाममा भएको थियो । अनेक काम गरेका र यात्रा गरेका हुनाले उनका बुबाको चेतना राम्रै विकास भएको थियो । भारतमा गए पनि उनीहरूलाई छुवाछूतले भने छाडेको थिएन । आसामको

सिङ्ग्री-सित्तलमारीमा एकदिन उनको आमालाई 'उच्च'जातका महिलाले इनारमा पानी छोएको भनेर दुर्व्यवहार गरेका थिए ।

त्यतिबेलाको परिस्थितिमा विकट पहाडी जिल्लाको एउटा सामान्य गरिब दलितका लागि परिवारको लालन-पालन गर्नु, शिक्षादीक्षा दिनु निकै गाह्रो थियो । त्यसैले पद्मलाल विश्वकर्माका दाजु-भाइ र बहिनीहरूले गाउँकै प्राथमिक विद्यालयमा सामान्य लेखापढीमात्रै गरेर छाड्नुपर्ने बाध्यता भयो ।

## बाल्यकालदेखि एकपछि अर्को सफलता

आर्थिक अभावका कारण कामको खोजीमा बाबुआमाले घुमन्ते जीवन बाँच्नुपर्‍यो । त्यसैकारण उनको बाल्यकाल पनि घुमन्तेकाल जस्तै हुन पुग्यो । उनले प्राथमिक पढाइ गाउँकै विष्णु अमर प्राथमिक विद्यालयमा गरे । निम्नमाध्यमिक शिक्षा पढ्नका लागि उनी झापाको बुद्ध आदर्श मावि बुधबारेमा गए । त्यहाँ अरूको सेवा चाकरी गरी उनले अध्ययनलाई निरन्तरता दिए । त्यहीँबाट उनले माध्यमिक शिक्षा हासिल गरे ।

सानो छँदै 'जीवन भनेको एक सङ्घर्ष हो' भन्ने छाप उनको मनमा परेको थियो । यस्तै मनोविज्ञानका साथ सङ्घर्ष गरेका कारण उनले एकपछि अर्को सफलता हात पार्दै गए । उच्च शिक्षा प्राप्त गर्ने क्रममा महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम र धनकुटा बहुमुखी क्याम्पस धनकुटाबाट आईएड गरे । त्यसपछि उनी थप शिक्षा अध्ययनका लागि काठमाडौँ छिरे । घरको आर्थिक अवस्था निकै कमजोर भएकाले विभिन्न शिक्षण संस्थामा पढाउँदै उनले अध्ययनलाई अघि बढाए ।

२०३३ सालमा उनको विवाह उर्मिलादेवी साशंकर (वि.क.)सँग भयो । अनुप र मधुपकुमार गरी उनका दुई छोरा छन् । उनले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट अङ्ग्रेजी विषयमा एमएडसम्मको अध्ययन गरे । उनले एमएस डिग्री चाहिँ म्यानचेस्टर युनिभर्सिटी बेलायतबाट गरे ।

## जातपात-छुवाछूतको पीडा र चेतना

पद्मलाल विश्वकर्मा जन्मिएको सामाजिक परिवेश निकै रूढिग्रस्त र परम्परावादी थियो । त्यसैले उनले पनि सानैदेखि जातभात र छुवाछूतको उत्पीडन भोगेका थिए । सानो छँदा आमालाई पछ्याउँदै गाउँ जाँदा माथिल्लो

भनिने जातका घरमा पस्न पाइँदैनथ्यो, बाहिरै बसेर खानुपर्थ्यो, खाएका खोरा-खबेटा आफैले धोइपखाली पिँढीमा घोप्ट्याएर राख्नुपर्थ्यो । त्यस्ता भाँडा सुकेपछि फेरि माथिल्लो भनिने जातहरु आफैले पखालेर भित्र लाने चलन थियो । यस्ता चलन र व्यवहारले उनको बाल मनोविज्ञानमा विभेदले भरिएको समाजको गहिरो छाप पर्न गयो ।

बसाइँ सर्ने क्रममा उनको परिवार २०१२ सालमा ताप्लेजुङको थेचम्बुमा बस्न थाल्यो । त्यतिबेला स्याउलाले बारेको छाप्रोमा केटाकेटीलाई पढाउने चलन थियो । उनका दाजु त्यहीँ पढ्ने हुँदा उनी पनि दाजुसँगै स्कुल पढ्न गए । त्यहाँ खस आर्य र जनजातिका केटाकेटीलाई छाप्रोभित्र बाँसको बेन्चीमा राखेर पढाइन्थ्यो । तर दलित केटाकेटीले छाप्रोबाहिर बारीमा माटोको डल्लामा बस्नुपर्दथ्यो । मास्टरले भित्र पढाउँदै गर्दा बेला-बेलामा बाहिर निस्केर बारीको माटोमा बस्ने विद्यार्थीलाई हकार्दथे । भित्र अरू गैरदलित विद्यार्थीसँगै बस्दा खस आर्य र जनडजाति विद्यार्थी साथीहरूका मसी र चन्दन छोइन्छ भनेर मास्टरले हपार्नेगर्दथे । त्यतिबेला विद्यालयजस्तो स्थलमा पनि जातीय विभेद चर्को रूपमा कायम थियो । त्यस्तो चरम विभेदले उनीभित्र 'हामीलाई किन यस्तो व्यवहार गरिएको होला, आखिर मान्छे मान्छे एउटै त हो' भन्ने भाव बेलाबेला आउने गर्दथ्यो ।

२०२० सालमा झापाको बुधबारेमा पढ्दै गर्दा भाद्र १ गते मुलुकी ऐन जारी भयो । त्यस दिन सबै गुरू र विद्यार्थी मिलेर जुलुस लगाए । स्कुलको आयोजनामा भएको खुसियाली र्‍यालीमा चियापानको आयोजना पनि गरियो । गुरूहरूले 'आजबाट छुवाछूत हट्यो, अब सबै सँगै बसेर खानुपर्छ' भने, तर उनका साथीहरूले भने सँगै खान मानेनन् ।

प्रवेशिका परीक्षा उत्तीर्ण भएपछि उनी २०२९ सालमा उच्च शिक्षा अध्ययनका लागि काठमाडौँ आए । काठमाडौँ आउने क्रममा उनले झोलागुण्टा बुधबारेस्थित एक पाठक थरको चियापसलेको बेन्चीमा राखे । बेन्चीको अर्को छेउमा होटेलकी साहुनीले राखेको दूध र दही छोइयो भनेर उनलाई हुनसम्मको गालीगलौज गरी । उनका आफन्तले दूध र दहीको पैसा तिरेपछि मात्रै उनलाई काठमाडौँ जान दिइयो । यो घटनालाई उनी आफ्नो जीवनको निकै दुःखद् घटनाको रूपमा लिन्छन् ।

त्यसैगरी, त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन पेसामा छँदा एकपटक उनी गाउँ गएको बेला पनि यस्तै व्यवहार गरियो । आफ्ना गाउँले छिमेकी कपिलमुनि भण्डारीले सप्ताह पुराणमा उनलाई पनि निम्तो गरे । उनी निम्तो मान्न पुराण लगाइएको स्थानमा गए । त्यहाँ घर अघिल्तिर मण्डप बनाएर देवकी नन्दन कोइरालाले पुराण वाचन गरिरहेका थिए । खस आर्य तथा जनजाति समुदायका श्रोता मण्डप अघिल्तिर आँगनमा बसेका रहेछन् । आँगनमाथिको बारीमा स्थानीय दलित समुदायका श्रोता बसेका रहेछन् ।

उनी सरासर सिकुवामा गएर काठको पिर्कामा बसेपछि पुराण वाचक पण्डितले उनीतिर हेर्दै एकाएक वाचन रोके । अरू सबैका आँखा अचम्मित हुँदै उनीमाथि पऱ्यो । त्यसपछि उनी जुरूक्क उठेर केही पनि नबोली आफ्नो घरतिर लागे । उनी हिँडेपछि उनले ओछ्याएका पिर्का र सिकुवासमेत धोएर बिटुलो भएको भन्दै 'शुद्ध' पारेर मात्रै पुराण वाचनलाई निरन्तरता दिइयो । सो घटना देखेर उनलाई दलित आन्दोलनमा लाग्न थप उत्साह मिल्यो भने हाम्रो समाजको चेतना सम्झेर घृणा र टिठ लागेको थियो ।

## दलित र मानवअधिकार आन्दोलनको संयोजन

पद्मलाल विश्वकर्मा त्रिभुवन विश्वविद्यालयमा अङ्ग्रेजी विषयमा प्राध्यापन गर्दथे । उनलाई रोजीरोटीको समस्या थिएन । सानै उमेरदेखि दलित समुदायमाथि भएको हेलाहोचो र विभेद देखेर विद्रोही चेतना विकास भएको थियो । यसै क्रममा उनले आफ्नो समुदायलाई सङ्गठित गरी अमानवीय ज्यादतीविरूद्ध सामूहिक विद्रोह गर्ने प्रयास गरेका थिए । उनी जीवनमा पहिलो पटक २०३६ सालमा समाज सुधार सङ्घको केन्द्रीय कार्यकारिणी सदस्य भए । त्यसपछि दलित अगुवा गोल्छे सार्कीको नेतृत्वमा २०४५ सालमा गठित उत्पीडित जातीय उत्थान मञ्च (उजाउमञ्च)को केन्द्रीय सदस्य हुँदै पछि महासचिव भए ।

दलित समुदायमाथि जारी विभेद र उत्पीडन देशव्यापी रूपमा बढ्दै जाँदा साझा सङ्गठनको आवश्यकता पनि बढ्दै गयो । यसै क्रममा जातीय समता समाज (एक समूह), उत्पीडित जातीय उत्थान मञ्च र दलित जनविकास परिषद्बीच ७ चैत्र २०४९ मा चितवनमा एकता भेला गरियो । भेलाले 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज' साझा सङ्गठन स्थापना गऱ्यो । सो भेलाले उनलाई अध्यक्ष र आहुतिलाई महासचिवमा निर्वाचित गऱ्यो । २०५१

सालमा दलित मुक्ति समाजको बुटवलमा भएको दोस्रो राष्ट्रिय सम्मेलनमा पनि उनी पुनः अध्यक्षमा निर्वाचित भए । महासचिवमा छविलाल विश्वकर्मा निर्वाचित भए ।

उनको नेतृत्वमा भएको मुक्ति समाजले देशव्यापी रूपमा दलित समुदायमाथि भएका थुप्रै ज्यादती र विभेदविरूद्ध ठूलठूला विरोध प्रदर्शन, ऱ्याली, आमसभा, दूध भराउ र पानी भराउ आन्दोलनको अगुवाइ गऱ्यो । त्यसपछि सो सङ्गठनमा आबद्ध हुने र आन्दोलनमा सहभागिता हुने लहर नै चल्यो ।

उनी दलित आन्दोलनमा मात्रै नभएर मानवअधिकारको आन्दोलनमा पनि सक्रिय छन् । यसै सिलसिलामा उनी २०५० सालमा मानव अधिकार संरक्षण मञ्चको केन्द्रीय पार्षद भए । उनले २०५२ सालमा पदाधिकारीमा रही काम गरे । त्यस्तै, २०५७ मा जातीय भेदभावविरूद्ध राष्ट्रिय मञ्चका महासचिवको जिम्मेवारी पनि लिए । २०५९ सालमा सरकार र माओवादी वार्ताका लागि दबाब समूहमा पनि उनले सदस्य भई काम गरे । २०६२ सालमा शान्तिका लागि नागरिक ऐक्यबद्धताको केन्द्रीय कार्याकारिणी सदस्य भए भने पछि नागरिक शान्ति आयोगको सदस्य, शान्तिका लागि सहकार्यको कोषाध्यक्षमा रही काम गरे । नेपालको राष्ट्रिय राजनीतिमा नागरिक आन्दोलनका अगुवाको छवि बनाएका पद्मलालले २०६२ सालमा युद्धविराम नागरिक अनुगमन समितिको सदस्यको जिम्मेवारी कुशलतापूर्वक पूरा गरे । त्यस्तै, शान्ति र लोकतन्त्रका लागि नागरिक आन्दोलनका सदस्य पनि भएर काम गरे । यसरी उनले नेपालमा दलित अधिकार र मानवअधिकार आन्दोलनलाई संयोजन गर्ने ऐतिहासिक काम गरे ।

२०४९ सालदेखि नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको उनी निरन्तर अध्यक्ष हुँदै आएका थिए । २०६२/६३ सालको ऐतिहासिक जनआन्दोलनका बेला गठित संयुक्त दलित सङ्घर्ष समितिको उनी सदस्य भए । पछि दलित मुक्ति मोर्चासहित सहभागी भएको संयुक्त गणतान्त्रिक दलित मोर्चाको पनि उनी सदस्य भए । २०६६ सालमा नेपाल दलित मुक्ति मोर्चा र नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको एकता भएपछि उनी नेपाल दलित मुक्ति मोर्चा (एकीकृत)का केन्द्रीय उपाध्यक्ष भए । पछि नेपाल दलित मुक्ति मोर्चाको संरक्षक भए ।

## दलित आन्दोलनमा उनको अगुवाइको शृङ्खला

**काठमाडौँको खुलामञ्चमा विरोध सभा :** यसरी विभिन्न सङ्घसंस्था र सङ्गठनको अगुवाइ गर्ने क्रममा देशमा भएका अनेक सङ्घर्ष र आन्दोलनको नेतृत्व गर्नेहरूमा पद्मलाल विश्वकर्माको नाम अघिल्लो पङ्क्तिमा आउँछ । यसै क्रममा एउटा उल्लेखनीय आन्दोलन हो काठमाडौँको खुलामञ्चमा विरोध सभा ।

प्रजातन्त्र स्थापनापछि २०४७ सालमा बनाइएको संविधानमा दलित समुदायका मुद्दा समावेश नगरिएको विरोधमा तत्कालीन उत्पीडित जातीय उत्थान मञ्चको आयोजनामा ८ मङ्सिर २०४७ मा खुलामञ्चमा बृहत् विरोध सभाको आयोजना भएको थियो । त्यस सभामा दलित अगुवाहरू गोल्छे सार्की, पद्मलाल विश्वकर्मालगायतले सम्बोधन गरेका थिए ।

**उदियाचौर दुग्ध काण्ड सङ्घर्ष :** स्याङ्जाको उदियाचौरमा भगवती दुग्ध सङ्कलन केन्द्रमा दलित समुदायलाई गैरदलितहरूले दूध मिसाउन नदिएपछि त्यहाँ सङ्घर्ष भएको थियो । त्यस घटनामा दलित समुदायलाई कुटपिट गरी दुग्ध सङ्कलन केन्द्र नै बन्द गरिएको थियो । उनको नेतृत्वमा भएको नेपाल उत्पीडित जातीय मुक्ति समाजको आयोजनामा त्यसको विरोधमा १ फागुन २०५० मा स्याङ्जा बजारमा विरोध प्रदर्शन गरियो । त्यसपछि प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएर ठूलो आमसभा गरियो । त्यही सङ्घर्षको परिणामस्वरूप विभेद गर्नेहरूले माफी माग्न बाध्य हुनुपर्‍यो । उनीहरूले दलित समुदायलाई दूध बिक्री पनि खुला गर्नुपर्‍यो । यस घटनाले त्यहाँका दलितमा पहिलो पटक विजयको भाव सञ्चार गर्‍यो ।

**गोरखकाली मन्दिर प्रवेश सङ्घर्ष :** राजा पृथ्वीनारायण शाहको दरबारको रूपमा परिचित गोरखा दरबार परिसरमा रहेको छ गोरखकाली मन्दिर । त्यस मन्दिर प्रवेशमा दलित समुदायलाई निषेध गर्ने र रोट चढाउन नदिने निर्णय भएपछि दलित आन्दोलन उठ्यो । दलित समुदायको साझा सङ्गठन दलित मुक्ति समाजको आयोजनामा ७ फागुन २०५० मा उक्त जिल्लाका दलितसहित देशैभरिबाट दलित नेता जुटे । त्यसको मुख्य नेतृत्व पद्मलाल विश्वकर्माले गरेका थिए ।

सो आन्दोलनको बलमा दलितलाई मन्दिर प्रवेश गर्न र रोट चढाउन नपाउने प्रतिबन्ध फुकुवा गरियो । यो गोरखकाली मन्दिर राजपरिवारको कुलदेवताको रूपमा मानिँदै आएको हुनाले नेपाली दलित आन्दोलनमा गोरखकाली मन्दिर प्रवेश सङ्घर्षको ऐतिहासिक महत्त्व छ ।

**कुवापानी उघाउ सङ्घर्ष :** सिन्धुपाल्चोकको सिपापोखरे भन्ने स्थानमा रहेको कुवा दलितहरूले छुन पाउँदैनथे । यसका विरूद्ध स्थानीय दलितहरूले आवाज उठाए बापत उनीहरूमाथि हमला भयो । यसका विरूद्ध दलित मुक्ति समाजको आयोजनामा पद्मलाल विश्वकर्माकै अगुवाइमा २१ फागुन २०५० मा दलितहरूको ठूलो ऱ्यालीसहित उक्त कुवाबाट पानी उघाउ अभियान चलायो ।

**कटुञ्जे पँधेरो पानी उघाउ सङ्घर्ष :** काभ्रेको मोहोरिया गाउँको कटुञ्जे पँधेरोमा दलितका लागि निषेधित गरियो । त्यसपछि त्यस पँधेरोमा दलितहरूले पानी भर्न खोज्दा दलित महिलाहरूमाथि साङ्घातिक आक्रमण गरियो र दण्ड जरिबानासमेत गरियो । त्यसपछि दलित मुक्ति समाजको आयोजनामा ५ पौष २०५४ मा मोहोरिया पानी उघाउ सङ्घर्ष सफलतापूर्वक सम्पन्न भयो । तत्पश्चात् दलितहरूले त्यस पँधेरोमा सहज रूपमा पानी खान पाए ।

**गैँडाकोट दूध भराउ सङ्घर्ष :** नवलपरासीको गैँडाकोटमा खोलिएको बहुउद्देश्यीय सहकारी संस्थाको दूध सङ्कलन केन्द्रमा गैरदलितहरूले दलित समुदायलाई दूध भर्न रोक लगाइएको विरोधमा लामो सङ्घर्ष भयो । ३० जेष्ठ २०५७ का दिन दलित मुक्ति समाजको आयोजनामा वारको पार सङ्घर्ष भयो । दूध सङ्कलन केन्द्र आन्दोलनकारीको घेराबन्दीमा पऱ्यो । उक्त सङ्घर्षको फलस्वरूप उक्त संस्थाका पदाधिकारीहरूले विगतमा गरिएको दुर्व्यवहारको क्षमायाचना गरे । त्यसपछि दलितहरूलाई दूध भर्न दिने लिखित सहमति भयो ।

**सिंहदरबार घेराउ तथा अनसन सङ्घर्ष :** नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजको अगुवाइमा सरकार र विभिन्न राजनीतिक दललाई बुझाइएको १८ सूत्रीय माग पूरा गराउन विभिन्न खालका सङ्घर्ष गरियो । यसै क्रममा ९ असार २०५७ मा सिंहदरबार घेराउ गरी १० असारदेखि सिंहदरबारसामु रहेको भद्रकालीमा अनसन बसियो । सो घेराउको नेतृत्व पद्मलाल विश्वकर्मालगायतका नेताले गरे । सो आन्दोलनमा दलित आन्दोलनका स्थापित नेताहरू पद्म

सुन्दास, रणेन्द्र बराइली, भक्त बराली, विनोद पहाडी, गणेश विश्वकर्मा, दलबहादुर सुनारलगायतको नेतृत्वदायी सहभागिता थियो ।

सिंहदरबार घेराउ कार्यक्रममा भद्रकालीबाट विशाल जनसमुदायले नारा जुलुससहित अनामनगर चोकमा १ घण्टा चक्का जाम गरियो । सो कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी धेरैलाई गिरफ्तार गर्‍यो । अनसन कार्यक्रममा विभिन्न राजनीतिक दल र सङ्घ/संस्था, पत्रकार, मानवअधिकारकर्मीलगायतले ऐक्यबद्धता जनाए । १४ असारमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग पाँचबुँदे सहमति भयो ।

त्यसैगरी लोकतन्त्र बहालीका लागि संयुक्त दलित सङ्घर्ष समितिको आयोजनामा ६ वैशाख २०६३ मा काठमाडौंको ग्वँग:बुँ चोकमा पनि बृहत् दलित प्रदर्शन भएको थियो । त्यसमा पनि उनको महत्त्वपूर्ण भूमिका थियो ।

## राजनीतिक पार्टीमा आबद्धता

पद्मलाल विश्वकर्मा २०२८ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्य भएका थिए । उनी २०४३ सालमा तत्कालीन नेकपा (माले) सम्बद्ध अनेरास्ववियुको सदस्य भएका थिए । उनले २०४६ सालमा नेकपा (माले) विशेष जिल्ला पार्टीको सदस्य, २०५६ सालमा नेकपा (माले) को पेसागत विशेष जिल्ला कमिटीको सदस्य, २०५६ सालमा नेकपा (माले) राष्ट्रिय परिषद् सदस्यको जिम्मेवारी बहन गरेका थिए । एमालेको फुटपछि उनी वामदेव गौतम महासचिव भएको नेकपा (माले)मा आबद्ध भए ।

नेकपा (माले) र नेकपा (एमाले)को एकतापछि उनी स्वतन्त्र भए । उनी २०६३ सालमा नेकपा (माओवादी)को तर्फबाट युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिका सदस्य भए । त्यसपछि उनलाई नेकपा (माओवादी)ले २०६३ सालमा अन्तरिम व्यवस्थापिका सदस्य बनायो । त्यतिबेला पनि उनी स्वतन्त्र नै थिए । त्यसपछि उनले नेकपा (माओवादी)मा प्रवेश गरेको घोषणा गरे । उनको नेतृत्वमा रहेको नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजलाई नेपाल दलित मुक्ति मोर्चासँग जोडियो ।

२०६४ सालमा उनी नेकपा (माओवादी)को विशेष जिल्ला कमिटी सदस्य भए भने पहिलो संविधानसभामा नेकपा माओवादीको कोटामा समानुपातिक

प्रणालीतर्फका सभासद् भए । संविधानसभाको सदस्य हुँदा उनले व्यवस्थापिका संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिको सभापतिजस्तो महत्त्वपूर्ण पदमा रहेर प्रभावकारी ढङ्गले भूमिका निर्वाह गरे । त्यस्तै, २०६५ सालमा पार्टीको राज्य समिति सदस्यको जिम्मेवारी पनि पूरा गरे । २०६९ सालदेखि उनी पार्टीको केन्द्रीय सदस्यको भूमिकामा छन् ।

## विश्वविद्यालयमा प्राध्यापन

पद्मलाल विश्वकर्माले पोखराको लामाचौर माविमा ६ महिनाजति अध्यापन गरेका थिए । त्यसपछि २०३६ सालमा बुटवल क्याम्पसबाट विश्वविद्यालयमा पढाउन थाले । त्यसपछि २०३८ सालदेखि २०४३ सालसम्म महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा प्राध्यापन गरे । त्यसपछि २०४५ सालदेखि २०६३ सम्म कीर्तिपुर बहुमुखी क्याम्पस, कीर्तिपुरमा प्राध्यापन गरे, पहिले उप-प्राध्यापकका रूपमा र पछि सह-प्राध्यापकको रूपमा । २०६४ सालमा संविधानसभा सदस्य हुने भएपछि उनले त्रिभुवन विश्वविद्यालयबाट राजीनामा दिए ।

## भ्रमण र कृति

उनले देशका प्रायःजसो सबै जिल्लाको भ्रमण गरेका छन् । त्यसैगरी, भारत, पाकिस्तान, इरान, थाइल्याण्ड, सिङ्गापुर, कम्बोडिया, स्विट्जरल्याण्ड, जोर्डन, बेलायत, कतार, संयुक्त अरब इमरेट्सको भ्रमण गर्न भ्याएका छन् । उनले प्रकाशन र सम्पादनको क्षेत्रमा काम गर्ने क्रममा २०३६ सालमा समाज सुधार सङ्घको मुखपत्र 'प्रतिनिधि' पत्रिकाको सम्पादन गरेका छन् । त्यस्तै, उनले इन्सेकद्वारा २०५३ मा प्रकाशित 'नेपालमा जातीय छुवाछूत' पुस्तकको सम्पादन, ग्रिन्सो नेपालद्वारा प्रकाशित 'दलित समुदायका समस्या-२०५३' सम्पादन गरेका छन् ।

त्यसैगरी, उनले 'नेपालको संविधान र उत्पीडित जातिको अधिकार-२०५३', कन्सर्न नेपालद्वारा प्रकाशित 'बाल अधिकार र दलित बालबालिका-२०५७' पुस्तकको सह-लेखनसँगै एनकार्डद्वारा प्रकाशित 'डर्बान घोषणा र कार्ययोजना तथा नेपालमा जातीय विभेद २००२' पुस्तकको अनुवाद गरेका छन् । त्यस्तै, उनले रत्नमाया दलित साहित्य प्रतिष्ठानद्वारा प्रकाशित पुस्तक 'ब्राम्हणवाद, दलित र आरक्षण २०६०'को लेखन, 'राज्य पुनःसंरचनाः दलित र मधेशी सवाल २०६३'को सह-लेखन पनि गरेका छन् ।

त्यस्तै, 'नेपाली दलित आन्दोलनको सङ्क्षिप्त इतिहास २०६३', समानता वर्ष १ को अङ्क १, २ र ३ को सम्पादन गरेका विश्वकर्माले युएनडिपीद्वारा प्रकाशित 'मानव विकास प्रतिवेदन, १९९९ मा दलित सवाल'को सहलेखनको काम पनि गरेका थिए । यसका साथै गोरखापत्र, कान्तिपुर, मूल्याङ्कन, दलित सन्देश पत्रिकालगायतका थुप्रै पत्रपत्रिकामा पनि उनका रचना प्रकाशित भएका छन् । उनले दलित आन्दोलनको कार्यदिशासम्बन्धी दर्जनौँ कार्यपत्र लेखेका छन् ।

## स्थापित प्राज्ञिक नेता

परिवारको आर्थिक स्थिति निकै कमजोर भएकोले कामको खोजीमा घुमन्ते जीवन बिताउने क्रममा भारतमा जन्मिएर पूर्वी नेपालमा अभाव र गरिबीका बीचमा बाल्यकाल गुजारेका पद्मलाल विश्वकर्माले पछि आएर निकै नै ठूलो प्रगति गरे । उनी आफ्नो विषयवस्तु प्रस्तुतिमा पोख्त छन् । उनी नेपाली दलित आन्दोलनका एक जना स्थापित प्राज्ञिक नेता हुन् । मानवअधिकारका क्षेत्रमा पनि उनी त्यत्तिकै स्थापित र क्रियाशील छन् ।

फरासिलो स्वभाव र स्पष्ट वक्ताको छवि बनाएका पद्मलाल विश्वकर्माले विभिन्न पार्टीमा दलित समुदायबाट विकसित भएका स्थापित नेताहरूमा आहुति, छविलाल विश्वकर्मा, तिलक परियार, पद्म सुन्दास, दानबहादुर विश्वकर्मा, महेश्वर गहतराज, मीन विश्वकर्मा आदिलाई पनि लामै समयसम्म नेतृत्व गरेका थिए । ती सबैजसो नेताहरु सहभागी रहेको र दलितहरूको साझा सङ्गठनको रूपमा रहेको दलित मुक्ति समाजलाई उनले २०४९ सालदेखि २०५५ सालसम्म अगुवाइ गरेका थिए । त्यतिबेला दलित आन्दोलन निकै नै उत्साहजनक र प्रभावकारी ढङ्गले अगाडि बढेको थियो ।

२०४३ सालमा तत्कालीन नेकपा (माले) पार्टीमा आस्था राखेर सहयोग गरेको र इलाम क्याम्पसको होस्टेल वार्डेनको हैसियतले अखिलका विद्यार्थीलाई सहयोग पुऱ्याएको आरोपमा प्रहरी प्रशासनले उनलाई पटक–पटक गिरफ्तार गरी हिरासतमा राखेको थियो । राजा ज्ञानेन्द्रको शाही शासनकालमा माघ १९ को शाही कदमको विरोधमा २१ साउन २०६२ मा शान्ति र लोकतन्त्रका लागि नागरिक आन्दोलनद्वारा काठमाडौँको रत्नपार्कमा आयोजित विरोध प्रदर्शनमा सहभागी हुँदा पनि उनलाई प्रहरीले गिरफ्तार गरेको थियो । त्यसैगरी अन्तरिम व्यवस्थापिका संसद् सदस्य हुँदा २०६३ सालमा दलित आन्दोलनको क्रममा सिंहदरबार अगाडि भएको धर्ना कार्यक्रमबाट पनि उनी गिरफ्तार भएका थिए ।

सानै उमेरमा कम्युनिस्ट पार्टीमा लागेका पद्मलाल शुरूमा एमाले, त्यसपछि माले, त्यसपछि माओवादीमा आबद्ध भएका थिए । उनलाई आलोचना गर्नेहरू उनमा अवसरवादी र अधैर्य चरित्र रहेको टिप्पणी गर्छन् । निश्चित पार्टीको आँखाबाट हेर्दै उनलाई अस्थिर पनि भन्नेहरू छन्, तर उनको प्रवृत्ति क्रान्तिकारी नै हो भन्न सकिन्छ । किनभने उनी फेरिएको परिस्थितिअनुसार क्रान्तिकारी पार्टी नै उनको छनोटमा परेको देखिन्छ । नेपालको इतिहासमा एउटै पार्टी विभिन्न कालखण्डमा सधैँ क्रान्तिकारी भइराख्न सक्दो रहेनछ । यो हाम्रो देशको सन्दर्भमा तितो यथार्थ बनेको छ ।

जेहोस्, पद्मलाल विश्वकर्मा नेपाली दलित आन्दोलनको स्थापित सांगठनिक क्षमता भएका नेता हुन् । आन्दोलनमा उनको निकै महत्त्वपूर्ण तथा ऐतिहासिक भूमिका रहँदै आएको छ । साधारण दलित परिवारमा जन्मेर उच्चशिक्षा हासिल गर्दै नेपाली दलित आन्दोलनको मुक्ति अभियानमा उनी दत्तचित्त भएर लागेको इतिहास साक्षी छ । दलितहरूलाई सङ्गठित गर्न उनी देशका सम्पूर्णजसो भागमा पुगेका छन् ।

दलित आन्दोलनलाई अन्तर्राष्ट्रियकरण गर्न उनी विश्वका विभिन्न फोरममा सहभागी भएका थिए । त्यस्ता फोरममा उनी कतै चिच्याए, कतै अर्ज गरे, निवेदन गरे, कतै आक्रोश व्यक्त गरे भने कतै नेपालको तर्फबाट पोजिसन पेपर प्रस्तुत गरे । यसरी नेपालको दलित आन्दोलनमा पद्मलाल विश्वकर्मा हिजोको पुस्ताको नेता, आजको पुस्ताको अगुवा र भावी पुस्ताका लागि पथप्रदर्शकका रूपमा रहेका छन् ।

उनी नेपालका सबैजसो जिल्लाको भ्रमण गर्ने नेतामध्ये पर्दछन् । उनी भ्रमणमात्रै गर्नेभन्दा पनि त्यस क्षेत्रका दलितहरूको अवस्थाबारे मसिनो अध्ययनसमेत गर्ने गर्दछन् । उनको अगुवाइमा दलित मुक्ति समाजले इन्सेकद्वारा प्रकाशन भएको मानवअधिकार वर्ष पुस्तक–१९९३ मा दलित विशेषाङ्कमा नेपालका दलितहरूका जात तथा थरहरू र यिनको वर्गीकरण समेत गरेको थियो । सोही पुस्तकमा उल्लेखित दलितका थर तथा गोत्र आजको समकालीन दलित आन्दोलनका आधार बनेका छन् । नेपाल सरकारका समावेशी कोटा, समानुपातिक क्लस्टर, राष्ट्रिय दलित आयोगको दलित पहिचानसहितको अनुसूची यही पुस्तकको देन हो भन्दा कुनै अत्युक्ति हुँदैन ।

■

# गोठालोदेखि मन्त्रीसम्म



▲ **मानबहादुर विश्वकर्मा**

मानबहादुर विश्वकर्मा नेपाली दलित राजनीतिको सफल शिर्ष नेतृत्वमध्ये एकमा पर्दछन् । नेपाली काङ्ग्रेसमा निकै प्रभावशाली मानिने मानबहादुर विश्वकर्माको राजनीतिक हैसियत उच्च छ । उनको अगुवाइमा भएका संस्थागत तथा व्यक्तिगत पहलको परिणामस्वरूप पार्टी तथा सरकारबाट दलित समुदायका लागि थुप्रै नीति-निर्णय भएका छन् ।

मानबहादुर विश्वकर्मा आफू राजनीतिमा सफल हुनुको श्रेय नेपाली काङ्ग्रेसका सभापति एवं तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई दिन्छन् । कोइरालामा स्मरण शक्ति र क्षमताअनुसार कार्यकर्ताको मूल्याङ्कन गर्न र परिचालन गर्न सक्ने क्षमता भएको उनी बताउँछन् । कोइरालाकै प्रोत्साहनमा आफूले राजनीतिक क्षमता र हैसियत प्राप्त गरेको ठान्ने उनको जीवनको उतार-चढाव उल्लेखनीय छ ।

## बाल्यकालमा डेढ वर्ष गोठालो

मानबहादुर विश्वकर्माको जन्म २००१ सालमा भएको हो । तर प्राविधिक कारणले उनको नागरिकतामा २००५ साल उल्लेख रहेको छ । उनी अर्घाखाँचीको साविकको कुर गाविसमा, हालको सन्धिखर्क नगरपालिका वडा नं. २ मा भएको थियो । उनी बुबा ज्ञानबहादुर र आमा मुगादेवीका एक्ला छोरा हुन् ।

पुरानो पेसाको हिसाबले फलामको काम गर्ने समुदायको भए पनि उनको परिवारले कहिल्यै फलामको काम गरेन । उनका बुबा ज्ञानबहादुर स्थानीय भूषाल थरका मालिककहाँ हली–गोठाला थिए । ३ मोहोर ऋण लिए बापत उनी हली–गोठालोको काम गर्न बाध्य भएका थिए ।

बाध्यात्मक श्रम र गरिबीको प्रभाव मानबहादुर विश्वकर्माको शिक्षामा पनि पऱ्यो । उनले १३ वर्षको उमेरसम्ममा पनि औपचारिक शिक्षा लिन पाएनन् । त्यति बेलासम्म उनी पनि आफ्ना बुबाले काम गर्ने स्थानीय मालिककोमा काम गर्दथे । उनले पनि निमेकको काम गरे, मालिकको धान काटे, घाँस काटे, खर काटे, मल बोके । त्यस्तै, दाउरा ल्याउने र बाख्रा चराउने काम पनि गरे । बुबाले हली बसेको घरमा उनी पनि डेढ वर्षसम्म गोठालो बसेको घटना उनको दिमागमा अझै पनि ताजै छ ।

यसरी बाध्यतापूर्वक काम गर्नुपर्ने भएकाले मालिकको खेत जोतिरहेको बेला उनका बुबा ज्ञानबहादुरको मनमा एक्कासी विद्रोहको भावना जन्मिएछ । त्यही जोशमा उनी खेतमा जोतिरहेका गोरूलाई त्यसै छाडेर भारततिर लागे ।

ज्ञानबहादुर घरगाउँ छोडेर भारतमा पुगेपछि सेनामा जागिरे भए । दोस्रो विश्वयुद्ध चलिरहेको बेलासम्म उनी ब्रिटिस गोर्खा आर्मी थिए । दोस्रो विश्वयुद्ध सकिएपछि सन् १९४५ मा उनी घर फर्के । घर फर्केको केही समयपछि उनी फेरि ७–८ वर्ष नै हराए ! निकै धेरै खोजेपछि मानबहादुरकी आमाले ज्ञानबहादुरलाई भारतको लखनउमा भेट्टाइन् । उनी आफ्नो परिवारसँग आफ्नै घर अर्घाखाँची बस्न थाले । तर केही समयपछि उनी फेरि भारततिरै गए । पूर्व सैनिकको हैसियतमा उनी भारतको धनवादमा सुरक्षा गार्डमा जागिरे भए ।

## छात्रवृत्तिमा एमएस्सीसम्मको अध्ययन

भारतमा चौकीदारको जागिर खान थालेका ज्ञानबहादुरले आफ्ना छोरा मानबहादुरलाई पनि धनवाद नै लिएर गए । २ वर्षसम्म घरमै ट्युसन पढाएर एकैपटक विद्यालयमा ६ कक्षामा भर्ना गराइदिए । उक्त कक्षाको फाइनल परीक्षामा उनी ४४४ नम्बर प्राप्त गरी कक्षमा तृत्रीय भए । यस्तो परिणामले उनलाई पढ्नमा निकै प्रोत्साहन प्राप्त भयो ।

उनको पढाइ त्यति सहज भएन । काम गर्दागर्दै पढाइ जारी राख्नुपर्ने

बाध्यता भयो । उनी आमासँगै विहान ६ देखि ९ बजेसम्म गिट्टी कुट्ने गर्थे अनि १० बजेपछि स्कुल गई पढ्ने गर्दथे । कक्षा ९ पढ्दै गर्दा विद्यालयको वार्षिकोत्सवको दिनमा मानबहादुर एकसाथ ३ वटा विषयमा प्रथम भए । गणितमा, दौडमा र डोरी समातेर चढ्ने खेलमा पनि । वार्षिक कार्यक्रममा प्रमुख अतिथिको रुपमा आएका थिए प्रमुख जिल्ला शिक्षा अधिकारी (जिशिअ) । जिशिअ उनको विशिष्ट क्षमता देखेर निकै खुसी भए । जिशिअले उनीबारे हेडमास्टरबाट थप जानकारी लिए । उनले गिट्टी कुटेर पढाइ जारी राखेको र पढाइ पनि राम्रो रहेको जानकारी दिए । त्यसपछि जिशिअ निकै प्रभावित भएर उनलाई अलग्गै भेटे । प्रोत्साहन दिँदै उनले भने, "अब तिमीले गिट्टी फोर्न छोडी देऊ, अब म तिमीलाई छात्रवृत्ति मिलाई दिन्छु !"

त्यसपछि उनलाई एउटा फारम भर्न लगाइयो । त्यसपछि उनलाई म्याट्रिकुलेसनसम्म रू. १५० का दरले छात्रवृत्तिको व्यवस्था भयो । म्याट्रिकुलेसनमा मेरिट लिष्टमा उत्तीर्ण भएको हुनाले उनले कलेजमा पनि राष्ट्रिय छात्रवृत्ति प्राप्त गरे । यसै क्रमा उनले आइए प्रथम श्रेणी, बिएसी अनर्स र गणितमा एमएससी गरे । यसरी मानबहादुर विश्वकर्माले उच्च शिक्षा हासिल गरे, गाउँमा निमेकको काम गर्दै, अर्काको गोठालो बसेर काम गर्दै, भारतमा आमासँगै गिट्टी कुट्दै । एक्कैचोटि ६ कक्षाबाट मात्रै स्कुल पढ्न थालेका मानबहादुर भारतबाट एमएस्सी फस्ट क्लासमा उत्तीर्ण गरेपछि पिके राय मेमोरियल कलेज धनवाद, विहारमा गणितको लेक्चररमा नियुक्त भए । केही महिनापछि कलेजको प्राध्यापन पेसालाई छाडी राष्ट्रप्रेमको भावना बोकेर नेपाल फर्किए ।

## अस्कलमा प्राध्यापक

उनी नेपाल फर्कदा हिरालाल विश्वकर्मा शिक्षा राज्यमन्त्री थिए । उनी आफ्नो समुदायबाट पहिलोचोटि मन्त्री भएका हिरालाललाई भेट्न गए । हिरालालले उनलाई त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसँग भेटघाट गराइदिए । उपकुलपतिले सामान्य परिचय लिएर सर्टिफिकेटका आधारमा उनलाई सिधै अमृत साइन्स क्याम्पस (अस्कल)मा प्राध्यापनको लागि पठाए । १ वैशाख २०३४ देखि उनी त्यहीँ पढाउन थाले ।

पहिलो पटकमै त्रिवि लोकसेवा आयोगको परीक्षामा लेक्चररमा उत्तीर्ण गरी उनी २०३६ सालदेखि स्थायी प्राध्यापनमा लागे । अस्कलमा पढाउँदा एकपटक

त्यहाँको वार्डेनले उनलाई जातीय आधारमा दुर्व्यवहार गऱ्यो । त्यसको विरोधमा मोहनलाल कपाली, अमृत सेन्चुरी, ओमप्रकाश भि.के.लगायतका दलित नेताहरूको डेलिगेसन गयो । सो डेलिगेशनको दबाबपछि वार्डेनलाई त्यहाँबाट हटाइयो ।

## छोराछोरी–बुहारी सबै डाक्टर

एक दिन मानबहादुर विश्वकर्मा अस्कलमा पढाइरहेका थिए । त्यस बेला रोल्पाकी एक युवती जागिरको खोजीको सिलसिलामा उनलाई भेट्न आइन् । मानबहादुरले भनसुन गरेर उनलाई रोल्पाकै कृषि विकास बैङ्कको लेखापाल बनाइदिए । पछि उनैसँग मानबहादुरको मायाप्रेम बस्यो । उनका बुबा भारतको एयरलाइन्समा कार्यरत थिए । उनले रोल्पा गएर त्यस युवतीका बुबासँग विवाहको प्रस्ताव गरे । क्याम्पसमा पढाउने पढेलेखेका मान्छे देखेर उनलाई सजिलै छोरी दिइहाले ।

यसरी २०३४ सालमा भाँगरी विश्वकर्मासँग उनको मागी विवाह भएको थियो । त्यसपछि उनीहरूका दुई छोरा र एक छोरी भए । अहिले उनका जेठा छोरा डा. मोतिलाल विश्वकर्मा र बुहारी डा. जिना विश्वकर्मा अमेरिकामा छन् । अर्को छोरा डा. सुरज विश्वकर्मा र छोरी डा. निर्मला विश्वकर्मा नेपालमै कार्यरत छन् । अहिले उनको घर डाक्टरै डाक्टरले भरिएको छ । उनीहरू एमडी र एमबिबिएस् डाक्टर हुन् ।

## जनमत सङ्ग्रहमा बहुदलका पक्षमा

संयोगले जुन वर्ष मानबहादुर विश्वकर्मा प्राध्यापनमा लागे, त्यही वर्ष नेपालमा विद्यार्थी आन्दोलन भयो । उनले प्राध्यापन पेसा थालेको बेला कलेज र विद्यालयमा आन्दोलन चर्कियो । त्यसकै परिणामस्वरूपमा २०३७ सालमा देशमा जनमत सङ्ग्रह भयो ।

उसो त उनी भारतमा पढ्दा नै प्रजातान्त्रिक विचारबाट प्रभावित भएका थिए । नेपालमा थालनी भएको प्रजातान्त्रिक आन्दोलनले उनको चेतनालाई थप मलजल गऱ्यो । त्यसबेला उनी नेपाल प्राध्यापक सङ्घको सदस्य भइसकेका थिए । उनी प्राध्यापक सङ्घको तर्फबाट बहुदलको पक्षमा दृढतापूर्वक उभिए ।

मानबहादुर विश्वकर्मा दलित समुदायका पढेलेखेका र बुझेका एक जना बुद्धिजीवी हुन् । त्यसैले उनले दलित समुदायको उत्थान र विकासमा लाग्न उत्सुकता देखाउनु स्वाभाविक थियो । यही चासो र सक्रियताकै कारण उनी २०३९ सालमा नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ (हाल नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ) को संस्थापक सचिव निर्वाचित भए । यस संस्थामा पञ्चायतकालदेखि नै राजावादीदेखि प्रजातान्त्रिक र वामपन्थी विचारका सदस्यहरू पनि एकसाथ क्रियाशील थिए । तर बहुदलीय व्यवस्था स्थापना भएपछि २०४७ सालमा यो संस्थालाई नेपाली काङ्ग्रेसको भ्रातृ सङ्गठन बनाइयो ।

२०४८ सालको निर्वाचनमा यस संस्थाका अध्यक्ष प्रतापराम लोहार र मानबहादुर विश्वकर्मालाई नेपाली काङ्ग्रेसले संसदीय निर्वाचनमा टिकट दिएन । मानबहादुर विश्वकर्मा निरन्तर रूपमा नेपाली काङ्ग्रेसमै कार्यरत रहे भने प्रतापराम लोहार राप्रपातिर सक्रिय भए ।

## पूर्णकालिक राजनीतिमा प्रवेश

भारतमा पढेकै बेला मानबहादुर विश्वकर्मा नेपाली काङ्ग्रेसबाट प्रभावित भइसकेका थिए । तर उनको औपचारिक राजनीतिक यात्रा २०३६ सालमा नेपाल प्राध्यापक सङ्घमा जोडिएपछि मात्रै शुरू भयो । प्राध्यापक सङ्घमा सक्रिय हुँदै उनले २०३७ सालको जनमत सङ्ग्रहमा बहुदलको पक्षमा लागेर राजनीतिमा दरिलो पाइला टेके । उनले प्राध्यापन र प्राध्यापक सङ्घको काम गर्दै देशको राजनीतिक घटनाक्रमलाई प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता जनाइराखे । यही क्रममा २०४६ सालको जनआन्दोलन र नेपाली काङ्ग्रेस पार्टीमा उनी खुलेर समाहित भए ।

२०४६ सालको जनआन्दोलनमा नेपाली काङ्ग्रेसका शिर्ष नेता गिरिजाप्रसाद कोइराला तथा अन्य नेतासँग सम्बन्ध सुधार गर्ने मौका मिल्यो । बहुदलीय प्रजातन्त्रको स्थापनापश्चात् प्राध्यापकको जागिर छाडेर उनी राजनीतिमा पूरै सक्रिय भए । मानबहादुर विश्वकर्मालाई नेपाली काङ्ग्रेसले २०४८ सालको संसदीय निर्वाचनमा टिकट नदिए पनि उनको राजनीतिक सक्रियता तथा क्षमताको कदर गऱ्यो । काङ्ग्रेस नेतृत्वको सरकारले उनलाई नेपाल परिवार नियोजन सङ्घको महासचिवमा नियुक्त गऱ्यो ।

नेपाल परिवार नियोजन सङ्घको अगुवाइ गर्ने क्रममा उनले ३५ जिल्लामा सङ्गठन विस्तार गर्ने ठूलो अवसर पाए । उनको भनाइअनुसार सङ्घमा पञ्चायती व्यवस्था र नेकपा एमाले पक्षधरहरूको प्रभुत्व थियो । त्यही प्रभुत्वलाई हटाएर सङ्घलाई नेपाली काङ्ग्रेसको नजिक बनाउनु उनको उद्देश्य थियो । त्यसमा उनी सफल पनि भए । कहाँसम्म भने परिवार नियोजन सङ्घमा काङ्ग्रेसीकरण भयो भनेर एमालेको तर्फबाट २०४९ सालमा संसद्मै कुरा उठ्यो । त्यसैको आधारमा नेपाली काङ्ग्रेस पार्टीले उनको 'कार्यसम्पादन राम्रो भएको' मूल्याङ्कन गर्‍यो ।

नेपाल परिवार नियोजन सङ्घको चारवर्षे कार्यकाल सम्पन्न गरिसकेपछि उनको राजनीतिक बढुवा तीव्र भयो । कार्यकुशलता र कार्यसम्पादनको आधारमा २०५४ सालमा उनलाई पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले काङ्ग्रेसको केन्द्रीय सङ्गठन विभाग सदस्यमा मनोनीत गरे ।

सङ्गठन विभागमा बस्दा उनले आफ्नो पार्टीभित्र दलित समुदायको नाममात्रको सहभागिता भएको देखे । त्यसैले उनले पार्टीको विधानमा संशोधन गरी दलितहरूको सहभागिताका लागि पहल गरे । २०५४ सालमा पार्टीको सङ्गठन विभागमा पुनः मनोनीत भए । दोस्रो कार्यकालको मनोनयन पहिलो कार्यकालको मूल्याङ्कनको आधारमा गरिएको थियो । २०५२ सालदेखि निरन्तर पार्टीको महाधिवेशन प्रतिनिधि रहेका मानबहादुर विश्वकर्मा २०६३ सालमा भएको ११औँ महाधिवेशनबाट पार्टीको केन्द्रीय सदस्यमा खुलाबाट निर्वाचित भए । त्यस्तै, २०६७ सालमा भएको १२ औँ महाधिवेशनबाट दोस्रो पटक पनि केन्द्रीय सदस्यमा निर्वाचित भए ।

१३ औँ महाधिवेशनबाट पनि पार्टीको केन्द्रीय सदस्यमा निर्वाचित भएपछि उनी हाल पार्टी केन्द्रीय कार्यसम्पादन समिति र टिकट वितरण गर्ने संसदीय समितिका सदस्य समेत रहेका छन् । उनले पार्टीमा बसेर हरेक बुथ, हरेक निर्वाचन क्षेत्र र हरेक जिल्लाबाट महाधिवेशनमा दलित प्रतिनिधि आउने व्यवस्था गर्न पहल गरे र सफल पनि भए । उनले पार्टीको आन्तरिक लोकतन्त्रीकरण र समावेशीकरणका लागि सम्झौताहीन लडाइँ लड्दै आएका छन् । यो उनीबाट अरू नेताले सिक्नैपर्ने सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

## नेपाल दलित सङ्घको संस्थापक सभापति

लामो समयसम्म नेपाली काङ्ग्रेससँग नजिक दलित सङ्गठन थिएन । भएको समाज कल्याण सङ्घलाई पनि प्रतापराम लुहारले एनजिओ बनाइदिए । अरू अगुवाहरूले विभिन्न दलित सङ्गठन बनाए पनि काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले मान्यता दिएका थिएनन् ।

एक दिन टेकु पार्टी केन्द्रीय कार्यालयबाट फर्कने बेला तत्कालीन पार्टी सभापति गिरिजाप्रसाद कोइरालाले मानबहादुर विश्वकर्मालाई घरमा बोलाए । गिरिजाप्रसादले एउटा दलित सङ्घ खोल्नुपर्‍यो भनेर उनलाई जिम्मा दिए । तर उनले केही नबोली सो प्रस्ताव टारिदिए । गिरिजाप्रसादले यही कामका लागि ३ पटक बोलाए अनि नरिसाईकन त्यही कुरा दोहोर्‍याई-तेहर्‍याई जिम्मा दिए । त्यसपछि २६ मङ्सिर २०५४ आफू सभापति रहेको नेपाल दलित सङ्घ बनाई मानबहादुर विश्वकर्माले गिरिजाप्रसाद कोइरालालाई जानकारी गराए ।

यस्तो जानकारी दिइएपछि फागुनको पहिलो हप्तामा नेपाल दलित सङ्घलाई काङ्ग्रेसको भ्रातृ सङ्घको रूपमा मान्यता दिइयो । त्यसको औपचारिक पत्र प्राप्त भएपछि उनी दलित सङ्घको देशव्यापी सङ्गठन निर्माणमा लागे । पार्टीबाट मान्यता पाएकै वर्ष बाँकेको नेपालगञ्जमा नेपाल दलित सङ्घको प्रथम महाधिवेशन गरियो, काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा । त्यसै महाधिवेशनबाट मानबहादुर विश्वकर्मालाई नै सभापतिको जिम्मेवारी दिइयो । त्यसपछि मोरङमा सम्पन्न दोस्रो महाधिवेशनमा पनि उनी नेपाल दलित सङ्घको निर्विरोध सभापति भए ।

## दलित विकास समितिको उपाध्यक्षदेखि मन्त्रीसम्म

नेपाली काङ्ग्रेसको भ्रातृ सङ्घका सभापति भएर सक्रिय भएपछि मानबहादुर विश्वकर्मा जेष्ठ २०५५ मा नेपाल सरकार, स्थानीय विकास मन्त्रालयअन्तर्गत दलित विकास समितिको उपाध्यक्षमा मनोनीत भए । सोही समयमा उनलाई नेपाल राष्ट्रिय विकास परिषद्को सदस्यमा पनि मनोनीत गरियो । त्यस समितिमार्फत् उनले दलित छात्रवृत्तिलाई नियमन गरे ।

दलित विकास समितिमा बसेर मानहादुर विश्वकर्माले दलित छात्रछात्राहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था बनाए । तत्कालीन राष्ट्रिय योजना आयोगका सदस्य डा. जगदिशप्रसाद पोखरेलसँग ५ दिनसम्म दलित विकास समितिको

उपाध्यक्षका हैसियतले योजना आयोगमा बसेर उनले बजेटको सीमितता तथा प्रक्रियाबारे बुझ्ने मौका पाए । त्यसैको परिणाम नवौँ पञ्चवर्षीय योजनामा दलितसम्बन्धी व्यवस्थाबारे अलग हातेपुस्तिका पहिलो पटक लेखिएर आयो । त्यसबेला 'एक विद्यालय : एक दलित शिक्षक' भन्ने नारा कार्यक्रमकै रूपमा आयो ।

यसै अवधिमा उनको अगुवाइमा दलित आयोगसम्बन्धी विधेयक, दलित एमबिबिएस छात्रवृत्तिसम्बन्धी विधेयक र आरक्षणसम्बन्धी विधेयक संसद्मा पेस भए । धरान बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि एमबिबिएसको कोटा निर्धारण गर्न पटक–पटक डेलिगेसन जाने काम भयो । त्यसैको परिणामस्वरूप दलितका लागि एमबिबिएसमा एक स्थान सुरक्षित भयो । उनी दलित विकास समितिको उपाध्यक्षमा २०५८ सालमा पुनः मनोनीत भए ।

८ जेष्ठ २०६३ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका स्वकीय सचिव बालकृष्ण दाहालबाट टेलिफोन आयो । उनलाई 'मन्त्रीहरूको सपथ ग्रहण कार्यक्रममा दौरा सुरूवाल लगाएर आउनुहोला' भनेर एक्कासी खबर आयो । औपचारिक सपथ ग्रहण कार्यक्रममा बोलाइएकाले त्यस बेलाको औपचारिक पोसाक नै लगाउनुपर्ने अर्थमा उनले बुझे । आफूलाई मन्त्री बनाउन लागेको सङ्केत उनले थाहै पाएनन् । दौरा सुरूवाल र टोपी खोजेर औपचारिक सपथमा जाँदा त सबैले उनलाई बधाई दिए । उनलाई त वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको जिम्मा पो दिन खोजिएको रहेछ ।

यसरी उनी हठात् रूपमा उनी क्याबिनेट मन्त्री भए । आफू मन्त्री हुँदा उनले निजामती सेवामा दलितका लागि ९ प्रतिशत आरक्षणको व्यवस्था गर्ने प्रावधान अगाडि बढाए । उनी त्यस प्रावधानलाई विधेयकको रूपमा प्रस्तुत गराउन सफल भए । उनी आफूले कुशलतापूर्वक मन्त्रालय चलाएको दाबी गर्छन् ।

यसरी मानबहादुर विश्वकर्माको जीवनमा प्रगति गर्न उनकी शिक्षित श्रीमती भाँगरी विश्वकर्माको योगदान उल्लेखनीय छ । भाँगरी विश्वकर्माले त्यस जमानामै आइएसम्मको पढाइ सकेर बैङ्कको जागिर खाएकी थिइन् । उन जागिर खाने क्रममा सबै छोराछोरी पढाएर डाक्टर बनाउन र घरको व्यवस्थापनमा ठूलो योगदान गरेकी थिइन् ।

## आफ्नै पार्टी कार्यालयमा आमरण अनसन

२०५६ सालको निर्वाचनमा टिकट वितरण गर्दा नेपाली काङ्ग्रेसबाट एक जना पनि दलितलाई टिकट दिइएन । यस्तो अन्यायविरूद्ध मानबहादुर विश्वकर्माको अगुवाइमा पार्टी कार्यालयमा आमरण अनसन थाल्ने निर्णय गरियो । उनीहरूको माग थियो, पार्टी कमिटीका हरेक निकाय वा समितिमा दलित अनिवार्य हुनुपर्छ, आउँदो संसद् अधिवेशनमा दलितका लागि आरक्षणसम्बन्धी विधेयक आउनुपर्छ र अबउप्रान्त टिकट वितरण गर्दा दलित सङ्घको पनि सहभागिता गराउनुपर्छ । यसरी ३ सूत्रीय माग राखी उनीहरू पार्टी कार्यालय सानेपामा आमरण अनसन बसे । सो माग जायज भएको महसुस गर्दै पार्टीले अनसन बसेको ४ घण्टा नबित्दै माग पूरा गर्नेगरी सम्झौता गर्दै अनसन तोड्न लगायो ।

## २०६२/६३ सालको जनआन्दोलनमा भूमिका

शाही प्रतिगमनविरूद्धको आन्दोलनका क्रममा ७ फागुन २०६१ नयाँ सडकबाट कयौँ नेतासहित मानबहादुर विश्वकर्मा पनि गिरफ्तार भए । उनीहरूलाई एक हप्तासम्म सार्वजनिक नगरी भक्तपुरको खरिपाटीमा हिरासतमा राखी ६२ दिनपछि रिहा गरियो ।

शाही प्रतिगमनविरूद्धको आन्दोलनमा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले उनलाई राप्ती अञ्चल परिचालनको जिम्मा दिए । तोकिएको कार्यक्षेत्र जाने क्रममा दाङको घोराहीस्थित स्वर्गद्वारी एफएमले उनको अन्तर्वार्ता लियो । अन्तर्वार्ताको क्रममा उनले जनआन्दोलनमा सक्रिय हुन सम्पूर्ण जनसमुदायलाई आव्हान गरे ।

सोही राति उनले नेकपा माओवादी नेपाली काङ्ग्रेससँग वार्ता गर्न इच्छुक रहेको खबर पाए । उक्त खबर नेपाली काङ्ग्रेस, दाङ जिल्लाका सभापति वीरकेशरी न्यौपानेमार्फत् पाएपछि उनले सभापति गिरिजाप्रसाद कोइरालासमक्ष जानकारी गराए । त्यसपछि कोइरालाले उनलाई आफूभन्दा कनिष्ठ नेतासँग वार्ता नगर्नू र नेपाली सेनाबाट बच्नू भन्ने निर्देशन दिए ।

त्यसै निर्देशनअनुसार उनी दुईवटा मोटरसाइकलमा वीरकेशरी न्यौपानेसहित ४ जना गन्तव्यतिर गए । माओवादी नेता नेत्रविक्रम चन्द (विप्लव)सँग ४ घण्टा वार्ता गरेपछि उनीहरू राति नै घोराही फर्किए ।

२०६२/६३ सालको जनआन्दोलनको क्रममा मानबहादुर विश्वकर्मालाई काङ्ग्रेस पार्टीबाट कीर्तिपुरमा खटाइयो । बलबहादुर राईसँगै उनले कीर्तिपुरको आन्दोलनको परिचालन गर्ने जिम्मा पाए । वृद्ध अवस्थामा पुगेका बलबहादुर राई स्वास्थ्यका कारण एकै दिनमा कीर्तिपुरबाट फर्किए । त्यसपछि सो आन्दोलनको जिम्मा मानबहादुरको काँधमा आइलाग्यो । त्यसबेला सङ्कटकालको घोषणा भएको थियो । उक्त सङकटकालमा पनि १०औँ हजार जनताले सडकमा धर्ना दिने कार्यक्रम हप्तौदिनसम्म चल्यो । त्यस्तो अहिंसात्मक आन्दोलनको परिचालनमा उनी पनि अन्य दलका नेताहरु र नागरिक अगुवाहरूजस्तै सक्रिय थिए ।

## संविधानसभा र सडकमा भूमिका

जनआन्दोलनको सफलतापछि मानबहादुर विश्वकर्मालाई २०६४ सालको पहिलो सविधानसभामा अर्घाखाँचीबाट पार्टीले टिकट दियो । तर निर्वाचनमा विजय हुन नसकेकाले उनी पहिलो संविधानसभामा सभासद् हुन पाएनन् । तर २०७० सालमा भएको दोस्रो संविधानसभामा भने उनी समानुपातिक निर्वाचन प्रणालीबाट सभासद्मा मनोनीत भए । संसद्मा उनीलगायत ४० जना दलित सभासद् थिए । उनी २०७४ सालको संसदीय निर्वाचनबाट ५ वर्षका लागि सङ्घीय संसद्का सदस्यमा समानुपातिक निर्वाचनबाट पुनः निर्वाचित भएका छन् ।

उनको भूमिका खास-खास बेलामा महत्त्वपूर्ण र निर्णायक हुने गरेको पाइन्छ । दोस्रो संविधानसभाबाट संविधान निर्माणको समयमा उनको भूमिका उल्लेखनीय छ । त्यसबेला एकातिर संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति आन्दोलनरत थियो भने अर्कोतिर दलित नागरिक समाज पनि सक्रिय थियो । यसै क्रममा संविधानसभामा रहेको दलित सभासद् मञ्चलाई सक्रिय बनाउन पहल गरियो । त्यसका लागि विभिन्न पार्टीको उच्च तहमा पुगेका नेतामा नेपाली काङ्ग्रेसका मानबहादुर विश्वकर्मा, नेकपा एमालेका छविलाल विश्वकर्मा र नेकपा माओवादीका विश्वभक्त दुलाल (आहुति)ले सातबुँदे सहमतिमा हस्ताक्षर गरे । यसले दलित आन्दोलनमा नयाँ रक्त सञ्चार गरिदियो ।

मानबहादुर विश्वकर्मा एकातिर संविधानसभामा सक्रिय थिए भने अर्कोतिर सडकको आन्दोलनमा पनि सहभागी हुने गर्दथे । त्यही क्रममा दलित आन्दोलनमाथि बिजुली बजारमा भएको प्रहरी हस्तक्षेपमा उनी पनि घाइते भए । त्यो संविधान जारी हुने बेलाको सबैभन्दा ठूलो र महत्त्वपूर्ण आन्दोलन

थियो । त्यसकै प्रभाववश राष्ट्रिय सभामा हरेक प्रदेशबाट १ जना दलित अनिवार्य प्रतिनिधित्व गरियो । यस्तो संवैधानिक व्यवस्था हुनु आन्दोलनको एउटा उपलब्धि हो ।

उनी हालसम्मको दलित आन्दोलनको गम्भीर समीक्षा गर्नुपर्ने मत राख्छन् । त्यस्तो समीक्षाको आधारमा एकताबद्ध दलित आन्दोलन चलाउनुपर्ने कुरामा उनको जोड छ । त्यस्तै, दलितहरूको समृद्धिका लागि शैक्षिक, आर्थिक, राजनीतिक, सामाजिक र जनचेतना गरी ५ वटा खम्बामा विशेष जोड गर्नुपर्ने उनको भनाइ छ ।

## बिर्सनै नसकिने घटना

घटना २०१३ सालतिरको हो । मानबहादुर विश्वकर्माले एक दिन आफ्नो घरका खोपामा के छ भनी हेरे । उनले त्यहाँ खल्तीमा हाल्न सकिने सानो पुस्तक पाएछन् । त्यो पुस्तक लिएर उनी एउटा रूखमुनि बस्न गए । पढ्न नजाने पनि उनी रङ्गीन फोटो हेर्दै थिए ।

यस्तो दृश्य देखेर एक जना बाहुनले आफ्नो चप्पलले टाढैबाट हिर्कायो, 'हामीले पढ्ने किताब किन समातेको' भन्दै । हातले वा लात्ताले हान्दा अछूतलाई छुइने डरले टाढैबाट चप्पलले हिर्काएको रहेछ ।

अचम्मको कुरा के भने मानबहादुरका बुबा आर्मीमा हुँदा दुश्मनको गोलीबाट नमरूँ भनेर खल्तीमा गीताको पुस्तक राख्ने चलन रहेछ । त्यसैले त्यो पुस्तक मानबहादुरको घरमा भेटिएको थियो । त्यतिबेला दलितले गीता पढ्न मात्रै होइन, छुन पनि नदिने चलन थियो । त्यसैले उक्त बाहुनले अचम्म मान्दै टाढैबाट चप्पलको झटारो हानेका रहेछन् ।

यस्तै, उनीसँग आफ्नो पार्टी र अन्य राजनीतिक दलबारे पनि तीतामिठा अनुभव प्रशस्त छन् । यस्तै अनुभवको आधारमा उनी बोल्दा १२ पटक सोचेर बोल्ने, आफूले बोलेको कुराको के प्रभाव पर्दछ भनी सोचेर मात्र बोल्नुपर्ने सुझाव दिन्छन् ।

## आन्दोलनको आग्रह

गैरदलित समुदायका कतिपय नेताले दलितका नाममा आएका सुविधा दलित एलिट (टाठाबाठा)हरूले खाए भन्ने आरोपको खण्डन गर्दै भन्छन्,

"गैरदलित समुदायका सबै एलिटसँग बहस र तर्क गर्न क्षमतावान र प्रतिस्पर्धी क्षमता भएका एलिट निर्माण नगरी हामीलाई हेप्ने बानी सुध्रने छैन । त्यसैले दलित एलिट राजनीतिमा आउनुपर्छ ।"

नेपालको संविधान कार्यान्वयनबारे उनको दुःखद् अनुभव र अनुभूति छ । उनको अनुभवमा नेपालमा पहिलो पटक राष्ट्रपति र उपराष्ट्रपति चुन्दा हार्ने अवस्थामा नेकपा एमालेले रामप्रीत पासवानलाई राष्ट्रपतिमा र नेपाली काङ्ग्रेसले आफूलाई उपराष्ट्रपतिमा उम्मेद्वार बनाए । जब ती दल शक्तिमा आए, ती पद जित्ने हैसियतमा पुगे, ती पदमा दलितको उम्मेद्वारी दिइएन । जित्ने बेला आफ्नो समुदायको, हार्ने बेला दलित समुदायको उम्मेद्वार ! यसरी दलितलाई बिर्सेको देख्दा उनी अति दुःखित छन् ।

तेस्रो राष्ट्रपतिको पदमा वामपन्थी गठबन्धनले कुनै दलितलाई ल्याउने झिनो आशा पनि निराशामा बदलिएकोमा उनको ठूलै गुनासो छ । यस्ता घट्नाक्रमबाट पाठ सिकेर दलित आन्दोलनले अब संवैधानिक अधिकारलाई मूल हतियारका रूपमा लिँदै आन्दोलनमा उत्रनुपर्ने उनको आग्रह छ ।

## भ्रमण तथा लेख–रचना

मानबहादुर विश्वकर्माले क्याम्पसमा पढाउँदा Victor Analysis for Certificate Level भन्ने पुस्तक लेखेका थिए । उनले 'नेपाली काङ्ग्रेस र दलित' नामक पुस्तक पनि लेखेका छन् । उनका समसामयिक लेखरचना पनि प्रकाशित हुने गरेका छन् ।

उनले अमेरिका, बेलायत, दक्षिण अफ्रिका, केन्या, चीन, जापान, सिङ्गापुर, थाइल्याण्ड, पाकिस्तान, बङ्गलादेश, भूटान, श्रीलङ्का, मालदिभ्स, भारतलगायतका देशको भ्रमण गरेका छन् । उनी गणित विषयका विज्ञ हुन् । उनले सोही विषयमा पिएचडी गर्न २०४२ सालदेखि २०४५ सालसम्म अध्ययन विदा लिएका थिए । त्यस बेला उनले पिएचडीको थेसिस तयार गरेका थिए । तर २०४६ सालको जनआन्दोलनमा सरिक हुँदा उनले तोकिएको समयमा थेसिस पेस गर्न भ्याएनन् । त्यही बेला आफ्ना गाइडको समेत अकस्मात् निधन भएकोले पिएचडी गर्ने सपना अधुरो नै रहेको उनको भनाइ छ ।

■

# महिला आन्दोलनकी धरोहर



▲ मिठाइदेवी विश्वकर्मा

मिठाइदेवी विश्वकर्मा । नेपाली दलित आन्दोलनमा सबैभन्दा अगाडि रहेकी महिला नेतृ । उनको नामसँग जोडिएका छन् दलित समुदायको आन्दोलनका अनेक गाथा । ती गाथाभित्र पनि गाँसिएका छन् दलित महिलाका सङ्घर्ष-कथा । उनी नेपालको पहिलो दलित महिला सङ्गठन 'महिला परिगणित सङ्घ २०१२ की संस्थापक अध्यक्ष हुन् ।

अनेक सङ्घर्षका कारण उनको आफ्नै विशिष्ट परिचय छ । उनलाई आफ्ना श्रीमान् वा कुनै पुरूष नेतासँग जोडेर चिनाइराख्नु पर्दैन । उसो त उनी दलित नेता टि.आर. विश्वकर्माकी धर्मपत्नी हुन् । र, दलित नेता सहर्षनाथ कपालीकी भतिजी पनि । दलित नेता सहर्षनाथ कपालीका भाइ बेखानारायण कपाली उनका पिता हुन् ।

## सुजीकारकी छोरी

मिठाइदेवी १० फागुन १९९३ मा काठमाडौँको इन्द्रचोकमा जन्मिएकी हुन् । उनी बुबा बेखानारायण कपाली र आमा मिश्रीदेवी कपालीकी जेठी छोरी हुन् । उनका १ भाइ र ४ बहिनी थिए । हाल उनीसहित दुईटी बहिनी र १ भाइ काठमाडौँमै बस्छन् । उनी नेवार समुदायअन्तर्गतका कपाली समुदायका सदस्य हुन् ।

उनका बुबा–आमा जातअनुसार पेसा अँगाल्ने क्रममा सुजीकारको काम गर्दथे । कम या बेसी होला, तर कपालीहरूलाई पनि त्यसबेला लुगा सिउने दमाई वा अन्य 'अछूत'लाई जस्तै व्यवहार गरिन्थ्यो । उनको अनुभवमा कपाली समुदाय र सुजीकारको काम गर्ने परिवारकी भए पनि केटाकेटीसँग खेल्दा र स्कुलमा पढ्दा त्यति विभेद हुँदैनथ्यो । तर मिठाइ पसल, चिया पसल, मन्दिरमा भने छुवाछूत र विभेद भएको महसुस हुन्थ्यो । मिठाइदेवीले पनि बाल्यकालमा यस्तो अनुभूति गरेकी थिइन् ।

## पढाइ छाडेर सुँडेनी तालिम

नेपालमा राणा शासककाल र त्यसपछि पनि महिलाहरूका लागि शिक्षाको ढोका राम्ररी खुलेको थिएन । तर पनि मिठाइदेवीले पढ्ने अवसर पाइन्, ढिलै भए पनि । १२ वर्षको उमेरमा मात्रै विद्यालयमा भर्ना भएकी थिइन् उनी ।

विद्यालय अध्ययनकै क्रममा एउटा नयाँ खालको प्रस्ताव आयो । उनलाई परोपकार संस्थाका संस्थापक तथा अभियन्ता दयावीरसिंह कंसाकारले एउटा प्रस्ताव राखे, विदेशमा गएर तालिम लिनका लागि । कंसाकारले परोपकार संस्थाबाट १ वर्षे सुँडेनी तालिमका लागि उनलाई भारतको इलाहाबादस्थित कमला नेहरु हस्पिटलमा पठाए । त्यसबेला उनी ९ कक्षामा पढ्दै थिइन् । १ वर्षको तालिम सकेर काठमाडौँ फर्केपछि उनले फेरि विद्यालयमा पढ्न थालिन् । उता परोपकार संस्थामा स्वयंसेविकाको रूपमा काम गरिरहिन् ।

उनले प्रौढ शिक्षा निकेतनबाट २०१५ सालमा मेट्रिक (एसएलसी सरह) पास गरिन् । कपालीको परिवारबाट, त्यसमा पनि छोरीमान्छेले मेट्रिक पास गर्नु कम खुसीको कुरा भएन । त्यही खुसियालीमा काठमाडौँ, भद्रकाली मन्दिरमा भोज गरियो । सबैले सगुन लिएर उनलाई बधाई तथा आशीर्वाद दिए ।

त्यसपछि पनि उनले पढाइ छाडिनन् । पद्मकन्या कलेजबाट आईए पास गरिन् । तर बीए पढ्दापढ्दै पढाइ पूरा नगरी छाडीदिइन् ।

अचम्मको कुरा, त्यस जमानामा त्यति धेरै पढेर पनि उनले कहीँकतै जागिर खाइनन् । उनी खालि परोपकार संस्थाबाट समाजसेवा र दलित महिलाको राजनीतिमा मात्रै लागिरहिन् । त्यस्तै, आरक्षणका लागि आवाज

उठाउने, आर्थिक स्थिति सुधारका लागि ध्यानाकर्षण गराउने काममा उनी बढी लागिन् ।

यसरी आवाज उठाउने क्रममा विशेष गरी उनले दलित महिलाहरूलाई सङ्गठित गरिन् । उनकै प्रयासमा रेश्मा धोवी, डाइमन सुजीकार, जुनु विश्वकर्मा (महिला परिगणित सङ्घकी सचिव) लगायत महिला सङ्गठित भइन् । उनले चेतना र सङ्गठनको विस्तारसँगै महिलाहरूलाई छुवाछूतविरूद्ध परिचालित गरिन् ।

उनको अनुभव के छ भने त्यसबेला सङ्गठन गर्न गाह्रो थिएन । दलित वस्तीको कुनै एक घरकी महिलालाई खबर गरियो भने सबै महिला सहजै जम्मा हुन्थ्यो, तर आजकल भने अलिक अप्ठेरो छ । त्यसबेला दलित आन्दोलन स्वयमसेवी भावनाले प्रेरित थियो । उनको भोगाइमा देशव्यापी सङ्गठन निर्माण र परिचालन स्वतःस्फूर्त रूपमा हुन्थ्यो । उनी आफ्नो भोगाइको रस निचोर्दै भन्छिन्, "अहिले परियोजनावाद र राजनीतिकवादमा फँसेको सुन्छु । स्वतन्त्र सङ्गठनहरु र तिनमा बस्नेहरूको खासै महत्त्व छैन ।"

## पशुपतिमा प्रवेशका लागि सङ्घर्ष

छुवाछूत र विभेदविरूद्ध दलितहरूले गरेका अनेक खालका सङ्घर्षसँगै मिठाइदेवी हुर्केकी-बढेकी हुन् । २०१० सालमा उनकै ठूला बुबा सहर्षनाथ कपालीको अगुवाइमा पशुपति मन्दिर प्रवेश आन्दोलन भएको थियो । त्यस ऐतिहासिक आन्दोलनमा आफू छुटेकोमा उनलाई अहिले पनि पछुतो छ ।

उनको भनाइ छ, "नेपालको दलित आन्दोलनको क्रममा सहर्षनाथ कपालीले पशुपति मन्दिर प्रवेश आन्दोलनको नेतृत्व गर्नुभयो । पशुपति मन्दिर प्रवेश हामी सबैको सपना थियो । तर म त्यसबेला सुँडेनी तालिम लिन छिमेकी मुलुक भारत गएकी थिएँ । त्यस पशुपति मन्दिर प्रवेश कार्यक्रममा हजारौँ महिलाको सहभागिता रहेको थियो । यस घटनालाई स्वदेश तथा विदेशबाट महत्त्वपूर्ण ढङ्गले हेरिएको थियो । यो घटनामा सहभागी हुन नपाउँदा पछुतो लागेको छ ।"

पशुपति मन्दिरमा प्रवेशका लागि पटक-पटक सङ्घर्ष भएको इतिहास छ । त्यसका साक्षी रहेकी मिठाइदेवीको सम्झनामा छ, अम्बेडकरको नेपाल भ्रमण र पशुपतिमा प्रवेशका लागि भएको कोसिस पनि ।

२०१३ सालमा भारतका चर्चित दलित नेता डा. भीमराव अम्बेडकर नेपाल भ्रमणमा आएका थिए । मिठाइदेवीका अनुसार अम्बेडकर नेपाल आउँदा सबै दलित हर्षित भएका थिए । तर त्यसबेलाको हिन्दू समाज र राज्यले भने उनलाई पशुपतिनाथको मन्दिरमा प्रवेश गर्न दिएनन् । उनलाई चमार वा सार्की ठानेर मन्दिर प्रवेशमा प्रतिबन्ध लगाइयो ।

मिठाइदेवीको भनाइअनुसार त्यस्तो कुरा थाहा पाएपछि अम्बेडकरले पनि पशुपति जान्न भने, बरू दलित बस्तीमा जाने चाहना राखे । त्यसबेला बिरामी अवस्थामा रहेका अम्बेडकरलाई तामदानीमा बोकेर सबैजसो दलित बस्तीमा लगियो ।

अम्बेडकरको नेपाल भ्रमणबारे मिठाइदेवीको अनुभव र अनुभूति छ, "दलित नेताहरूले उहाँलाई यहाँका दलितहरूले भोग्नुपरेका उत्पीडनका घटना सुनाए । ती घटना सुनेर उहाँले उत्पीडनको प्रतिकार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँको आगमनले दलित आन्दोलनमा लागेका अगुवाहरु प्रोत्साहित भए । पछि नेपाली दलित आन्दोलनले पनि आरक्षणलाई मूल मुद्दा बनायो ।"

## अन्तरजातीय विवाह गर्ने साहस

नेपालका पढेलेखेका दलितले अमेरिका पढ्न जान पाउने भए भन्ने विषयमा काठमाडौँमा दलित अगुवाहरूबीच एक भेला आयोजना भएको थियो । त्यही भेलामा जाँदा एक युवा दलित अगुवासँग पहिलो पटक उनको आँखा जुध्यो । ती युवा थिए टि.आर. विश्वकर्मा ।

त्यतिबेला टि.आर. डेरा गरी बस्दथे । त्यो पनि मिठाइदेवीकै ठूला बुबा सहर्षनाथको घरमा । ठूला बुबाकहाँ जाने आउने गर्दा त्यहीँ टि.आर.सँग पनि कहिलेकाहीँ उनको भेटघाट हुन थाल्यो ।

त्यसबेला उपत्यकाबाहिरबाट आउने दलितहरूले काठमाडौँमा डेरा पाउन गाह्रो थियो, छुवाछूतका कारण । त्यसैले काठमाडौँका नेवार दलितहरु मोफसलबाट आउने दलितलाई दया-माया गर्थे । कतिपयले त उनीहरूलाई आफ्नै घरमा राखेर सित्तै खुवाउने पनि गर्थे । टि.आर.लाई पनि त्यसरी नै डेरामा राखेर सघाइएको थियो । त्यसबेला उनको व्यक्तित्वको प्रभाव पनि बढ्दो थियो ।

किनभने उनी एक कम्युनिस्ट नेताका रूपमा क्रियाशील थिए । सहर्षनाथ कपालीको परिवारले उनलाई जेठो छोराको जस्तो व्यवहार गर्दथ्यो ।

मिठाइदेवीलाई टि.आर.का कविता खुब मन पर्थ्यो । अन्ततः कविताप्रतिको प्रेम व्यक्तिसँग प्रेममा फेरिन पुग्यो । बुढेसकालमा उनी युवावस्थाको प्रेमको मिठो अनुभव सम्झन्छिन्, "हाम्रो बीचमा प्रेम सम्बन्ध बढ्यो । प्रेमको अवधि करिब ९ वर्षको रह्यो ।"

कपाली परिवारले टि.आर.सँग उनको प्रेम भएको सङ्केत थाहा पायो । तर कपाली परिवारका सदस्य उनीहरूबीच विवाह गर्न सहमत हुने छाँटकाँट देखिएन । दलित समुदायभित्र पनि जात नमिल्ने कुराले उनीहरूको प्रेमलाई विवाहमा परिणत गर्न नदिने आशङ्का बढ्यो । त्यसैले टि.आर.का साथीहरूले सल्लाह गरे । उनीहरूले केही दिनअघि नै टि.आर.लाई धरान पठाएर विवाहको तारतम्य मिलाए । त्यसको केही दिनपछि नै सङ्गठनको कामको निहुँमा भनेर उनलाई पनि हवाईजहाजमा विराटनगरमा पठाइयो । विराटनगर एयरपोर्टमा उनलाई लिन धरानका दलित नेता उमालाल विश्वकर्मा आए । उनले मिठाइदेवीलाई धरान लगेर विवाहका लागि सहज बनाए । त्यहीँ टि.आर. र मिठाइदेवीबीच विवाह सम्पन्न भयो ।

अझै पनि नेपाली समाजमा अन्तरजातीय विवाह सहज छैन, त्यसबेलाको के कुरा ! मिठाइदेवीको विवाहपछि पनि झमेला सुरू भयो । जात र उँचनीचको पुरानो द्वन्द्व देखियो ।

माइती पक्षका मान्छेहरूले 'कामीकोमा गई' भनेर उनलाई बहिष्कार गरे । उनका बुबाले त झन् अन्तरजातीय विवाहलाई स्वीकार्दै स्वीकारेनन् । उनकी आमाले भने लुकेर लुकाएर भए पनि भेटघाट गर्ने, खानेकुरा दिने गर्थिन् । पछि उनका काकाले 'छोरीलाई अलग गर्नुहुन्न' भनेर घरमा बोलाएर विवाहलाई मान्यता दिए । त्यसपछि उनको जीवन अलिक सहज भयो र माइतीघरको ढोका सदाका लागि खुला भयो । मिठाइदेवी कपाली र टि.आर. विश्वकर्माबीचको विवाह नेपालमा भिन्नाभिन्नै थरका दलितबीच भएको उल्लेखनीय विवाह थियो । त्यसको पृष्ठभूमिमा दुवै अभियन्ताको अठोट र साथीभाइको सहयोग थियो । त्यसैको फलस्वरूप अन्तरदलित विवाह सफलताको विन्दुमा पुग्यो ।

## सुकुल किन्ने पैसाको अभाव

मिठाइदेवी र टि.आर.बीच विवाह भएपछि उनीहरू नयाँ डेरामा सरे । न्युरोडमा एउटा कोठा भाडामा लिइयो । कम्युनिस्ट नेता भएकाले टि.आर.लाई भेट्न साथीहरू आइरहन्थे । उनीहरूलाई सकेसम्म मिठोमसिनो खुवाउनुपर्दथ्यो । खुवाएर मात्रै पुग्दैन, राति सुताउनु पनि पर्दथ्यो । तर सुत्ने बेला भने जहिले पनि समस्या आइलाग्थ्यो ।

एउटै मात्र कोठा । पाहुना र साथीभाइलाई धेरै । उनीहरू सुताउने कि आफूहरू मात्रै सुत्ने ? दिनदिनैजसो सुताइको सङ्कट हुन्थ्यो । यस्तो बेलामा मिठाइदेवी आफ्ना बच्चा लिएर राति माइतीघर जाने गर्थिन् । विवाहपछि २०२१ सालमा छोरी प्रेरणाको जन्म भयो । २०२४ सालमा छोरा कसमस जन्मिए । र, २०३१ सालमा छोरी विम्भनाको जन्म भयो । पहिलो छोरी प्रेरणा जन्मिएपछि २ वर्षको अन्तरालमा अर्की छोरीको जन्म भएको लेखक सरोज दिलुको जिकिर छ । दलित आन्दोलनमा दुवै अभिभावकको व्यस्तता र गरिबीका कारण बचाउन नसकेको उनको भनाइ छ । यसमा मिठाइदेवीको भनाइ भिन्न छ ।

मिठाइदेवी भन्छिन्, "आफ्ना जति पनि सन्तान जन्मिए, ती सबै जस्ताका तस्तै हुर्किए । आर्थिक अवस्थाको हिसाबले परिवार चलाउन त्यति सजिलो थिएन । येनकेन कसमसलाई बुढानीलकण्ठ स्कुलमा पढाइयो । छोरीहरूलाई सरकारी स्कुलमा पढाइयो । संजीवनी पत्रिकाको विज्ञापन र टि.आर.को शिक्षण पेसाबाट आएको आम्दानीले यो सबै काम गरियो ।"

एउटा प्रसङ्ग सम्भना गर्दै उनी थप्छिन्, "टि.आर.का बुबाको धरानमा निधन भयो । टि.आर. काजक्रिया सकेर सेतो लुगा लगाएर कपाल खौरेर आए । त्यो दृश्य देखेर जेठी छोरी प्रेरणा बिरामी नै भइन्, बुबालाई समेत चिनिनन् ।"

छोरी बिरामी भएकै बेलाको कुरा हो, चीन सरकारको निमन्त्रणामा टि.आर. कोदारी राजमार्गको उद्घाटन समारोहमा जानुपर्ने भयो । त्यहाँ जाडो हुने भएकोले उनले पातलो दरी र गतिलो ब्लाँकेट लिएर गए । तर उनले त ती सबै सामान उतै छाडेर आएछन् । त्यतिबेला उनीहरूसँग ३ रूपियाँको सुकुल किन्ने पैसा पनि थिएन । त्यसैले उनीहरू 'मातृभूमि' पत्रिका र 'समय' पत्रिकाका

पुराना खोष्टा ओछ्याएर काखको नानीसहित रात बिताउनुपऱ्यो । यसले गर्दा छोरीलाई निमोनिया भयो ।

बिरामी छोरीको उपचार गर्ने पैसा हुने कुरै भएन । निःशुल्क उपचार गर्ने ठाउँ खोज्ने क्रममा मारवाडी सेवा समितिबाट उपचार गरियो । कम्युनिस्ट नेता हिरण्यलाल श्रेष्ठले ल्याक्टोजिन खाने व्यवस्था मिलाई दिए । विवाहको सुरूका वर्षमा मिठाइदेवीले यस्तै कष्टकर दिन बिताउनुपरेको थियो ।

त्यसबेला जीविकाका लागि टि.आर. स्कुलमा पढाउने गर्थे । सोही आम्दानीबाट परिवार चलाउनुपर्ने अवस्था थियो । मिठाइदेवी पनि अङ्गुरबाबा जोशीको संस्थामा मासिक रू. २०० पाउनेगरी स्वयमसेवीको जागिर खान्थिन् । यसरी नै दुवैको सामान्य कमाइबाट उनीहरूको जीवन चलिरहेको थियो ।

देश र समाजसँगै समय फेरिएको छ र उनीहरूको समय पनि बदलिएको छ । टि.आर. विश्वकर्माको देहान्त भइसकेको छ भने मिठाइदेवी आफ्ना छोराछोरीका साथ जीवन यापन गर्दै छिन् । आफ्ना तीनै छोराछोरी हुर्काउन सफल भएकोमा मिठाइदेवीमा गर्वको भाव छ । अहिले छोरी प्रेरणा पाल्पाका बस्याल थरका बाहुनसँग बिहे गरेर काठमाडौँमै बस्दै आएकी छन् । उनी विद्यालयमा पढाउँछिन् । छोरा कसमस विश्वकर्मा काठमाडौँकै बुढानीलण्ठमा बस्छन् । उनी प्रतिष्ठित सञ्चारकर्मी हुन् । छोरी विम्झना भने अमेरिकामा स्वास्थ्यकर्मीका रूपमा कार्यरत छिन् ।

अहिले मिठाइदेवी छोराछोरीकहाँ पालैपालो बस्छिन् । ८१ वर्षकी हुँदा पनि उनी विशेष कार्यक्रममा सहभागी हुन्छिन् । त्यति विरामी नभए पनि वृद्धावस्थाकै कारण धेरैजसो घरमै बस्नुपर्ने बाध्यता छ । सबैजसो संस्था छाडेर उनी हर्ट क्लबकी सदस्य बनेर जीवनलाई सक्रिय बनाइराखेकी छिन् ।

## आन्दोलनको अग्रभागमा

जीवन यापनमा भोगिएका कष्ट आफ्नो ठाउँमा छ । ती कष्टलाई सबै जनताको पीडाको रूपमा बुझेर समाधानका लागि क्रियाशील हुनु आफ्नै ठाउँमा छ । मिठाइदेवीले टि.आर.सँग जीवनयापन र राजनीतिक कर्ममा सहकार्य गर्ने क्रममा यस्ता अनेक कष्ट झेलिन् । तर पनि उनी दलित आन्दोलनमा खटिरहिन्, आफ्नै सुरमा, आफ्नै क्षमतामा ।

उनको नेतृत्वमा काठमाडौँ उपत्यकाका दलित समुदायबीच आयोजना गरिएका सहभोज उल्लेखनीय छन् । सबैजसो दलितलाई बोलाएर उनले दलित–दलितबीच सहभोज गरेकी थिइन् । उनको भनाइमा यस्तो सहभोज त्यसबेलासम्म देशभरिमा आयोजना भएकै थिएन । उनले आयोजना गरेको सहभोजमा बढीजसो महिला आएका थिए ।

कुनै भेला र आन्दोलन गर्नुपरेमा उनी काठमाडौँको दक्षिणी भागमा रहेको सुनार गाउँका महिलालाई बोलाउँथिन् । उनीहरु पनि खबर गर्ने बित्तिकै आउँथे र सहभागिता जनाउँथे । त्यसबेला मिठाइदेवीको अगुवाइमा सञ्चालित सङ्गठन काठमाडौँ उपत्यकाका दलित बस्तीमा केन्द्रित थियो । दलित बस्ती र घरसम्म फैलिएका ती सङ्गठन दलित महिलाहरुको सङ्गठन निर्माण र क्रियाशीलताका हिसाबले कोसेढुङ्गा थिए ।

२०१३ सालमा डा. अम्बेडकरको नेपाल भ्रमणपछि भारतका दलित नेताहरुसँग नेपालका दलित नेताहरुको सम्पर्क बढ्यो । यसै क्रममा भारतीय नेता जगजीवन रामको निमन्त्रणामा २०१६ सालमा नेपालबाट एक प्रतिनिधिमण्डल भारत भ्रमणमा गयो । टि.आर. विश्वकर्माको नेतृत्वमा भएको भ्रमणको क्रममा नेपाली दलित नेताहरुले भारतीय दलित आन्दोलनबारे बुझ्ने र डा. अम्बेडकरप्रतिको धारणा बुझ्ने अवसर पाए ।

मिठाइदेवीले पनि एक पटक भारत भ्रमणमा जाने मौका पाइन् । उनी टि.आर.सँगै एक पारिवारिक भ्रमणको भारत गएकी थिइन् । त्यसबेला उनीहरु डा. अम्बेडकरको घरमा पनि गए । अम्बेडकरको मृत्युपछि घरको संरक्षणको अभाव खड्किएको उनको अनुभूति छ । त्यस भ्रमणमा मिठाइदेवीले भारतका धेरै राजनीतिक अगुवालाई भेट्न पाइन् । त्यसबेला भेटेका नेतामध्ये जगजीवन राम र उनकी छोरी मीरा कुमारको नाम उनी अहिले पनि सम्झन्छिन् । मीरा कुमार भारतीय काङ्ग्रेसकी नेतृ एवं लोकसभाका प्रथम महिला स्पीकर हुन् । मिठाइदेवी विश्वकर्माले चीन, अमेरिका, श्रीलङ्का, थाइल्याण्ड र भारतको भ्रमण गरेकी छन् ।

मिठाइदेवी नेपाली दलित आन्दोलनमा करिब ६ दशक सक्रिय भइन् । उनको नाम टि.आर. विश्वकर्माकी धर्मपत्नीको रुपमा मात्रै लिइनु उचित हुँदैन । किनभने उनी आफ्नै बलबुता र हैसियतमा पनि यस आन्दोलनको अग्रभागमा

बसिन् । मिठाइदेवी अहिले पनि झलझली सम्झन्छिन्, दलित आन्दोलनका उतार-चढावका दृश्य । टि.आर.को अगुवाइमा २०२४ सालमा भएको थियो दलित जनविकास परिषद्को सम्मेलन । त्यही सम्मेलन र सङ्गठनको नाममा पहिलो पटक राखिएको 'दलित' शब्द नै संस्थागत रूपमा स्थापित भएको थियो ।

२०२९ सालको राष्ट्रिय दलित सम्मेलनमा १४ अञ्चल ७५ जिल्लाका दलित अगुवाको सहभागिता रहेको तथ्य पनि उनी सम्झन्छिन् । सोही सम्मेलनले नेपालमा दलित समुदायका लागि आरक्षणको माग गरेको थियो । र, दलित समुदायको अगुवाइका लागि देशव्यापी सङ्गठन बनाउने निर्णय गरेको थियो । मिठाइदेवीको नेतृत्वमा रहेको दलित महिला परिगणित सङ्घ पनि सोही सङ्गठनको सहयोगी भएर अघि बढेको थियो ।

## न मन्त्री, न राजनीतिक नियुक्ति

मिठाइदेवीले बाँचेको समयक्रममा नेपाल र नेपाली समाजमा व्यापक उथलपुथल आयो । उनी अनेक हावाहुरीबीच पनि विचलित भइनन् । कुनै सरकारी जागिर, सेवा-सुविधा, नियुक्तिको लोभ गरिनन् । उनी र उनका श्रीमान् टि.आर. विश्वकर्माले आफ्नो जीवनलाई दलित समुदायको पक्षमा मात्रै खर्च गरेको देखिन्छ ।

टि.आर. लामो समयदेखि नेपाल कम्युनिस्ट पार्टीमा सक्रिय थिए । टि.आर.का दाजु हिरालाल भने नेपाली काङ्ग्रेससँग आबद्ध थिए । ती दुई दाजुभाइबीच सधैँ राजनीतिक र वैचारिक विषयमा विवाद भइरहन्थ्यो । कहिलेकाहीँ मिठाइदेवीका ठूला बुबा सहर्षनाथ कपालीले उनीहरूको विवाद मिलाउने गर्दथे । ती तीनै जना नेतामा दलित आन्दोलनबारे भने साझा बुझाइ थियो ।

समयक्रममा सहर्षनाथ कपाली सांसद् भए । हिरालाल विश्वकर्मा त मन्त्री नै भए । र, टि.आर. विश्वकर्मा पनि कम्युनिस्ट विचार थाँती राखेर राष्ट्रिय सभाका सदस्य भए । तर पनि उनी दलित आन्दोलनको पक्षमा उभिरहे, पछिल्लो ३० वर्षसम्म । उनले २०१७ सालदेखि २०४७ सालसम्म दलित आन्दोलनलाई जोगाए । पञ्चायतकालमा पनि दलित हक-अधिकार पक्षमा वकालत गर्दै उनी दह्रोसँग उभिएर बसे । त्यसमा मिठाइदेवीको सहयोग र

सहकार्य उल्लेखनीय थियो । दलित नेता भएर लिन सक्ने राजनीतिक अवसरलाई तिलाञ्जली दिँदै मिठाइदेवी दलित आन्दोलनको पक्षमा उभिरहिन् ।

हुन त टि.आर. विश्वकर्मा र हिरालाल विश्वकर्मा दुई भाइ मिलेर दलित आन्दोलनलाई दरबारमा बुझाएको आरोप लाग्ने गरेको छ । टि.आर.लाई पनि पञ्चायतमा फँसेको र दलितको पक्षमा खुलेर काम गर्न नसकेको प्रश्न उठ्ने गरेको छ । त्यस्ता आरोपको दृढतापूर्वक इन्कार गर्दै मिठाइदेवीले भनिन्, "टि.आर. पूरै पञ्चायतभरि पुष्पलालको कम्युनिस्ट पार्टीमा रहनुभयो । बरू पदका लागि कहिल्यै सिद्धान्तमा सम्झौता गर्नुभएन ।"

मिठाइदेवीका अनुसार टि.आर.मा न अवसरवाद देखिन्छ, न त आन्दोलनलाई धोखा दिएको इतिहास नै । उनको दृढ विश्वास थियो, देशव्यापी सङ्गठनमार्फत् दलितहरूको साझा सङ्गठन निर्माणबाट मात्रै दलित आन्दोलन सफल हुनसक्छ ।

*खाक बन्न सकिनँ म, डढेर पनि, हुरहुर्ती जलेर पनि*
*साग बन्न सकिनँ म, हरियो भएर पनि, पातैपात भएर पनि,*
*छाक बन्न सकिन म, जवान भएर पनि,*
*मानिसहरूका घर र ढोकाहरूमा, मुटुका ढुकढुकीहरूमा*
*हिउँ बन्न सकिन, म पग्लिएर पनि, परिवेश र फाँटहरूमा*
*मानिस बन्न सकिन म प्रेम गरेर पनि,*
*यसै यसै थङ्ग्रिरहेछु, वसन्तका दिन र रातहरूमा*
*हाँस्न सकिन म प्रेरणा र कसमसहरूमा ।*

यस कवितामा टि.आर.ले आफ्नो जीवनको निष्कर्ष प्रकट गरेका छन् । उनले राजनीतिक सङ्घर्ष तथा दलित आन्दोलनमा लागेका हरेक योद्धाको जीवन विडम्बनापूर्ण हुन सक्ने सङ्केत गरेका छन् ।

राजनीतिक जीवनमा पद र प्रतिष्ठा कमाउन सत्ता-शक्तिसँग पहुँच र प्रभाव जरूरी हुन्छ । त्यही कारण पनि हुन सक्छ, मिठाइदेवीको जीवन पदबाट टाढै रहेको देखिन्छ, एउटा निस्वार्थ निष्ठाका साथ । उनीहरूले पञ्चायतभरि

मात्र होइन, त्यसपछि पनि राजनीतिक क्रियाशीलता जारी राखे, कुनै पदको आस नगरीकनै । विशेष गरी २०४६ सालमा पञ्चायतको अन्त्यपछि परिवर्तनको बाढीमा आएका अवसरबाट पनि मिठाइदेवीलाई वञ्चित गरियो ।

नेपाल कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलालका समकालीन नेता थिए टि.आर. विश्वकर्मा । त्यस्तै, लोकतान्त्रिक र कम्युनिस्ट आन्दोलनकी नेतृ साहना प्रधानकी समकालीन अगुवा थिइन् मिठाइदेवी । पद र प्रभावमा नभएकाले होला, उनीहरु दुवैको योगदानलाई वास्ता गरिएन । दलित आन्दोलन र कम्युनिस्ट आन्दोलन उनीहरुको योगदानको कदर र चर्चा गर्नमा चुकेको देखिन्छ । मिठाइदेवीजस्तो जिउँदो इतिहासलाई, पढे-लेखेकी र जुधेकी दलित महिलालाई राजनीतिक दल र दलित आन्दोलनले राज्यको निर्णायक स्थानमा पुऱ्याउन नसक्नु पनि विडम्बना नै हो । मिठाइदेवी जीवनभर नै न सांसद भइन्, न मन्त्री भइन्, न त कुनै राजनीतिक नियुक्तिमै गइन् । कतै यस्तो अवस्था भोग्नुमा दलित महिला हुनु नै जड कारण त होइन ?

## आफ्नै खुट्टामा टेकेको आन्दोलन

नेपालको नयाँ संविधानबारे प्रश्न गर्दा मिठाइदेवी विश्वकर्मा धेरै सन्तुष्ट पनि देखिन्नन् । नयाँ संविधानको अध्ययन गरेपछि संविधानमा दलितले उठाएको क्षतिपूर्तिसहितको आरक्षणको मुद्दा छुटेकोमा उनी बेखुस छिन् । करिब ७ दशकको दलित आन्दोलनमा यसका नेताहरुका त्याग, तपस्या र योगदानअनुसार संवैधानिक परिवर्तनले सम्बोधन गर्न नसकेकोमा भने उनी चिन्तित छन् ।

यही चिन्ताका साथ चिन्तकको मुद्रामा उनी भन्छिन्, "आन्दोलनको विकल्प छैन । अबको दलित आन्दोलनले दलित समुदायमा सामाजिक न्यायसहितको समृद्धिको सपना देखाउन सक्नुपर्दछ । अन्यथा 'हात्ती आयो हात्ती ..' भन्ने उखान चरितार्थ हुनेछ । यसका लागि दलितहरु आफ्नै एकतामा, आफनै योजनामा र आफ्नै ताकतमा आन्दोलनमा जुट्नुपर्दछ । अबको दलित आन्दोलन कुनै पार्टी-विशेषको योजनामा भन्दा पनि आफ्नै योजनामा उठ्न सके मात्र परिणाम निस्कन सक्छ, अन्यथा यति लामो सङ्घर्षको खासै अर्थ हुँदैन ।"

लामो समयदेखि दलित आन्दोलनमार्फत् सामाजिक रुपान्तरणमा लागेकी मिठाइदेवी विश्वकर्मा थप दलित आन्दोलनको पक्षमा प्रस्ट छिन् । उनी दलित

आन्दोलन र राजनीतिक सङ्घर्षबाट प्राप्त भएका उपलब्धिको रक्षा गर्दै थप उपलब्धिका लागि निरन्तर सङ्घर्षमा जुट्नुपर्दछ भन्ने मान्यताप्रति दृढ छिन् । उनको धारणा छ, "अरूको बैशाखी टेकेर उठाएको दलित आन्दोलनभन्दा दलितहरूले आफ्नै खुट्टामा टेकेर उठाएको एकताबद्ध आन्दोलन आजको आवश्यकता हो ।"

## एक प्रेरक व्यक्तित्व

नेपाली दलित राजनीतिमा एक आदर्श व्यक्तित्व हो मिठाइदेवी । उनी दलित आन्दोलनकी साझा र निष्कलङ्क व्यक्ति हुन् । उनको जीवनमा पदीय स्वार्थ र लोभ देखिँदैन । २०१२ सालमै दलित महिला सङ्गठन खोलेर आन्दोलनको अगुवाइ गरेकी मिठाइदेवीको भूमिका नेपालको सङ्गठित लोकतान्त्रिक आन्दोलनमा अविस्मरणीय छ । उनले भारतबाट अम्बेडकर अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरेकी छन् । त्यस्तै, उनी नेपालमा दलित मुक्ति समाजको राष्ट्रिय सम्मेलनबाट सम्मानित भएकी छन् । र, उनले विभिन्न क्लब र सङ्घसंस्थाबाट सम्मान प्राप्त गरेकी छन् ।

■

# सर्वोच्च पदसम्मको यात्रामा



▲ रामप्रित पासवान

लोकतान्त्रिक गणतन्त्र नेपालको प्रथम राष्ट्रपति पदका लागि भएको निर्वाचनका उम्मेद्वार बनाइएका रामप्रित पासवान नेपाली राजनीतिमा चर्चित नाम हो । दलित नेता, मधेशी नेता र कम्युनिस्ट पार्टी नेताका रूपमा उनको विशेष परिचय बनेको छ ।

रामप्रित पासवानको जन्म १९ पौष २०१० मा सप्तरी जिल्लाको शम्भुनाथ गाविस-१ कचन्दहा (हाल शम्भुनाथ न.पा.-३) मा भएको हो । उनका बुबाको नाम शेवलाल पासवान हो भने आमाको नाम भगियादेवी पासवान । उनका १ दाजु, २ दिदी र १ बहिनी छन् ।

## भूमिहीन किसानका छोरा

रामप्रित पासवान भूमिहीन किसान परिवारमा जन्मिएका हुर्किएका हुन् । उनका बुबा बनिया साहुको घरमा हलो जोत्ने हली थिए । उनीहरूको आफ्नै घर त थियो, तर ढोका पनि नभएको । परालको सानो घर पनि अर्काकै जग्गामा बनेको थियो । उनीहरूको परिवारसँग घर बनाउन र खेतीपानी गर्न सानो टुक्रासम्म पनि जमिन थिएन ।

उनका बुबाले डेढ वर्ष हली बसेपछि त्यसबापत बल्लतल्ल पराल पाए । पराल पाएपछि उनका बुबा–आमाले गाई पाल्न थाले । आमा गाई पाल्ने, बुबा

अर्काकोमा हली बस्ने । यसरी निमेक गर्ने काम गरेर उनीहरूले घरपरिवार चलाउन थाले ।

उनीहरूले दिनरात मिहेनत गर्दै जाने क्रममा गाईको बाच्छा हुर्काएर अनि त्यतिबेला रू. ४०० बचाएर एउटा भैँसी किने । त्यसपछि उनको परिवारमा भैँसीकै कारण अलि–अलि आम्दानी हुन थाल्यो । दुई वटा भैँसी पालेर दूध र घिउ बेच्न थालेपछि बल्ल उनीहरूको परिवारमा केही पैसा बचत हुन थाल्यो । केही वर्ष लगातार भैँसी पालेपछि उनका बुबाले जमिनदारसँग १५ कठ्ठा जमिन किने । जमिनदारले १५ कठ्ठाको पैसा लिएर ११ कठ्ठा मात्रै जमिन पास गरिदिएछ ।

जमिन पाएपछि उनका बुबाले बडो मिहेनत गरेर आफ्नै जमिनमा सानो घर पनि बनाए । आफ्नै जमिन र घर भएपछि उनको परिवारमा निकै खुसियाली छायो । त्यसपछि मात्रै उनीहरूले भूमिहीन परिवारबाट गरिब किसान परिवारमा फड्को मारे ।

उनको घरनजिक कुस्ती खेल्न आउनेहरूले उनको घरमा पसेर भैँसीको दूध खाने चलन थियो । निरक्षर भएता पनि उनकी आमाको हिसाब राख्ने आफ्नै तरिका थियो । घरको भित्तामा डोरो लगाएर कसले कति गिलास दूध खाए भन्ने हिसाब राख्दै उनी दूध बेच्ने गर्थिन् ।

गरिबीका कारण उनका दाइ र दिदीहरूले पढ्न पाएनन् । त्यतिबेला वरपर कतै पनि स्कुल थिएन । २०१५ सालमा उनको गाउँमा श्री मोडल स्कुल खुल्यो । त्यसपछि उनले स्कुल पढ्ने अवसर पाए । उनले पढेको स्कुलको नाम फेरेर श्री रामदयाल मावि, सखुवा कचन्दहा राखियो ।

भैँसी पाल्ने किसान भएको हुनाले उनको घरमा तरकारी पकाउँदा भुटुन हाल्ने र कपालमा लगाउने पनि घिउ नै हुने गर्दथ्यो । एक दिन उनको सरले उनलाई बोलाएर 'ए रामप्रित, अरूले घिउ खान पाएका छैनन्, तैँले चाहिँ बासाउने गरी कपालमा घिउ दलेर आउने' भनी गाली गरेको घटना उनी अझै सम्झन्छन् ।

उनलाई दिदी इन्द्राले निकै नै माया र सहयोग गर्थिन् । इन्द्राले बुबा–आमालाई घरव्यवहारको काममा सघाउँथिन् । साह्रै गुनिलो हुनाले उनको नामै लक्ष्मी राखिएको थियो ।

उनकी आमाको सामाजिक चेतना उच्च थियो । आमा चुरे पहाड नजिक हुर्किएकी थिइन् । उनी पहाडे ब्राम्हण परिवारको प्रभावमा हुर्किएकी थिइन् । मिहनेती बुबा र चलाख आमाकै कारण रामप्रितलाई पढ्ने वातावरण बनेको थियो ।

एक दिन गाउँको ठूलो साहूले उनकी आमालाई भनेछन्, "किन तिमीहरूले छोरालाई पढ्न पठाएको ? पढाएर काम नभएको पढाउनुभन्दा त बरू घरको काम सिकायो भने देशी हिसाब जान्दछ ।" यसरी छोरालाई नपढाउन दबाब दिइए पनि उनकी आमाले टेरिनन् । उनकी आमाले हेडमास्टरसँग सल्लाह लिएर रामप्रितको पढाइ जारी राखिन् ।

उनी पढ्दै जाँदा त्यही विद्यालय माध्यमिक विद्यालय बन्यो । उनले घरायसी काम गर्दै पढ्ने क्रममा २०२६ सालमा एसएलसी सेकेण्ड डिभिजनमा पास गरे । उनले १० कक्षामा पढ्दै गर्दा हेडमास्टर जोगेन्द्र पाण्डेको पहल र प्रोत्साहनमा गोपाल पाण्डेद्वारा सञ्चालित विद्यापीठबाट फारम भरेर एसएलसी दिए । आफ्नै विद्यालयबाट नियमित रूपमा पढेर पनि उनले फेरि परीक्षा दिए । यसरी उनले दुई-दुई पटक एसएलसी परीक्षा पास गरे । आफ्नो सिम्बोल नं. ८३०४ जे उनलाई कण्ठै रहेछ ।

## ओभरसियरको सपना बोकेर काठमाडौँ

एसएलसी पास भएपछि उनी आफ्ना मिल्ने साथी शिवशङ्कर प्रसाद गुप्तासँगै भारतको बाटो हुँदै रक्सौलबाट काठमाडौँ आए । खानदानी परिवारका शिवशङ्करले 'दुवैजना ओभरसियर पढ्न जाउँ' भनेपछि उनी पनि ओभरसियर पढ्ने सपना बोकेर काठमाडौँ छिरेका थिए । चिसो शहर पसेपछि उनी मीत-दाजुको कोठामा बसे, तर चिसोको कारण उनलाई साह्रै गाह्रो पऱ्यो । किनभने उनीसँग जाडोमा लाउने कपडै थिएन ।

उनले एसएलसी दिएपछि गाउँमा पढाएका थिए । त्यही पढाइबाट कमाइएको थोरै पैसा लिएर उनी शहर छिरेका थिए । उनीसँग हिँड्ने बेलामा आमाले हालिदिएको एक पोका चामलमात्रै थियो । ओभरसियर पढ्ने उद्देश्यले उनी पुल्चोक इन्जिनियरिङ क्याम्पसमा बुझ्न गए । त्यहाँ पढ्नका लागि चाहिने खर्च पुऱ्याउन सक्ने हैसियत उनका बुबासँग थिएन ।

ओभरसियरको सपना पूरा गर्न उनले ४ महिनासम्म दुःखकष्ट सहे । अन्ततः काठमाडौँको चिसो बसाइ र कष्टकार भोगाइ बोकेर उनी आफ्नै जिल्ला फर्किए । उनको ओभरसियर पढ्ने सपनालाई गरिबीले पूरा हुन दिएन । उच्च शिक्षा प्राप्त गर्नुको सट्टा उनी आफै शिक्षा दिने कामतिर लाग्नुपर्‍यो ।

रामप्रितले २०२८ सालमा श्री अपर प्राइमरी स्कुल, सिद्धपुर, उदयपुरमा शिक्षक भएर पढाउन थाले । उनले अध्यापनसँगै उच्च शिक्षाको पढाइलाई पनि जारी राखे । विराटनगरबाट प्राइभेट परीक्षा दिने क्रममा उनले आईसम्म अध्ययन गरे । आईएको परीक्षा दिइरहेकै बेला 'अखिलका विद्यार्थी नेता फणीन्द्र तिमिल्सिनालाई विजयकुमार गच्छदारले गोली हानेको' घटना उनी अहिले पनि सम्झिरहन्छन् ।

## ८ वर्षको उमेरमै विवाह

२०१८ सालमा रामप्रित पासवान सानै थिए । भर्खर ८ वर्षको छँदै उनको विवाह भएको रहेछ । मधेशमा विवाह गर्दा वर र वधुको रगत खिरमा मिसाएर एक-अर्कालाई खुवाउने प्रचलन छ । आफ्नो औँला चिरेर रगत निकालेको अलि-अलि याद भएको, तर अरू केही पनि थाहा नभएको उनी बताउँछन् । त्यस बेला उनकी श्रीमती छुतहरनीया देवी (राधा) केवल ५ वर्षकी थिइन् । उनकी जीवनसाथीको स्थापित नाम राधा हो । उनलाई गाउँघरमा सबै साथीसँगीले राधा भनेरै बोलाउँछन् ।

उनीहरूका एक छोरा र एक छोरी छन् । छोराले पीएचडी गर्दै छन् भने छोरी हाल नेपाली सेनाको हवल्दार पदमा कार्यरत छिन् ।

## शिक्षण र राजनीति सँगसँगै

रामप्रित पासवान पढ्नमा सानैदेखि अगाडि थिए । र, स्कुलमा पढ्दादेखि नै अन्याय सहँदैनथे । कक्षा १० पढ्दै गर्दा शिक्षकले नियमित नपढाएको विषयमा विद्यार्थीहरूले आन्दोलन गरे । उनी विद्यार्थी आन्दोलनका नेतामध्येका एक थिए । विरोध कार्यक्रम चर्कंदै गएपछि विद्यालय प्रशासनले उनीलगायत ७ जना विद्यार्थीलाई 'रेस्टिकेट' गरिदियो । त्यतिबेला गजेन्द्रनारायण सिंह नेपाली काङ्ग्रेसका नेता थिए । त्यसैगरी काङ्ग्रेसका नेता जुगेश्वरप्रसाद गुप्तासँगै

गाउँका सबै भद्र-भलादमीबीच लामो छलफल भएपछि उनीहरूलाई स्कुलमा पढ्न पाउने सहमति गरियो ।

उनी २०२७ सालमा नेसनल युवा क्लब, राजविराजको सदस्य भए । क्लबमा नेपाली काङ्ग्रेसको पकड थियो । त्यस क्लबले सत्तासीन पञ्चायत व्यवस्थाविरूद्ध भूमिगत रूपमा पर्चा बाँड्ने र पोस्टर टाँस्ने लगायतका काम गर्दथ्यो । यसरी उनी शुरूमा राजनीतिक रूपमा काङ्ग्रेस पार्टीमा सङ्गठित भए ।

उनका शिक्षक मुनशीलाल दास र भीम सेढाई कम्युनिस्ट पार्टीसँग आबद्ध रहेछन् । उनीहरूले 'कम्युनिस्ट पार्टी गरिब जनताको भलाइ गर्ने पार्टी भएकोले हामी कम्युनिस्ट पार्टीमा लाग्नुपर्छ' भनेर भनी कुरा बुझाए । त्यसपछि उनले पनि 'सचित्र चीन' नामक चिनियाँ पत्रिका हेर्न थाले । उनले २०२७ सालमै नेकपा (पुष्पलाल समूह)को पार्टी सदस्यता लिए । त्यसपछि उनको राजनीतिक जीवनमा अझ सक्रियता बढ्यो ।

उनी २०२८ सालमा गाउँ कमिटी कचन्दहाको सचिव भए । उनको पार्टीले विभिन्न सङ्घर्षका काम थाल्यो । त्यसबेला कृषि मजदुरलाई दैनिक ज्याला साढे २ धार्नी अन्न दिइन्थ्यो । त्यस्तो शोषणविरूद्ध कृषि मजदुर आन्दोलन भयो उनकै नेतृत्वमा । उनीहरूको माग थियो, 'सेर होइन, किलोको हिसाबले देऊ !'

उदयपुरमा मास्टरको जागिर खाँदै पार्टी सङ्गठन र मजदुर आन्दोलनको नेतृत्व गर्नुपर्ने बाध्यता थियो । त्यसैले उनी शिवराम, निरज र प्रवीणजस्ता टेकनाम राखेर पार्टी काम गर्दथे । कामको कारण उनी तिनै नामबाट जनतामा पनि स्थापित थिए । उनको शिक्षक जागिर पनि र पार्टी कामको कर्मथलो पनि उदयपुर नै हुन पुग्यो ।

उनको परिवार वैष्णवी सम्प्रदायसँग सम्बन्धित हुनाले उनी पनि माछा, मासु, जाँड, रक्सी खाँदैनथे । तर, पार्टीको काममा उदयपुरको पहाडमा पनि जानुपर्ने हुनाले उनले माछा, मासु खान सिके । जाँड-रक्सी खाएका मान्छेलाई सबैले हेप्छन् भन्ने मान्यता भएकाले उनले जाँड-रक्सी भने खाएनन् । पार्टीको काम गर्दै जाँदा उनी इलाका सचिव हुँदै उदयपुर जिल्लाको संस्थापक

सचिवसम्म भए । घर आउँदा-जाँदा उनी सप्तरी जिल्लामा पनि पार्टीको काम गर्ने गर्दथे । यसरी उनले आफ्नो अध्यापन र पार्टीको कामलाई सन्तुलित ढङ्गले सँगसँगै अघि बढाए ।

## कम्युनिस्ट पार्टीमा पनि विभेद !

रामप्रित पासवानले पहिले प्रावि र पछि माविमा लामो समयसम्म हेडमास्टर भएर काम गरे । २०२८ सालदेखि २०५५ सालसम्म २७ वर्षसम्म मास्टरको जागिर खाए । जागिर छाडेपछि पनि उनी निरन्तर पार्टी काममै लागिरहे । काममा लाग्दै गर्दा उनले देखे, नेपालका कम्युनिस्ट पार्टीमा वर्गको मात्रै कुरा हुने, तर उत्पीडित जातजातिको कुरै नहुने रहेछ । यसरी उत्पीडित जातजातिको सवाल ओझेलमा पर्दै जान थालेपछि उनले गम्भीरतापूर्वक सोच्न थाले । उनले त्यसको छाया कम्युनिस्ट पार्टीको राजनीतिमा पनि देख्न थाले ।

आफूले पार्टी नेता भएर अरूलाई सांसदका लागि सिफारिस गर्ने, तर आफू भने कहिल्यै सांसद हुने कुरा सोच्दै नसोच्ने ! यसरी कति दिन चल्छ भनेर आफैलाई प्रश्न गर्दै मनन गर्न थाले । त्यसपछि उनमा पनि सांसद बन्ने इच्छा जाग्यो । हुन पनि नेकपा (एमाले)का सबैजसो महाधिवेशनमा उनी प्रतिनिधि भएर गएका थिए । २०५४ सालको पार्टी महाधिवेशनमा मात्रै समयमा नपुगेको प्राविधिक कारणले मात्रै उनी महाधिवेशन प्रतिनिधि हुनबाट वञ्चित भएका थिए ।

२०५४ सालमा सप्तरी जिल्लाका नेता गङ्गाप्रसाद चौधरी नेकपा मालेतिर लागिसकेपछि एमालेले बल्ल रामप्रितलाई अगाडि सार्न थाल्यो । कम्युनिस्ट पार्टीमा पनि विभिन्न हिसाबले विभेद हुने कुराको थुप्रै अनुभूति उनले सँगाले । २०५६ सालको आम निर्वाचनमा पार्टीले उनलाई सप्तरी-५ बाट निर्वाचनमा उठायो । त्यस्तै, रामदयाल मण्डललाई महोत्तरीबाट, चिरञ्जीवी रामलाई नवलपरासीबाट र अर्को एक जना दलितलाई टिकट दिइयो । तर उनी चुनावमा पराजित भए ।

## शालिन व्यक्तित्वका धनी

रामप्रित पासवानले दलित समुदायविरूद्ध हुने उत्पीडन र विभेदको गहिरो गरी अनुभूति गर्दै आएका थिए । त्यही अनुभूतिका साथ उनले आफ्नै

अध्यक्षतामा २०५२ सालमा नेपाल पासवान एसोसियसन गठन गरे । सो सङ्गठन बनाएपछि नेपाल उत्पीडित जातीय मुक्ति समाजका नेताहरूले त्यसको विरोध गरे । विवादको विषय थियो, प्रत्येक जातको सङ्गठन बनाउने कि सिङ्गो दलित समुदायकै सङ्गठनलाई बलियो बनाउने ? उनी पनि पहिले नेपाल उत्पीडित जातीय मुक्ति समाजका केन्द्रीय सदस्य थिए । उनी लामो समयसम्म सल्लाहकार भएर दलित आन्दोलनमा सक्रिय रहे ।

पार्टीको काम इमान्दारीपूर्वक गर्ने सिलसिलामा उनी नेकपा (एमाले)को तर्फबाट १३ असार २०५८ बाट राष्ट्रिय सभाको सदस्य भए । त्यसपछि उनी श्रावणमा राष्ट्रिय सभाको उपाध्यक्षजस्तो गरिमामय पदमा निर्वाचित हुन पुगे । दलित समुदायबाट राज्यको सबैभन्दा माथिल्लो पद राष्ट्रिय सभाको उपाध्यक्षजस्तो पद प्राप्त गर्ने उनी पहिलो दलित नेता हुन् ।

त्यसो त उनलाई २०६२/६३ सालको जनआन्दोलपछि लोकतान्त्रिक गणतन्त्र नेपालको राष्ट्रपति पदको निर्वाचनमा नेकपा (एमाले)को तर्फबाट राष्ट्रपतिको उम्मेदवारसमेत बनाइयो । हाल उनी नेकपा एमालेको पोलिटब्यूरो सदस्यका रूपमा सक्रिय छन् ।

## विचलनको चिन्ता

मार्क्सवादी ज्ञान र व्यवहारमा पोख्त मानिन्छन् रामप्रित पासवान । मार्क्सवादी लेनिनवादी पार्टीका नेता पासवान पनि विचार, सिद्धान्त र राजनीतिमा आएको तरलता देखेर चिन्तित छन् । पछिल्लो समयमा राजनीतिक दलहरू, त्यसमा पनि कम्युनिस्ट पार्टीहरू आफ्ना घोषित विचार र सिद्धान्तबाट क्रमशः विचलित हुँदै गएकोमा उनी चिन्तित छन् । कम्युनिस्ट पार्टीभित्र पनि पद, पैसा, प्रतिष्ठाका लागि चलखेल हुँदा उनी पीडाले छटपटिन्छन् । पार्टीभित्रै बेलाबेलामा दलित, महिला, मधेशी भनी विभेद हुँदा उनी खिन्न हुन्छन् ।

मधेशका दलित नेताहरूमध्ये सर्वस्वीकार्य व्यक्तित्वका रूपमा स्थापित छन् रामप्रित । उनी पार्टीभित्र कुनै पनि गुट-उपगुटमा विश्वास गर्दैनन्, न त दलभित्र समुदाय-विशेषको मोर्चाबन्दीमै उनी भरोसा राख्छन् । पार्टीले निम्न वर्ग र उत्पीडित समुदायका मुद्दालाई छोड्दै जान थालेकोमा उनलाई निकै

चिन्ता लागेको छ । तर पनि आफूले बनाएको घरको धेरै माया हुने हुँदा पार्टीभित्रका थुप्रै विकृति र विसंगतिविरूद्ध लडिरहेको उनको जिकिर छ ।

दलित हुँदाको पीडा पार्टीभित्र र समाजमा पनि धेरै पटक गहिरोसँग अनुभूति गरेका रामप्रित पासवान दलित आन्दोलनलाई नयाँ शिराबाट एकताबद्ध ढङ्गले अगाडि बढाउनुपर्ने मान्यता राख्दछन् । आगामी पुस्ताले निरन्तर सङ्घर्षशील भएर राजनीतिक आन्दोलन र दलित आन्दोलनबीच उचित समायोजन मिलाएर मात्रै दलित समुदायका थप अधिकारलाई संवैधानिक सुनिश्चितता गर्न सकिने उनको मान्यता रहेको छ ।

■

# दलित समुदायका वैचारिक अगुवा



▲ **विश्वभक्त दुलाल (आहुति)**

विश्वभक्त दुलाल 'आहुति' नेपाली दलित राजनीतिका वैचारिक नेता हुन् । कम्युनिस्ट नेताको पहिचान बनाएका आहुतिले वैचारिक रूपमा नेपाली दलित आन्दोलनको अगुवाइ गर्दै आएका छन् । बहुआयामिक परिचय भएका 'आहुति' एक जना सफल साहित्यकार हुन् । नेपाली समाजमा उनका कविता र उपन्यास चर्चित छन् भने वैचारिक रचना गहन छन् ।

जीवनको प्रारम्भिक चरणदेखि नै कम्युनिस्ट राजनीतिमा झुकाव भएका आहुतिले साहित्य र राजनीतिमार्फत् समाज रूपान्तरणमा आफूलाई समर्पित गरेका छन् । मार्क्सवादका ज्ञाता रहेका आहुति पछिल्लो चरणमा नेकपा (माओवादी केन्द्र) का उच्च तहका नेता थिए । उनी मार्क्सवाद र नेपाली राजनीतिक दलहरूलाई दलित-मैत्री बनाउन वैचारिक बहसमा केन्द्रित रहेका छन् । नेकपा माओवादी केन्द्रबाट अलग्गिएपछि उनी अचेल 'वैज्ञानिक समाजवाद'को वकालत गर्ने अलग कम्युनिस्ट धार निर्माणका विचार प्रस्तोताका रूपमा चर्चित छन् ।

## जसले स्कुलमा कहिल्यै पानी खाएनन्

आहुतिको जन्म काठमाडौँको दक्षिण-पश्चिममा रहेको नैकापमा २०२३ सालमा भएको हो । उनी जन्मँदा उनका पिताको निधन भएको १ महिनामात्रै भएको थियो । उनका दुई दाजु र दुई दिदी छन्, जसले उनलाई हेरचाह गरेका थिए । कान्छो छोरो भएकाले उनले पढ्ने मौका पाए ।

सानैमा पिताको छहारीबाट वञ्चित भएकाले उनको बाल्यकाल सुखद् भएन । घरमा ६/७ जना एकैपटक विरामी हुँदा पुर्ख्यौली जमिन नै बेच्नुपर्ने बाध्यता आइलाग्यो । आफूसँग भएको जमिन पनि बेचेपछि उनीहरू भूमिहीन भए । यसरी भूमिहीनता र गरिबीबीच आहुति हुर्के । उनीहरूले सीप र सामान बेच्दै पछि केही जग्गा जमिन जोडे । पछिल्लो समय आहुतिको परिवारमा ७ रोपनी बारी र २ रोपनी खेत थियो । त्यसमा उनका हजुरबाको योगदान बेसी छ ।

उनको विचारमा आफ्ना हजुरबा वास्तवमा प्राविधिक अर्थात् वैज्ञानिक थिए । उनका हजुरबा सामान्य अङ्ग्रेजी बुझ्थे, छाला प्रशोधन गर्न सक्थे, जुत्ताका विभिन्न मोडल पनि बनाउँथे । उनलाई एक जना जोगीले पढाइदिएका रहेछन् । ती जोगी देश-विदेश बुझेका मान्छे थिए । उनका हजुरबा हस्तकला जाने-बुझेका र ज्ञानगुन भएका व्यक्तिका रूपमा ती जोगीसँग काममा हुने गर्दथे । तिनै बाजेले युवाहरूलाई तालिम दिएर इलमी बनाएका थिए । उनी युवाहरूलाई छालाको काम तथा जुत्ता बनाउने तालिम दिन्थे ।

पञ्चायतकालमा शिक्षा सुलभ थिएन, त्यसमा पनि दलित समुदायलाई थप कठिनाइ थियो । काँठका दलित समुदायमा जन्मेका आहुतिका लागि पनि पढाइ त्यति सजिलो थिएन । उनी स्थानीय विद्यामन्दिर माविमा भर्ना भए । केही जान्ने-बुझ्ने भएदेखि नै उनले जातीय विभेद र छुवाछूत भोग्नुपऱ्यो । कतिसम्म भने आफू पढ्ने विद्यालयमा जातीय छुवाछूत हुने भएकोले १० कक्षासम्म पढ्दा उनले स्कुलमा कहिल्यै पानी खाएनन् । बरू उनले १० कक्षाको पढाइ सकेपछि सबैले पानी खाने गाग्रो फुटाएर हिँडे, प्रतीकात्मक विद्रोह गर्दै । आहुति सानै उमेरदेखि विद्रोही स्वभावका थिए ।

## सानैमा साहित्यकारको छनक

२०३५/३६ सालको विद्यार्थी आन्दोलन हुँदा आहुतिको गाउँको स्कुल १ दिन बन्द भएको थियो । जुलुसमा निस्कँदा प्रहरीले बेसरी कुटेको उनलाई अहिले पनि याद छ । त्यसबेला गाउँमा पञ्चायतविरोधी बन्नु भनेको काङ्ग्रेस बन्नु थियो । उनी पञ्चायतविरोधी त बने, काङ्ग्रेसी भने बनेनन् । प्रजातन्त्रका लागि उनी जुलुसमा खुब जाने गर्दथे । उनमा दलितलगायत आम उत्पीडित समुदायको मुक्तिको सपनाले जरो गाड्न थालेको थियो । त्यसैले उनी प्रजातन्त्रको झण्डा बोकेर जुलुसमा सरिक हुने गर्दथे ।

पञ्चायतविरोधी चेत आएपछि आहुति विभिन्न विधाबाट त्यसको अन्त्य तथा उन्मूलनको अभियानमा लागे । उनी २०३७ सालमा गाउँको 'दबू' (डबली)मा देखाइने नाटकमा संलग्न भए । 'कर्त्तव्य' नामक नाटकमा एक दलित युवालाई अगुवाको भूमिका दिइएको थियो । नाटकमा 'दलितलाई नायक किन बनाएको' भनेर विरोध आएपछि ती दलित युवालाई त्यस भूमिकाबाट हटाइयो । यही घटनाबाट पाठ सिकेर उनले आफ्ना महर्जन थरका दुई साथीसँग मिलेर 'इर्ष्या' नामक नाटक लेखे ।

आहुतिका हजूरबा फिल्म हेर्नेहरूलाई संरक्षण गर्थे । फिल्म हेर्दै जाँदा उनी पनि फिल्म बुझ्ने र विश्लेषण गर्ने भए । त्यसपछि उनले साथीभाइसँग मिलेर गाउँमा नाटक बनाए, नाटक देखाए । नाटकमा भूमिका पनि निर्वाह गर्न थाले । यसरी नाटक देखाउन थालेपछि हरेक वर्ष देखाइने गाउँको नाटक बन्द भयो । त्यसपछि उनले नै हरेक वर्ष नाटक लेख्ने र प्रदर्शन गर्ने चलनलाई निरन्तरता दिए । उथलपूर्ण परिस्थिति र सङ्घर्षले आहुतिलाई पञ्चायतविरोधी नाटक लेख्ने बनाइदियो । र, राजनीतिक रूपमा क्रमशः पञ्चायतविरोधी बनाउँदै गयो । यही परिवेशबाट एक जना किशोर भविष्यका कम्युनिस्ट नेता र साहित्यकारको रूपमा उदाए ।

## इन्जिनियरिङको पढाइ छाडेर पार्टीमा

विद्यामन्दिर माविबाट एसएलसी परीक्षा उत्तीर्ण भएपछि उनी ललितपुर, पुल्चोकस्थित इन्जिनियरिङ कलेजमा भर्ना भए । १३ महिनासम्म सिभिल इन्जीनियरिङ विषय पढेपछि उनी राजनीतिक जीवनमा पूरै लागे । घरदेखि सडकसम्म निर्माण गर्ने इन्जिनियर बन्ने उनको चाहना मुलुकको राजनीतिक पुनःनिर्माणतिर फनक्क मोडियो । २०४१ सालमा उनी देश दर्शन र समाज अध्ययनमा निस्किए । फर्केपछि सर्वहारावादी श्रमिक सङ्गठन नामक कम्युनिस्ट पार्टीको पूर्णकालीन कार्यकर्ता बने ।

यसैबीच उनी पार्टीको काम गर्ने क्रममा मजदुरको रूपमा क्रियाशील थिए । उनले पहिले नेपाल टेण्ट एण्ड टारपोलिन प्रालिमा काम गरे । उनी भोटेचौरमा सरस्वती माविमा शिक्षक बनेर गए । त्यहाँबाट फर्केपछि लूजः प्रिन्टिङ प्रेसमा काम गरे ।

पार्टीले सङ्गठनको काम गर्न सिन्धुपाल्चोक खटाएको थियो । उनी भोटेचौरमा सरस्वती माविमा शिक्षक बनेर गएका थिए । भोटेचौर क्षेत्री बाहुन समुदायको बस्ती थियो । त्यसैले उनलाई गायत्री मन्त्र सिकाएर पठाइएको थियो । उनले १२/१३ महिना त्यहाँ बसेर पढाए अनि सङ्गठनको काम पनि गरे । सङ्गठनको काम गर्दा प्रशासनले उनीमाथि निगरानी गर्न थाल्यो । कामकै क्रममा उनले प्रहरीसँग पनि राम्रो सम्बन्ध बनाएका थिए । त्यसैले प्रहरीले उनलाई एक दिन 'तपाईंलाई यहाँ बस्नु राम्रो हुँदैन' भने । त्यसपछि उनले राति नै प्रहरीको सहयोगमा जिल्ला छाडे ।

त्यहाँबाट फर्केर उनले लूजः प्रिन्टिङ प्रेसमा काम गरे । विभिन्न उद्योगमा काम गर्दा मजदुरलाई आन्दोलनको पक्षमा व्यापक रूपमा परिचालन गरियो । यसले काठमाडौँ उपत्यकामा पञ्चायतविरोधी वातावरण बनाउन निकै सहयोगी भूमिका खेल्यो । यस अभियानसँगै २० औँ हजार मजदुर आफ्नो हकहितका लागि सङ्गठित भए भने अर्कोतिर कम्युनिस्ट पार्टीको शक्ति निर्माण भयो ।

२०४६ सालपछि एक दिन सर्वहारावादी श्रमिक सङ्गठनका मुख्य नेता रूपलाल विश्वकर्मासँग उनको भेट भयो । रूपलालसँगको भेटमा उनले आफ्नो राजनीतिक जीवनको शुरूआतबारे एउटा रहस्य थाहा पाए । पूर्णकालिक राजनीतिक कार्यकर्ता हुँदा पार्टीले उनलाई शङ्काको घेरामा राखेको रहेछ । 'इन्जिनियरिङ पढेका युवा किन कम्युनिस्ट पार्टीमा लाग्यो, कतै सिआइडी पो गर्नलाई पार्टीमा लागेका हुन् कि' भनेर उनलाई शङ्का गरिएको थियो । यो कुरा उनले धेरै पछि मात्रै थाहा पाए ।

२०४६ सालको जनआन्दोलनमा लाग्दा उनी ३ दिन हिरासत बस्नुपर्‍यो । हिरासतबाट छुट्दा प्रशासनले कुनचाहिँ कागजमा हस्ताक्षर गरायो, उनले मेसो पाएनन् । जनआन्दोलनपछि वामपन्थी राजनीतिमा एकताको लहर शुरू भयो । सर्वहारावादी श्रमिक सङ्गठन पनि नेकपा चौथो महाधिवेशन र नेकपा मशालसँग एकीकरण गर्ने टुङ्गोमा पुग्यो । २०४७ सालमा ती सबै पार्टी मिलेर नेकपा (एकताकेन्द्र) बन्यो र उनी त्यसका एक नेता भए ।

## वैवाहिक जीवन र सम्बन्ध-विच्छेद्

राजनीतिमा क्रियाशील हुने क्रममा आहुतिको विवाह भएको हो । उनी २०४७ सालमा अन्जना बिशुंखेसँग वैवाहिक जीवनमा गाँसिएका थिए । आहुति

र अन्जनाबीचको वैवाहिक जीवनले एक दशकपछि निरन्तरता पाउन सकेन । दुवै जनाका आ–आफ्नै अडान र व्यस्तता सम्बन्ध–विच्छेद्का कारण बने । परिस्थितिलाई दुवै जनाले सहज ढङ्गले स्वीकार गर्दै पार्टीसामु सम्बन्ध–विच्छेद गरे । पछि कानुनी अड्चन नआओस् भन्नाका लागि २०५८ सालमा अदालतबाट समेत सम्बन्ध विच्छेद भयो ।

आहुति र अन्जना दुवै जना एउटै पार्टी, एउटै विचार, एउटै सङ्गठनमा आबद्ध रहे । उनीहरूले सँगसँगै लामो समय काम गरे । उनीहरूका एक जना छोरी (प्राची) छिन् । प्राची एबिबिएस डाक्टर भइसकिन् । आहुतिले २०५८ सालमा बुद्धलक्ष्मी महर्जन अन्तरजातीय विवाह गरेका छन् । बुद्धलक्ष्मीबाट सरल र पलपलको जन्म भएको छ । अन्जनाले पनि कुबेर ढकालसँग अन्तरजातीय विवाह गरेकी छन् ।

## दलित आन्दोलनमा भूमिका

चालीसको दशकमा दलितका विभिन्न सङ्गठन बनाउने र दलित आन्दोलन उठाउने प्रयास भएको थियो । त्यस्ता प्रयासबाट राजनीतिक रूपमा सचेत आहुति पनि प्रभावित भए । उनी उत्पीडित जातीय उत्थान मञ्च (उजाउ मञ्च)मा आबद्ध भएर दलित आन्दोलनमा सहभागी भए ।

२०४५ सालको अन्त्यतिर तत्कालीन मालेका नेता गोरेबहादुर खपाङ्गीको प्रमुख आतिथ्यमा उजाउ मञ्च गठन गर्न पुल्चोक इन्जिनियरिङ कलेजमा कार्यक्रम भएको थियो । खपाङ्गीको भाषणबाट प्रभावित भएर उनले नेपाली भाषाका साहित्यसँगै मगर साहित्य र महेशचन्द्र रेग्मीका पुस्तक पढ्न थाले । त्यसपछि डोरबहादुर विष्टका रचना पढ्न थाले । ती रचना पढ्दै साहित्य लेख्ने क्रममा २०४६ सालसम्म आइपुग्दा उनी एक कुशल कविका रूपमा स्थापित भए ।

आहुतिलाई २०४६ सालमा उजाउ मञ्च काठमाडौँको अध्यक्ष बनाइयो । उनले त्यस बेला दलित अगुवाहरू गोल्छे सार्की, मनोहरलाल बमरेल, रामजी वसेललगायत सहकर्मीसँग मिलेर काम गरे । त्यही मञ्चबाट पञ्चायत व्यवस्थाविरोधी पर्चा छपाए ।

२०४६ सालपछि टि.आर. विश्वकर्माको अगुवाइमा नेपाल राष्ट्रिय दलित जनविकास परिषद्को राष्ट्रिय भेला भयो । भेलामा नेता साध्यबहादुर भण्डारीले

रूपलाल विश्वकर्माद्वारा सम्प्रेषित शुभकामना पढेर सुनाए । आहुतिले भाषण गर्दै आफ्नो विचार राखे । यसबाट प्रभावित भएर टि.आर. विश्वकर्माले दलित जनविकास परिषद्को नेतृत्व लिन आहुतिलगायतका युवालाई अनुरोध गरे । दलित जनविकास परिषद्मा वामपन्थीहरूको वर्चस्व थियो भने नेपाल राष्ट्रिय समाज कल्याण सङ्घमा पञ्चायती व्यवस्थाका समर्थकहरूको । २०४६ सालको जनआन्दोलनपछि एकथरी अगुवा समाज कल्याण सङ्घलाई नेपाली काङ्ग्रेसको भ्रातृ सङ्गठनको रूपमा चलाउन कस्सिए । यसै क्रम पञ्चायत समर्थकहरूबाट अलग्गिएर टि.आर. विश्वकर्मालाई सल्लाहकार बनाएर परिषद्को विस्तार गरियो । त्यसमा तिलक परियारलगायतकालाई समेट्ने काममा आहुतिको भूमिका रह्यो ।

त्यतिबेला क्रियाशील रहेका दलित सङ्गठन : दलित जनविकास परिषद् र उजाउ मञ्चबीच एकताको छलफलको प्रयास भयो । त्यस बेला गोल्छे सार्की एकीकृत सङ्गठन र आन्दोलनको पक्षमा देखिएनन् । त्यसपछि एकताका लागि मञ्चका नेता पद्मलाल विश्वकर्मासँग लामो कुराकानी भएको आहुति सम्झन्छन् । आहुति, छविलाल विश्वकर्मा र पद्मलाल विश्वकर्माबीच पटक–पटक कुरा हुँदा साङ्गठनिक एकताका लागि सहमति भयो । त्यसपछि चितवनमा तीनवटै सङ्गठनको संयुक्त बैठक भयो र तीनवटा सङ्गठनलाई मिलाएर नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज स्थापना गरियो । त्यसरी बनेको मुक्ति समाजको अध्यक्षमा पद्मलाल विश्वकर्मा र महासचिवमा आहुति भए ।

यसरी एकीकृत भएको दलित सङ्गठनको एकताको प्रथम राष्ट्रिय सम्मेलन १, २ र ३ फागुन २०५१ मा बुटवलमा सम्पन्न भयो । सम्मेलनको क्रममा निर्वाचन हुँदा गोल्छे सार्कीलाई पराजित गर्दै पद्मलाल विश्वकर्मा पुनः अध्यक्ष भए भने छविलाल विश्वकर्मा महासचिव बने । यस सम्मेलनपछिको करिब एक दशक नेपालको सामाजिक राजनीतिमा दलित आन्दोलनले ठूलो फड्को मार्‍यो । त्यसले अनेक ढङ्गले दलित समुदायका सङ्घर्षको अगुवाइ गर्‍यो ।

सो राष्ट्रिय सम्मेलनको दस्तावेज आहुतिले लेखेका थिए । दलित आन्दोलनको इतिहासमा त्यस दस्तावेजको आफ्नै विशेष महत्त्व छ । त्यस दस्तावेजमा दलित आन्दोलनमा पहिलो पटक जमिनसहितका आर्थिक मुद्दा राखिएको थियो । दक्षिण एसियाको कम्युनिस्ट आन्दोलनमा आरक्षणको माग राख्दै संयुक्त जनमोर्चा, नेपालले २०४८ सालमा आफ्नो दस्तावेजमा जमिनसहितको

आर्थिक मुद्दा राख्ने काम गरिसकेको थियो । त्यसैको प्रतिविम्बन मुक्ति समाजको दस्तावेजमा देखिएको हुन सक्छ । यसरी हेर्दा दलित आन्दोलनको सैद्धान्तिक र वैचारिक क्षेत्रलाई विस्तार गर्ने काममा आहुतिको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ । उनी लामो समयसम्म नेपाल राष्ट्रिय दलित मुक्ति सङ्गठनको एक अगुवाका रूपमा क्रियाशील रहेको देखिन्छ ।

## सभासद्को रूपमा आहुति

पचासको दशकमा आहुति दलित आन्दोलन र कम्युनिस्ट आन्दोलनमा एकसाथ सक्रिय रहे । नेकपा एकताकेन्द्र र त्यसको बाहिरी मोर्चा संयुक्त : जनमोर्चा नेपालका नेताका रूपमा चिनिएका आहुतिले दलित आन्दोलनमा वैचारिक र साङ्गठनिक अगुवाइ पनि गरिरहे । २०६२/६३ सालमा भएको जनआन्दोलन र त्यसमा दलित आन्दोलनलाई जोड्ने काममा उनको भूमिका बलियो रह्यो ।

पहिलो ऐतिहासिक संविधानसभामा जनमोर्चा नेपालले दलित प्रतिनिधि नपठाए पनि हुने समानुपातिकतर्फको मत आएको थियो । दलित आन्दोलनका युवाहरूले बाहिरबाट सभासद् हुनुपर्दछ भनेर दबाब दिइरहेका थिए । आन्तरिक र बाह्य दबाबपछि सो पार्टीले दलित प्रतिनिधि नै पठाउने निर्णय गऱ्यो । यसरी पार्टीभित्र आन्तरिक मतदानका माध्यमद्वारा आहुति जनमोर्चा नेपालको तर्फबाट सभासद् भए ।

उनी आबद्ध रहेको पार्टी र नेकपा माओवादीबीच एकता भएपछि उनले एकीकृत नेकपा (माओवादी)का नेता तथा सभासद् भएर भूमिका खेले । यसैबीच दलित सभासद्हरूबीच एकरूपता र एकताका लागि सर्वप्रथम दलित ककस बन्यो । यसलाई सहयोग गर्ने दलित नागरिक समाज तयार थियो । राजनीतिक दलका दलित सङ्गठन पनि सडकको नेतृत्व गर्न तयार थिए । तर दलित ककसको नेतृत्व छनोट गर्न सकिएन । कसको नेतृत्व स्वीकार्ने भन्ने विषयमा विवाद रह्यो । संयोजक तोक्न नसकिए पनि साझा अवधारणा भए पनि अन्तिम अवस्थामा बाहिर ल्याइयो । त्यस काममा आहुतिको महत्त्वपूर्ण भूमिका रह्यो ।

एउटा रमाइलो कुरा के भने युएनडिपीबाट सबैजसो ककसले परियोजना ल्याए तर दलित ककसले ल्याएन । एक दिन युएनडिपीका प्रमुख रोबर्ट पाइपरले आहुतिलाई आफ्नै अफिसमा बोलाएर सोधे, "तपाईंहरूको दलित

ककसले हामीबाट पैसा किन लिनुहुन्न ?" आहुतिले ओँठभरि जवाफ दिए, "हामी भुइँका मान्छे, महिनाको ५५ हजार खाई नै रहेका छौँ । अरू पैसा हामीलाई किन चाहियो र ?"

दलित आन्दोलनको समस्या नै एजेण्डा तय गर्नु थियो । आहुति व्यवस्थापिका संसद्‌तर्फ अर्थ समितिमा थिए जुन अत्यन्तै शक्तिशाली समिति मानिन्थ्यो । संविधानसभातिर उनी राज्य पुनःसंरचना समितिमा थिए । उनले यसै समितिमा हुँदा दलित समुदायका लागि विशेषाधिकारको संवैधानिक व्यवस्था हुने प्रावधानको व्यवस्था गरे । उनकै नेतृत्वमा उपसमिति बनेको थियो । त्यसमा दलितसम्बन्धीका सबै माग प्रवेश गराउन उनी सफल भए । यसका अलावा मौलिक हक समितिमा परशुराम रम्तेललगायतका विभिन्न समितिका सदस्यलाई उनले निकै प्रभावकारी समन्वय गरे । त्यसै बेला उनकै पार्टीका नेता सिपी गजुरेललाई ती दलित अधिकारलाई मौलिक हकका प्रावधानमा राख्न हम्मेहम्मे परेको थियो ।

यसका साथै, आहुति संविधानसभाभित्र बनेको प्रतिवेदन अध्ययन समिति अर्थात काँटछाँट समितिका सदस्यको हैसियतले पनि दलित मुद्दाको सरक्षा गर्न सफल भए । त्यस समितिको बैठक लगातार ५५ दिन बसेको थियो । उनले प्रत्येक दिन उपस्थित भएर दलितको कोणबाट हस्तक्षेप गरे । उनीलगायतका दलित सभासद्‌ले संविधानसभाका सहसचिव टेकप्रसाद ढुङ्गानासँग सम्बन्ध स्थापित गर्दै आफ्ना मुद्दा कटौती हुने भएमा खबर गर्न तालमेल मिलाए ।

संविधानसभाबाहिर पनि संयुक्त दलित आन्दोलन नेपाल (संयुक्त राजनीतिक दल सङ्घर्ष समिति)भित्र पनि हलचल जारी थियो । विभिन्न पार्टीमा दलित समुदायबाट उठेका उच्चस्तरीय नेताहरूबीच पार्टीलाई समेत दबाब दिन सातबुँदे सहमति भयो । त्यसले दलित आन्दोलनका साझा मागलाई आ-आफ्नो पार्टीमा सहमति गराउने काममा महत्त्वपूर्ण भूमिका खेल्यो । अन्तिममा संविधान पारित हुनुअघिको विधेयक संशोधन प्रस्तावमा माओवादीका सभासद्‌लाई सहमत गराउन आहुति निकै खटे । उनले साझा एजेण्डासहित संशोधन प्रस्ताव बनाए । ती प्रस्ताव सबै पार्टीका सभासद्‌लाई बाँडियो । एउटै ब्यहोरा भएको संशोधन प्रस्ताव दलगत रूपमा अलग-अलग रूपमा संशोधन प्रस्ताव हाल्न सबै सहमत भए । यसरी सहमति गराउनु भनेको फलामको चिउरा चपाउनुभन्दा गाह्रो रहेको अनुभूति आहुतिको छ ।

केही सभासद्ले पार्टीको दबाबमा परेर संशोधन प्रस्ताव दर्ज नहुँदै फिर्ता लिने काम गरे । अन्त्यमा, सबै पार्टीका सभासद्ले प्रस्ताव फिर्ता लिए, तर शुरूमै फिर्ता नलिएको भए हुन्थ्यो भन्ने आहुतिको जिकिर छ । संशोधन प्रस्ताव फिर्ता नलिएकै विषयमा पार्टीको कारबाही खान पाइएको भए दलित आन्दोलनको इतिहासमा चर्चित पात्र बन्ने मौका पाइने उनको दाबी छ । दोस्रो संविधानसभाका दलित सभासद्हरूले त्यस्तो विशेष मौका चुकाएको उनको भनाइ छ । यस घटनामा सबैभन्दा बढी पीडा एमालेका दलित नेताहरूलाई, त्यसपछि नेपाली काङ्ग्रेस र माओवादीका नेतालाई भएको उनको ठहर छ । जेहोस्, संविधान संशोधनको प्रस्ताव दर्ता जसरी जसले गराए पनि यो दलित आन्दोलनको इतिहासमा स्वर्णिम अक्षरले लेखिएको छ ।

आहुतिको अनुभवमा दलित आन्दोलनमा केवल नेतामात्र भएर होइन, क्षमता विकास गर्न सक्दा लेखक, विश्लेषक, कवि आदि बनेर काम गर्न सक्दा पनि सबै क्षेत्र प्रभावित गर्न सकिन्छ । उनको अनुभवमा नेपालका कम्युनिस्ट पार्टीभित्रको आन्तरिक सङ्घर्ष चुनौतीपूर्ण छ । यसको मूल कारण हो पार्टीमा निम्न मध्यम वर्गको मात्रै प्रवेश हुनु । उनी अचेल यस्ता प्रश्नसँगै वर्ग र वर्णका समस्याबारे घोत्लिँदै नेपाली समाजको पुनर्व्याख्या गर्ने काममा सक्रिय छन् ।

सांस्कृतिक काम गर्ने क्रममा उनले 'दलन' नामक चर्चित टेलिशृङ्खला लेखेका थिए । उनका वैचारिक रचनाको सङ्कलनको रूपमा 'हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न' र 'नेपालमा वर्णव्यवस्था र वर्ग-सङ्घर्ष' प्रकाशित छन् । त्यस्तै, 'तपश्वीका गीतहरू' र 'गहुँगोरो अफ्रिका' (कविता सङ्ग्रह)सँगै 'नयाँ घर'- र 'स्खलन' (उपन्यास)जस्ता साहित्यिक रचना उल्लेखनीय छन् ।

उनले दलित आन्दोलन र नेपाली राजनीतिसम्बन्धी दर्जनौँ कार्यपत्र र अवधारणा लेखेका छन् । दलित मुक्तिसम्बन्धी उनका विचारले नेपाली बौद्धिक र राजनीतिक जगत्मा तरङ ल्याएका छन् । उनका पुस्तक र लेख त्रिभुवन विश्वविद्यालयको समाजशास्त्र सङ्कायमा पढाइन्छन् । उनका रचनालाई देशी-विदेशी विद्वान्ले समेत सन्दर्भ-सामग्रीका रूपमा प्रयोग गरेको पाइन्छ ।

■

# उत्पीडनविरूद्ध पार्टीको नेतृत्व गर्दै



▲ **सन्तबहादुर नेपाली**

अघाखाँची अर्थात् 'अर्घा' र 'खाँची' जोडेर बनाइएको जिल्ला । बाईसे चौबीसे राजाहरु छँदा अर्घा र खाँची दुई वटा राजाका राज्य थिए । अहिले पनि अर्घाको कोट र खाँचीको कोट स्पष्ट रूपमा देख्न पाइन्छ । पृथ्वीनारायण शाहको अभियानपछि अर्घा र खाँची राज्य गोरखा राज्यमा गाभिन पुगे । ती दुवै राज्यमा ठकुरी (शाह) वंशका राजा थिए । एकीकरणपछि खाँचीका शाहवंशी राजाका सन्तान राम्रो, समथर, उब्जाउ र सुगम स्थान डिहिडाँडामा गएर बस्न थाले । उनीहरूले आफ्ना घर र खेतका कामका लागि मगर, घर्ती, कुमाल, सार्की, कामी, दमाईलाई पनि बसाए । पूजापाठ, युद्ध, व्यापारका लागि बाहुन, क्षेत्री, नेवारलाई पनि साथै बसोबास गराए । यी सबै जातजातिका मानिस खाँचीकोट वरपर बसोबास गरेको पाइन्छ ।

त्यसै क्रममा सार्की जातका सदस्य पनि खानी गाउँ, लाम्डाँडा, किटेनी र भुजुङ्गेमा आई बसोबास गरे । भुजुङ्गेमा सार्कीहरु कहिले आए, खोजको विषय हो । भुजुङ्गेमा ठडराई, हिताङ्ग, हमाल तीन थरका सार्की बसोबास गर्दछन् । उनीहरु वर्षौंदेखि शाह र ठकुरीका रैतीका रूपमा बस्दै आएका छन् । शाह र ठकुरीहरु आफूलाई खाँचीका राजाका सन्तान मान्दछन् । उनीहरु अहिले पनि करिब ४० घरपरिवारमा बसोबास गर्दछन् । सन्तबहादुर नेपालीको जन्म यही गाउँमा ८ श्रावण २०११ मा भएको हो । उनका पिताको नाम मोतिलाल नेपाली

हो भने माताको नाम शान्तिकुमारी नेपाली हो । उनी दलित समुदायका अगुवा तथा कम्युनिस्ट नेताका रूपमा स्थापित भए ।

भुजुङ्गे पहिले खाँचीकोट गाविसअन्तर्गत पर्दथ्यो । हाल नयाँ संरचनाअनुसार सन्धिखर्क नगरपालिकाको वडा नं. ९ अन्तर्गत पर्दछ । केही वर्षदेखि यो गाउँ स्थानीय पहलमा गोरूसिङ्गे सन्धिखर्क मोटरबाटोमा पर्ने फुदवाङबाट कच्ची मोटर बाटोसित जोडिए पनि यहाँका सार्कीहरूको जीवनस्तरमा कुनै सुधार आएको छैन । बालीघरे प्रथाको अवशेष २०४० सालको सेरोफेरोसम्म थियो, हाल बालीघरे प्रथा समाप्त भएको छ । आज पनि धेरै युवा भारत तथा खाडी मुलुकतिर रोजगारमा जाने प्रचलनका कारण जातीय शोषण एकप्रकारले समाप्त भएको सन्तबहादुर नेपालीको अनुभव छ ।

## पटारका छोरा सन्तबहादुर

सन्तबहादुर नेपालीका बुबा मोतिलाल नेपाली सानै उमेरमा भारततर्फ लागेका थिए । उनी कलकत्तामा केन्द्र सरकार मातहतको टेलिकम फ्याक्ट्रीमा काम गर्थे । पहिलो र दोस्रो पत्नी १/१ वटा छोरी जन्माएर मृत्यु भएपछि तेस्रो पत्नी ल्याइएको थियो । तेस्रो पत्नीबाट सन्तबहादुर र उनका भाइ डिलबहादुरसँगै दुई बहिनी दमकला र जसीको जन्म भएको थियो ।

२०१६ सालतिर मोतिलाल नेपालीले सन्तबहादुरसँगै उनकी आमा र बहिनीलाई कलकत्ता लगे । मोतिलाल अत्यन्त सादा, सरल र मृदुभाषी थिए । त्यतिमात्रै होइन, सबैका प्रिय पनि थिए । बिहान-बेलुका प्रार्थना गर्ने र धुपबत्ती बाल्ने गर्थे । त्यतिबेला महिलाहरूमा माछीकाँढे डोरीले कपाल बाट्ने चलन थियो । उनी त्यस्ता डोरीमात्रै होइन, गुरुपूर्णिमामा राखी पनि बनाउने गर्थे । उनको पेसा डोरी बनाउने हुनाले सबैले मोतिलाललाई 'पटार' भनेर बोलाउँथे ।

कलकत्तामा रहँदा सन्तबहादुरको प्रारम्भिक पढाइ हिन्दी स्कुलमा भयो । २ कक्षा पास गरेर ३ कक्षामा पढ्दा-पढ्दै उनी नेपाल फर्किए । २०१७ सालको राजनीतिक परिवर्तनले गर्दा होला, गाउँमा चन्द्रप्रभा प्राइमरी स्कुल खुलेको थियो । स्कुल नाममात्रको थियो । बारीमा बसेर पढाइ गरिन्थ्यो । एकजना शिक्षकले ३ वटा क्लासमा पढाउँथे । उनी त्यही स्कुलमा २ कक्षामा भर्ना भए । चन्द्रप्रभा प्राइमरी स्कुलबाट ५ कक्षा पास गरेपछि उनी सन्धिखर्कस्थित जनज्योति हाइस्कुलमा कक्षा ६ मा भर्ना भए ।

## एसएलसी दिन आमाको कानको सुन विक्री

बुबाको संरक्षणमा पढाइ चलिरहेको थियो । पढाइ जारी रहेकै बेला उनका बुबाको निधन भयो । अब पढाइलाई निरन्तर गर्ने कुनै उपाय भएन । त्यसबेला सन्तबहादुर ७ कक्षामा पढ्थे । उनी त्यति बेला १३ वर्षका थिए ।

त्यसबेलाको घटनाक्रम सम्झँदै सन्तबहादुर नेपाली भन्छन्, "त्यस बेला नेत्रलाल 'अभागी' स्कुलको प्रधानाध्यापक हुनुहुन्थ्यो भने गङ्गाधर घिमिरे शिक्षक । उहाँहरूले आफ्नो तलबबाट मेरो पढाइ खर्च तिरिदिने भएपछि पढाइ जारी रहने भयो । त्यसपछिका दिनमा मेरो पढाइका लागि नारायण भूसाल र पीताम्बर भट्टराईले समेत सहयोग गर्नुभयो । उहाँहरूको सहयोग नपाएको भए मेरो पढाइमा त्यहीँ नै विराम लाग्ने निश्चित थियो ।"

बुबाको मृत्युपछि उनी आफ्ना सरहरूको सरसहयोगमा १० कक्षासम्म पुगे । अब उनले त्यसबेला जीवनको फलामे ढोका मानिने एसएलसी दिनुपर्ने भयो । एसएलसीको परीक्षाकेन्द्र अर्घाखाँचीमा थिएन । प्यूठानको रातामाटा परीक्षा दिन जानुपर्ने भयो । घरमा कुनै आयस्रोत थिएन । उनकी आमाले कानको मारवाडी रू. ३०० मा बेचेर खर्च दिइन् । सोही रकमले प्यूठान बस्दा ३ महिनाको खर्च टऱ्यो ।

## एसएलसीपछि पैसा कमाउन भारत

एसएलसी दिइसकेपछि सम्पन्न घरका केटाकेटीहरु घुम्न जाने गर्थे, नयाँ–नयाँ स्थानको अनुभव लिने गर्थे । उच्च शिक्षाका लागि सपना पनि बुन्ने गर्थे । तर सन्तबहादुरको आर्थिक अवस्थामा घरमा बसेर सपना देख्ने र संसार डुल्ने सम्भव थिएन । उनी आफ्ना बुबाले पहिले नोकरी गरेको कम्पनीमा काम पाउने आशाले कलकत्ता पुगे । तर कतिपय कागजात दुरूस्त नभएपछि जागिर सम्भव भएन ।

भर्खर एसएलसी दिएका १५ वर्षे किशोर पञ्जाबतिर हान्निए । त्यहाँ गई नोकरी गर्न थाले । नोकरीबाट पाइएको अलिकति आम्दानीले भरथेग गर्न थाल्यो । त्यसैबाट भाइबहिनीको पालनपोषणमा आमालाई सहयोग पुग्न थाल्यो । २०३१ सालदेखि अर्घाखाँचीमा नयाँ शिक्षा लागू भएपछि २०३२ सालमा उनी घर फर्केर आए । त्यही वर्षको पुस महिनामा उनी शिक्षकको परीक्षामा उत्तीर्ण भए । उनलाई रोकाहटोला विद्यालयमा शिक्षक भए ।

## घरमा गरिबी र विद्यालयमा भेदभावको परिणाम

उनको परिवारसँग जम्माजम्मी गाउँको सानो बारी मात्रै थियो । त्यसैमा खनजोत गरेर ५/६ महिनाका लागि खानपुग्थ्यो । बाँकी महिना उनीहरू मजदुरी गरेर खान्थे । त्यतिबेला उनी दर्जनौँ पटक चार दिन पैदल हिँडेर पत्थरकोटबाट चामल, गहुँ बोकेर लैजाने गर्दथे ।

उनी मात्र होइन, सिङ्गो गाउँ नै ठूलाठालुको शोषण र भेदभावको चपेटामा परेका थिए । अधिकांश गाउँलेहरू डर र त्रासमा बाँच्न विवश थिए । तथाकथित उपल्लो जातका मानिसहरूले बाटो काट्दा दलितहरू बाटोको तलपट्टि लाग्नुपर्थ्यो । स्कुलमा मसी छोएको निहुँमा समेत हप्कीदप्की खानुपर्थ्यो । पानी हात थापेर खानुपर्थ्यो, उपल्लो जातिलाई छुन हुँदैनथ्यो । यसप्रकारका सामाजिक विभेदले सन्तबहादुरको मस्तिष्कमा विद्रोहको भाव जागेर आउँथ्यो । यस्तै सामाजिक पृष्ठभूमिका कारण उनी स्वाभाविक रूपले कम्युनिस्टप्रति आकर्षित भए । किनभने जो–जो गाउँका ठूलाबडा मानिन्थे, उनीहरू २०१५ सालदेखिका काङ्ग्रेसी थिए । उनीहरूको उत्पीडन पञ्चायतकालमा पनि कायम थियो ।

कुनै व्यक्ति 'कम्युनिस्ट हो रे' भन्ने सुन्दा पनि उनी गर्वले प्रफुल्लित हुन्थे । त्यसरी उनी क्रमशः भावनात्मक रूपले कम्युनिस्ट बन्न पुगे । उनी सम्झन्छन्, "२०२३/२४ सालतिरको घटना हो, गाउँपञ्चायतको निर्वाचन हुँदै थियो । उनको गाउँबाट एक जना शाह निर्वाचनमा प्रधानपञ्चको उम्मेदवार बने । विरोधमा कम्युनिस्ट विचारका युवराज आचार्य उठे । उनी कम्युनिस्ट हो रे भन्ने कुरा मैले सुनेकोसम्म थिएँ । म त युवराजको प्रचारमा पो हिँड्न थालेँ । ७ कक्षाको विद्यार्थी भएकाले मैले खासै केही बुझेको त थिइनँ । तथापि कापीका पानामा "युवराज आचार्यलाई जिताऔँ" लेखेर रूखमा टाँस्ने काम गरेँ । त्यसो गरे बापत चेतावनी पनि आयो । मलाई माफी माग्न भनियो, तर माफी माग्ने कुरै भएन ।"

स्कुलमा कम्युनिस्ट र काङ्ग्रेसका दुई वटा विद्यार्थी समूह थिए । उनी कम्युनिस्ट समूहको पक्षमा हिँड्थे । निर्वाचन वर्षैपिच्छे हुन्थ्यो । काठमाडौँबाट आउने विद्यार्थीहरूले चिनियाँ कम्युनिस्ट साहित्य बोकेर आउँथे, उनीहरू खुब रमाएर पालैसित पढ्थे ।

आफ्नो राजनीतिक पाठशाला र गुरुहरूबारे उनी यसरी सम्झना गर्दछन्, "हामीलाई कम्युनिस्ट चरित्र निर्माण गर्न र कम्युनिस्ट विचारले सु-सज्जित पार्न तत्कालीन नेत्रलाल पौडेल 'अभागी' र गङ्गाधर घिमिरेको ठूलो योगदान थियो । पछि नेत्रलाल 'अभागी' नेकपा (माले)मा जानुभयो । उहाँको रहस्यमय मृत्यु भयो । गङ्गाधर घिमिरे नेकपा चौथो महाधिवेशनको वैकल्पिक केन्द्रीय सदस्य हुनुहुँदो रहेछ । मलाई गङ्गाधरबारे पहिले केही कुरा थाहा थिएन । पछि भारतको आसाम जाँदा मृत्यु भएपछि पो उहाँ केन्द्रीय स्तरको नेता हुनुहुँदो रैछ भन्ने थाहा भयो ।"

## परिवार आमाको जिम्मा दिएर पार्टी पूर्णकालीन

उनकी आमा शान्तिकुमारी स्वाभिमानी महिला थिइन् । उनका बुबाले भारतमा नोकरी गर्ने हुँदा घरका सबै जिम्मेवारी उनकै काँधमा थियो । उनी कसैको दबाब नसहने, कसैले कसैमाथि अन्याय गऱ्यो भने पीडितको पक्षमा बोलीहाल्ने, सबैसँग मैत्रीपूर्ण सम्बन्ध राख्ने, घरमा आउनेलाई केही न केही खुवाएर पठाउने स्वभावकी थिइन् । तिनै स्वभावको प्रभाव आफ्ना छोराछोरीमाथि पनि पर्नु स्वाभाविकै थियो । ती स्वभावमा विशेष खालका मूल्यमान्यताबाट निर्देशित थिए ।

उनी भन्छन्, "म कम्युनिस्ट बनेकोमा मेरी आमालाई असन्तुष्टि थिएन । तर प्रशासनले कैयौ कम्युनिस्टलाई जेल पठाएको, हत्या गरेको, घर छाड्न बाध्य पारेको घटना सुनेर मलाई भूमिगत कालमा सक्रिय भएर जिल्लाबाहिर नजान भन्नुहुन्थ्यो ।"

शैक्षिक पेसा गर्दागर्दै पनि उनले अध्ययन बिदा लिएर कानपुर विश्वविद्यालयबाट बी.ए. पास गरे । जिल्लाकै धारापानीको शान्ति माध्यमिक विद्यालयमा माविस्तरका अस्थायी शिक्षकको रूपमा अध्यापन गरे । त्यही बेला आफू संलग्न पार्टी नेकपा मसालको निर्देशन र योजनामा जागिर छाडेर पार्टीको पूर्णकालीन कार्यकर्ता भए ।

स्थायी जागिर छाडेकोमा शुरूमा उनकी आमालाई दु:खित बनायो । पछि घरमा सबै कुरा सहज बन्दै गयो । उनले आमालाई सम्झाए, "केही विद्यार्थीलाई पढाएर मात्र यो समाज परिवर्तन हुँदैन । समाज परिवर्तन गर्न लाखौँलाख

जनता चेतनशील हुनुपर्छ । तबमात्र समाजमा परिवर्तन आउँछ ।" उनी हार्दिकतापूर्वक याद गर्छन्, "आमाको त्यही प्रेरणा र सहयोगले मेरो पार्टी जीवनलाई ठूलो मद्दत पुगेको थियो ।"

उनी पार्टीको पूर्णकालीन कार्यकर्ता हुँदा परिवारको भार आमा र पत्नीको थाप्लोमा पर्नु स्वाभाविकै हो । उनका चार छोरी : गौरा, शोभा, सीमा र गीताको पालनपोषणसँगै घर-परिवार चलाउने जिम्मा उनीहरूले लिए । पूर्णकालीन राजनीति र परिवारका महिलाको जिम्मेवारीबारे उनी भन्छन्, "२०४४ सालबाट मैले पार्टीको पेसेवर कार्यकर्ता भएर काम गर्न थालेँ । त्यति बेला घरको आर्थिक समस्या धेरै नै गम्भीर थियो । तैपनि पार्टीको निर्णय मान्नुपर्ने अवस्था थियो । म कार्यक्षेत्रमा हिँड्न थालेपछि घरको सम्पूर्ण बोझ मेरी पत्नी रामकुमारी नेपालीमाथि पर्न गयो । घरको काम गर्नु, खेतीपाती हेर्नु, गाईवस्तुको हेरचाह गर्नु, बच्चाहरूको पालनपोषण गर्नु, पढाइलेखाइ गराउनु पक्कै पनि कुनै पनि गृहिणीका लागि कष्टकर काम थियो । हाम्रो खेतीपातीले ५-६ महिनामात्रै धान्थ्यो । अरू महिना किनेरै खानुपर्थ्यो । यस्तो अवस्थामा पनि पत्नीको सहयोग पाएरै म अविच्छिन्न रूपमा राजनीतिमा क्रियाशील रहन सकेँ । आजभोलि सोच्छु, पत्नीको सहयोग नपाएको भए म यो अवस्थामा आइपुग्न सक्ने थिइन । मेरोमात्र प्रयासले सम्भव हुने नै थिएन ।"

पार्टीको पूर्णकालीन कार्यकर्ता भई भारतमा काम गरिरहेको अवस्थामा उनले कानपुर विश्वविद्यालयबाट मास्टर्स डिग्री पनि पूरा गरे । २०४६ सालको जनआन्दोलनपछि राजनीतिक पार्टीमाथि लागेको प्रतिबन्ध हट्यो । तैपनि नेकपा मसालको मूल स्वरूप भूमिगत नै रह्यो । पार्टीले राष्ट्रिय जनमोर्चा र अन्य जनवर्गीय सङ्गठनमार्फत खुला गतिविधि गर्न थाल्यो । खुला राजनीतिमा उत्रिएपछि सन्तबहादुर नेपालीको पारिवारिक सकस केही कम भयो । उनी थप्छन्, "बुटवल तथा काठमाडौँ बस्न थालेपछि म आफैले पनि छोरीहरूको पढाइलेखाइमा केही जिम्मेवारी लिन सक्ने भएँ ।"

## जिल्ला शिक्षा अधिकारीले कोठा बाहिर पठाए

यो स्थानीय विद्यालयमा पढाउने समयमा २०३६ सालतिरको घटना हो । उनी विद्यालय नजिकैको एउटा चियापसलमा चिया पिउँथे । त्यहाँ चिया पिएपछि उनलाई गिलास धुन बाध्य पारिन्थ्यो । सधैँजसो यस्तो हुन थालेपछि

उनले सोचे, "हामीजस्ता पढेलेखेकाले छुवाछूतको विरोध नगरे कल्ले गर्देला भनेर आशा गर्ने ?"

एक दिन उनी चिया पिएको गिलास नपखालीकन त्यत्तिकै राखेर हिँडे । अर्को दिन चिया पसलेले भने, "तिमीले हिजो गिलास नधोई गएछौ, अझै कम्युनिस्ट व्यवस्था आएको छैन, गिलास नधुने भए चिया दिन्न ।"

त्यसपछि विवाद चर्कियो । अन्त्यमा शिक्षकहरू समेत उनको समर्थनमा उभिए । त्यो दिनदेखि चियाको गिलास धुन नपर्ने थिति बस्यो । तर दुःखको कुरा, केही दिनपछि चियापसलेले चिया पकाउनै छोड्यो । किराना पसलमात्रै चलाउन थाल्यो ।

अर्को घटना सम्झँदै उनी थप भन्छन्, "२०३९/४० सालतिर गाउँनजिकैको गच्छेबजारमा एकजना पसलेले एक जना सार्कीलाई 'मेरो पसलभित्र किन पसिस्' भनेर बाहिर धकेल्दै कुटेछ । त्यो कुरा धेरै दिनपछि मलाई थाहा भयो । मैले आफ्नो गाउँका सबैलाई बोलाएर भनेँ, 'आज उनलाई कुट्यो, भोलि हामीलाई पनि कुट्छ, त्यसैले यसको विरोध गर्नुपर्छ ।'

अर्को दिन बिहान हामी १६ जना त्यो पसलमा पुग्यौँ । पहिले हामीले सोध्यौँ, 'तिमीले दलित भनेर पसलभित्र पसेका फलानोलाई कुट्यौ । हाम्रो गाउँका दलितलाई पनि चिया पिएपछि गिलास धुन लगाउँछौ । यसरी भेदभाव गर्ने हो भने हामी अब सहदैनौँ । पसलमा छुवाछूत गर्न पाइन्छ ?"

छरछिमेक सबै जम्मा भए, छलफल भयो । अबदेखि पसलमा जातीय भेदभाव नगर्ने निर्णय भयो । १६ जनालाई चिया बनाउन भनियो र गिलास उनैलाई धुन लगाइयो । त्यसपछि दलितहरूले गिलास धुन छाडे । तर दुःखको कुरा, केही दिनपछि उसले पनि चिया बिक्री गर्न छाड्यो । यी सबै काम स्वतःस्फूर्त गरिएको थियो ।"

नजिकका गाँउबस्तीमा विभेद र छुवाछूत भोगेपछि उनइ जुम्लातिर गएर पढाउँछु भनेर घरबाट हिँडे । कपिलबस्तु पुगेपछि केही साथीसँग सल्लाह गर्दा उनले थाहा पाए, जातीय भेदभाव त जुम्लामा पनि छ । अब जुम्ला नजाने, बरू कपिलबस्तुतिरै जागिर खोज्ने सल्लाह भयो । त्यहाँ पनि काम नपाएपछि उनी एक हप्ता डुल्दै घर फर्के ।

एक दिन उनको मनमा आयो- किन जिल्ला शिक्षा अधिकारी (जिशिअ)सँग कुरा नगर्ने ? जिशिअसँग भेट गर्न उनी सन्धिखर्क गए । बिदाको दिन परेछ । उनी कार्यालयकै अर्को कोठामा रहेको जिशिअको डेरामा गए ।

त्यसबेलाको घटनाक्रम सम्झँदै उनी भन्छन्, "जिशिअले बडो सम्मानका साथ माथि बैठक कोठामा बोलाएर बस्न भने । म कुर्चीमा बसेँ । उनले मेरो परिचय मागे । मेरो नाम र थर बताएँ । 'उनले नेपाली भन्नाले ?' भनेर सोधे । मैले 'नेपाली भन्नाले सार्की' भनेँ । यति भन्नासाथ उनले मलाई 'ढोकाबाहिर उभिएर कुरा गर्न' भनिहाले । 'दुई मिनेटमा कुरा राखेर जान्छु' भन्दा पनि मानेनन् । म बाहिर गएर चप्पल लगाउँदै थिएँ, उनी 'लौ भन्नुहोस्' भन्दैथिए । 'मलाई केही भन्नु छैन सर' भनेर म घरतर्फ लागेँ । यसरी मलाई कोठाबाट बाहिर निकाल्ने जिशिअ थिए- पाल्पा घर भएका खोमराज नेपाल ।"

## जातीय समता समाजको अगुवाइ

यस्ता अनेक पीडा र सङ्घर्षको गाथा हो सन्तबहादुर नेपालीको जीवन । यस्तै पीडादायी जीवनमा सङ्घर्ष गर्ने क्रममा उनी कम्युनिस्ट आन्दोलन र दलित मुक्ति आन्दोलनमा सक्रिय भए । यसै क्रममा ३ वैशाख २०४४ मा उनको संयोजकत्वमा राजेश वि.क र भीम वि.क.समेतको ३ सदस्यीय दलित सङ्गठनको केन्द्रीय न्यूक्लियस बन्यो । उनी त्यति बेला पार्टीमा झलक सिंहको नामबाट चिनिन्थे । त्यही न्यूक्लियसले नै अहिलेको जातीय समता समाजको जग हालेको थियो ।

त्यतिखेरको सोचाइ र योजनाबारे उनी भन्छन्, "सामन्तवादविरूद्ध सङ्घर्ष नगरी जातीय मुक्ति सम्भव हुँदैन । जातीय मुक्ति आन्दोलन पनि वर्गीय मुक्ति आन्दोलनको एउटा अङ्ग हो । त्यसकारण जातीय आन्दोलनलाई वर्गीय आन्दोलनसित जोडेर लैजानुपर्छ । त्यसरी यो आन्दोलनमा दलितमात्र होइन, 'उच्च' जातका पनि शोषित पीडित जनताको सहयोग र समर्थन प्राप्त हुनेछ । दलितले मात्र आन्दोलन गरेर आन्दोलन सफल हुन सक्दैन भन्ने हाम्रो मान्यता थियो । जातीय समता समाज जातीय समस्यालाई वर्गीय समस्या मानेर खोलिएको पहिलो दलित सङ्गठन हो ।"

२०५२ कार्तिकमा सम्पन्न जातीय समता समाजको प्रथम राष्ट्रिय सम्मेलनले उनलाई अध्यक्ष चयन गऱ्यो । सम्मेलनले निर्णय गरेअनुसार २०५३ सालभरि

'छुवाछूतविरोधी जनजागरण अभियान' सञ्चालन गरियो । त्यस अभियानअन्तर्गत सभा, गोष्ठी, प्रशिक्षण, सहभोज, मन्दिर प्रवेशसँगै घारा, पसलजस्ता सार्वजनिक स्थलमा प्रवेशका कार्यक्रम गरियो ।

त्यही अभियानको सिलसिलामा विभिन्न आन्दोलन पनि चलाइयो । तीमध्ये प्यूठानको स्वर्गद्वारी मन्दिर प्रवेशको सिलसिलामा भएको सङ्घर्ष उल्लेखनीय छ । वर्षभरि नै देशव्यापी रूपमा चलाइएको अभियानको समापन ठूलो जनसमूहको उपस्थितिमा बाग्लुङ बजारमा १५ चैत्र २०५३ मा सम्पन्न गरियो ।

त्यसै वर्ष समता समाजकै पहलमा तत्कालीन राष्ट्रिय जनमोर्चाका सांसद क. परि थापाद्वारा २५ जेष्ठ २०५३ मा संसद्मा छुवाछूत (अपराध र सजाय)सम्बन्धी विधेयक, २०५३ प्रस्तुत गरियो । नेपाली काङ्ग्रेसका नेता शेरबहादुर देउवा नेतृत्वको सरकारले उक्त गैरसरकारी विधेयकलाई संसद्मा प्रस्तुत नगरेपछि त्यत्तिकै तुहियो ।

त्यस्तै, दलित समुदायलाई सबैखाले सरकारी तथा गैरसरकारी सेवामा २० प्रतिशत आरक्षणको सवालमा ६ महिना जति सङ्गठनभित्र र सार्वजनिक रूपले पनि छलफल चलाइयो । यसैको परिणामस्वरूप २५ र २६ फागुन २०५४ मा बुटवलमा सम्पन्न समता समाजको तेस्रो राष्ट्रिय भेलाले आरक्षण आन्दोलनसम्बन्धी प्रस्ताव पारित गर्‍यो । आरक्षणका लागि सभा, गोष्ठीदेखि लिएर प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिनेसम्मका काम गरिए । उनको दाबी छ, "त्यसैको परिणामस्वरूप अन्तरिम संविधानमै १३ प्रतिशत दलितको सहभागिता हुनुपर्ने प्रावधान उल्लेख भएर आयो । पहिलो संविधानसभामा ५० जना दलितको सहभागिता रहन गयो । नयाँ संविधानले समानुपातिक तथा समावेशिताबारे जुन व्यवस्था गरेको छ, त्यो एउटा महत्त्वपूर्ण र प्रगतिशील कार्य भएको छ ।"

समता समाजको दोस्रो राष्ट्रिय सम्मेलन २०५६ मङ्सिरमा सम्पन्न भयो । त्यो सम्मेलनले पनि उनलाई अध्यक्ष पदमा चयन गर्‍यो । २०५६ फागुनभरि जनतालाई गीत, नृत्य र सडक नाटकद्वारा जातीय मुक्तिको चेतना दिने उद्देश्य राखियो । त्यसै क्रममा समता सांस्कृतिक अभियानका कलाकार टोलीले 'समता सांस्कृतिक मार्च'को नामबाट देशभरि सांस्कृतिक कार्यक्रम गरे । त्यही मार्चले सयौँ दलित कलाकार उत्पादन गर्‍यो ।

## पार्टीको महासचिवको जिम्मेवारी

सन्तबहादुर नेपाली नेकपा (मसाल)सित विद्यार्थी कालदेखि नै आबद्ध थिए । उनले पार्टीले दिएका अनेक जिम्मेवारी पूरा गर्ने क्रममा कैयौँ सङ्घ/संस्थाको अगुवाइ गरे । यसै सिलसिलामा उनले मसालसँग आबद्ध रहेको खुला राजनीतिक सङ्गठन राष्ट्रिय जनमोर्चाको महासचिव भएर ५ वर्षको कार्यकाल पनि पूरा गरे । शारीरिक अस्वस्थताका कारण २०७२ सालदेखि उनी पार्टीको सार्वजनिक पदमा छैनन् । नेपालको राजनीतिक पार्टीको महासचिवको तहसम्म पुग्ने उत्पीडित दलित समुदायका अगुवामा सम्भवतः उनी प्रथम व्यक्ति हुन् ।

उनी पहिलो संविधानसभाको सदस्य रहँदा सरकारको तर्फबाट संयुक्त राष्ट्र सङ्घको महासभाको बैठकमा न्यूयोर्क गएका थिए । त्यति बेला महासभाको बैठकमा सहभागी हुँदै उनले अमेरिकाको अध्ययन गर्ने अवसर पाएका थिए । त्योभन्दा पहिले पनि उनले सङ्गठनात्मक कामको सिलसिलामा जर्मनी र कतारको यात्रा गरेका थिए । उनले छिमेकी मुलुक भारतमा त सङ्गठनको कामले धेरै समय बिताएका थिए ।

## पहिलो संविधान सभामा सभासद्को रूपमा

सन्तबहादुर नेपालीलाई पार्टीले २०५६ सालमा राष्ट्रिय सभाका उम्मेदवार बनायो । तर उनी पराजित भए । त्यसपछि उनी २०६४ सालमा पहिलो संविधानसभाको सभासद् भए । ४ वर्षको कार्यकालमा उनी सङ्घीयताको विरोधमा उभिए । उनी सबै तह र तप्काका जनताका मौलिक हक अधिकार, गणतन्त्र, भाषा, समावेशिता, समानुपातिक, लैङ्गिक समानताको पक्षमा उभिए । छुवाछूतलगायतका विषयमा कतिपय महत्त्वपूर्ण कानुनको निर्माणमा आफ्नो पनि महत्त्वपूर्ण योगदान रहेको उनको दाबी छ ।

उनले खास गरी दलित सभासद् मञ्चमा रहेर दलित अधिकारको पक्षमा भएका सङ्घर्षमा भाग लिए । त्यस्तै, जातीय भेदभाव तथा छुवाछूत (नियन्त्रण तथा सजाय) ऐन, २०६८ को निर्माणमा आफूले सक्दो जिम्मेवारी पूरा गरेकोमा उनी गौरव गर्छन् । उक्त कानुन राष्ट्रपतिबाट प्रमाणीकरण हुने दिन आफूलाई ठूलो खुसी र सन्तोष मिलेको उनको अनुभूति छ ।

उनको भनाइ छ, "त्यसैका लागि एक वर्षसम्म छुवाछूतविरोधी जागरण अभियान सञ्चालन गरेका थियौँ । संसद्मा गैरसरकारी विधेयक पेस गरेका थियौँ तथा आरक्षणका लागि लामो सङ्घर्ष गर्दै आएका थियौँ । यो मेरो सानैदेखिको सपना थियो । संविधानसभामा दलित अधिकारका सन्दर्भमा अन्य कतिपय कुरा लेखाउन सकिएन ।"

उनले पार्टीको तर्फबाट दलित समुदायलाई २० प्रतिशत आरक्षण, दलितहरूको बहुसङ्ख्या रहेका इलाकामा स्वायत्त शासन, राष्ट्रिय दलित परिषद्, दलितका लागि बेग्लै निर्वाचन क्षेत्रजस्ता कतिपय विषय जोडदार रूपमा उठाए पनि संविधानमा समावेश गराउन नसकेकोमा उनी दुःखी छन् । उनको भनाइ छ, "अहिलेसम्मका संवैधानिक अधिकार तथा निर्माण भएका कानुनलाई कार्यान्वयन गर्न सङ्घर्ष गर्ने जिम्मा अहिलेको पुस्तामा जान्छ ।"

## सबै कम्युनिस्ट पार्टी एउटै खालका छैनन्

नेपाली समाजमा जातपात र छुवाछूतको धारणा प्रत्येक नेपालीको नशा–नशामा भरिएको छ । कसैमा थोरै र कसैमा धेरै, मात्राको फरक मात्र हो । कम्युनिस्ट पार्टीमा सामेल हुँदा उनले पनि सुन्दर समाज निर्माण गर्ने उद्देश्य राखेका थिए । उनीजस्ता हजारौँ कार्यकर्ता यो वा त्यो कम्युनिस्ट पार्टीमा त्यही सपना बोकेर लागेका छन् । उनको अनुभवमा कम्युनिस्ट पार्टीभित्र पनि कथित उच्च जात र दलितबीचको भेदभाव देखेपछि कैयौँ दलितले पार्टी छाड्ने गरेका छन् । उनीहरूले सोचेजस्तो व्यवहार पाउँदैनन् । त्यसपछि उनीहरु दलित सङ्गठन र राजनीतिबाट अलग रहनुपर्ने कुरा गर्छन् ।

यस्तो प्रवृत्तिबारे उनको भनाइ छ, "पार्टीभित्र कुन व्यक्तिले के गर्छन् भन्ने कुरालाई आधार बनाएर होइन, सिङ्गो पार्टीको नीति र कार्यक्रम कस्तो छ भन्ने कुरालाई आधार बनाउनुपर्छ । ब्राह्मणवादी संस्कृतिले सिङ्गो समाजमात्र होइन, पार्टीहरूलाई पनि गाँजेको छ । कतिपय अवस्थामा पार्टी सदस्यद्वारा छुवाछूत गर्नुलाई समेत सामान्य मान्ने गरिन्छ । पार्टीभित्र पनि जातीय आधारमा कैयौँ भेदभावसमेत गरिन्छ । तर म त्यसबाट कहिल्यै निराश भइनँ र हुनु हुँदैन भन्ने ठान्दछु । त्यसबाट शिक्षा लिँदै व्यावहारिक रूपले जातीय भेदभावको अन्त्य गर्न निरन्तर प्रयासरत रहनुपर्दछ । जातीय विभेदविरूद्ध समाजमा मात्र होइन, पार्टीभित्र पनि निरन्तर सङ्घर्ष चलाउन जरूरी छ ।"

## डाक्टर बन्न सजिलो, समाज परिवर्तनको अभियन्ता बन्न कठिन

व्यक्तिगत हित र सुखलाई प्राथमिकता दिने हो भने भौतिक सुविधा त धेरै नै प्राप्त गर्न सकिन्छ । तर समाजमा के देखिन्छ भने कुनै एक वा केही मान्छेले मात्र सुख-सुविधा प्राप्त गर्दैमा त्यो समुदाय सुखी हुन सक्दैन । यस्तै विश्वास छ सन्तबहादुर नेपालीको मनमा ।

उनको विचारमा दलितहरूको अभावपूर्ण जिन्दगीको पछाडि रहेका कारणमध्ये उनीहरूप्रतिको समाज तथा राज्यको विभेदकारी विचार, दर्शन र नीति नै मुख्य हो । समाज तथा राज्यका दर्शन, विचार र नीतिमा आमूल परिवर्तन नगर्दासम्म सामाजिक रूपमा विभेद कायम रहन्छ । त्यसैले दलितमात्र होइनन्, सबै जातजातिका सचेत मान्छे पनि सामाजिक विकृतिलाई मलजल गरिरहेका प्रथा, परम्परा, संस्कृति, प्रचलन र व्यवहारलाई समेत परिवर्तन गर्ने अभियानमा लाग्नुपर्छ । कसैले भेदभाव गऱ्यो भने त्यो व्यक्तिको मात्र दोष होइन, सिङ्गो समाज र राज्यकै दोष हो ।

उनको अनुभवमा पढेर डाक्टर, इन्जिनियर, प्राध्यापक, वकिल बन्न सजिलो छ, तर समाज परिवर्तनको अभियन्ता बन्न निकै कठिन छ । व्यक्तिसँग सङ्घर्ष गर्न सजिलो छ, तर सिङ्गो समाज र राज्यसँग सङ्घर्ष गर्न कठिन छ । त्यसका लागि एक्लैको बल पर्याप्त नहुने हुनाले सङ्घ/संस्था वा राजनीतिक दल आवश्यक पर्दछ ।

## दलितलाई शासक बनाउने अभियान आवश्यक

सन्तबहादुर नेपालीको मतअनुसार दलित आन्दोलनको अर्को पक्षप्रति पनि ध्यान जान आवश्यक देखिन्छ । समाज विकासका सार्वभौम नियम हुन्छन् । ती नियमका आधारमा समाजमा परिवर्तन हुने गर्छ । व्यक्तिले चाहेर वा नचाहेर परिवर्तन हुने वा नहुने होइन । मानव समाजको इतिहास हेर्दा समाज विकासमा उत्पादन प्रणालीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उत्पादन प्रणालीमा परिवर्तन आउनासाथ सामाजिक व्यवस्थामा पनि परिवर्तन आउँछ ।

उनी भन्छन्, "उत्पादन प्रणालीमा अब पुँजीवादीकरण हुँदैछ । पुँजीवादीकरणले सामन्ती अवशेषका रूपमा रहेको जातव्यवस्था भत्काउँदै छ । तर हामी स्वतः

विकास वा क्रमशःवादको भ्रममा फँस्नु हुँदैन । सबैभन्दा पहिले परिर्वतनको गतिलाई तीव्रता दिनुपर्छ । त्यसपछि दलितहरूमाथिको भेदभाव मेटाउने मात्र होइन, दलितहरू शिल्पी र मजदुर पनि भएकाले उनीहरूलाई शासक बनाउने दिशातिर आन्दोलन लक्षित हुनुपर्छ । अर्थात् मजदुरहरूको शासन कायम हुनुपर्दछ । त्यतिबेला उत्पादनका साधनमाथिको स्वामित्व निजीबाट सामूहिक बन्न पुग्छ । त्यसबेला मात्र मानिसहरूको एकमात्र जाति हुनेछ । सबैप्रकारका असमानता मेटिएर जानेछन् ।"

## उपलब्धिको रक्षा, बाँकीका लागि सङ्घर्ष

उनको ठम्याइ छ, "नेपालमा जोसमनी मतका समाज सुधारकदेखि लिएर विश्व सर्वजन सङ्घको गठनसम्म, राजा महेन्द्रको पञ्चायती व्यवस्थाअन्तर्गत गठन भएको नेपाल राष्ट्रिय दलित जनविकास परिषद्देखि लिएर २०४४ सालमा गठित जातीय समता समाज र त्यसपछि गठन भएका दलित सङ्गठन क्रियाशील छन् । यसरी सुधारवादी तथा क्रान्तिकारी परिवर्तनका लागि सङ्घर्षरत सम्पूर्ण दलित सङ्गठनको महत्त्वपूर्ण भूमिकाकै कारण आज दलित आन्दोलनले निकै ठूलो उपलब्धि हासिल गरेको छ । यद्यपि ती उपलब्धि आवश्यकताका तुलनामा निकै न्यून छन् । तैपनि हामीले वर्तमान वर्ग र शक्ति सन्तुलनको परिवेशमा सापेक्षतामा त्यसलाई पर्याप्त नै मान्नुपर्दछ ।"

उनी नयाँ संविधानको चिरफार गर्दै भन्छन्, "नयाँ संविधानमा समानताको हक, दलितको हक, सामाजिक न्यायको हक, छुवाछूत तथा भेदभावविरूद्धको हकको व्यवस्थाले दलितलाई पनि राज्यले सम्मानित नागरिक भएर बाँच्न पाउने हक प्रदान गरेको छ । तर सामाजिक व्यवहारमा दलितहरूलाई आज पनि अछूतकै व्यवहार गरिँदैछ । किनभने राज्य सञ्चालनमा हिन्दू अहङ्कारवादीहरूको वर्चस्व छ । उनीहरूले संविधान तथा कानुनका सबै प्रावधानलाई क्रियाशील हुन नदिने, कानुनलाई तोडमरोड गर्ने वा व्यवहारमा लागू नगर्ने गरेर पुरानै शैली वा यथास्थितिमा समाजलाई राख्ने काम गरिरहेका छन् । त्यसलाई तोड्न जरूरी छ । त्यसका लागि लामो र निरन्तर सङ्घर्षको माग हुन्छ ।"

उनी आफ्नो ज्ञान र अनुभवका आधारमा भन्छन्, "दलित समुदाय कति जागरूक हुन सक्छ ? त्यसैमा सङ्घर्ष र उपलब्धि सबै निर्भर रहने छ ।

समाज पुरानै शैली वा यथास्थितिमा रहने अभ्यासमा रमाउन थाल्यो भने हाम्रा संविधान तथा कानुनका प्रावधान शो-पिसमात्र बन्ने छन्, देखावटीमात्रै । त्यसैले दलित आन्दोलनको मूल लक्ष्य संविधानको कार्यान्वयनमै केन्द्रित हुनुपर्दछ ।"

## संविधानपछि दलित आन्दोलनको मार्गचित्र

नयाँ संविधान निर्माण भएपछि सबैजसो दलित सङ्गठन र तिनको नेतृत्वमाथि कार्यदिशासम्बन्धी प्रश्न उठेको छ । यस्ता प्रश्नलाई कसरी सामना गर्ने भन्ने विषयमा सन्तबहादुर नेपालीको मत उल्लेखनीय छ । उनी भन्छन्, "नयाँ संविधानको निर्माणपछि दलित आन्दोलन अब दोस्रो चरणमा स्वाभाविक रूपले प्रवेश गरिसकेको छ । गणतन्त्रको स्थापनापछि अहिले दलित आन्दोलनमा उपलब्धिको रक्षा गर्दै थप अधिकारका निम्ति आन्दोलनलाई अगाडि बढाउने सोचमा कमी देखापर्दै गएको छ । सचेत दलितहरु यही सीमित उपलब्धिमा रमाउन खोज्ने र दलित आन्दोलनको दिशालाई बिर्सने खतरा देखापरिरहेको छ । दलित नेता तथा आम कार्यकर्ता दलित समुदायका साझा विषयमा एकताबद्ध भएर सङ्घर्षमा अगाडि बढ्नुपर्ने आवश्यकता छ ।"

सङ्घर्षका अनेक उकाली-ओराली पार गरेका सन्तबहादुर नेपाली थप भन्छन्, "जबसम्म दलितहरूले पूर्ण रूपले सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक रूपमा स्वतन्त्रता र समानता प्राप्त गर्दैनन्, तबसम्म सङ्घर्ष निरन्तर अगाडि बढाउनुपर्ने आवश्यकता छ ।"

■

# गोठाल्नीदेखि सभासद्सम्म



▲ सन्तोषी विश्वकर्मा

नेपाली दलित आन्दोलनमा स्थापित महिला हस्ताक्षर हुन् सन्तोषी विश्वकर्मा । उनी बहुदलकालको शुरूआतदेखि दश वर्षको जनयुद्धसम्ममा महत्त्वपूर्ण भूमिका खेलेर नेपाली राजनीतिमा स्थापित भएकी हुन् । रोल्पाको पनि विकट ग्रामीण क्षेत्रमा जन्मिएकी सन्तोषी विश्वकर्माको जीवन आफैमा सङ्घर्षको गाथा हो । ठकुरीको घरमा ग्वाला (गोठाल्नी) बसेर सानैदेखि दुःख-कष्ट ब्यहोरेकी सन्तोषीको लामो जीवन-सङ्घर्षमा नेपाली सामाजिक रुपान्तरणको इतिहास कुँदिएको छ ।

## कटुवालकी छोरी

रोल्पाको मसिना-५, मैचन्यमा बाबु गजीन्द्र विश्वकर्मा र आमा चम्फी विश्वकर्माको कोखबाट १६ फागुन २०२३ मा उनको जन्म भएको हो । छिमेकी गाउँमा विवाह भएकी बहिनीको घरमा केही दिन बस्दा गजीन्द्र विश्वकर्माले चम्फी विश्वकर्मालाई 'तानी विवाह' गरेका थिए । रोल्पामा चल्दै आएको पुरानो चलनअनुसार केटा पक्षले मन परेपछि केटीलाई बलजफ्ती तानेर लैजाने चलनलाई तानी विवाह भनिन्छ ।

त्यतिबेला अशिक्षा, अभाव र भोकमरीका कारण सन्तोषीभन्दा पहिले जन्मिएका तीन भाइबहिनीले लामो जीवन बाँच्न पाएनन् । उनी र उनकी बहिनी मात्रै बाँच्न सफल भए । ठकुरी जातिको बाहुल्यता भएको मसिनामा

क्षेत्री, मगर र केही घरधुरी दलित समुदायको बस्ती थियो । त्यहाँ ठकुरी जातिको शासन र राइँदाइँ चल्दथ्यो । र, दलितहरु हेपिने र पेलिने कुरा सामान्य थियो ।

सन्तोषीका बुबा गजीन्द्र विश्वकर्मा पनि अन्य दलितजस्तै सामान्य किसान थिए । किसानीबाट दलित परिवारको गुजारा चल्दैनथ्यो । त्यसैले घरीघरी गरिबहरु 'कालापहाड' जानुपर्ने बाध्यता थियो । भारतका विभिन्न शहर पश्चिम नेपालमा 'कालापहाड'को नामबाट चिनिन्छन् । ती शहरमा उनी पनि बेलाबेला कामको खोजीमा आउजाउ गर्ने भएकाले उनको चेतनास्तर पनि उठेको थियो । त्यसैले होला, गाउँका शासकहरूले उनलाई कटुवालको जिम्मा दिएका थिए । आफ्नो जायजेथाको कमाइ र कटुवाल पेसाबाट प्राप्त रकमबाट उनले घर-व्यवहार चलाउँदै आएका थिए ।

## हरियाणामा पढाइ

शुरूमा जन्मिएका छोरा-छोरी कोही कुपोषणले त कोही दादुराले नबाँचेपछि उनलाई ठूलो पीर पर्‍यो । बाँकी बच्चा पनि मर्ने हो भन्ने डरले उनी कामको खोजीको क्रममा सबै परिवार लिएर भारतको हरियाणामा गए । त्यतिबेला ४ वर्षमा भर्खर टेकेकी सन्तोषीको प्रारम्भिक कक्षादेखि ४ सम्मको शिक्षादीक्षा त्यहीँ भयो ।

हरियाणामा सन्तोषीकी आमाले नाकमा सुनको डोले मुन्द्री (सुत्ला) लगाएको देखेर सबै मान्छेले उनलाई हेर्दै खुब हाँस्ने गर्दथे । बाबुले पहिले गार्डको काम र पछि बिजुली बोर्डमा राम्रो काम पाएकाले उनको परिवारको गुजारा राम्रैसँग चल्न थाल्यो । त्यसै क्रममा बिजुली बोर्डमा मजदुरहरूको आम हड्ताल शुरू भयो । हड्तालको कारण बेखर्ची भएपछि मजदुर साथीहरूले उनको परिवारलाई २/३ महिनासम्म खर्चपानीको व्यवस्थापन गरे । त्यसैको परिणामस्वरूप उनको बाल मनोविज्ञानमा गहिरोसँग अधिकारका लागि सङ्घर्ष गर्ने मजदुर वर्गप्रति सकारात्मक छाप पर्‍यो ।

मजदुर आन्दोलनको नेतृत्व गर्ने क्रममा उनको बाबुको स्वास्थ्य बिग्रियो । अभिभावक नै टीबी रोगबाट ग्रस्त भएपछि उनीहरूको परिवार २०३३ सालमा नेपाल फर्कियो । उनीहरु कोइलाबासबाट पैदल हिँडेर १२ दिन लगाएर गाउँ

पुगे । कष्टकर यात्राबाट घर पुगेको १० दिनमै गजीन्द्रको देहान्त भयो । आफ्ना बुबाको देहान्त हुँदा सन्तोषी जम्मा १० वर्षकी मात्रै थिइन् ।

**बन्धकीमा जमिन**

प्रवास जानुअघि नै स्थानीय रामबहादुर सेन (ठकुरी) लाई ४२ रूपैयाँमा उजिन्ने (बन्धकी)मा उनीहरूका सबै जमिन दिइएको थियो । बाबुको मृत्युपछि आमाले जमिन फर्काउन खोज्दा सेनले "तिमीहरूको यो जग्गा त मैले राजीनामा गरेर लिएको हो, मेरो जग्गामा तिमीहरु बस्न पाउँदैनौँ" भने । यसरी उनको परिवारमाथि एकपछि अर्को आपत आइलाग्यो । निज सेनले बाबुलाई झुक्याएर बन्धकीको सट्टा राजीनामा पास गराएका रहेछन् । त्यसपछि उनको परिवार नजिकै रहेकी सानी आमाको घरमा सहारा लिएर बस्न थाल्यो । छोरीहरु ससाना भएको र भएको थोरै जायजेथा पनि सामन्तले हडपेपछि उनकी आमालाई परिवार पाल्न निकै गाह्रो पर्‍यो ।

यस्तो चरम गरिबीबीच सन्तोषीले स्थानीय ठालूहरूकहाँ काम गर्नुपर्‍यो । उनी शुरूमा हमाल साहुको घरमा एक वर्ष र चन्दको घरमा ६ महिना ग्वाला (गोठाल्नी) बसिन् । त्यस्तै, उनकी आमा हिउँदमा जडीबुटी खोज्थिन्, अर्काको काम गर्थिन्, रूखमा आउने झुल (तारे) टिप्ने काम गर्थिन् । यस्ता काम गर्दै आफ्नो परिवारको जीविका चलाउनुपर्ने अवस्था भयो ।

४/५ वर्षसम्म अनेक तरिकाले हारगुहार गर्दा पनि उनको परिवारको जग्गा ठकुरीले फिर्ता दिएनन् । जमिन निखन्न उनकी आमाले भारतबाट उनका बाबुको जागिरको जम्मा भएको रकम लिएर फर्किन् । एक दिन पञ्चायतकालीन मन्त्री बालाराम घर्तीमगर मसिना भएर लिबाङ् जाँदै गर्दा उनकी आमाले गुहार मागिन् । गाउँका चल्तापूर्जा मान्छेको उपस्थितिमा आफ्नो जग्गाजमिन ठकुरीले हडपेको हुनाले न्याय दिलाइपाउँ भनी उनले आग्रह गरिन् । मुद्दा हालेको ५ वर्षसम्म रूमल्लिएको मुद्दा मन्त्री बालारामले जिल्ला प्रशासन, रोल्पालाई कडा निर्देशन दिएपछि बल्ल जितियो । मुद्दा जितेपछि उनको परिवारले ठूलो राहत दिलायो ।

**१६ वर्षमा स्कुल भर्ना**

ठकुरी जातको बाहुल्यता भएको सामन्तवादी समाजमा एकाध छोरीले मात्रै पढ्ने अवसर पाउँदथे । झन् दलित समुदायको छोरीचेलीले पढ्ने कुरा

कल्पनाभन्दा बाहिरको कुरा थियो । तर, सन्तोषीका बाबु प्रवासमा मजदुरी काम गरेका हुनाले उनमा भारतीय पुँजीवादी समाजको प्रत्यक्ष प्रभाव थियो । त्यही प्रभावका कारणले उनले भारतमा कक्षा ४ सम्म पढ्ने अवसर पाइन् ।

उनी सानैमा बुबाको मृत्यु भएको र जग्गा–जमिनमा पनि खिचलो भएको अवस्थामा सन्तोषीका लागि थप पढाइ टाढियो । यसबीचमा उनलाई गाउँ पञ्चायतका सचिव तुलाराम वि.क.ले अवसर मिलाइदिकाले सिलाइकटाइको तालिम लिन पाइन् । गाउँकै प्रगतिशील सोचाइ भएका रमिला घर्तीमगर, टीकाविक्रम शाह, रेशमकुमारी सेन, तुलाराम वि.क. (सचिव)ले उनलाई पटक–पटक पढ्ने प्रेरणा र सहयोग दिए । त्यसैले २०४३ सालमा सन्तोषी १६ वर्षको उमेरमा गाउँकै श्री सूर्योदय निमाविमा कक्षा ५ भर्ना भइन् ।

पढाइमा राम्रो ध्यान दिने हुँदा स्कुल नजाँदै उनी घरमै रामायण र महाभारत पढ्थिन् । त्यस्तै, बिपी कोइरालाका पुस्तकसँगै कृष्णबहादुर महराका संस्मरण र अरूका उपन्यास पनि पढ्ने गर्दथिन् । यसरी स्कुल नजाँदै विभिन्न किताब पढेकी र व्यावहारिक ज्ञान पनि पाएकी हुनाले उनको अनुभव फराकिलो भइसकेको थियो । विद्यालयमा भर्ना लगत्तै उनले अतिरिक्त हुलाक मसिनामा बैदार पदमा जागिर पनि पाइन् ।

७ कक्षाको अन्तिम परीक्षा दिन होलेरीमा जानुपर्दथ्यो । त्यहाँ डेरा लिनुपर्ने र पकाएर खाना खान खर्च जोहो गर्नुपर्ने अवस्था थियो । पैसाको समस्याका कारण उनले परीक्षा नदिने सोच बनाइन् । त्यो कुरा थाहा पाएर दाङमा पढ्दै गरेकी रमिला घर्तीमगर, टीकाविक्रम शाह, रामप्रसाद खरेल, सचिव तुलाराम वि.क.को सहयोगले सघाए । सहयोग पाएपछि उनले साथी सावित्री रावतसँगै बसेर परीक्षा दिइन् । र, परीक्षामा उत्तीर्ण हुन पनि सफल पनि भइन् । तर, थप पढ्ने इच्छा हुँदाहुँदै पनि घरको आर्थिक अवस्थाले रोक्यो । त्यसैकारण उनको औपचारिक शिक्षा अघि बढ्न सकेन ।

## चेतना र सङ्गठन

सन्तोषीले बाबुसँगै प्रवासमा हुँदा कलिलै उमेरमा मजदुर आन्दोलन देखेकी थिइन् । नेपाल फर्किएपछि समाजमा धनी र गरिबबीचको असमानता देखेकी थिइन् । यसैबीचमा उनले दलित र गैरदलितबीचको विभेद तथा उत्पीडन पनि भोगिन् । त्यसले गर्दा उनको मनोविज्ञानमा विस्तारै विद्रोहको भावना बढ्दै गयो ।

एकातिर पारिवारिक अभाव, दरिद्रता, विभेद र उत्पीडन; अर्कोतिर बहुदलीय प्रजातन्त्रका लागि भएको सङ्घर्षसँग विकास भएको चेतना र सङ्गठनात्मक अभियान । यस्तो अवस्थामा अतिरिक्त हुलाक कार्यालयको जागिरले पनि उनलाई जनसम्बन्ध र जनशैलीको विकास गर्न सघायो । आत्मगत रूपमा उत्पीडनका कारणले चेतनाको विकास भयो । र, वस्तुगत रूपमा पञ्चायतविरोधी आन्दोलनको प्रभाव बढ्दै गयो । यसले उनलाई सङ्गठनमा सहभागी हुने उत्प्रेरणा दियो ।

सन्तोषी आफ्नो राजनीतिक जीवनको थालनीबारे भन्छिन्, "हुलाक कार्यालयका अधिकांश कर्मचारी वामपन्थी थिए । उनीहरूको संगतले वामपन्थी हुन सघायो । त्यस्तै, नापी कार्यालयका कर्मचारी लीला सरले जनताप्रति गरेको व्यवहार, दाङका विष्णु थापासँगको छलफलले पनि थप तान्यो । त्यसैले यज्ञराज बास्तोला र दानबहादुर जसौदीबाट नेकपा (माले)मा २०४७ को पार्टी सदस्यता लिएँ ।"

सोही वर्ष गोल्छे सार्की अध्यक्ष भएको उत्पीडित जातीय उत्थान मञ्चको एरिया कमिटीमा दाङका जीतेन्द्रमान परियारले मलाई सङ्गठित गर्नुभयो । यसरी उनले पहिलो पटक आफूमा पलाएको राजनीतिक चेतनालाई दलित सङ्गठन र पार्टी सङ्गठनसँग जोडिन् ।

उनी अफिस टाइममा जागिरमा खट्थिन् भने अरू पूरैजसो समय सङ्गठनमा । उनी नागरिकता बनाउने टोली आउने बेला जनताको फारम निःशुल्क भर्ने गर्दथिन् । त्यसबाट जनसम्बन्ध बलियो हुने गर्दथ्यो । २०४८ सालको आम निर्वाचनमा उनको टोलीले महत्त्वपूर्ण भूमिका खेल्यो । चुनावपछि बाबुको जागिरको बाँकी रकम लिन उनी भारत गइन् । त्यहाँको काममा करिब ३ महिना लागेपछि उनको जागिर गयो । त्यसछि त उनी पूरै समय सङ्गठनमा लाग्न थालिन् ।

## प्रमुख जिल्ला अधिकारीसँग प्रतिवाद

अतिरिक्त हुलाक कार्यालयमा जागिरे हुँदा पार्टीको काम गर्ने क्रममा २०४८ सालमा उनीमाथि पनि निगरानी भयो । सुराकीले जिल्ला प्रशासन कार्यालयमा कर्मचारी भएर कम्युनिस्ट पार्टीको काम गरेको रिपोर्ट बुझाएछ । त्यसपछि उनलाई एक दिन प्रमुख जिल्ला अधिकारीले आफ्नै कार्यकक्षमा

डिएसपीको उपस्थितिमा बोलायो । यसले सन्तोषीलाई 'बस' समेत नभनी "तिमी सरकारी जागिर खाने मान्छेले राजनीति गर्ने भनी" बेस्सरी हपाऱ्यो ।

त्यसरी प्रजिअले हपारेपछि उनले भनिन्, "जागिर १० बजेदेखि ४ बजेसम्म हो । अरू समय आफूले जनताको काम गर्ने गरेको हुँ । राजनीतिक आस्था व्यक्तिको स्वतन्त्रता भएकोले तपाईं किन हकार्नुहुन्छ ?" यसरी उनले दृढतापूर्वक प्रतिवाद गरिन् । प्रतिवादमा उनको विद्रोही स्वभाव र राजनीतिक क्षमता देखियो । त्यसैकारण प्रजिअले भोलिपल्टै एमालेका जिल्ला सेक्रेटरी टीकाराम खड्कालाई बोलाएर माफी मागे ।

उजाउ मञ्चको जिल्ला सदस्य हुँदै उनी २०४८ सालमा अञ्चल कमिटीको सदस्य भइन् । २०४९ सालमा लिबाङमा भएको उत्पीडित जातीय मुक्ति समाजको जिल्ला भेलाले धनबहादुर छिनाल अध्यक्षतामा नयाँ नेतृत्व चुन्यो । त्यस समाजमा सन्तोषी वि.क. सचिवमा छानिइन् । २०४९ सालमा मञ्चसहित अन्य दलित सङ्गठन मिलेर बनेको दलित मुक्ति समाजको राष्ट्रिय प्रशिक्षण काठमाडौँमा भयो । देशभरिका दलित अगुवाको प्रशिक्षणमा उनले पनि सहभागी हुने मौका पाइन् । मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्मा र दलित अगुवा मिठाइदेवी प्रमुख प्रशिक्षक भएको प्रशिक्षणमा दाङका तुलसा वि.क. र उनी मात्रै महिला थिइन् ।

२०५१ सालमा दलित मुक्ति समाजको बुटवलमा भएको राष्ट्रिय सम्मेलनमा उनी रोल्पाबाट प्रतिनिधिका रूपमा सहभागी भइन् । सोही सम्मेलनबाट उनी केन्द्रीय सदस्यमा निर्वाचित हुन सफल भइन् । सम्मेलनको क्रममा बुटवलको एउटा चिया पसलमा दलित अगुवा तथा नेकपा (माओवादी) तिलक परियारसँग उनको पहिलो भेट भयो । भेटमा नेकपा (माओवादी) र नेकपा एमालेका फरक-फरक नीतिबारे उनीहरूबीच लामै छलफल भयो । एमालेमा आबद्ध भए पनि उनलाई आफ्नो सोचाइ माओवादी नीतिसँग मिल्दोजुल्दो अनुभव भयो । उनी २०५० सालमा नेकपा (एमाले)को जिल्ला कमिटी सदस्य थिइन् ।

नेकपा (माओवादी)ले १ फागुन २०५२ बाट जनयुद्ध थालेपछि रोल्पा यसको केन्द्र बन्न गयो । जनयुद्धको सबैभन्दा ठूलो प्रभाव रोल्पा-रूकुममा पर्दा उनी मात्रै अछूतो हुने कुरा भएन । राज्यपक्षबाट माओवादीको नाममा जनतामाथि भएको दमन र ज्यादतीमा एमाले मूकदर्शक हुँदा उनमा आफ्नै पार्टीप्रति

वितृष्णा पैदा भयो । त्यही वितृष्णा बढेपछि उनी २०५३ सालमा एमालेका सम्पूर्ण जिम्मेवारीबाट अलग्गिँदै स्वतन्त्र बनिन् ।

## नाकको फुली बेचेर सङ्गठनका काममा

२०५३ सालमा मुक्ति समाजको केन्द्रीय समितिको बैठक चितवनमा रणेन्द्र बरालीको घरमा आयोजना गरियो । त्यस बैठकमा मुक्ति समाजका अध्यक्ष पद्मलाल विश्वकर्मा अध्ययनका लागि विदेश गएकाले कार्यवाहक अध्यक्ष थिए पदम सुन्दास । सुन्दासले बैठकको प्रारम्भमै जनयुद्धको दौरानमा राज्यपक्षबाट दलित समुदायको हत्या भएकोमा समाजले आपत्ति जनाउनुपर्ने कुरा रिपोर्टमा राखे । अर्का अगुवा विनोद पहाडीले पनि समाजले हत्याको विरोध गर्नुपर्ने धारणा राख्दा सन्तोषीले त्यसको पक्षमा वकालत गरिन् ।

चितवनको बैठक सकेर फर्कँदै गर्दा रोल्पामा एकपछि अर्को दोहोरो भिडन्तको नाउँमा निहत्था जनताको हत्या हुन थाल्यो । त्यसै क्रममा खुङ्ग्रीमा विनबहादुर परियार प्रहरीसँगको दोहोरो भिडन्तमा मारिएको समाचार बाहिर आयो । यस्तो समाचार आएपछि सन्तोषीले सत्यतथ्य बुझ्न घटनास्थल जाने विचार गरिन् तर उनीसँग जाने खर्च थिएन । उनले आफ्नो नाकमा लगाएको सुनको फुली लिबाङ बजारमा सुनपसलेकहाँ बेचिन् । त्यही पैसा लिएर उनी घटनास्थलमा गइन् । तथ्य बुझ्दा उनले गहुँ काट्दै गरेका विनबहादुरलाई प्रहरीले गिरफ्तार गरेर लगेको र अलि पर लगेर हत्या गरेको थाहा पाइन् । त्यसको स्थलगत रिपोर्ट का.वा. अध्यक्ष पदम सुन्दासलाई फोनमार्फत् जानकारी गराइन् । राज्यले गरेको यस्तो ज्यादती देखेर उनीभित्रको विद्रोही भावनालाई झन् चुलियो ।

## जनयुद्धमा महत्त्वपूर्ण भूमिका

यही विद्रोहको भावसहित सन्तोषी वि.क. २०५४ कार्तिकमा नेकपा (माओवादी)मा प्रवेश गरिन् । त्यसै दिनदेखि उनी पूर्णकालीन कार्यकर्ता पनि बनिन् । उनले एरिया कमिटी सदस्यको जिम्मेवारी पूरा गर्न थालिन् ।

त्यस बेला राज्यबाट चरम दमन जारी थियो । तर पनि उनी किसान नेता शिवराज गौतमको नेतृत्वमा गठित माओवादीको खुला मोर्चा राप्ती जनवादी मञ्चको सदस्य बनिन् । सो मोर्चाको कार्यक्रममा प्यूठानको बिजुवार पुग्दा झण्डै उनी गिरफ्तारमा परेकी थिइन् । तर प्रहरी छक्याएर उनी फुत्किइन् ।

युद्धकालमै २०५५ फागुनमा काठमाडौँमा दलित मुक्ति समाजको राष्ट्रिय सम्मेलन भयो । सो सम्मेलनको बन्द-सत्रमा युवा नेता प्रेम बराइलीले राज्यसत्ताद्वारा जनयुद्ध दमनका नाममा दलितहरूमाथि गरिएको ज्यादतीको विरोध र जनयुद्धमा राज्यद्वारा हत्या गरिएका दलितलाई सहिद घोषणा गर्नुपर्नेलगायतका माग गरे । तर मुक्ति समाजको तत्कालीन नेतृत्वले अस्वीकार गरेपछि सन्तोषी वि.क.को नेतृत्वमा सम्मेलनका प्रतिनिधिमध्ये एउटा हिस्साले विद्रोह गऱ्यो । त्यसपछि सन्तोषी वि.क.कै नेतृत्वमा १७ सदस्यीय नेपाल दलित मुक्ति मोर्चा गठन गरियो । यद्यपि, यस्तो मोर्चा माओवादीको आन्तरिक मोर्चाको रूपमा तिलक परियारको नेतृत्वमा २०५३ सालमै गठन भइसकेको थियो । परियार जेल परेपछि मोर्चालाई बाहिर खुला गरिएको थिएन ।

त्यसपछि सन्तोषी वि.क. २०५७ सालमा माओवादीको जिल्ला सदस्य भइन् । उनले करिब ३ वर्ष युद्धबीच दलित मुक्ति मोर्चाको संयोजकको भूमिका खेलिन् । विकट गाउँमा सामान्य परिवारमा जन्मिएर, अर्काको गोठाल्नी बसेर सङ्घर्षमै हुर्केकी सन्तोषीका लागि युद्धकालमा सिङ्गो दलित मोर्चाको नेतृत्व गर्नु सामान्य कुरा थिएन । यसै क्रममा २०५८ सालमा चितवनमा भएको नेपाल दलित मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेलाबाट तिलक परियार अध्यक्ष र सन्तोषी वि.क. तथा थमन परियार उपाध्यक्ष भए । र, २०६० सालमा पार्टीको क्षेत्रीय ब्यूरो सदस्यको जिम्मेवारी प्राप्त गरिन् ।

एकपछि अर्को सफलता हासिल गर्दै उनी देश र जनताको पक्षमा रातदिन खटिन् । नेकपा माओवादी शान्ति प्रक्रियामा आएपछि उनले राष्ट्रिय दलित आयोगको सदस्य भएर २ वर्षे कार्यकाल सफलतापूर्वक पूरा गरिन् । र, २०६४ सालको पहिलो संविधानसभामा समानुपातिक सभासद् भइन् । सभासद्को भूमिकामा रहेकै बेला २०६५ सालमा सन्तोषीको बिहे भयो । दैलेखको सेरीका कम्प्युटर इन्जिनियर दिनेश वि.क.सँग काठमाडौँमा दलित मुक्ति मोर्चाको कार्यालयको आयोजनामा उनको मञ्च विवाह भएको थियो । संविधानसभाको राज्यको पुन:संरचना तथा राज्यशक्तिको बाँडफाँड समितिमा हुँदा नेकपा माओवादीका नेता आहुति र सन्तोषीसहितको दलित नेतृत्वले दलित समुदायका लागि विशेषाधिकारको व्यवस्था गर्ने प्रावधान राख्न महत्त्वपूर्ण भूमिका खेले ।

## स्पष्ट दृष्टिकोण र कामप्रतिको लगाव

सन्तोषी वि.क.सँग खुला र स्पष्ट रूपमा प्रस्तुत हुने गुण छ । उनी कुनै छलछाम र षड्यन्त्र नगर्ने तथा खरो रूपमा प्रस्तुत हुने निडर दलित महिला नेतृ हुन् । उनी गलत विचार र व्यवहारविरूद्ध कसैसँग पनि सम्झौता गर्दिनन् । सङ्घर्षमा रमाउने र राजनीतिप्रतिको लगाव, वर्गीय निष्ठाप्रतिको दृढता, भावनात्मक रूपमा कोमल, सङ्घर्षमा निरन्तरता उनका सकारात्मक पक्ष हुन् । उनमा सङ्कीर्णता राख्ने, बेला–बेला रिसाउने, ढङ्ग नपुऱ्याउनेजस्ता कमजोरी रहेको आलोचकहरूको टिप्पणी छ । खानामा अमिलो पिरो मन पराउने उनी साहित्यिक र सङ्घर्षसम्बन्धी पुस्तक अध्ययन गर्न बढी मन पराउँछिन् । हाल उनी नेत्रविक्रम चन्द 'विप्लव'को नेतृत्वमा रहेको नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्यको जिम्मेवारी बोक्दै राजनीतिमा क्रियाशील छिन् ।

■